वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।




राष्ट्रिय संस्करण | विचार | टिआरसीमा सञ्चारको चासो | उन्नाइस हजार मेट्रिक टन चिनी आउँदै १४

वर्ष १२४ | अङ्क १२१ | २०८१ साल भदौ १८ गते मङ्गलबार | भाद्र कृष्ण औँसी | नेपाल संवत् ११४४ गुँलागा १५ | 2024 September 3 Tuesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ



*तस्बिर : प्रधानमन्त्रीको सचिवालय*

**प्रधानमन्त्री केपी शर्मा ओलीसँग सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा नेपाल अध्ययन भ्रमणमा रहेको भारतीय राष्ट्रिय रक्षा महाविद्यालय (एनडिसी) का शिक्षार्थीहरूको प्रतिनिधिमण्डल भेटपछि सामूहिक तस्बिरमा ।**

## बाल उमेर नाघेकालाई पनि एउटै सुधारगृहमा राख्दा थप समस्या

**जबर्जस्ती करणी कसुरका**
७६०

**कर्तव्य ज्यान कसुरका**
९४

**अन्य बालबन्दी**
३५९




सुधारगृहमा १८ वर्ष नाघिसकेका १२४ जना बालबिज्याइँकर्ता अन्यन्त्र स्थानान्तरण नगर्दा बेला बेलामा भाग्नेलगायतका अन्य थप आपराधिक घटना हुने गर्छन् ।

**बाल सुधारगृहमा कुल बालबन्दी** १,२१३

**मित्र भण्डारी**
*काठमाडौँ, भदौ १७ गते*

बाल सुधारगृह मोरङ (विराटनगर) बाट भदौ ३ गते दुई जना बिज्याइँकर्ता (बालबन्दी) फरार भए। सुधारगृहका प्रमुख मिलन चौहानका अनुसार विद्यालयमा नियमित सञ्चालन हुने बुक फ्री डे र अतिरिक्त क्रियाकलाप चलिरहेका बेला दुवै जना सुधारगृहको पर्खाल नाघेर फरार भएका हुन्।

सुनसरी जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि सुधारगृहमा राखिएका जबर्जस्ती करणीका आरोपित 'महेन्द्र नगर क्ष' र कर्तव्य ज्यान तथा डाका कसुरमा १२ वर्ष छ महिना सजाय तोकिएका 'डक-के-२-१५-भिआई' को मोरङ प्रहरीले खोजी जारी राखेको छ।

सुधारगृहमा रहेका बाल बिज्याइँकर्ता भाग्नु उनीहरूको दोष जस्तो देखिए पनि त्योभन्दा ठुलो समस्या राज्यको कानुन कार्यान्वयनको देखिएको छ। उक्त सुधारगृहको क्षमता ५० जनाको मात्र हो तर त्यहाँ २३८ जना बालबिज्याइँकर्ता राखिएका छन् । त्यसभन्दा पनि अर्को विडम्बना १२४ जना त त्यसरी अन्य बालबालिकासँगै बाल सुधारगृहमा राख्नै नहुने छन्।

कानुन अनुसार १८ वर्ष नाघेका बालबिज्याइँकर्ता बालिग भइसक्छन् र तिनीहरूलाई अन्य बालबालिका रहेका स्थानमा राख्न मिल्दैन तर चौहानका अनुसार सो सुधारगृहमा १८ वर्ष नाघिसकेका १२४ जना बालबिज्याइँकर्ता अन्यन्त्र स्थानान्तरण नगर्दा बेला बेलामा भाग्नेलगायतका अन्य थप आपराधिक घटना हुने गर्छन्।

त्यस्तै घटना बाँकेको जयन्दु बाल सुधारगृहमा पनि भयो । गत असोज २५ गते उक्त सुधारगृहमा चौकीदार र बालबन्दीहरूबिच झडपका क्रममा भागेका दुई जना भारतीय बालबन्दी अझै फेला परेका छैनन्। फरारमध्ये एक जना जबर्जस्ती करणी र अर्का लागुऔषधका कसुरमा दोषी ठहर भएका हुन्।

१२० क्षमताको सो सुधारगृहमा पनि क्षमताभन्दा बढी बालबालिका कोचिएको छ। त्यहाँ हाल २६६ जना १४ देखि ३० वर्षसम्मका बालबन्दी रहेको सुधारगृह प्रमुख विमला काउचामगर बताउनुहुन्छ। सुधारगृहको कमजोर सुरक्षा व्यवस्था, पुरानो भौतिक तथा जीर्ण बन्दै भौतिक संरचना र सुधारगृहमा बालबन्दीको खचाखच चापले बेला बेला बालबन्दीहरू सुधारगृहको पर्खाल र तारबार नाघेर फरार हुने गरेका छन्।

गृह मन्त्रालयको सुरक्षा व्यवस्था र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको व्यवस्थापनमा देशका नौ स्थानमा सञ्चालन भएका बाल सुधारगृहमा बालबन्दीको भिड लाग्दा झडपसँगै तारबार नाघेर बालबन्दी भाग्ने गरेका छन् । मन्त्रालयका सहसचिव चन्द्रकला पौडेलले कैदीबन्दीको चाप र उमेर पुगेका कैदीबन्दीको स्थानान्तरण हुन नसक्दा व्यवस्थापन र सुरक्षामा समेत बेला बेला समस्या देखिने गरेको छ।

देशभरका बाल सुधारगृहमा कैदी बन्दीको चाप बढ्दो क्रममा छ। सुधारगृहको भौतिक पूर्वाधार विस्तार बालबन्दीको सङ्ख्याको तुलनामा साँगुरो बन्दै जाँदा बालबन्दी व्यवस्थापनमा नै समस्या सिर्जना हुने गरेको छ।

### सबै बालबिज्याइँकर्ता एकै ठाउँमा

गम्भीर र सामान्य अपराधका अभियुक्त एकै स्थानमा राख्दा पनि समस्या हुने गरेको छ । बालगृहहरूमा रहेका बालबिज्याइँमा सबैभन्दा बढी जबर्जस्ती करणीका र त्यसपछि कर्तव्य ज्यानका छन् । समग्र विवरण अनुसार नौ वटा बाल सुधार गृहमा जबर्जस्ती करणी कसुरका बालबन्दी ७६०, कर्तव्य ज्यान कसुरका ९४ र अन्य बालबन्दीको सङ्ख्या ३५९ छ। अन्यमा एसिड, अङ्गभङ्ग, चोरी नकवजनी, डाका, सवारी ज्यान, हतियार खरखजाना, विद्युतीय कारोबार कसुर, बालयौन शोषण, लागुऔषध, अप्राकृतिक मैथुनलगायतका छन्।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार ५० जना क्षमताको मोरङ बाल सुधारगृहमा २३८ जना बालबन्दी छन्।

» बाँकी पृष्ठ २ मा

## प्रधानमन्त्रीसँग शिक्षार्थीको भेटवार्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीसँग भारतका राष्ट्रिय रक्षा महाविद्यालय (एनडिसी) का शिक्षार्थीको प्रतिनिधिमण्डलले भेटवार्ता गरेको छ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसहित नेपालको अध्ययन भ्रमणमा आएका एनडिसीका प्रतिनिधि सन्दीप एस सन्दूलगायतको टोलीले सोमबार प्रधानमन्त्री ओलीसँग बालुवाटारमा भेटघाट गरेको हो।

भेटमा प्रधानमन्त्री ओलीले एनडिसीले रक्षा मामिलामा गर्दै आएको प्राज्ञिक योगदानको प्रशंसा गर्दै दक्षिण एसियाली राष्ट्रको शान्ति र समृद्धिका लागि साझा प्रयास हुनुपर्नेमा जोड दिनुभयो । उहाँले गौतम बुद्ध, महात्मा गान्धी जस्ता व्यक्तिको जन्म भएको दक्षिण एसियाली क्षेत्रमा हिंसा र विवाद उत्पन्न हुनु संस्कृति र सभ्यताविपरीत रहेको बताउनुभयो। नेपाल र भारतबिचको समान संस्कृति, रहनसहन र सभ्यताको चर्चा गर्दै दुई देशबिचको मित्रता अभिवृद्धि हुँदै गएको उहाँले उल्लेख गर्नुभयो।

प्रतिनिधि मण्डलले सोमबार गृहमन्त्री रमेश लेखकसँग पनि शिष्टाचार भेट गरेको छ। सिंहदरबारस्थित गृह मन्त्रालयमा भएको भेटमा गृहमन्त्री लेखकले नेपाल र भारतका सुरक्षा निकायबिच सीमा सुरक्षा, लागुऔषध नियन्त्रण र मानव बेचबिखन नियन्त्रणमा थप सहकार्य हुनुपर्नेमा जोड दिनुभयो । एनडिसीका शिक्षार्थीको प्रतिनिधिमण्डलले नेपाली सेनाको मुख्यालय जङ्गी अड्डाको अवलोकन भ्रमण गरी कायममुकायम प्रधान सेनापति अशोकराज सिग्देलसँग पनि भेटघाट गरेको छ।

» बाँकी पृष्ठ २ मा

'स्मार्ट' बन्न नसकेको 'स्मार्ट लाइसेन्स'

## सक्कली कि नक्कली जाँच्नै समस्या

प्रविधिका हिसाबले नक्कली बनाउन नमिल्ने गरी सुरक्षित दाबी गरिए पनि कर्मचारीको मिलेमतोमा नै नक्कली लाइसेन्स वितरण भएका छन् ।

**लक्ष्मण दर्नाल**
*काठमाडौँ, भदौ १७ गते*

सरकारले जारी गरेका 'स्मार्ट लाइसेन्स' को चेकजाँच ट्राफिक प्रहरीबाट हुन्छ तर ती सक्कली वा नक्कली हुन् भन्ने थाहा पाउने प्रविधि नै प्रहरीसँग छैन । ट्राफिक प्रहरीले आँखाले हेरेर लाइसेन्स जाँच गरिरहेको छ। लेखिएको विवरण त प्रहरीले पढ्छ तर सक्कली हो कि नक्कली पहिचान गर्ने विशेष यन्त्र सडकमा खटिने ट्राफिक प्रहरीसँग छैन।

यातायात व्यवस्था विभागले हालसम्म झन्डै ४० लाख स्मार्ट लाइसेन्स वितरण गरेको छ। प्रविधिका हिसाबले नक्कली बनाउन नमिल्ने गरी सुरक्षित दाबी गरिए पनि कर्मचारीको मिलेमतोमा नै नक्कली लाइसेन्स वितरण भएका छन् । सामान्य चेकजाँचले ती पत्ता लागेका होइनन्, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान

» बाँकी पृष्ठ २ मा

### लाइसेन्स छपाइ ठप्प

सवारीचालक अनुमतिपत्र (लाइसेन्स) छाप्ने मेसिन बिग्रिएपछि २३ दिनदेखि छपाइ कार्य बन्द छ । मेसिनले कार्ड चिन्ने 'पर्सनलाइजेसन' प्रणाली र सफ्टवेयरमा समस्या भएपछि नियमिततर्फको छपाइ बन्द भएको हो।

जेठमा नयाँ कार्ड ल्याएपछि 'पर्सनलाइजेसन' मा समस्या देखिएको थियो। नयाँ कार्ड आएपछि छपाइ बन्द भएको यो दोस्रो पटक हो। यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले भन्नुभयो, "सुरुमा तीन लाखप्रति छपाइ भएपछि अहिले पर्सनलाइजेसनमा प्राविधिक समस्याका कारण छपाइ बन्द छ।"

विभागले जर्मनबाट कार्ड र भारतको मद्रास सेक्युरिटी प्रेसबाट छपाइ मेसिन ल्याएको थियो । मेसिनले कार्ड रिड (चिन्न) नसक्ने समस्या पटक पटक दोहोरिएको छ । समस्या समाधानका बारेमा विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले भन्नुभयो, "मेसिन आफैँमा थोत्रो छ। अहिले सफ्टवेयरमा



समस्या आएको हो, यो प्राविधिक समस्या हो तर लाइसेन्स छाप्नेदेखिका सबै काम प्रदेश सरकारको हो। प्रदेश सरकारबाटै काम अघि बढाउने निर्णय भई तयारी पनि भएका छन्।"

विभागले नियमित छपाइ बन्द भए पनि अत्यावश्यक लाइसेन्स छपिरहेको छ । नयाँ कार्ड मेसिनले चिन्न नसकेपछि पुराना मौजुदा कार्डबाट अत्यावश्यक छपाइ भएको हो।

## कानुनी सुधार उच्च प्राथमिकतामा



**सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले कानुनी सुधारलाई उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ । राष्ट्रिय समाचार समिति (रासस) को कार्यक्रममा सोमबार बोल्दै मन्त्री गुरुङले सो कुरा बताउनुभएको हो।

मन्त्री गुरुङले रासस चौबिसै घण्टा गतिशील हुनुले ठुलो अर्थ राख्ने भएकाले फड्को हानेका रूपमा बुझेको बताउँदै उहाँले राससको संरचनागत पुनर्संरचना र कर्मचारीको क्षमता अभिवृद्धिमा ध्यान दिन आग्रह गर्नुभयो। मन्त्रालयले कानुन निर्माण र संशोधनलाई उच्च प्राथमिकतामा राखेको जानकारी दिँदै उहाँले केही ऐन सरकारका एक सय दिनभित्र सम्पादन गर्ने गरी काम भइरहेको स्पष्ट पार्नुभयो।

"सामाजिक सञ्जालको सञ्चालन, प्रयोग र नियमन गर्नेसम्बन्धी विधेयक र सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी विधेयक भदौ मसान्त तथा दूरसञ्चारसम्बन्धी विधेयक, राष्ट्रिय आमसञ्चार विधेयक, चलचित्रसम्बन्धी विधेयक, डाटा सेन्टर सञ्चालन मापदण्ड र सरकारी इमेल सञ्चालनसम्बन्धी कार्यविधि असोज मसान्तसम्म तयार गरेर मन्त्रीपरिषद्मा पेस गर्ने गरी काम थालनी गरिएको छ," मन्त्री गुरुङले भन्नुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले रासस सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गरी दूरदराजका नागरिकसम्म पहुँच पुऱ्याएर आधिकारिकता र विश्वसनीयता बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सीमित स्रोत साधन र जनशक्तिबिच पनि सेवा विविधीकरण र २४ घण्टा समाचार प्रवाह गर्नु कोसेढुङ्गाका रूपमा बुझेको उल्लेख गर्नुभयो।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले विश्वभरका समाचार समिति 'कहिल्यै पनि सुत्दैन' भन्ने मान्यताका आधारमा पहिलो चरणमा नेपाली भाषामा २४ घण्टा समाचार सेवा प्रारम्भ गरिएको बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

## उपत्यकाको पानीमा आर्सेनिक बढी

**भउचप्रसाद यादव**
*काठमाडौँ, भदौ १७ गते*

काठमाडौँ उपत्यकाको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको छ। काठमाडौँ उपत्यकाको दक्षिण-पूर्वी क्षेत्रको पानीमा आर्सेनिकको मात्रा बढी भेटिएको खानेपानी मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सहसचिव कृष्णप्रसाद आचार्यले यसअघि प्रायः तराईका जिल्लाको पानीमा निर्धारित मापदण्डभन्दा बढी भेटिने आर्सेनिक काठमाडौँ उपत्यकामा समेत भेटिएको जानकारी दिनुभयो। उहाँका अनुसार उपत्यकामा ललितपुरको इमाडोल, टीकाथली, बाँझेपोखरी, सानेपा, काठमाडौँको बल्खु, स्युचाटार र भक्तपुरको बालकोट क्षेत्रको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको हो । काठमाडौँको अन्य क्षेत्रको पानीमा अहिलेसम्म मापदण्डभन्दा बढी आर्सेनिक नभेटिएको उहाँले स्पष्ट पार्नुभयो।

सहसचिव आचार्यले काठमाडौँको पानीमा न्यूनतम एकदेखि अधिकतम दुई सय पिपिबीसम्म आर्सेनिकको मात्रा भेटिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार खानेपानीमा आर्सेनिकको मात्रा प्रतिलिटर पचास पिपिबीसम्म हुनु पर्छ । विश्व स्वास्थ्य सङ्गठनले खानेपानीमा आर्सेनिकको मात्रा प्रति लिटर दस पिपिबीसम्म निर्धारण गरेको छ।"

उहाँले भन्नुभयो, "तराईको स्यालो ट्युबवेलको पानीमा आर्सेनिकको मात्रा बढी भेटिए पनि काठमाडौँको 'डिप ट्युबवेल' मा आर्सेनिकको मात्रा मापदण्डभन्दा बढी भेटिएको हो।" उहाँले यी



उपत्यकामा ललितपुरको इमाडोल, टीकाथली, बाँझेपोखरी, सानेपा, काठमाडौँको बल्खु, स्युचाटार र भक्तपुरको बालकोट क्षेत्रको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको हो ।

क्षेत्रका स्यालो ट्युबवेल र 'डिप ट्युबवेल' को पानी परीक्षणका क्रममा पानीमा आर्सेनिकको मात्रा बढी पाइएको जानकारी दिनुभयो।

उहाँका अनुसार यी क्षेत्रको पानीको परीक्षण पहिला विभिन्न प्रयोगशालामा गर्दा आर्सेनिक भेटिएपछि त्यसको पुनः प्रमाणीकरणका लागि पानीपोखरीस्थित केन्द्रीय पानी प्रयोगशालामा परीक्षण गरिएको थियो। त्यहाँ पनि परीक्षणका क्रममा निर्धारित मापदण्डभन्दा बढी आर्सेनिक रहेको प्रमाणित भएको थियो। 'डिप ट्युबवेल' को पानी नखान आर्सेनिक भेटिएको क्षेत्रमा सचेतना फैलाइएको सहसचिव आचार्यले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "मापदण्डभन्दा बढी आर्सेनिक भएको पानी पिउने प्रयोजनका लागि प्रयोग गर्न मिल्दैन तर नुहाइधुवाइ, सरसफाइलगायतको प्रयोजनका लागि प्रयोग गर्न मिल्छ।" संयुक्त राज्य अमेरिकाको 'इपिआई स्ट्यान्डर्ड' ले समेत दुई सय पिपिबीसम्म आर्सेनिक भएको पानीले नुहाइधुवाइ गरेमा केही असर नगर्ने निर्धारण गरेको उहाँको भनाइ छ। सहसचिव आचार्यका अनुसार तराईको ट्युबवेलको पानीमा प्रति लिटर १४ सय पिपिबीसम्म आर्सेनिक भेटिएको छ । नवलपरासी पश्चिमका २७ प्रतिशत ट्युबवेलको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको हो। मधेश प्रदेशका सात जिल्लामध्ये महोत्तरीमा आर्सेनिक नभेटिएको उहाँले जानकारी दिनुभयो। रौतहट, नवलपरासी, बर्दिया र कैलालीको पानीमा बढी आर्सेनिक भेटिएको हो।

उहाँले भूमिगत पानीमा मात्र आर्सेनिक पाइने बताउँदै सतहको पानी, खोलाको पानी र मूलको पानीमा आर्सेनिक नहुने स्पष्ट पार्नुभयो।



तस्बिर : सुजन गुरुङ

**कुसेऔँसी अर्थात् बुवाको मुख हेर्ने दिन सोमबार काठमाडौँको गोकर्णमा तीर्थ श्राद्ध गर्नेको घुइँचो। उत्तरगयाधामको नामबाट समेत परिचित गोकर्णमा तीर्थ श्राद्ध गर्नाले दिवङ्गत पितृले मोक्ष प्राप्त गर्छन् भन्ने जनविश्वास छ।**

## सार्वजनिक बिदामा स्वास्थ्य सेवा सुचारु गर्न निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक बिदाको दिन बहिरङ्ग (ओपिडी) सेवालगायतका स्वास्थ्य सेवा सुचारु गर्न मातहतका अस्पताललाई निर्देशन दिएको छ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले स्वास्थ्य मन्त्रालयमातहतका अस्पताललाई सार्वजनिक बिदाको दिन ओपिडी सञ्चालन गर्न निर्देशन दिएको बताउनुभयो। उहाँले स्वास्थ्य मन्त्रालयले मन्त्रालयस्तरीय निर्णय गर्दै ओपिडी सेवा अनिवार्य रूपमा प्रवाह गर्न निर्देशन दिएको बताउनुभयो। यसअघि सरकारी स्वास्थ्य संस्था तथा अस्पतालले सार्वजनिक बिदाका दिन आकस्मिक सेवा मात्रै उपलब्ध गराउँदै आएका थिए। बुढाथोकीले मन्त्रालयले परिपत्र गरेपछि सरकारी स्वास्थ्य संस्थाले सार्वजनिक बिदाका दिन पनि ओपिडी सञ्चालन गर्नुपर्ने बताउनुभयो।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सार्वजनिक बिदाका दिन सरकारी स्वास्थ्य संस्था र अस्पतालमा बहिरङ्ग सेवा सुचारु गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएको थियो।

# अनुदान सहायता स्विकार्ने निर्णय

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

सरकारले युरोपेली सङ्घ र जर्मनी सरकारबाट प्राप्त हुने अनुदान सहायता स्विकार्ने निर्णय गरेको छ। गत भदौ १३ गते बसेको मन्त्रीपरिषद् बैठकका निर्णय सिंहदरबारमा आइतबार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले कुल पाँच अर्ब १३ करोड ४७ लाख रुपियाँ अनुदान सहायता स्वीकार गर्ने निर्णय भएको जानकारी दिनुभयो।

सञ्चारमन्त्री गुरुङले बहुक्षेत्रीय पोषण योजना सहायता कार्यक्रम तेस्रो चरण कार्यान्वयनका लागि युरोपेली सङ्घबाट प्राप्त हुने तीन अर्ब ६७ करोड ४७ लाख र जर्मनी सरकारबाट 'पावर डिस्ट्रिब्युसन स्ट्रेथेनिङ प्रोग्राम' अन्तर्गत प्राप्त हुने एक अर्ब ४६ करोड अनुदान स्विकार्ने निर्णय भएको जानकारी दिनुभयो। मन्त्रीपरिषद् बैठकले कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियालाई आगामी भदौ २४ देखि २८ गतेसम्म थाइल्यान्डको बैङ्कमा हुने कार्यक्रम र स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई इन्डोनेसियाको जाकार्तामा आगामी असोज ८ र ९ गते हुने कार्यक्रममा सहभागी हुन जान स्वीकृत प्रदान गर्ने निर्णय गरेको छ। निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलिया आगामी असोज ८ देखि १० गतेसम्म सिङ्गापुरमा आयोजना हुने कार्यक्रममा जान स्वीकृत दिने निर्णय भएको छ।

बैठकले सशस्त्र प्रहरीका अतिरिक्त महानिरीक्षकहरू नारायणदत्त पौडेललाई कार्य विभागमा, चन्द्रप्रकाश गौतमलाई सीमा सुरक्षा विभाग र वङ्शीराज दाहाललाई मानव स्रोत विभागमा सरुवा गर्ने निर्णय गरेको छ। परराष्ट्र मन्त्रालयका सहसचिव भरत खनाललाई महावाणिज्यदूतावास ग्वान्जाओको महावाणिज्यदूत पदमा, सहसचिव झक्कुप्रसाद आचार्यलाई महाणिज्यदूतावास कोलकाताको महावाणिज्यदूत पदमा र सहसचिव लक्ष्मीप्रसाद निरौलालाई महावाणिज्यदूत ल्हासाको महावाणिज्यदूत पदमा एक अवधिका लागि नियुक्त गर्ने निर्णय भएको छ।

ज्यान मार्ने उद्योग मुद्दाको पीडित विन्दवासिनी कंसाकारको उपचारमा खर्च भएको रकममध्ये फैसलाबमोजिम मनासिब माफिक क्षतिपूर्ति रकम उपलब्ध गराउने र उक्त रकम प्रतिवादीबाट असुलउपर गरी पीडित राहत कोषमा शोधभर्ना गर्ने व्यवस्था मिलाउने निर्णय भएको मन्त्री गुरुङले जानकारी दिनुभयो। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको काठमाडौँ–तराई/मधेश द्रुतमार्ग सडक आयोजनका लागि अधिग्रहण गर्न बाँकी जग्गामा मुआब्जामा लाग्ने पुँजीगत लाभकर आर्थिक ऐन–२०८१ बमोजिम छुट दिनेसम्बन्धमा स्वीकृत गर्ने निर्णय भएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सङ्गठन र दरबन्दी तेरिज स्वीकृत गर्ने र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०८१/८२ का लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय भएको छ।

मन्त्रीपरिषद् बैठकले काभ्रेपलाञ्चोक भुम्लु गाउँपालिकालाई प्रशासकीय भवन निर्माण गर्न राष्ट्रिय वनको ०.३ हेक्टर जग्गा प्रयोग गर्न दिने, नुवाकोटको पीपलटार–देउडी सडक निर्माण गर्न विदुर नगरपालिकाको राष्ट्रिय वनको ५.१४२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृत दिने निर्णय गरेको छ। सङ्खुवासभाको खाँदबारी नगरपालिकामा रहेको योगमाया आयुर्वेद विश्वविद्यालयको केन्द्रीय कार्यालय रहने स्थान तोक्ने निर्णय भएको छ।

## संस्कृत विश्वविद्यालयको निमित्त उपकुलपतिमा खतिवडा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

नेपाल संस्कृत विश्वविद्यालयको रिक्त उपकुलपतिमा शिक्षाध्यक्ष प्राडा भीमप्रसाद खतिवडा नियुक्त हुनुभएको छ।

प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले सोमबार खतिवडालाई तीन महिनाका लागि निमित्त उपकुलपतिको जिम्मेवारी तोक्नुभएको हो। प्रधानमन्त्री एवं कुलपति ओलीले सो विश्वविद्यालय ऐन–२०४३ को दफा १६ को उपदफा ६ बमोजिम उक्त जिम्मेवारी दिनुभएको हो।

खतिवडा संस्कृत साहित्यका प्राध्यापक हुनुहुन्छ। उक्त विश्वविद्यालयका उपकुलपति प्राडा यादवप्रकाश लामिछानेले गत साउन २७ गते दिनुभएको राजीनामा यही भदौ १ गते प्रधानमन्त्रीबाट स्वीकृत भएको थियो। विश्वविद्यालय भदौ १ गतेदेखि भने उपकुलपतिविहीन थियो।

# प्रस्तावित आठ राजदूतको सुनुवाइ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

संसदीय सुनुवाइ समितिले प्रस्तावित १७ मध्ये आठ राजदूतको सुनुवाइ सम्पन्न गरेको छ। आइतबार र सोमबार गरी समितिले आठ जनाको सुनुवाइ सकेको हो। समितिले मङ्गलबार भने एक जनाको मात्र सुनुवाइको कार्यसूची राखेको छ। अनुमोदनबारेको निर्णय भने समितिले सुनुवाइ सकिएपछि एकमुष्ट गर्ने छ।

आइतबार समितिले चीनका लागि प्रस्तावित प्राडा कृष्णप्रसाद ओली, भारतका लागि प्रस्तावित शङ्कर शर्मा, डेनमार्कका लागि प्रस्तावित सुम्निमा तुलाधर, जर्मनीका लागि प्रस्तावित डा. शैल रुपाखेतीको सुनुवाइ गरेको थियो। यस्तै सोमबार इजरायलका लागि प्रस्तावित प्रा. धनप्रसाद पण्डित, मलेसियाका लागि प्रस्तावित डा. नेत्रप्रसाद तिमल्सिना, पाकिस्तानका लागि प्रस्तावित रीता धिताल र पोर्चुगलका लागि प्रस्तावित प्रकाशमणि पौडेलको सुनुवाइ गरेको छ।

सुनुवाइका क्रममा पण्डितले दुई देशबिच सहायताको क्षेत्र पहिचान गरी काम गर्ने बताउनुभयो। उहाँले इजरायलले कृषिका क्षेत्रमा अपनाएका प्रविधिलगायतका सहायतामा सहयोग माग्ने पनि जनाउनुभयो। उहाँले नेपाल इजरायल संसदीयमैत्री समूहका लागि पनि पहल गर्ने जानकारी दिनुभयो।

उहाँले इजरायलले प्यालेस्टाइनलाई पनि बाँच्न दिनुपर्ने धारणा पनि राख्नुभयो। उहाँले दुई देशको लडाइँ बन्दको सुझाव पनि देशको प्रतिनिधिका रूपमा आफू तयार रहेको अभिव्यक्ति पनि दिनुभयो। पण्डितले सूचनाको हक कार्यान्वयन नगरेकोमा अदालतले गरेको जरिबानाको विषय सर्वोच्च अदालतमा विचाराधीन रहेको पनि जानकारी दिनुभयो। टुँडिखेलमा हालै राजनीतिज्ञमाथि भएको टिप्पणीले नेपालको गुप्तचर निकायको क्षमता बढाउन आवश्यक भएको देखिएको पनि उहाँको टिप्पणी थियो। गुप्तचरको क्षमता अभिवृद्धिलगायतका क्षेत्रमा इजरायलको सहयोग दिन सकिने उहाँको धारणा थियो।

यस्तै मलेसियाका लागि प्रस्तावित तिमल्सिनाले मलेसिया नेपालको महत्त्वपूर्ण श्रम गन्तव्य भएको र श्रमिकका समस्याका विषयमै केन्द्रित हुने बताउनुभयो। सन् २०१८ यता द्विपक्षीय श्रम सम्झौता नवीकरण नभएकाले त्यसमा काम गर्ने उहाँको भनाइ थियो। उहाँले सूचना प्रविधि, शिक्षालगायतका क्षेत्रमा सहायता लिन सकिने धारणा राख्नुभयो।

फ्री भिसा, फ्री टिकट व्यवस्थालाई व्यवस्थित बनाउन आवश्यक रहेको तिमल्सिनाको भनाइ थियो। अहिले सरदर ५ प्रतिशतले मात्र उक्त सुविधा उपभोग गरेको पनि उहाँको दाबी छ। नेपाल रेडक्रस सोसाइटीमा रहेको विवादको एक पक्ष आफू भएको स्विकार्दै उहाँले अदालतले नै आधिकारिताको टुङ्गो लगाउनुपर्ने धारणा राख्नुभयो। रेडक्रसको नेतृत्वबाट आफू दुई महिनाअघि नै अलग भएको पनि उहाँको भनाइ थियो।

यस्तै पाकिस्तानका लागि प्रस्तावित रीता धितालले नेपाल सरकारको नीति अनुसार आफू अघि बढ्ने बताउनुभयो। दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सार्कको क्रियाशीलताका लागि पहल गर्ने धितालको भनाइ थियो।

यस्तै पोर्चुगलका लागि प्रस्तावित पौडेलले कार्यसम्पादन गर्न सक्ने विषयलाई मात्र कार्ययोजनामा सामेल गरेको बताउनुभयो। पौडेलले द्विपक्षीय व्यापारका सम्भावना अध्ययन गर्ने बताउनुभयो। चिया, कफी, नेपाली ब्रान्डका जुत्तालगायतका क्षेत्रमा नेपालले व्यापार प्रवर्धन गर्न सक्ने उहाँको भनाइ थियो। दूतावाससमेत स्थापनाको काम आफ्नो पहिलो प्राथमिकता भएको पौडेलको भनाइ थियो।

उहाँले दुवै देशबाट उच्चस्तरीय भ्रमण र संसदीयमैत्री समूहका लागि पहल गर्ने पनि धारणा राख्नुभयो। दुई देशका नगरबिचमा भगिनी सम्बन्ध कायमका लागि पनि प्रयास गर्ने उहाँको भनाइ छ। खेल कूटनीतिलाई पनि प्राथमिकतामा राख्ने उहाँको भनाइ छ।

## विद्यार्थी आन्दोलित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

चिकित्सा शिक्षा आयोगले लिएको एकीकृत प्रवेश परीक्षाको नतिजामा असन्तुष्टि जनाउँदै विद्यार्थी आन्दोलित भएका छन्।

उनीहरूले अघिल्लो दिन चिकित्सा शिक्षा आयोग घेराउ गरेका थिए भने सोमबार पनि विद्यार्थीले माइतीघर मण्डलामा धर्ना दिएका छन्। परीक्षार्थीले उत्तरपुस्तिका हेर्न पाउनुपर्ने मागसहित आन्दोलन सुरु गरेका छन्।

आइतबार परीक्षामा नाम निस्किएका ७५ जनाभन्दा बढी विद्यार्थीले परीक्षाफलमा चित्त नबुझेको भन्दै चिकित्सा शिक्षा आयोगमा उत्तरपुस्तिका हेर्न पाऊँ भन्दै निवेदन दिएका थिए। सोमबारदेखि भने उनीहरूले माइतीघर मण्डलामा धर्ना दिएर सरकारको ध्यानाकर्षण गराएका छन्।

एकीकृत परीक्षामा सहभागी विद्यार्थीले एमबिबिएस प्रवेश परीक्षामा 'सी' सेटमा सोधिएको प्रश्न र त्यसको उत्तरपुस्तिका जाँच गर्ने प्रणालीमाथि प्रश्न उठाएका छन्। उनीहरूले 'सी' सेटको अधिकांश परीक्षा दिने विद्यार्थीको नम्बर कम आएको भन्दै उक्त सेटको १७५ वटा मिलाउने फेल भएको आरोप लगाएका छन्।

आन्दोलनमा सहभागी विद्यार्थी जिभन सिंहले सर्वोच्च अदालतले १९ असार २०७९ मा चिकित्सा शिक्षा आयोगलाई विद्यार्थीले चाहेमा उत्तरपुस्तिका हेर्न दिन निर्देशनात्मक आदेश जारी गरे अनुसार हेर्न पाउनुपर्ने बताउनुभयो। उहाँले विद्यार्थीले सोही आदेश अनुसार आफूहरूले उत्तरपुस्तिका हेर्न पाउनुपर्ने माग गरेको बताउनुभयो।

चिकित्सा शिक्षा आयोगका कार्यकारी उपाध्यक्ष डा. अञ्जनीकुमार झाले सर्वोच्च अदालतको आदेश अनुसार निवेदन दिने विद्यार्थीले उत्तरपुस्तिका हेर्न सक्ने बताउनुभयो।

# सूचना नदिँदा कारबाही

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

राष्ट्रिय सूचना आयोगले तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह कपिलवस्तुका अध्यक्ष जयप्रकाश पाण्डेलाई कारबाहीका लागि सिफारिस गरेको छ। आयोगका प्रवक्ता कमला ओली थापाले सोमबार प्रेस विज्ञप्ति जारी गरी सूचनाको हकसम्बन्धी ऐन अनुसार उहाँलाई कारबाहीका लागि सिफारिस गरिएको जनाउनुभएको छ। सूचनाको हकसम्बन्धी ऐन– २०६४ अनुसार अध्यक्ष थापालाई हजार रुपियाँ जरिबानाका लागि सिफारिस गरिएको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्ति अनुसार कपिलवस्तुको बुद्धभूमि नगरपालिका–२, गोरुसिङ्गेनिवासी वसन्त गिरीले तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह, कपिलवस्तुसँग सूचना माग गर्नुभएको थियो। तोकिएको समयमा सूचना नपाएपछि गिरीले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुभएको थियो।

सोही पुनरावेदनका आधारमा अध्यक्ष पाण्डेलाई कारबाहीका लागि सिफारिस गरिएको हो। "नागरिकको संविधानप्रदत्त मौलिक हक प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैरजिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको विकल्प आयोगसँग रहेन," विज्ञप्तिमा उल्लेख छ, "यसर्थ नागरिकको संविधानप्रदत्त र कानुनले व्यवस्था गरेको सूचनाको हक उल्लङ्घन गर्ने तिलौराकोट साझेदारी वन व्यवस्थापन समूह कपिलवस्तुका अध्यक्ष पाण्डेलाई सूचनाको हकसम्बन्धी ऐन–२०६४ बमोजिम जरिबाना हुने ठहर्छ।"

# एसइई पूरकको नतिजा असोज तेस्रो साता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) पूरक (ग्रेडवृद्धि) को नतिजा असोज तेस्रो सातासम्म सार्वजनिक गर्ने भएको छ।

बोर्डको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का अनुसार दसैँअघि नै नतिजा प्रकाशन गर्ने गरी काम भइरहेको छ। परीक्षा नियन्त्रक कक्षा १० का नन्दलाल पौडेलका अनुसार अहिले उत्तरपुस्तिका परीक्षण सकेर केन्द्रमा ल्याउने काम भइरहेको छ।

पौडेलका अनुसार उत्तरपुस्तिका परीक्षण उपत्यकाका तीनसहित ३४ वटा केन्द्रबाट भएको थियो। बोर्डका अनुसार धेरै स्थानबाट प्राप्ताङ्कसमेत आइसकेको छ। केही केन्द्रमा उत्तरपुस्तिका परीक्षण सकिएको भए पनि प्रतिकूल मौसमका कारण प्राप्ताङ्क तथा उत्तरपुस्तिका ल्याउन सकिएको छैन।

बोर्डले कक्षा ११ को रजिस्ट्रेसन फारामलाई असर नपर्ने गरी नतिजा प्रकाशन गर्ने तयारी गरेको हो। बोर्डको वार्षिक कार्यतालिका अनुसार कक्षा ११ को रजिस्ट्रेसन फाराम भराउने समय कात्तिक १५ गतेभित्रलाई तोकिएको छ।

विलम्ब शुल्क तिर्नेका लागि भनेर कात्तिक ३० भित्रको समय तोकिएको छ तर कुन दिनदेखि फाराम भर्न पाइने भन्ने विषयमा बोर्डले वार्षिक कार्यतालिकामा नखुलाए पनि सामान्यतया एक महिनाको समय राखेर फाराम भर्न लगाइने चलन छ। फाराम भर्ने समय नसकिँदै नतिजा प्रकाशन गर्ने योजनासाथ काम भइरहेको पौडेलले जानकारी दिनुभयो।

२०८० सालको एसइईमा नियमित परीक्षार्थीका रूपमा सम्मिलित भई ग्रेड प्राप्त गर्न नसकेका र अनुपस्थित भएका सबै परीक्षार्थी ग्रेडवृद्धि परीक्षामा सहभागी भएका छन्। ग्रेडिङ निर्देशिका–२०६८ मा दुई विषयमा एनजी आएका विद्यार्थीले मात्र ग्रेडवृद्धि परीक्षा दिन पाउने व्यवस्था थियो। निर्देशिकाको उक्त व्यवस्थालाई संशोधन गरी परीक्षामा अनुपस्थित तथा ननग्रेडेड सबैलाई परीक्षामा सामेल हुने अवसर दिइएको थियो।

दुई लाख ३४ हजार विद्यार्थीको एनजी आएकोमा ग्रेडवृद्धि परीक्षामा भने दुई लाख नौ हजार ८०४ विद्यार्थी मात्रै सहभागी थिए।

## निष्कासनको जानकारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

राष्ट्रिय स्वतन्त्र पार्टीले महामन्त्री मुकुल ढकाललाई साधारण सदस्यबाट हटाएर पार्टीबाट निष्कासन गरेको निर्वाचन आयोगलाई जानकारी गराएको छ। ढकालले आफूमाथि गरिएको कारबाही अवैधानिक रहेको दाबीसहित आयोगमा दिएको निवेदनसमेत विचाराधीन अवस्थामै छ।

रास्वपाले पार्टी हितविपरीत नबोल्न र सच्चिन निर्देशन दिए पनि ढकालले पार्टीको हितविपरीत बोल्दै गएकाले निष्कासन गरिएको उल्लेख गरेको छ। रास्वपाको असार २५ गतेको केन्द्रीय समिति बैठकले ढकाललाई महामन्त्री, प्रवक्ता र केन्द्रीय सदस्यबाट मुक्त गर्ने निर्णय गरेको थियो।

### सक्कली...

ब्युरो (सिआइबी) को विशेष अनुसन्धानबाट मात्र पत्ता लागेको हो।

स्मार्ट लाइसेन्समा चिप्स राखिएको हुन्छ। उक्त चिप्समा लाइसेन्सवाहकको विवरण हुन्छ तर हालसम्म उक्त चिप्स पढ्ने (रिड गर्ने) मेसिन उपलब्ध नहुँदा २०७२ सालदेखि वितरण भएका स्मार्ट लाइसेन्सको सक्कली नक्कलीको विशेष चेकजाँच छैन। विभागका महानिर्देशक उद्धव रिजालले भन्नुभयो, "सुरुमा कसरी यसको योजना गरियो थाहै भएन, अब अहिले विश्वासको भरमा चलेको छ चिप्स रिड गर्ने मेसिन नै छैन। वैज्ञानिक तरिकाले चेकजाँच हुन सकेको छैन। चिप्स पढ्न छुट्टै डिभाइस चाहिन्छ।"

चेकजाँचमा खटिएका प्रहरीले नक्कली वा सक्कली शङ्का लागेमा थप अनुसन्धान त गर्न सक्छ तर सडकमै पहिचान गर्न भने सक्दैन। लाइसेन्समा लेखिएको विवरण मात्र चेकजाँच गर्ने गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक एवं प्रवक्ता विश्वराज खड्काले बताउनुभयो। उहाँले भन्नुभयो, "स्मार्ट लाइसेन्सको चिप्स पढ्न सक्ने मेसिन हामीसँग छैन।

म्यानुअल्ली चेकजाँच हुँदै आएको छ। नक्कली पनि ठ्याक्कै उस्तै भयो भने खुला आँखाले छुट्याउन सकिन्न। शङ्का लाग्यो भने क्रस चेकजाँच गर्ने छुट्टै कुरा हो।" उक्त समस्या सम्बोधनका लागि अब क्युआर कोड राखेर स्मार्ट लाइसेन्स छाप्ने निर्णय भएको छ। गत साउन ३२ गते भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा बसेको प्रदेशका मन्त्रीहरूसँगको बैठकमा केन्द्रीय तथ्याङ्क (सेन्ट्रल डाटाबेस) यातायात व्यवस्था विभागमा रहने गरी देशभर एउटै मापदण्ड र स्पेसिफिकेसन अनुसार प्रदेशले क्युआर कोडसहित लाइसेन्स छपाइका लागि तत्काल खरिद प्रक्रिया अगाडि बढाउने निर्णय भएको हो तर सबै प्रदेश त्यसका लागि तयार नै छैनन्।

### प्रधानमन्त्रीसँग...

भारतीय नेसनल डिफेन्स कलेजका वरिष्ठ निर्देशक स्टाफ (नेवी) रियर एडमिरल सन्दीप एस सन्दूलगायतले शिष्टाचार भेट गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

भेटमा दुई पक्षीय हित तथा आपसी चासोका विषयमा छलफलका साथै एनडिसीका शिक्षार्थीलाई नेपाली सेनाका बारेमा जानकारी गराइएको थियो।

भ्रमणका क्रममा एनडिसीका सङ्काय तथा सोही कलेजमा सञ्चालन भइरहेको राष्ट्रिय रक्षा पाठ्यक्रममा सहभागी भारत, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, जापान, काजकिस्तान, भुटान, ओमानका गरी २० देशका शिक्षार्थीहरू भ्रमण टोलीमा रहनुभएको छ। विभिन्न राष्ट्रहरूमा सञ्चालन हुने उच्चस्तरीय सुरक्षा एवं प्रतिरक्षा तालिममा सहभागी शिक्षार्थीलाई विभिन्न मुलुकको भ्रमण गराउने प्रचलन रहेको छ। यस किसिमको अध्ययन भ्रमणबाट सामूहिक चासोका विषयमा ज्ञान र अनुभवको आदानप्रदान एवं सम्बद्ध मुलुकसँगको सैनिक सम्बन्धलाई थप सुमधुर बनाउन मद्दत पुग्नुका साथै नेपालको पर्यटन प्रवर्धनमा समेत टेवा पुग्ने विश्वास गरिएको छ।

### कानुनी...

उहाँले २०४९ सालको दरबन्दीकै भरमा थोरै जनशक्तिमा धेरै राम्रो गरेकाले दायित्वबाट नभागेर काम जारी राखेको उल्लेख गर्नुभयो। राससका महाप्रबन्धक सिद्धराज राईले राससको ६३ वर्ष पुरानो संस्थाले २४ घण्टा समाचार सेवा सञ्चालन गरेर अन्तर्राष्ट्रिय समाचार समितिको हाराहारीमा उभ्याएको दाबी गर्नुभयो।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले सबै श्रमजीवी पत्रकारलाई सामाजिक सुरक्षा कोषमा जोडेमा धेरै राम्रो हुने बताउनुभयो। पत्रकार प्रतीक प्रधानले लोकतन्त्र सरकारी सञ्चार माध्यम नचलाएर निजी क्षेत्रबाट सञ्चालन हुनुपर्ने मान्यता राख्ने गरेको बताउनुभयो। अर्का पत्रकार शिव गाउँलेले सरकारी मिडिया सरकारप्रति नभएर कर तिर्ने जनतातिर उत्तरदायी भएर सञ्चालन हुनुपर्ने तर्क गर्नुभयो।

राससले यही भदौ ११ गतेदेखि परीक्षणका रूपमा २४ घण्टा समाचार सेवा प्रदान गरेको थियो। उक्त सेवालाई मन्त्री गुरुङले सोमबार औचारिक उद्घाटन गरेर २४ घण्टे सेवाको प्रारम्भ गर्नुभएको हो।

### बाल...

जसमध्ये १५१ जना जबर्जस्ती, नौ जना कर्तव्य ज्यान तथा ७८ जना अन्य कुसुरका छन्।

६० क्षमताको बाल सुधारगृह वीरगन्ज पर्सामा १२३ जना बालबन्दीमध्ये ५७ जना जबर्जस्ती करणी सात जना कर्तव्य ज्यान तथा ५९ जना अन्य कसुरका छन्।

६७ क्षमताको बाल सुधारगृह हेटौँडामा ४५ जना जबर्जस्ती करणी, चार जना कर्तव्य ज्यान तथा १८ जना अन्य कसुरका छन्। त्यस्तै २४७ क्षमताको गृह सानोठिमी भक्तपुरको सुधारगृहमा १३६ जना जबर्जस्ती करणी, २६ जना कर्तव्य ज्यान तथा ४० जना बालिका बन्दीसहित ८७ जना अन्य कसुरका आरोपित छन्। १०९ क्षमताको कास्की सराङ्कोटको सुधारगृहमा ५६ जना जबर्जस्ती करणी, १२ जना कर्तव्य ज्यान तथा ४१ जना अन्य कसुरका छन्।

२६४ बालबन्दी क्षमताको नेपालगन्जस्थित जयन्दु बाल सुधारगृहमा १५७ जना जबर्जस्ती करणी, १४ जना कर्तव्य ज्यान र १४५ जना अन्य कुसुरका बालबन्दी छन्। बाँकेकै नौवस्ता गृहमा रहेका १२३ जनामध्ये ६९ जना जबर्जस्ती करणी, छ जना कर्तव्य ज्यान तथा ४८ जना अन्य कसुरका छन्। १२३ क्षमताको रूपन्देहीस्थित भैरहवा बालसुधार गृहमा रहेकामध्ये ५० जना जबर्जस्ती करणी, ११ जना कर्तव्य ज्यान र ६२ जना अन्य कसुरका, डोटीको सुधारगृहमा रहेका ५३ मध्ये ३९ जबर्जस्ती करणीका पाँच कर्तव्य ज्यान तथा नौ जना अन्य बालबन्दी छन्।

यस्ता अपराधमा लागेका किशोर किशोरीलाई सुधारगृहका नाममा बन्द कोठामा राखेर सजाय दिनुभन्दा यौन शिक्षाबारे विद्यालय स्तरमा खुला छलफल र अध्यापनसँगै लक्षित समूहमा यौन शिक्षाबारे विशेष सचेतना अभियान सञ्चालन गर्न सके यस्ता घटनामा कमी आउने प्रधानले बताउनुभयो।

#### यौन शिक्षा आवश्यक

यस वर्गीकरणले मुख्य रूपमा बालबिज्याइँ यौनसँग जोडिएको स्पष्ट पार्दछ। उनीहरू १८ वर्ष उमेर पुग्दा यौनको मामिलामा अझ सक्रिय बन्छन्। यस्तो अवस्थामा बन्द कोठामा थुनेर राख्नुभन्दा सुधार हुनका लागि यौन शिक्षा दिनु महत्त्वपूर्ण रहेको बाल अधिकारका क्षेत्रमा कार्यरत विज्ञको भनाइ छ। बालबालिका अधिकार अभियन्ता गौरी प्रधान किशोर अवस्थामा प्रवेश गरेपछि बालबालिकामा आउने शारीरिक र मानसिक रूपान्तरणसँगै यौन तथा प्रजनन सचेतना र शिक्षा दिनु अत्यन्तै महत्त्वपूर्ण हुने र त्यो विद्यालय शिक्षाबाटै थाल्नुपर्ने बताउनुहुन्छ।

उहाँले विद्यालय शिक्षाको पाठ्यक्रममा भर्खर भर्खर यौन तथा प्रजनन शिक्षाको विषय समावेश भए पनि खुला रूपमा अझै पनि विद्यालयमा शिक्षक र विद्यार्थीबिच यौन शिक्षाबारे अध्ययन र छलफल हुन नसक्दा यस्ता घटना वृद्धि हुँदै गएको विभिन्न अध्ययनले समेत पुष्टि गरेको दाबी गर्नुभयो।

प्रधानले बालबालिकामा आउने शारीरिक तथा यौन विकासलाई घर, समाज र विद्यालयमा समेत खुला रूपमा छलफल नगरी गोप्य राख्ने प्रवृत्तिका कारण बालबालिका लुकिछिपी यस्ता गतिविधिमा लाग्ने गरेको घटनाक्रमले पनि देखाएको बताउनुभयो।

**बढुवा समितिको सचिवालय**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको**

**संशोधित बढुवा सिफारिस सूचना**

(प्रकाशित मितिः २०८१।०५।१८)

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको बढुवा सूचना नं. १०१/२०८०-८१ (कार्यक्षमता) स्थानीय इन्जिनियरिङ सेवा/सिभिल समूह/सव-इन्जिनियर/पाँचौ तहको रिक्त पदमा हुने बढुवाको लागि बढुवा समितिको मिति २०८१।०३।०६ को निर्णयानुसार बढुवा सिफारिस भइ स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४४ को प्रयोजनको लागि सूचना प्रकाशन गरिएकोमा सो सिफारिस उपर प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशमा उजुरी परी उक्त उजुरी उपर आयोगको मिति २०८१।०४।३१ को निर्णयानुसार पुनः योग्यताक्रम निर्धारण गरी बढुवा प्रक्रिया सम्पन्न गर्नु भनी लेखी आए बमोजिम पुनरावलोकन गर्दा सम्भाव्य उम्मेदवारहरूमध्येबाट बढुवाको योग्यताक्रम संशोधन भइ संशोधित योग्यताक्रमका आधारमा बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४३ बमोजिमको संशोधित सूचना प्रकाशन गरिएको छ। बढुवा सिफारिस सम्बन्धी विस्तृत विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको वेबसाइट www.ocmcm.gandaki.gov.np मा हेर्न सकिने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

# ‘विकास निर्माणको काम छिटो सम्पन्न हुने छ’

**चितवन समाचारदाता**
*चितवन, भदौ १७ गते*

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले चालु विकास निर्माणका काम समयमा सम्पन्न गर्नुपर्नेमा सरकार गम्भीर रहेको बताउनुभएको छ।

नेकपा (एमाले) चितवनले सोमबार आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले निर्माणाधीन पूर्वाधार निर्माणको काम अलपत्र पार्ने छुट कसैलाई नभएको बताउनुभयो।

“तोकिएको समयमा निर्माण कार्य गर्नु पर्छ, गरिँदैन भने त्यस विषयमा सरकारले गम्भीर रूपमा हेर्ने छ, उहाँले भन्नुभयो, “देशका विभिन्न स्थानमा भएका ठेक्का समयमा नसक्ने र काम गरे जस्तो गरेर ढिलासुस्ती गर्ने कार्य भइरहेको छ, यो सुधार्नु पर्दछ।”

सो अवसरमा चितवन राष्ट्रिय निकुञ्जभित्रको माडी जाने बाटो धुलोरहित, राम जन्मभूमि अयोध्याधाम, भारतसँग जोड्ने व्यापारिक नाका, हुलाकी राजमार्ग, ठोरी केरुङ राजमार्गलगायतका विषयमा जानकारी गराइएको थियो।

एमाले चितवनका अध्यक्ष कमलराज पाठकको अध्यक्षतामा सम्पन्न भएको भेटघाट कार्यक्रममा एमाले पोलिटब्युरो सदस्य देवी ज्ञवाली, केन्द्रीय सदस्यहरू कपिलदेव पोखरेल, प्रभा बराल, यमबहादुर परियारलगायतले चितवनको विकास निर्माण र अधुरा रहेका कामका बारेमा जानकारी गराउनुभएको थियो।




*तस्बिर : शालिग्राम नेपाल*

**प्रेस चौतारी चितवनले आयोजना गरेको पत्रकार सम्मेलनमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल।**

यसै गरी सोमबार बिहान प्रेस चौतारी चितवनले भरतपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री दाहालले नारायणगढ–बुटवल सडकको काम चाँडो सक्ने गरी सरकारले अग्रसरता दिएको जानकारी दिनुभयो । मन्त्री दाहालले भन्नुभयो, “अहिलेसम्म जे जसरी ढिला भए पनि अब ढिला गर्न हुँदैन । एक वर्षभित्र काम सम्पन्न गर्नु पर्छ, सरकारको निर्देशन यही छ।”

“सडक निर्माणको काम सुरु भएको लामो समय भइसकेको तर प्रगति हेर्दा ५४/५५ प्रतिशत मात्र काम भएको पाइएको छ। हामीले एक वर्षको म्याद थपेका छौँ, सोही अवधिमा जसरी पनि काम सकिन्छ,” मन्त्री दाहालले भन्नुभयो।

सरकारका तर्फबाट निर्माण कम्पनीलाई दिनुपर्ने भुक्तानी नरोकिएको उल्लेख गर्दै उहाँले वर्षाका कारण केही समस्या भएको हुन सक्छ, अब कामको गति हेरेर मूल्याङ्कन हुने बताउनुभयो । उहाँले भन्नुभयो, “कामको गति बढाउन नसके सरकारले निर्माण कम्पनीको विकल्प खोज्ने छ। हामी सकेसम्म ठेक्का तोड्न नपरोस् भन्ने चाहन्छौँ। यदि काम भएन भने तोडेर अगाडि बढ्ने छौँ।

# डेङ्गुबाट मृत्यु

**नारायणगढ समाचारदाता**
*नारायणगढ, भदौ १७ गते*

डेङ्गुका कारण चितवनमा एक जनाको मृत्यु भएको छ। डेङ्गुले मृत्यु भएको चितवनमा यो पहिलो घटना हो।

चितवन जनस्वास्थ्य कार्यालयका प्रमुख दिनेश रूपाखेतीका अनुसार चितवन मेडिकल कलेजमा उपचार गराइरहेका एक पुरुषको डेङ्गुका कारण मृत्यु भएको हो।

चितवनमा पछिल्लो २४ घण्टामा १४ जनामा डेङ्गु सङ्क्रमण देखिएको कार्यालयले जनाएको छ। चितवनमा यो वर्ष तीन हजार ४४ जनाको परीक्षण गरिएकोमा ७२७ जनामा सङ्क्रमण पुष्टि भएको तथ्याङ्क कार्यालयसँग छ।

# ट्रकको ठक्करबाट चालकको मृत्यु

**मकवानपुर समाचारदाता**
*हेटौँडा, भदौ १७ गते*

हेटौँडा उपमहानगरपालिका–१९, नेवारपानीस्थित कोसिस पेट्रोल पम्पनजिकै भएको सवारी दुर्घटनामा सोमबार एक युवकको मृत्यु भएको छ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत नेवारपानी सडकखण्डमा नवलपरासीबाट झापाका लागि सिमेन्ट लिएर जाँदै गरेको बा.प्र.०३–००१ ख २०८६ नं. को ट्रकले विपरीत दिशाबाट आउँदै गरेको बा.प्र.०२–०२२ प २५०२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा हेटौँडा–९ का अभिषेक सुवेदीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीका अनुसार ट्रकको ठक्करबाट मोटरसाइकल दुर्घटना भई गम्भीर घाइते २५ वर्षीय मोटरसाइकलचालक सुवेदीलाई उपचारका लागि हेटौँडा अस्पताल पठाएकोमा हेटौँडा अस्पतालमा डाक्टरले जाँच गर्दा १०:०५ बजे मृत घोषणा गरेको थियो।

मोटरसाइकल, ट्रक र दाङ जिल्ला गढवा गाउँपालिका–२ का ट्रकचालक २३ वर्षीय चन्द्रप्रसाद चौधरीलाई नियन्त्रणमा लिएको छ।

# विपत्‌का कारण थातथलो छाड्दै



**असार ३१ गतेको भीषण बाढीले जोखिममा पारेको बाह्रबिसे नगरपालिका–३, खाग्दल बस्ती।**

**सिन्धुपाल्चोक समाचारदाता**
*सिन्धुपाल्चोक, भदौ १७ गते*

यस वर्षको बर्खायाममा सिन्धुपाल्चोकमा ४८ घरपरिवार बाढीपहिरोको उच्च जोखिममा परेका छन्। त्यसमध्ये १३६ परिवार थातथलो छाडेर विस्थापित भएका छन् । जिल्ला विपत् व्यवस्थापन समितिको प्रतिवेदन अनुसार बाह्रबिसे नगरपालिका, भोटेकोशी गाउँपालिका, बलेफी गापा, त्रिपुरासुन्दरी गापा, जुगल गापा, हेलम्बु गापा, पाँचपोखरी थाङपाल गापाका बासिन्दा बाढीपहिरोको उच्च जोखिममा छन्।

उक्त समितिका सूचना व्यवस्थापक अधिकृत रविराज धितालका अनुसार भोटेकोशी गापामा मात्रै यस वर्षको बर्खाले २२५ परिवार जोखिममा परे । तीमध्ये १० परिवार उच्च जोखिममा छन्। उनीहरूलाई स्थानीय सरकारले सुरक्षित स्थानमा स्थानान्तरण गरेको छ । २०७३ सालमा भोटेकोशीमा आएको बाढीले पनि सो पालिकाको लिपिङ बजारका करिब दुई सय घर बाढीले बगाएको थियो।

पहिरोले भोटेकोशी गापा–१, लिस्तीमा २८ परिवार जोखिममा पारेकामा पाँच परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । वडा नं २ मा ५८ परिवार जोखिममा पर्दा दुई परिवार विस्थापित भएका छन्। ३ नं. वडामा ५०, ४ नं. वडामा ५८ र ५ नं. वडामा ६० परिवार जोखिममा परेको धितालले जानकारी दिनुभयो।

बाह्रबिसे नगरपालिकामा ३२ परिवार जोखिममा परेका छन् । तीमध्ये २६ परिवारलाई सुरक्षित स्थानमा सारिएको नगरप्रमुख बालकृष्ण बस्नेतले बताउनुभयो। विस्थापित परिवारलाई सुरक्षित स्थानमा टेन्ट, त्रिपाल, आधारभूत आवश्यकताका सामग्रीका साथ स्थानान्तरण गरिएको बस्नेत बताउनुहुन्छ। सो नगरको वडा नं. १ मा ११ परिवार, २ नं. वडामा पाँच परिवार, ३ नं. वडामा १० परिवार, ५ नं. वडामा छ, ६ नं. वडामा छ परिवार उच्च जोखिममा परेको उहाँले थप्नुभयो। त्यसमध्ये २६ परिवारलाई सुरक्षित स्थानमा सारिएको छ।

बलेफी गापामा १३ परिवार जोखिममा परे । जुगल गापामा २८ परिवार विस्थापित भएका छन् । उता, हेलम्बुमा २८ परिवार जोखिममा पर्दा २४ परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको पालिका अध्यक्ष निमाग्याल्जेन शेर्पाले बताउनुभयो। पाँचपोखरी थाङपाल गापामा १९ परिवार विस्थापित भएका छन्। बाढीपहिरोले घरबस्ती जोखिम र स्थानीयलाई विस्थापित बनाए पनि यस वर्ष बाढीपहिरोले सिन्धुपाल्चोकमा मानवीय क्षति नभएको समितिले जनाएको छ। भोटेकोशी नदी, सुनकोशी नदी, इन्द्रावती नदी, ब्रह्मायणी नदी, लार्के, याङ्ग्री नदीका साथै ठाडो खोला, र सहायक खोलाको बाढीले बस्ती उच्च जोखिममा पारेको हो।

# वडाध्यक्षको तलब भत्ता सङ्घ संस्थालाई



*तस्बिर : शान्ता अधिकारी*

**भरतपुर–१२ का वडाध्यक्ष लेखराज पन्त ‘हरि’ को जन्मदिनका अवसरमा आयोजित कार्यक्रमका पाहुना।**

**भरतपुर समाचारदाता**
*चितवन, भदौ १७ गते*

भरतपुर महानगरपालिकाका एक वडाध्यक्षले आफ्नो जन्मदिनको अवसर पारेर आफूले तलब भत्ताबापत प्राप्त १५ लाख रुपियाँभन्दा बढी रकम सामाजिक क्षेत्रमा क्रियाशील सङ्घ संस्थालाई हस्तान्तरण गर्नुभएको छ । भरतपुर–१२ का वडाध्यक्ष लेखराज पन्त (हरि) ले विभिन्न विद्यालय, टोल विकास संस्था, आमा समूहलगायतका सङ्घ संस्थालाई सहयोग हस्तान्तरण गर्नुभएको हो।

जन्मदिनमा महँगो खर्च गरेर मनाउने संस्कारलाई चुनौती दिँदै वडाध्यक्ष पन्तले शनिबार आयोजित कार्यक्रममा विभिन्न सङ्घ संस्था, समूहलाई नगद र जिन्सी सहयोग गरी आफ्नो ६४ औँ जन्मदिन मनाउनुभएको छ । सामाजिक काम गरेर जन्मदिन मनाउन आफूलाई खुसी मिल्ने बताउँदै वडाध्यक्ष पन्तले त्यस किसिमको सहयोग गर्नुभएको हो।

पन्तले भरतपुर–१, देवघाटमा रहेको रोटरी करुणालयको अक्षयकोषका लागि तीन लाख ११ हजार, भरतपुर–१२ मा रहेको मोहन माविलाई ३१ हजार २५०, भरतपुर–११ को नयाँ किरण कमल कुसुम माविलाई एक लाख ११ हजार, बालमन्दिर अटिजम सेन्टर भरतपुर–१० लाई ४८ थान ट्र्याकसुट र प्रकाश कार्की इन्स्योरेन्सलाई एक लाख पाँच हजार रुपियाँ प्रदान गर्नुभएको थियो।

त्यस्तै भरतपुर–१२ स्थित शिव पञ्चायन मन्दिरलाई एक लाख ११ हजार, धनेश्वर शिवालय मन्दिरलाई एक लाख १३ हजार, राधाकृष्ण मन्दिरलाई एक लाख ११ हजार, भरतपुर–१२ मा रहेका १३ वटा विभिन्न टोल विकास संस्था र आमा समूहलाई सातदेखि ५० हजारका दरले एक लाख ५० हजार र पूर्णेश्वर शिवालय मन्दिरलाई ५१ हजार १११ रुपियाँ तथा ६० थान स्टिलका प्लेट हस्तान्तरण गरिएको छ। कार्यक्रममा भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले वडाध्यक्ष पन्तले असल जनप्रतिनिधिका रूपमा वडावासीको मन जित्न सफल भएकोमा बधाई दिनुभएको थियो।

# क्याम्पसका विद्यार्थीको शुल्क पालिकाले बेहोर्ने

**सिन्धुपाल्चोक समाचारदाता**
*सिन्धुपाल्चोक, भदौ १७ गते*

सुनकोशी गाउँपालिकाले आफ्नो पालिकाभित्रका क्याम्पसमा स्नातक अध्ययन गर्न चाहने विद्यार्थीलाई भर्ना, मासिक शुल्कलगायतका शुल्क बेहोर्ने भएको छ । स्नातक अध्ययन गर्ने विद्यार्थी सङ्ख्या निरन्तर घट्ने क्रम चलेपछि विद्यार्थी सङ्ख्या बढाउन पालिकाले भर्ना, मासिक शुल्कलगायतका शुल्क छात्रवृत्तिस्वरूप बेहोर्न लागेको हो।

सुनकोशी गाउँपालिका–७ मा रहेको सुनकोशी क्याम्पस र वडा नं. १ मा रहेको ठोकर्पा सामुदायिक क्याम्पसमा व्यवस्थापन र शिक्षा सङ्काय पढाइ हुँदै आए पनि स्नातक अध्ययन गर्ने विद्यार्थीको रुचिमा दुवै क्याम्पस नपरेपछि क्याम्पस सञ्चालनमा समस्या भएको छ । विद्यार्थी अभावमा क्याम्पस बन्द गर्नुपर्ने समस्या आउन नदिन पालिकाले विद्यार्थीको भर्ना, मासिक शुल्क बेहोर्ने नीति ल्याएको छ। सुनकोशी गापाका सात वडाका विद्यार्थीले मात्रै उक्त सुविधा पाउने छन् । यस आर्थिक वर्षदेखि स्नातक अध्ययन गर्ने विद्यार्थीले भर्ना हुन चाहेमा उक्त सुविधा पाउने छन्। पालिकाभित्रका विद्यार्थी गापाभित्रकै क्याम्पसमा स्नातक अध्ययन गर्न चाहेमा पालिकाले भर्ना र मासिक शुल्क बेहोरिदिने निर्णय गरेको अध्यक्ष टपिन्द्रप्रसाद तिमल्सिनाले जानकारी दिनुभयो।

स्नातकमा भर्ना, मासिक शुल्क र क्याम्पस सञ्चालनका लागि १५ लाख रुपियाँ विनियोजन गरिएको छ। गाउँघरका क्याम्पसमा काम, जागिर गर्दै पढ्न सक्ने अवस्था नहुँदा स्नातक तहमा विद्यार्थी टिकाउन समस्या भएपछि पालिकाले यस्तो नीति लिएको हो । सुनकोशी क्याम्पसमा स्नातकोत्तर तह सञ्चालन गर्ने तयारी गरिएको क्याम्पस प्रमुख कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो।

# गुणस्तरीय शिक्षा प्रदान गर्न होस्टेलमा राखेर अध्यापन



*तस्बिर : बाबुराम शर्मा*

**२००७ सालमा स्थापित दोलखाको दोस्रो विद्यालय त्रिभुवन माध्यमिक विद्यालय।**

**दोलखा समाचारदाता**
*दोलखा, भदौ १७ गते*

करिब सय वर्षअघि स्थापना भएको दोलखाको मेलुङ गाउँपालिका–६ को त्रिभुवन माध्यमिक विद्यालयले इच्छुक कक्षा ६ देखि १० सम्मका ७० जना विद्यार्थीलाई होस्टेलमा राखेर अध्यापन गराउन लागेको छ।

खस्किँदै गएको पढाइलाई सुधारेर गुणस्तरीय शिक्षा प्रदान गर्न २००७ सालमा स्थापना भएको यो विद्यालयले इच्छुक विद्यार्थीलाई होस्टेलमा राखेर अध्यापन गराउन लागेको विद्यालयका प्रधानाध्यापक सन्तोष श्रेष्ठले जानकारी दिनुभयो।

उहाँका अनुसार अहिले कक्षा ८, ९ र १० का बढी र कक्षा ६ र ७ का कम विद्यार्थी छन्। सम्झौता अनुसार होस्टेल व्यवस्थापनका लागि विद्यालयले प्रतिविद्यार्थी तीन हजार र अभिभावकले तीन हजार रुपियाँ लगानी गर्ने छन्। यसमा विद्यालय र अभिभावकको अपनत्व भएको छ। प्रतिफल राम्रै आउने अपेक्षा राखिएको छ।

होस्टेलमा अध्यापनका लागि विद्यालयकै शिक्षकलाई प्रतिहप्ता तीन/तीन जना राख्ने तालिका बनेको छ। उहाँहरूलाई अहिले खाने बस्नेको व्यवस्था पनि मिलाइएको छ। विद्यालयका प्रधानाध्यापक श्रेष्ठले भन्नुभयो, “आर्थिक व्यवस्था गर्न सकिएमा उहाँहरूलाई केही पारिश्रमिक दिने सोच पनि बनेको छ। यसको राम्रो प्रभाव परेमा अरू विद्यार्थी पनि थपिने सङ्केत देखिएको छ।” कक्षा १ देखि १२ सम्म सञ्चालनमा रहेको विद्यालयमा ३९६ जना विद्यार्थी अध्ययनरत रहेका छन्।

# पुरातात्त्विक संरचना जोगाउन जोड



*तस्बिर : केदार तिमल्सिना*

**सूर्यविनायक–धुलिखेल सडक आयोजनाले बनेपामा आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रमका सहभागी।**

**बनेपा समाचारदाता**
*बनेपा, भदौ १७ गते*

अरनिको राजमार्ग विस्तार गर्ने क्रममा राजमार्ग आसपासमा रहेका पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वका संरचनाको संरक्षण गर्नुपर्नेमा जोड दिइएको छ । सूर्यविनायक–धुलिखेल सडक आयोजनाले बनेपामा आयोजना गरेको सम्पदाहरूको संरक्षण, स्थानान्तरण तथा व्यवस्थासम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रमका सहभागीले राजमार्गमा पर्ने पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वका संरचना तथा सम्पदाको संरक्षणमा आयोजनाले ध्यान दिनुपर्ने बताएका हुन्।

कार्यक्रममा बनेपा–१३ का स्थानीयले साँगामा रहेको नासिका भगवतीको मन्दिर र भक्तपुरको न्यातपोल मन्दिरको जग एकै पटक राखिएकाले यसको पुरातात्त्विक महत्त्व भएको र उक्त मन्दिर भत्काउन तथा स्थानान्तरण गर्न नमिल्ने बताएका थिए । स्थानीय रामहरि श्रेष्ठले सडकको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाउने क्रममा राजमार्गमा कति पुरातात्त्विक तथा सांस्कृतिक सम्पदा रहेका छन् त्यसको तथ्याङ्क सङ्कलन नगरेका कारण त्यस्ता सम्पदा र संरचनाका व्यवस्थापन र संरक्षणमा समस्या देखिएको बताउनुभयो। स्थानीय राजु श्रेष्ठले अरनिको राजमार्गको साँगादेखि बनेपासम्म विसं १००३ सालको लालमोहरमा उल्लेख भएका ढुङ्गेधारालगायतका पुरातात्त्विक सम्पदा, मन्दिर, कुवा रहेकाले आयोजनाले यसको संरक्षणमा ध्यान दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा साँगाका स्थानीय लक्ष्मीलाल न्हुच्छे प्रधानले सडक विस्तार गर्ने क्रममा साँगा बजारनजिकै खानेपानीको डिप बोरिङ, स्थानीयले बिस्केट जात्रा मनाउने स्थानसमेत क्षति हुने भएकाले यसको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। स्थानीय हरिभक्त श्रेष्ठले सडक विस्तार गर्ने क्रममा भैँसेपाटीमा रहेका पुरानो कुवा, पोखरी, खानेपानीको पाइपलगायतका संरचनाको समेत व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । स्थानीय जीवन श्रेष्ठले राजमार्ग विस्तार गर्ने क्रममा राजमार्ग छेउमा रहेको मन्दिर जोगाउनुपर्ने बताउनुभयो। बनेपा नगरपालिका–१४ का वडाध्यक्ष टुल्कु लामाले आयोजनाले सडक विस्तार गर्ने क्रममा पुरातात्त्विक महत्त्वका मठ, मन्दिर, धारा, कुवा जोगाउनुपर्ने भन्दै सडक विस्तार गर्ने क्रममा भत्काउनुपर्ने पुराना घरको मुआब्जा दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य कञ्चनचन्द्र वादेले सडक आयोजनाले अहिलेसम्म बिगारेर बनाउँछु भनेका ढुङ्गेधारालगायतका संरचना बनाउन आलटाल गरेको, राजमार्गमा पर्ने मन्दिर, पोखरी, धारा, कुवाको अन्यत्र व्यवस्थापन गर्ने कुरामा समेत चासो नदिएको भन्दै आक्रोश व्यक्त गर्नुभयो। जिल्ला समन्वय प्रमुख दीपककुमार गौतमले राजमार्ग विस्तार गर्ने क्रममा सकेसम्म पुरातात्त्विक सम्पदाको संरक्षण गर्ने र व्यवस्थापन गर्नुपर्ने स्थानका संरचना समयमा नै स्थानीयवासीको समन्वयमा उपयुक्त स्थानमा सार्न सुझाव दिनुभयो। बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्यले सडक आयोजनाले अहिलेसम्म पनि आफूहरूलाई सडकको विस्तृत डिजाइन नदिएको बताउनुभयो।

कार्यक्रममा सूर्यविनायक–धुलिखेल सडक आयोजनाका प्रमुख सुपरिन्टेन्डेन्ट इन्जिनियर राजेन्द्रप्रसाद दासले राजमार्ग विस्तारका क्रममा देखिएका समस्याको समाधान छलफलका माध्यमबाट नै समाधान गरिने भन्दै राजमार्ग विस्तारका क्रममा सकेसम्म पुरातात्त्विक महत्त्वका सम्पदाको संरक्षण गर्ने आयोजनाको नीति रहेको बताउनुभयो।

HELEN KELLER INTL

**युएसएआईडी एकीकृत पोषण**
**स्थानीय साझेदार संस्थाका लागि आशय-पत्रको आवेदन आव्हान गरिएको सूचना**
**(Request for Expression of Interest)**
प्रकाशन मिति : २०८१ भाद्र १८ गते (**September 3, 2024**)

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) को सहयोगमा नेपालको पोषण नीति, योजना र कार्यक्रमको बृहत्तर ढाँचामा रही युएसएआईडी एकीकृत पोषण (जुन, २०२४ देखि जुन, २०२९ सम्म) परियोजना सञ्चालन हुँदैछ । यस परियोजनाले स्वास्थ्य, खाद्य, खानेपानी तथा सरसफाई, शिक्षा र सामाजिक सुरक्षा प्रणालीहरूको सुदृढीकरणमार्फत नेपालमा महिला, किशोरकिशोरी र बालबालिकाको पोषण स्थिति सुधार गर्न नेपाल सरकारसँग सहकार्य गर्दछ । यस परियोजनाले स्वास्थ्य र पोषणको नतिजामा विषमता रहेका सीमान्तकृत एवम् जोखिममा परेका समूहहरूलाई प्राथमिकतामा राख्दै नेपाल सरकारले सञ्चालन गरेका पोषणसँग सम्बन्धित कार्यक्रमहरूमा परिपूरकको रूपमा काम गर्दछ ।

युएसएआईडी एकीकृत पोषण परियोजना, **मधेश प्रदेश**का पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लामा सञ्चालन हुँदैछ । यो परियोजना स्थानीय गैरसरकारी संस्थामार्फत कार्यान्वयन गरिने हुँदा सम्बन्धित जिल्लामा दर्ता भई योग्यता पुगेका इच्छुक एकल संस्थाहरूबाट आशय-पत्रमा उल्लेख गरिएका कागजातहरू संलग्न राखी तोकिएको ढाँचामा प्राविधिक प्रश्नहरूको मौलिक तथा स्थानीय सन्दर्भ र परिवेश झल्किने जवाफसहितको विस्तृत आशय-पत्र, यो सूचना प्रकाशित भएको मितिले **२१ दिन**भित्र अर्थात् **मिति २०८१ असोज ७ गते** (**September 23, 2024**) **दिनको ५ बजे**भित्र USAIDIntegratedNutrition@hki.org मा इमेलमार्फत पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । आशय-पत्रको आवेदन पेश गर्दा निम्नानुसार ध्यान दिन समेत सूचित गरिन्छ :

- इमेल पठाउँदा विषय (Subject) खण्डमा जिल्ला, आवेदक संस्थाको नाम, आशय-पत्रको नम्बर, र शीर्षक उल्लेख गर्नु पर्छ । उदाहरणका लागि XXXdistrictM ABC NGO Name_2024–03_USAID Integrated Nutrition
- आशय-पत्र साथ पेश गरिने सबै कागजातहरू १० एमबी भन्दा बढी नहुने गरी एउटै मात्र PDF फाईल बनाई पेश गर्नु पर्छ ।
- आशय-पत्रको पूर्ण दस्तावेज https://helenkellerintl.org.np को Procurement Notices मा उपलब्ध छ ।

आशय-पत्रका सन्दर्भमा थप स्पष्टता आवश्यक भएमा USAIDIntegratedNutrition@hki.org इमेल ठेगानामा **मिति २०८१ भाद्र २३ गते** (**September 8, 2024**) भित्र प्रश्नहरू पठाउन सकिन्छ । प्राप्त प्रश्नहरूको स्पष्टताका लागि **मिति २०८१ भाद्र २४ गते** (**September 9, 2024**) गते **बिहान १०:00 बजे** पूर्व-आवेदन बैठक भर्चुअल रूपमा हुनेछ । उक्त बैठकमा सहभागी हुन चाहने इच्छुक संस्थाहरूले आफ्नो आधिकारिक इमेल ठेगानामार्फत USAIDIntegratedNutrition@hki.org मा इमेल गरेमा बैठकको लिंक उपलब्ध गराइनेछ ।

आशय-पत्रको मूल्याङ्कन, साझेदार संस्था छनौट प्रक्रियाको पहिलो चरण हो । यस सूचनाअनुसार प्राप्त आवेदनहरूको मूल्याङ्कन तथा प्रस्तुतिकरणपश्चात छनौट हुने एक जिल्लाका लागि एक संस्थालाई मात्र लागतसहितको पूर्ण आवेदनका लागि आमन्त्रण गरिनेछ ।

'जो व्यक्ति सधैँ आफ्नो मात्रै बखान र गुनगान गाउँछ, ऊ अक्सर अरूको तुलनामा कम गुण भएको व्यक्ति हुन्छ।'
–जवाहरलाल नेहरू



## सम्पादकीय

# कांग्रेसको कार्यदिशा

मुलुकको सबैभन्दा पुरानो र प्रजातान्त्रिक समाजवादी विचारधारा अँगालेको पार्टी नेपाली कांग्रेसको १४ औँ महाधिवेशनपछिको पहिलो महासमिति बैठक गत फागुनमा सम्पन्न भएको थियो। विसं २०७८ मङ्सिरमा १४ औँ महाधिवेशन हुँदाको समयमा पार्टीको नीति प्रस्तावउपर छलफल हुन सकेन। महासमितिमा छलफल गर्ने गरी थाती राखिएको विषयलगायत कांग्रेसले अख्तियार गर्नुपर्ने नीति, साङ्गठनिक चुस्तता र समसामयिक राजनीतिक विश्लेषणसहितको मार्गप्रशस्त गर्ने सन्दर्भका प्रस्तावहरू सर्वसम्मतिले पारित गरेर कांग्रेसको नेतृत्व पङ्क्ति एकढिक्का रहेको सन्देश प्रवाह गरिएको स्मरणीय छ। यद्यपि महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले प्रस्तुत गर्नुभएका साङ्गठनिक एवं समसामयिक राजनीतिक प्रस्तावउपर घनीभूत रूपमा छलफल भएर पनि पारित हुन सकेका थिएनन्। महासमितिको बैठकमा प्राप्त सुझावका आधारमा केन्द्रीय कार्यसमितिले परिमार्जनसहित पारित गर्ने गरी अख्तियारी प्रदान गरिए अनुसार केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत गरिएका प्रस्ताव केन्द्रीय कार्यसमितिको साउन २३ देखि सुरु भएर आइतबार सम्पन्न बैठकले सर्वसम्मत पारित गरेको छ। यसले कांग्रेसलाई नयाँ दिशा र गति प्रदान गर्ने अपेक्षा छ।

संसद्मा सबैभन्दा ठुलो दलको हैसियतमा भएर पनि कांग्रेसले आफ्नो नेतृत्वमा सरकार गठन नगरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेकपा (एमाले) को नेतृत्वमा सरकारमा सहभागी हुँदै आएको छ। सबैभन्दा ठुलो विडम्बना त जोसँग निर्वाचनमा गठबन्धन गरेको थियो, उसैले नै सरकार गठनमा धोकाघडी गरेर अर्को पार्टीसँग गठबन्धन गर्ने कामसमेत भयो। यसले मतदातामा गठबन्धन केका लागि थियो भन्ने गम्भीर प्रश्न उब्जिनु स्वाभाविक हो। कांग्रेस पार्टीमा जीवन समर्पित गरेका नेता तथा कार्यकर्ताबिच निराशा बढाउने काम नेतृत्व पङ्क्तिले गरेको भन्दै सबैभन्दा महत्त्वपूर्ण छलफलको विषय नै यही बन्यो। अब भने आगामी निर्वाचनमा कुनै पनि राजनीतिक दलसँग गठबन्धन नगरी एकल बहुमत ल्याउने गरी प्रतिस्पर्धामा उत्रिने सामर्थ्य निर्माण गर्ने निर्णय भएको छ। निर्वाचनपूर्व चुनावी तालमेल नगर्ने र एकल बहुमत ल्याउने गरी साङ्गठनिक संरचनामा नवीन रूपान्तरण गर्ने निर्णय गरिनुले कार्यकर्ता तहको बढ्दो निराशामा मलम लगाउने काम भएको छ। आगामी आवधिक निर्वाचनमा कांग्रेसका मतदाताले पार्टीको रुख चिह्नमै भोट हाल्न पाउने गरी पारित गरिएको साङ्गठनिक प्रस्ताव धेरै अर्थमा महत्त्वपूर्ण मानिएको छ।


मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको अग्रमोर्चामा अडिग कांग्रेसले गणतन्त्रको संस्थागत विकास र सङ्घीयता कार्यान्वयनमा जिम्मेवारीबोध गर्दै आएको छ। जनादेशबाट पहिलो पार्टी हुँदाहुँदै पनि सरकारको नेतृत्व नलिएकाले पार्टी कार्यकर्तामा देखिएको दुबिधा एवं उदासीनताबिच पार्टीको नीति तथा साङ्गठनिक अवस्थाबारे स्पष्ट हुन अत्यावश्यक थियो। नेतृत्व तहले गरेका कतिपय निर्णय तल्लो तहको जिम्मेवारीमा रहेकालाई चित्त नबुझ्नु स्वाभाविक हुन्छ। जसले गर्दा साङ्गठनिक चुस्ततामा शिथिलता आउन सक्छ। पार्टीले अख्तियार गर्ने नीति, सिद्धान्त र साङ्गठनिक अवस्थाबारे देशव्यापी सन्देश प्रवाह गर्न महासमिति उपयुक्त थलो हुँदाहुँदै पनि पार्टीलाई जीवन्त बनाउने कतिपय प्रस्ताव उतिबेला पारित हुन नसक्नुलाई नेतृत्वपङ्क्तिको कमजोरीको आरोपसमेत लागेको थियो।

मुलुकको राजनीतिमा अहम् भूमिका निर्वाह गर्ने पार्टीले विधानसम्मत कार्यहरू समयमै सम्पन्न गर्नुपर्ने हुन्छ। आगामी १५ औँ महाधिवेशनका सन्दर्भमा उठेको संशयलाई निर्धारित समयमै सम्पन्न गर्न क्रियाशील हुने निर्णय हुनुले महाधिवेशन विसं २०८२ मङ्सिरमै हुने देखिएको छ। महामन्त्री शर्माद्वारा प्रस्तुत राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र सांसदका लागि तोकिएको पटके सीमाका हकमा संविधानको विषयवस्तुसँग सम्बन्धित भएकाले संविधान संशोधनका क्रममा छलफल र निर्णय गरिने छ । संविधान संशोधनको विषयलाई अहिलेको गठबन्धनले मूल विषय बनाएको र कांग्रेसको निर्णय मात्रले अन्य पार्टीबाट निर्वाचित भएर ती पदमा जानेहरूलाई लागु नहुने हुँदा संविधानमै यस किसिमको व्यवस्था गरिनु वाञ्छनीय हुने छ।

कांग्रेस र एमालेबिच असार १७ गते भएको सातबुँदे सहमतिमा राष्ट्रिय हितको रक्षा, भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति, विकास निर्माणमा तीव्रता, राजनीतिक स्थिरता एवं सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समानुपातिक समावेशी प्रतिनिधित्वलाई सुदृढ गर्ने गरी संविधान संशोधन गर्न सहमति भएको विदित हुन्छ। बैठकले सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न निर्माण र परिमार्जन गर्न बाँकी रहेका कानुनको प्रक्रिया अविलम्ब प्रारम्भ गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ। गत वर्ष देशव्यापी अभियान सञ्चालन गरेको कांग्रेसले यस पटक पनि सयदिने विशेष साङ्गठनिक अभियान सञ्चालन गर्ने भएको छ। देशको समृद्धि यात्रामा समर्पित हुने सङ्गठन निर्माण नै कांग्रेसको भावी कार्यदिशा हुन सके त्यसले लोकतन्त्रको संस्थागत विकासमा समेत योगदान दिने देखिन्छ।

## १०० वर्ष अधिको गोर्खापत्र

१९७४ साल आषाढ १९ गते सोमबार


भीषण भूकम्प।
हाल्मा मध्य अथामेरिकामा ठुलो भूकम्प भयो। तेस्का जोडले गर्दा सानसाले बदर नामक एक नगर बिल्कुल नष्ट भ्रष्ट भयो। त्यहाँको जनसंख्या ७ हजार भन्दा बढ्ती थियो। यो घटना ज्वालामुखी पहाड् फुट्नाले भयेको हो।

### भीषण भूकम्प।

हाल्मा मध्य अयामेरिकामा ठूलो भूकम्प भयो। तेस्का जोडले गर्दा सानसाले बडर नामक एक नगर विल्कुल् नष्ट भयो। त्यहाँको जनसंख्या ७ हजार भन्दा बढ्तै थियो। यो घटना ज्वालामुखी पहाड् फुट्नाले भयेको हो।

## चिन्तन

यो ध्रुवाणि परित्यज्य
अध्रुवं परिषेवते ।
ध्रुवाणि तस्य नश्यन्ति
चाध्रुवं नष्टमेव हि ॥

जसले निश्चितलाई छाडेर अनिश्चितको
सहायता लिन्छ, ऊ निश्चित नष्ट हुन्छ।
अनिश्चित त स्वयं
नष्ट हुन्छ नै।

– संस्कृत सुभाषित

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# टिआरसीमा सञ्चारको चासो


शिव लम्साल

नेपालले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप (टिआरसी) विधेयक सङ्घीय संसद्को दुवै सदनबाट पारित गरेको छ। विधेयक पारित भएपछि कानुन बनेको छ। अन्तर्राष्ट्रिय जगत्ले निकै चासो र सरोकार राखेको द्वन्द्व व्यवस्थापन अब टुङ्गोमा पुगेको छ। त्यति मात्र होइन, नेपालले आफ्नो मौलिक विधिमार्फत यसलाई निष्कर्षमा पुऱ्याएको छ। यो अरू द्वन्द्वग्रस्त देशका लागि नमुना बन्न सक्छ। विधिवत् रूपमा १० वर्ष लामो सशस्त्र द्वन्द्व न्यायिक निष्कर्षमा पुगेकोमा सबै पक्षको जित भनिएको छ। त्यति मात्र होइन, शान्ति सम्झौताले मूर्त रूप पाएको दाबीसमेत गरिएको अवस्था छ। अब सञ्चार जगत्लगायतका सरोकारवाला क्षेत्रलाई टिआरसी विधेयक कसरी कार्यान्वयन हुन्छ, त्यो चासोको विषय बनेको छ। पीडित पक्षले अन्तर्राष्ट्रिय मापदण्डका आधारमा न्याय पाउँछन् कि पाउँदैनन्, अहम् विषय बन्ने छ। गम्भीर प्रकृतिका घटनामा संलग्न दोषीले सजाय वा जरिबाना पाउँछन् कि पाउँदैन, त्यसले महत्त्वपूर्ण अर्थ राख्ने छ।

द्वन्द्वमा धेरै पत्रकारले ज्यान गुमाए, कैयौँ विस्थापित भएका थिए। सञ्चार क्षेत्र राज्य तथा विद्रोही दुवै पक्षको निसानामा पनि थियो। त्यही भएर नेपाली सञ्चार जगत्का लागि यो झन् बढी चासोको विषय हो। किनकि नेपाली प्रेसले द्वन्द्वकालमा धेरै अवरोध, कष्ट र कहर सहनु परेको जगजाहेर छ। टिआरसी विधेयक कार्यान्वयन गर्दैगर्दा द्वन्द्वपीडित पत्रकारलाई न्याय दिलाउनु लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधर सबैको दायित्व हो। नेपाल प्रेस युनियन यो विधेयकलाई सकारात्मक रूपमा लिँदै यसलाई पीडितमैत्री बनाउने पक्षमा दृढ छ। प्रेस युनियनका लागि द्वन्द्वका बेला पीडित पत्रकारले न्याय पाउँछन् कि पाउँदैनन्, त्यसलाई चासोका साथ नियालिरहेको छ।


सञ्चार जगत्ले हरेक लोकतान्त्रिक आन्दोलनमा प्रेस स्वतन्त्रताका पक्षमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। ३० बर्से पञ्चायतीकालमा लोकतन्त्र स्थापनाको सङ्घर्ष नै मुख्य एजेन्डा भएकाले 'मिसन पत्रकारिता' बाध्यता थियो। २०४७ सालको परिवर्तनपछि व्यावसायिक पत्रकारिताको नयाँ युग प्रारम्भ भयो। निजी क्षेत्रबाट छापा माध्यमको विस्तार हुँदै श्रव्यदृश्य माध्यम र अहिले डिजिटल माध्यमको अत्याधुनिक विकासको युगमा हामी आइपुगेका छौँ।

मुलुकमा लोकतन्त्र स्थापनापछि पनि प्रेसमाथिको सङ्कट भने पूर्ण रूपमा हट्न सकेन। कहिले अति बायाँ कोणबाट त कहिले अति दायाँ कोणबाट प्रेस स्वतन्त्रता कुण्ठित हुँदै आयो। खास गरी लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधर पत्रकार अतिवादीको तारो बने। सत्य पचाउन नसक्ने अनि अभिव्यक्ति स्वतन्त्रतालाई बन्दुक र बुटले कुल्चन खोज्ने अतिवादी शक्तिको कोपभाजनमा नेपाली प्रेसले विगतमा धेरै सास्ती खेप्नु पऱ्यो, जुन प्रवृत्ति अहिले पनि पूर्ण रूपमा समाप्त हुन सकेको छैन।

१० वर्ष लामो सशस्त्र द्वन्द्वका क्रममा पत्रकारलाई धाक, धम्की दिने मात्र होइन, हत्या र बेपत्ता पार्नेसम्मका कर्तुत विद्रोही र राज्य दुवै पक्षबाट भए। द्वन्द्वरत पक्षभन्दा भिन्न सत्यतथ्य समाचारका संवाहक पत्रकारलाई शङ्का र सुराकका भरमा मार्ने काम गरिएका प्रशस्त उदाहरण छन्। कसैलाई घाँटी रेटेर त कसैलाई जिउँदै जमिनमा गाडेर निर्ममतापूर्वक मार्ने ती दोषी अहिले पनि खुलेयाम हिँडिरहनु विडम्बना हो।

नेपाल प्रेस युनियन र समग्र प्रेसजगत् आशातीत दृष्टिले के नियालिरहेको छ भने अब पक्कै सशस्त्र द्वन्द्वको अवधिमा राज्य र विद्रोही पक्षबाट निर्मम हत्या भएका तीन दर्जन सञ्चारकर्मीको न्याय निरूपण हुने छ। बेपत्ता पारिएका पत्रकारको सत्य निरूपण हुने छ। यातना, धम्की र विस्थापन भोगेका धेरै पत्रकारको मर्ममा यो विधेयकको कार्यान्वयनले मलम लगाउने आशा पलाएको छ।

द्वन्द्वका घाउ सञ्चार जगत्ले अहिलेसम्म पनि सम्झिरहेको छ। पत्रकार ज्ञानेन्द्र खड्काको त्यो दुःखद हत्या ज्वलन्त उदाहरण हो। त्यस्तै राष्ट्रिय समाचार समितिका सिन्धुपाल्चोक, मेलम्ची क्षेत्र संवाददाता पत्रकार खड्कालाई २०६१ भदौ २१ मा उनले पढाउने ज्यामिरेस्थित जनता माविबाट विद्रोही पक्षले अपहरण गरेर लगेको थियो। सोही दिन गाउँकै देवस्थानमा रहेको भलिबल पोलमा बाँधेर घाँटी रेटी खड्काको हत्या गरियो। पत्रकार खड्काको हत्याको न्याय निरूपण अब टिरआसी विधेयकले गर्नु पर्छ।




> प्रेस स्वतन्त्रता, बालिग मताधिकार, नागरिकको मौलिक हक र आवधिक निर्वाचन जस्ता लोकतन्त्रका मौलिक विशेषताप्रति पूर्ण प्रतिबद्ध दल नेपाली कांग्रेस सत्ताको मुख्य साझेदार छ। शान्तिपूर्ण रूपान्तरण, लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा प्रतिबद्ध नेकपा (एमाले) सरकारको नेतृत्वमा छ। यी दुवै दल द्वन्द्वपीडितभित्रै पर्छन्। अतः द्वन्द्वकालीन मर्म सत्तारूढ दलले अवश्य बुझ्ने छन् भन्नेमा विश्वस्त हुन सकिन्छ।

दैलेख सदरमुकाममा वितरण हुने खानेपानी ५२ दिनसम्म अवरुद्ध भएपछि पत्रकार डेकेन्द्र थापा नागरिक समाजको प्रतिनिधित्व गर्दै विद्रोही पक्षसँग वार्ता गर्न गएका थिए। विद्रोही पक्षले उनको अपहरण गऱ्यो र २०६१ साउन २७ मा उनलाई जिउँदै खाल्डोमा पुरेर हत्या गऱ्यो। दैलेखका पत्रकार डेकेन्द्र थापालाई बिर्सिए भने परिवारले न्याय पाएन भने टिआरसी कार्यान्वयनमा शङ्का उब्जिने छ। विद्रोही पक्षले 'जनादेश साप्ताहिक' मा कार्यरत मोरङका अम्बिका तिम्सिनाको पनि हत्या गऱ्यो। २०५९ मङ्सिर २५ मा 'पार्टीका गोप्य सूचना सुरक्षाकर्मीलाई दिएको' भन्दै तिम्सिनाको हत्या गरिएको थियो।

द्वन्द्वकालमा विद्रोही पक्षबाट पत्रकारमाथि भएका ज्यादतीका यी केही नमुना थिए। राज्य पक्षबाट पनि पत्रकार प्रताडित र पीडित भएका कैयौँ उदाहरण छन्। जस्तै, २०५९ भदौ २३ मा सिन्धुलीको भिमानस्थित इलाका प्रहरी कार्यालयमा विद्रोही पक्षबाट आक्रमण भयो। असोज १६ मा रामेछापको नारायणदल गुल्मबाट सादा पोसाकमा तत्कालीन शाही नेपाली सेनाको एउटा टोली पत्रकार जितबहादुर घिमिरेको भुवनेश्वरीस्थित घरमा पुग्यो।

तत्कालीन शाही सेनाले पत्रकार घिमिरेलाई आफूसँगै लगेर सुनकोशी किनारनजिकै आँपको रुखमा झुन्ड्याएर गोली हानी हत्या गऱ्यो। काठमाडौँमा कृष्ण सेन 'इच्छुक' र झापाका देवकुमार आचार्य (डी. कौडिन्य) पनि राज्यपक्षबाट मारिएका पत्रकार हुन्। यसरी पत्रकार हत्या र बेपत्ता पार्ने जघन्य र मानवताविरोधी अपराध कार्यमा संलग्न दोषीले अझै उन्मुक्ति पाइरहेका छन्। उनीहरूलाई अझै पनि कानुनी कारबाहीको दायरामा ल्याइएको छैन।

२०६४ असार २१ मा कञ्चनपुरबाट बेपत्ता पारिएका पत्रकार प्रकाश ठकुरीको अवस्था अझै अज्ञात छ। उनको परिवारले अझै न्याय पाइरहेको छैन। २०६५ असोज २२ मा अपहरणपछि हत्या गरिएका पत्रकार जगप्रसाद जोशीको परिवारले कहिले न्याय पाउने ? अब यसको न्याय निरूपण कसरी हुन्छ, त्यो टिआरसी विधेयकको कार्यान्वयनमा भर पर्छ।

पत्रकारविरुद्धको अपराधका लागि दण्डहीनता बढ्दो छ। द्वन्द्वकालमा दर्ता भएका ३९ वटामध्ये पाँच वटा मात्रै मुद्दा चलिरहेका छन्, अरू मुद्दा अलपत्र छन्। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले प्रभावकारी रूपमा न्याय दिन नसक्दा पीडित र तिनका परिवार आक्रोशित छन्।

नेपाल प्रेस युनियन दोषी कोही उम्कन नपाऊन् र पीडितले न्याय र क्षतिपूर्ति पाउनु पर्छ भन्नेमा सजग छ। सशस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोही पक्षबाट भएका पत्रकार तथा नागरिक हत्या, बेपत्ता र यातनामा संलग्नलाई कानुनी कारबाहीको दायरामा ल्याई न्यायको प्रत्याभूति गराउनु नै टिआरसी विधेयकको मूल उद्देश्य हुनु पर्छ। टिरआसी विधेयकको कार्यान्वयन द्वन्द्वकालीन या सङ्क्रमणकालीन न्यायको पक्षमा नजिर बन्न सक्नु पर्छ। यसले हिजोका घाउमा मलम लगाउने मात्र हैन, आगामी दिनमा कोहीकसैले पत्रकारको हत्या, बेपत्ता र यातनाको दुस्साहस गर्न नसकोस् भन्ने आधार पनि खडा गर्नु पर्छ। हिजोआज पनि पत्रकार सुरक्षित छैनन्।

२०८१ सालको विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा गत वैशाखमा मिडिया एक्सनले सार्वजनिक गरेको प्रतिवेदन अनुसार पनि सन् २०२३ मेदेखि २०२४ अप्रिलसम्मको अवधिमा नेपालमा प्रेस स्वतन्त्रता उल्लघङ्नका ३४ वटा घटना भए। यसबाट पत्रकारविरुद्ध धम्की, आक्रमण र उत्पीडनको प्रवृत्ति समाजमा विद्यामान रहेको स्पष्ट हुन्छ। यसर्थ पनि टिआरसी विधेयकको कार्यान्वयनले प्रेसविरोधी हिंस्रक र पीडक प्रवृत्तिलाई निरुत्साहित गर्दै दण्डहीनताको अन्त्य गर्नु पर्छ।

सकारात्मक र आशाको पक्ष के हो भने अहिले प्रेस स्वतन्त्रता, बालिग मताधिकार, नागरिकको मौलिक हक र आवधिक निर्वाचन जस्ता लोकतन्त्रका मौलिक विशेषताप्रति पूर्ण प्रतिबद्ध र यसकै लागि ८० वर्षभन्दा बढी अवधिदेखि सङ्घर्ष गर्दै आएको दल नेपाली कांग्रेस सत्ताको मुख्य साझेदार छ। शान्तिपूर्ण रूपान्तरण, लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा प्रतिबद्ध नेकपा (एमाले) सरकारको नेतृत्वमा छ। यी दुवै दल द्वन्द्वपीडितभित्रै पर्छन्, जो शाही शासन र द्वन्द्वकालमा राज्य र विद्रोही दुवैको तारो बनेका थिए। अतः द्वन्द्वकालीन मर्म सत्तारूढ दलले अवश्य बुझ्ने छन् भन्नेमा विश्वस्त हुन सकिन्छ। दोस्रो जनआन्दोलनका क्रममा नेपाली प्रेसको भूमिकाबारे यी आन्दोलनकारी दल अनभिज्ञ छैनन्। द्वन्द्वकालमा पत्रकारले भोगेका पीडाबारे सत्तारूढ दललाई अवश्य हेक्का छ। यसर्थ टिआरसी विधेयकको कार्यान्वयनलाई पीडितमैत्री बनाउन, दोषीलाई कारबाहीको दायरामा ल्याउन र पीडितलाई क्षतिपूर्ति दिलाउन सरकार पनि उत्तिकै सजग र सक्रिय होस् भन्ने सञ्चारकर्मीको अपेक्षा छ।

# बहसमा समाजवाद


वामदेव क्षेत्री

समाजवादको अर्थ र इतिहासको विश्लेषणका साथै नेपालमा आवश्यक पर्ने समाजवादको स्वरूप कस्तो हुने भन्नेबारे राजनीतिक दलहरूको स्पष्ट धारणा पाउन सकिँदैन। साधारणतया एउटा सामाजिक सङ्गठन, राज्यको राजनीतिक र आर्थिक सिद्धान्तको आधार सामूहिकता एवं सरकारी स्वामित्व मानी उत्पादन एवं वितरण प्रजातान्त्रिक व्यवस्थाद्वारा गरिने प्रणालीमा आधारित व्यवहारलाई 'समाजवाद' भन्ने गरिन्छ। यसै गरी वेस्टर्न न्यु कलेजियट डिक्सनरीको सन् १८३६ को प्रकाशनमा समाजवादको अर्थ सामूहिकता वा सरकारी स्वामित्वमा वस्तुको उत्पादन र वितरण प्रजातान्त्रिक तवरबाट गर्ने सिद्धान्तमा आधारित व्यवहार भनिएको छ। यथार्थमा उत्पादनका साधन र तिनीहरूको स्वामित्व तथा व्यवस्थापन राज्यको नियन्त्रणमा हुनु अथवा जे जति उत्पादन हुन्छ, त्यो निजी फाइदाका लागि नभएर सम्पूर्ण समाजका लागि हुनुपर्ने वा गर्नुपर्ने अवधारणा नै समाजवाद हो।

वर्तमान समयमा समाजवाद शब्दको प्रयोग जथाभाबी वा जुनसुकै र जस्तोसुकै परिवेश एवं परिस्थितिमा इङ्गित गर्ने गरिएको देखिन्छ। समाजवाद ल्याटिन भाषाको 'सोसियस' बाट व्युत्पादित शब्द हो, जसको अर्थ समाज हो। चलनचल्तीको भाषामा समाजवाद शब्द प्रयोग हुन पुगेको हो। त्यस समयका विद्वान्हरूको यसमा महत्त्वपूर्ण भूमिका देखिन्छ। तीमध्ये प्लेटो, सेन्ट साइमन, रोबर्ट, वे प्रुधो, सिसमन्डी आदि थिए। ऐतिहासिकता खोज्ने हो भने मार्क्सको वैज्ञानिक समाजवाद त्यसैको उपज हो, जो पछि विकसित रूप भयो। हामीले इतिहासलाई खोज्ने हो भने मार्क्सको वैज्ञानिक समाजवाद सिद्धान्तपूर्व कुनै न कुनै रुपमा समाजवादसित मिल्दाजुल्दा अवधारणा देखा पर्दै आए। एथेन्समा इपू पाँचौँ शताब्दीमा पाइथागोरस जस्ता चिन्तकले 'भित्रको स्वामित्व भएको वस्तु सबैको साझा हुन्छ' भन्ने अभिव्यक्ति दिएका थिए। त्यसैताका क्रिटस जस्ता राज्यमा सार्वजनिक जग्गा र सार्वजनिक खेतीको व्यवस्था पाइन्छ। सुरुमा युनानभरि भूमिलाई सामूहिक सम्पत्ति मान्ने चलन थियो। विद्वान् मक्सीका अनुसार प्लेटो समाजवादी र साम्यवादी विचारका प्रथम प्रेरणा स्रोत हुन्। उनले रिपब्लिकमा सबै समाजवादी र साम्यवादी स्रोत पहिल्याउन सकिन्छ भने। इपू ४२०–३४७ यता नै सम्पत्ति र परिवारसम्बन्धी समाजवादी धारणा आएको थियो। मध्ययुगीन विश्वमा भने समाजवादी चिन्तनका विचार त्यति पाइँदैनन् तर पछिल्लो समय सर थोमस मुरे प्रस्ट विचारका साथ देखा पर्छन्। उनले सन् १५१६ मा प्रकाशित युटोपियामा तत्कालीन ब्रिटेनको दरिद्रता र जनसङ्ख्याको विरोधका रूपमा आदर्श समाजवादको कल्पना गर्न पुगे। मुरेको परिकल्पनामा सबै वस्तुमाथि सबैको समान अधिकार रहने कुराले उनलाई काल्पनिक समाजवादका संस्थापक भनिन्छ।

१८ औँ शताब्दीमा ब्रिटेन र जर्मनीका समाजवादी चिन्तक देखा परे, जसमध्ये ल्यास्ले अविन, फौरियर, मोरिस आदि मानिन्छन्। उनीहरूले समाजवादी चिन्तन परिकल्पना गरे। समाजवादी धारणालाई कसरी व्यावहारिकता दिन सकिन्छ भनेर विश्लेषण भने गरेनन्। मुरेको युटोपियन समाजवाद सरह नै रहेको धारणा सेन्ट साइमनले फ्रान्समा व्यक्त गरेको पाइन्छ। सन् १७६० मा जन्मिएका साइमनले राजनीतिलाई उत्पादनको विज्ञान भनेर व्याख्या गरेका थिए। समाजमा उत्पादक र अनुत्पादक वर्गबिच सङ्घर्ष हुने र त्यस्तो सङ्घर्षमा अन्ततः उत्पादक वर्गका विजय भई त्यसैबाट वर्गविहीन समाज स्थापना हुने र पुँजीपति मासिएर जानेतर्फ उनले भने।

अर्का समाजवादी चिन्तक प्रुधोको विचारमा सम्पत्तिमा समानता, श्रमिक सङ्घको स्थापना, सार्वजनिक सङ्घ संस्थाको निर्माण, पुँजीको उचित व्यवस्थापन र वितरण, वर्गहीन समाजको स्थापनाले नै समाजवादको स्थापना गर्न सकिन्छ। प्रुधोको विचारलाई अनुसरण गर्दै सिसमन्डीको चिन्तन अगाडि आयो, जसलाई सिसमन्डी सोसियालिजम भनियो। यो विचारले औद्योगिक बिमालाई अगाडि बढाउन जोड दियो। आर्थिक र सामाजिक क्षेत्रमा राज्यको बढीभन्दा बढी हस्तक्षेप हुनुपर्ने तथा काम र विश्रामको अनिवार्य समय तोकिनुपर्नेमा जोड दिइयो। यसले बाल मजदुर निषेध गर्नुपर्ने तर्क पनि अगाडि साऱ्यो।

समाजवादी विद्वान् रोबर्ट ओमनले नयाँ खालको सोचलाई अगाडि सारे। उनको विचारमा दरिद्रता जस्तो अपराध र अन्याय अन्त्य गर्नु राज्यको अनिवार्य विषय बनाए। उनले सहकार्य र सहकारी व्यवस्थाको कल्पना गरेर त्यसलाई व्यवहारमा उतार्न न्यु वर्गनिक गाउँमा इन्डियाना राज्यभित्र एक हजार पाँच सय डलरमा १० हजार एकड जग्गा किनेर बस्ती बसाल्ने, उत्पादन गर्ने समाजवादी सोच प्रयोग गरेर सफलता पनि प्राप्त गरे।

मानिसद्वारा मानिसमाथि हुने शोषणको पूर्णतः अन्त्य गर्ने एउटा उन्नत राजनीतिक आर्थिक प्रणाली नै समाजवाद हो। समाजवाद यस्तो आर्थिक सामाजिक व्यवस्था हो, जहाँ देशमा सम्पूर्ण अर्थतन्त्रको स्वामित्व पूर्णतः राज्यमा निहित हुन्छ। स्वामित्व भन्नाले उत्पादनका साधन, वस्तुको नियन्त्रण तथा वितरण र व्यवस्थापन आदि पर्छन्। सामाजिक स्वामित्व पनि विभिन्न प्रकारका हुन्छन्। जस्तैः साझा स्वामित्व, सहकारी संस्थान, प्रत्यक्ष सार्वजनिक स्वामित्व र राज्यद्वारा सञ्चालित स्वतन्त्र संस्था पर्छन्। समाजवादी विद्वान्ले यिनैमा टेकेर विविध तरिकाको व्याख्या गरेका छन्।


समाजवादको पहिलो चिन्तन धारा युटोपियन समाजवाद भन्ने गरिएको पाइन्छ। पूर्वीय सभ्यताको 'राम राज्य' पाश्चात्य जगत्मा 'प्लेटोनिक साम्यवाद' को अवधारणाले यस्तो समाजवादी चिन्तनको प्रश्रय दिएको पाइन्छ। आधुनिक युरोपमा देखा परेको फवियन समाजवाद कैयौँ विशेषता युरोपेली धारासित मिल्छ। काल्पनिक समाजवादी आध्यात्मिक कम्युन प्रणालीमा समेत विश्वास राख्थे। बौद्ध गुम्बा, चर्च, हिन्दु आश्रमको उद्देश्य निजी सम्पत्तिविहीन जीवन प्रणालीको अभ्यास थियो।

युरोपेली पुनर्जागरणकालमा समाजवादी चिन्तनको भाव मिठा कल्पना, नैतिक उपदेश, आध्यात्मिक आदर्श, सादा जीवन पद्धति, गृहस्थ जीवन अविश्वासबाट यस्तो काल्पनिक समाजवादको चिन्तन बनेको थियो। प्रुधो, सेन्ट साइमन, चाल्स फुरियर र रबर्ट ओवन थुप्रै युरोपेली चिन्तकले काल्पनिक समाजवादको अभ्यास गरेको पाइन्छ। उनीहरूले कल्पना गरेको समाजवादले पुँजीवादका खराबीबारे तिखो आलोचना गरेको देखिन्छ। उनीहरूले एउटा समतामूलक आर्थिक राजनीतिक प्रणालीको वकालत गरेका थिए तर त्यस्तो प्रणाली निर्माणको अपेक्षा समाजको उत्पादन पद्धतिको जगमा उभिएको थिएन। भावनात्मक दृष्टिले पुँजीपति र सर्वहारा वर्गबिच मेल गराएर आर्थिक अधिकारमा समानता ल्याउने उनीहरूको दृष्टिकोणको मूल मान्यता थियो। कतिपय यस्ता चिन्तक पनि थिए, जसले सर्वहारा वर्गबिनाको पुँजीवादी व्यवस्थाको कल्पना गर्दथे, त्यो सम्भव थिएन।

काल्पनिक समाजवादीले पुँजीवादी शोषणको राम्रो चिरफार गरेका थिए। त्यसको विकल्पमा वैज्ञानिक बाटो भने देखाउन सकेनन्। यद्यपि काल्पनिक समाजवादीले एउटा उन्नत राजनीतिक आर्थिक प्रणाली र त्यसको बाटो तय गर्न पूर्वाधारको काम भने गरे। पुँजीवादीको गर्भबाट समाजवादी समाजको जन्म हुने हो। त्यसैले सङ्क्रमणको प्रराम्भिक चरणमा पुँजीवादका कैयौँ गुण बोकेको हुन्छ। यद्यपि ती गुण उत्पादन पद्धतिको विकासका क्रममा पैदा भएका अनिवार्य तर अस्थायी गुण हुन्। समाजवादको तीव्र विकासको प्रक्रियाले पुँजीवादका अवशेष क्रमशः अन्त्य हुँदै जान्छन्।

# हिमताल विस्फोटको सङ्केत





डा. रामहरि पौड्याल

वैश्विक रूपमा देखिएको जलवायु परिवर्तनका असर नेपालमा पनि परिरहेकाले यसका सङ्केत देखा पर्न थालेका छन्। नेपालले जलवायु परिवर्तनको डरलाग्दो असर सबैभन्दा पहिले हिमालयमा भोग्नुपर्ने चेतावनीलाई घटनाक्रमले पुष्टि गर्दै आएको छ। नेपालको हिमाली क्षेत्रले सदैव प्राकृतिक सौन्दर्य र जलस्रोतको विशाल भण्डारका रूपमा ख्याति कमाएको छ तर विश्वव्यापी रूपमा बढ्दो जलवायु परिवर्तनका कारण यो क्षेत्र अब बिस्तारै जोखिमपूर्ण बनिरहेको छ। विशेष गरी हिमताल विस्फोटले हिमाली क्षेत्रका बस्ती, जनजीवन र पूर्वाधारमा गम्भीर खतरा निम्त्याइरहेको छ। हालै सगरमाथा क्षेत्रको सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका–५, थामेगाउँभन्दा माथिको खुम्बु क्षेत्रमा रहेका पाँचमध्ये दुई वटा हिमताल फुट्दा आएको लेदोसहितको बाढीले सोही गाउँपालिकाको थामे बस्तीलाई तहसनहस बनायो। त्यसलगत्तै मनाङलगायत धेरै ठाउँमा बाढीपहिरो र हिमताल विस्फोटका अन्य घटना भइरहेका छन्। यी घटनाले देश तरङ्गित भएको छ। यो घटना एउटा ठुलो विनाश निम्तन सक्ने पूर्वचेतावनी हो, जसले नेपाललाई जलवायु परिवर्तन र यसबाट निम्तिने आपत्कालीन परिस्थितिसँग जुध्न तयार हुनु पर्छ भन्ने सन्देश दिएको छ।

> विश्वव्यापी तापक्रम वृद्धिका कारण नेपाल चौथो अति जोखिमपूर्ण देशको सूचीमा परेको छ । यहाँको औसत तापक्रम वृद्धिदर ०.०५६ डिग्री सेल्सियस रहेको छ, जसले हिमनदीहरूको पग्लने दर बढाइरहेको छ । यदि तापक्रम वृद्धिदरलाई नियन्त्रण गर्न सकिएन भने सन् २१०० सम्म दुई तिहाइ हिमनदी पग्लिने अनुमान गरिएको छ ।

नेपालका हिमताल र हिमनदी जलवायु परिवर्तनका प्रत्यक्ष साक्षी हुन्। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को अध्ययनले नेपालमा दुई हजार ७० भन्दा बढी हिमताल पहिचान गरेको छ, जसमध्ये २१ वटा उच्च जोखिममा रहेका छन्। तापक्रम वृद्धिसँगै यी हिमतालमा पानीको सतह बढ्दै जाँदा विस्फोटको खतरा पनि बढिरहेको छ।

विश्वव्यापी तापक्रम वृद्धिका कारण नेपाल चौथो अति जोखिमपूर्ण देशको सूचीमा परेको छ। यहाँको औसत तापक्रम वृद्धिदर ०.०५६ डिग्री सेल्सियस रहेको छ, जसले हिमनदीको पग्लने दर बढाइरहेको छ। यदि तापक्रम वृद्धिदरलाई नियन्त्रण गर्न सकिएन भने सन् २१०० सम्म दुई तिहाइ हिमनदी पग्लिने अनुमान गरिएको छ।

यो विपत्तिको सिकार नेपालका बासिन्दा मात्र नभएर तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने लाखौँ मानिस पनि हुने सम्भावना छ। तापक्रम वृद्धिसँगै यसप्रकारका मौसम परिवर्तनजन्य जोखिम पनि बढिरहेकाले त्यसलाई न्यूनीकरण गर्नेतिर सरकारले तुरुन्त ध्यान पुऱ्याउनु पर्छ। सन् १९७७ देखि अहिलेसम्म नेपालका तीन नदीका जलाधार क्षेत्रमा २६ वटा हिमताल विस्फोटका घटना भएका छन्। तीमध्ये १४ वटा नेपालतर्फ भएका हुन्।

संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी निकाय (आइपिसिसी) को प्रतिवेदन अनुसार पेरिस सम्झौता अनुरूप विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढी बढ्न नदिए एक सय वर्षमा एक वर्ष हिउँ पर्दैन तर विश्वव्यापी तापक्रम दुई डिग्री पुगे प्रत्येक १० वर्षमा एक वर्ष हिउँ नपर्ने हुन्छ। इसिमोडका अनुसार नेपालको तापक्रम वृद्धिको दर वार्षिक अधिकतम ०.०५ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ०.००२ डिग्री सेल्सियस छ। यो शताब्दीको अन्त्यसम्म नेपालको तापक्रम वृद्धि १.७ देखि ३.५७ डिग्री सेल्सियसले बढ्ने बताइएको छ। विश्व तापमान वृद्धिसँगै नेपालमा हिमताल झन् बढिरहेका बेला पारिस्थितिकीय प्रणालीमा आधारित प्रणाली नै दिगो र प्रभावकारी हुने गर्दछ। यसका लागि बढीभन्दा बढी सिमसारलाई जोगाउनु पर्छ। यसले वायुमण्डलको कार्बन उत्सर्जनलाई किड्नीका रूपमा फिल्टर गर्ने काम गर्दछ। वनजङ्गल जोगाउने र तापक्रम बढ्न नदिन वातावरणमा भएको प्रदूषण कम गर्ने साधनको प्रयोगमा जोड दिनु पर्ने हुन्छ। सन् २०३० सम्म बिजुली गाडीको प्रयोगमा ठुलो फड्को मार्ने एनडिसीको प्रतिबद्धतासहित आफ्नो लक्ष्य निर्धारण गरेको नेपालले तुरुन्त पेट्रोलियम पदार्थको विकल्प सोच्न ढिला गर्नु हुँदैन। सडकमा पेट्रोलियम पाइपलाइन होइन, अब बढ्दो अन्तर्राष्ट्रिय लहरलाई बुझेर बिजुलीका चर्जिङ स्टेसन, हाइड्रोजन फ्युल सेलका स्टेसन बनाउन सुरु गर्नु पर्छ तर दुर्भाग्य यतिखेर भारतबाट अर्को पेट्रोलियम पाइपलाइन बनाउने सम्झौता हुन लागेको छ। दैलेखमा चिनियाँ सहयोगमा पेट्रोलियमको खानी खनिँदै छ। यो नेपालको विकासको उल्टो यात्रा हो। त्यसको अनुसन्धान र सहकार्यका लागि विज्ञहरूको आयोग तुरुन्त बनाउनु पर्दछ। यो नै बढ्दो तापक्रम घटाउने समस्याको समाधान हो। यसका लागि नेपालले मात्र गरेर हुँदैन, विश्व समुदाय नै जुट्नु पर्छ।

छिमेकी मुलुक भारतका अरुणाचल प्रदेश र उत्तराखण्ड राज्यले पनि जलवायु परिवर्तनका कारण भयानक परिणाम भोगिरहेका छन्। उत्तराखण्डको चमोली जिल्लामा हरेक वर्ष अत्यधिक वर्षा र हिउँ पहिरोका कारण बाढी र हिमताल विस्फोटका घटना भइरहेका छन्। यी घटनाले जलविद्युत् आयोजना, पुल र अन्य पूर्वाधारमा ठुलो क्षति पुऱ्याएको छ।

समान भौगोलिक अवस्था भएको नेपालको पनि स्थिति फरक छैन। सात वर्षअघि कास्कीमा आएको सेती नदीको बाढीले ठुलो जनधनको क्षति भएको थियो। यसरी हरेक वर्ष आउने यस्ता विपत्तिले नेपालका जलविद्युत् आयोजना, सुरुङ र ठुला बाँधलाई जोखिममा राखेको छ। जलवायु परिवर्तनको असरले यी परियोजनाको दीर्घकालीन स्थायित्वलाई चुनौती दिइरहेको छ।

विश्व तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभन्दा तल राख्न पेरिस सम्झौतामा हस्ताक्षर गरेका देशले हरितगृह ग्यासको उत्सर्जन घटाउने प्रतिबद्धता जनाएका छन् तर नेपालजस्ता विकासोन्मुख मुलुकले पेरिस सम्झौताका लक्ष्य पूरा गर्न कठिनाइ भोगिरहेका छन्। नेपालले विश्वव्यापी उत्सर्जनमा मात्र ०.०२७ प्रतिशत योगदान पुऱ्याउँछ तर जलवायु परिवर्तनको असर भने यहाँ प्रत्यक्ष रूपमा देखिएको छ। नेपालले यो वैश्विक समस्यालाई विश्वीसामु प्रस्टसँग राख्न सक्नु पर्छ। नेपालका जलस्रोत र भविष्यमुखी योजना अनुसार नेपालले आफ्नो विशाल जलस्रोतलाई उपयोग गरेर जलविद्युत्को विकास गर्दै संसारभरिका बजारमा ऊर्जा निर्यात गर्ने लक्ष्य राखेको छ। सन् २०४५ सम्ममा कार्बन न्युट्रल बन्ने सरकारको योजनाले नेपाललाई जलवायु परिवर्तनको चुनौतीसँग जुध्न सक्षम बनाउने छ तर ठुला जलविद्युत् आयोजना र बाँधहरूको जोखिम व्यवस्थापन र दीर्घकालीन स्थायित्वका लागि सरकारले नयाँ नीति र रणनीति अवलम्बन गर्न आवश्यक छ। वातावरणीय मूल्याङ्कनलाई एउटा कर्मकाण्डीय रूपमा नहेरी भोलि निम्तिने विनाशको चित्रलाई दृष्टिगत गरेर स्वतन्त्र विज्ञको अनुसन्धानमा आधारित भएर गर्नुपर्ने आवश्यकता छ।

### प्राकृतिक विपत्तिको न्यूनीकरण

'अर्ली वार्निङ फर अल' पहलले जीवन रक्षक बहुखतरा प्रारम्भिक चेतावनी प्रणाली, अग्रिम कार्य र सहनशीलता प्रयासको माध्यमबाट खतरनाक जलवायु, मौसम र सम्बन्धित वातावरणीय घटनाबाट विश्वव्यापी संरक्षण सुनिश्चित गर्ने लक्ष्य राखेको छ। सन् २०२२ मा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यसको आह्वान गर्नुभएको थियो। यो सन् २०२७ को अन्त्यसम्म पूरा गर्ने लक्ष्य राखिएको छ।

नेपालमा हिमताल विस्फोट, हिमनदी पग्लिने क्रम र अन्य जलवायुजन्य विपत्तिको पूर्वसूचना प्रणालीको अभाव छ। यस क्षेत्रमा सेन्सर र पूर्वसूचना प्रणालीको स्थापना गरेर बाढीको जोखिम न्यूनीकरण गर्न आवश्यक छ। उदाहरणका लागि केही वर्षअघि वरुण उपत्यकामा पूर्वसूचना प्रणाली जडानका लागि माग गरिएको बजेटको आधा मात्र विनियोजन गरिएको थियो, जसले जलवायुजन्य विपत्तिहरूको रोकथाम र समाधानमा राज्यको उदासीनतालाई देखाउँछ। त्यस्तै जल तथा मौसम नीति र ऊर्जा नीति जस्ता संवेदनशील विषय बर्सौंदेखि अनिर्णयको बन्दी हुनु दुर्भाग्यपूर्ण कुरा हो।

### निष्कर्ष

जलवायु, मौसम र पानीसँग सम्बन्धित घटनाले अफ्रिका, दक्षिण एसिया, दक्षिण र मध्य अमेरिका र साना द्वीप राष्ट्रमा १५ गुणाभन्दा बढी घातक जोखिम निम्त्याएका छन्। विगत ५० वर्षमा जलवायुसम्बन्धी विपत्बाट भएका ७० प्रतिशत मृत्यु ४६ वटा गरिब मुलुकमा भएका छन्। जलवायु परिवर्तनको असरले नेपाल जस्ता हिमाली मुलुकको भविष्यमा ठुलो चुनौती निम्त्याइरहेको छ। जलवायु परिवर्तनका कारण नेपालका हिमनदी पग्लिँदै छन्, हिमतालका सतह बढ्दै छन् र जलविद्युत् आयोजना तथा अन्य पूर्वाधार जोखिममा परिरहेका छन्। यसको समाधानका लागि नेपालले केवल ठुला जलविद्युत् आयोजना निर्माणमा मात्र नभई, दिगो र पर्यावरणमैत्री परियोजनाको विकासमा पनि ध्यान दिनु पर्छ। यसका साथै पूर्वसूचना प्रणालीको विकास, जलवायु परिवर्तनसम्बन्धी अनुसन्धान र अन्तर्राष्ट्रिय सहकार्यमा पनि जोड दिनु पर्छ। यसै गरी पेरिस सम्झौताका लक्ष्य पूरा गर्नका लागि विश्वव्यापी प्रयासलाई नेपालले पनि साथ दिनु पर्छ।

जलवायु परिवर्तन र यसका असरलाई न्यूनीकरण गर्न नेपालको भूमिका महत्त्वपूर्ण छ। यसका लागि राष्ट्रिय नीति तथा योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न जरुरी छ। नेपालजस्ता हिमाली राज्यले भोगेका जलवायु परिवर्तनका असरका लागि ठुला छिमेकीसँग क्षतिपूर्ति माग्न ढिला गर्नु हुँदैन।

# डिजिटल मुद्राको तयारी



रुद्रप्रसाद अधिकारी

डिजिटल मुद्राका सम्बन्धमा केही वर्षयता अध्ययन, अनुसन्धान र विकास कार्य गरिरहेको नेपाल राष्ट्र बैङ्कले गत महिना बैङ्कद्वारा निकट भविष्यमा जारी गर्न लागिएको सिबिडिसी अर्थात् केन्द्रीय बैङ्क डिजिटल मुद्राको प्रोटोटाइप (नमुना) सार्वजनिक गऱ्यो। उक्त प्रोटोटाइप परिमार्जन गर्दै सिबिडिसीलाई सीमित विशेषतासहितको प्रारम्भिक संस्करणका रूपमा विकास गरिने बैङ्कले जनाएको छ। हाल सिबिडिसी बेस प्रोटोटाइप भर्सन ०.१ विकास भइसकेको र छिट्टै नै बैङ्क तथा वित्तीय संस्थामार्फत उपलब्ध गराउने मोडेलमा सिबिडिसी जारी गर्ने तयारी भइरहेको राष्ट्र बैङ्कले जानकारी दिएको छ।

### के हो त डिजिटल मुद्रा ?

विश्वका प्रायः केन्द्रीय बैङ्कलाई बैङ्क नोट तथा सिक्का निष्कासन गर्ने र आपूर्ति गर्ने अधिकार दिइएको हुन्छ। बैङ्क नोट तथा सिक्कालाई भौतिक मुद्रा भनिन्छ। त्यस किसिमको भौतिक मुद्राको विकल्पमा प्रयोग हुने गरी केन्द्रीय बैङ्कमार्फत विद्युतीय रूपमा जारी हुने मुद्रालाई नै डिजिटल मुद्रा भनिन्छ।

डिजिटल मुद्रा क्रिप्टोकरेन्सी जस्तै ब्लकचेन प्रविधिमा आधारित हुन्छ। यद्यपि यो क्रिप्टोकरेन्सीभन्दा नितान्त फरक छ। यसले कानुनी ग्राह्यता पाएको हुन्छ जबकि क्रिप्टोकरेन्सीलाई नेपाललगायत अन्य विभिन्न मुलुकमा गैरकानुनी मानिन्छ। केन्द्रीय बैङ्कको पूर्ण नियन्त्रणमा रहने हुँदा यसको मूल्य स्थिर हुन्छ, जुन क्रिप्टोकरेन्सीमा हुँदैन। त्यसै गरी डिजिटल मुद्राको कारोबार केन्द्रीकृत हुन्छ भने क्रिप्टोकरेन्सीको कारोबार विकेन्द्रीकृत हुन्छ।

केन्द्रीय बैङ्क डिजिटल मुद्रा (सिबिडिसी) मुख्यतः दुई किसिमको हुन्छ, होलसेल (थोक) सिबिडिसी र रिटेल (खुद्रा) सिबिडिसी। थोक सिबिडिसी विशेष गरी केन्द्रीय बैङ्क र इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थाबिच कारोबार गर्न प्रयोग गरिन्छ। केन्द्रीय बैङ्कमा रिजर्भ निक्षेप भएका बैङ्क तथा वित्तीय संस्थाबिच हुने अन्तरबैङ्क भुक्तानी र हिसाब मिलानका लागि यसको प्रयोग गरिनुका साथै धितोपत्र कारोबार, तरलता व्यवस्थापन, विदेशी विनिमय कारोबार र अन्तरदेशीय भुक्तानी सहज बनाउन यसको मुख्य भूमिका रहन्छ। यद्यपि अन्तरदेशीय भुक्तानीका लागि छुट्टै 'क्रस बोर्डर सिबिडिसी' को प्रयोग गर्न सकिने विभिन्न अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ।

त्यसै गरी सर्वसाधारणका लागि जारी गरिने सिबिडिसीलाई खुद्रा सिबिडिसी भनिन्छ। यो बैङ्क तथा वित्तीय संस्थामा मात्रै सीमित हुँदैन। यसमा आमसर्वसाधारण, गैरवित्तीय संस्था र व्यापारिक संस्थाको पहुँच हुन्छ। दैनिक कारोबार सञ्चालन गर्न, वस्तु तथा सेवाको भुक्तानी गर्न र अन्य आवश्यक लेनदेनको आवश्यकता परिपूर्ति गर्न यसको प्रयोग हुन्छ। विभिन्न किसिमका भुक्तानीलाई सरलीकृत एवं सुरक्षित ढङ्गले सञ्चालन गर्दै भौतिक मुद्राको कारोबारलाई प्रतिस्थापन गरी 'क्यासलेस सोसाइटी' अर्थात् नगदरहित समाज निर्माण गर्नमा सिबिडिसीको महत्त्वपूर्ण भूमिका रहन्छ।

### नेपालको तयारी

विश्वका विभिन्न मुलुकसँगै नेपालका छिमेकी मुलुक भारत र चीनले समेत डिजिटल मुद्रालाई प्रचलनमा ल्याउन प्रयास गरिसकेको सन्दर्भमा डिजिटल मुद्राको विकास र कार्यान्वयनका सम्बन्धमा नेपाललाई पनि एक किसिमको दबाब पर्नु स्वाभाविक हो। फलस्वरूप नेपाल राष्ट्र बैङ्कले यसबिचमा विभिन्न प्रयास गरिरहेको देख्न सकिन्छ। यसै सन्दर्भमा पहिलो पटक आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा सिबिडिसीको सम्भाव्यता अध्ययन गरिने उल्लेख गरिएको थियो। त्यसपछिका मौद्रिक नीतिमा पनि यसलाई निरन्तरता दिँदै सिबिडिसीको विकासलाई चरणबद्ध रूपमा अगाडि बढाइएको छ। यससम्बन्धी कार्य गर्न बैङ्कमा भुक्तानी प्रणाली विभाग अन्तर्गत छुट्टै एकाइ स्थापना गरिएको छ। सन् २०२६ सम्ममा सिबिडिसीको विकास गरी पहिलो संस्करणको परीक्षण गर्ने लक्ष्य लिएको नेपाल राष्ट्र बैङ्कले हालै मात्र सिबिडिसीको प्रोटोटाइप सार्वजनिक गर्दै सरोकारवालासँग छलफल सम्पन्न गरेको छ। सुरुवाती चरणमा बैङ्क तथा वित्तीय संस्थाबीचको कारोबारमा प्रयोग हुने 'होलसेल सीबीडीसी' बाट डिजिटल मुद्राको कार्यान्वयन थाल्ने लक्ष्य लिएको नेपाल राष्ट्र बैङ्कले विज्ञहरूमार्फत अध्ययन, अनुसन्धान र विकास कार्य अगाडि बढाइरहेको छ।

यसरी राष्ट्र बैङ्कद्वारा निकट भविष्यमा केन्द्रीय बैङ्क डिजिटल मुद्रा (सिबिडिसी) जारी गर्ने तयारी हुँदै गर्दा सोको सफल परीक्षण एवं कार्यान्वयनका निमित्त निम्न विषयमा ध्यान दिनुपर्ने देखिन्छ।

### नीतिगत एवं कानुनी व्यवस्था

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ ले बैङ्क नोट र सिक्कालाई मात्रै कानुनी मान्यता दिएकाले नेपालमा डिजिटल मुद्रा लागु गर्न सर्वप्रथम त नेपाल राष्ट्र बैङ्क ऐन २०५८ लाई संशोधन गरी डिजिटल मुद्रालाई पनि कानुनी मान्यता दिइनु पर्छ। त्यसै गरी बैङ्किङ तथा वित्तीय कारोबार गर्ने र भुक्तानीसम्बन्धी सेवा प्रवाह गर्ने संस्थालाई समेत डिजिटल मुद्राको कारोबारको वैधानिकता प्रदान गर्न बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, भुक्तानी तथा फर्स्योट ऐन २०७५, सुरक्षित कारोबार ऐन २०६३ लगायत अन्य विभिन्न बैङ्किङ कानुन आवश्यकता अनुरूप संशोधन गर्नुपर्ने हुन्छ। साथै डिजिटल मुद्रा जारी भएपछि डिजिटल वालेटको भूमिका के कस्तो हुने, ई कमर्स प्लेटफर्मको भूमिका के कस्तो हुने आदिबारेमा पनि स्पष्ट नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ।

### शिक्षा तथा जनचेतना

नेपालमा हाल सामान्य साक्षरता दर ७६.३ प्रतिशत छ भने वित्तीय साक्षरता दर ५७.९ प्रतिशत र डिजिटल साक्षरता दर झन्डै ३१ प्रतिशतको हाराहारीमा रहेको अनुमान गरिन्छ। यस्तो अवस्थामा डिजिटल मुद्रा कार्यान्वयनमा ल्याउनु निकै चुनौतीपूर्ण मानिन्छ। डिजिटल मुद्राको व्यापकता र यसको सुरक्षित कारोबार सुनिश्चित गर्न विद्यालयदेखि विश्वविद्यालयस्तरका पाठ्यक्रममा नै यससम्बन्धी विषयवस्तु समावेश गरिनु पर्छ साथै औपचारिक शिक्षाको पहुँचबाहिर रहेका जनताका लागि समुदायस्तरमा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनु पर्छ। आमसर्वसाधारणलाई डिजिटल मुद्रा के हो, यसले कसरी कार्य गर्छ, यसका फाइदा र सम्भावित जोखिम आदि विषयमा मुद्रा जारी हुनुअगावै पूर्ण रूपमा जानकारी प्रदान गरिनु पर्छ।

### पूर्वाधार विकास तथा सुरक्षा सुनिश्चितता

नेपालमा डिजिटल मुद्राको कार्यान्वयनका लागि आवश्यक डिजिटल पूर्वाधारको अवस्था त्यति सन्तोषजनक छैन। सुस्त गतिको इन्टरनेट, सेवाप्रदायकबाट इमिडियट रेस्पोन्स (तत्काल सम्बोधन) को अभाव, कारोबार समयमै सम्पन्न हुन नसक्ने, कतिपय कारोबारको सेटलमेन्ट (हिसाब मिलान) लामो समयसम्म पनि नहुने आदि समस्याले गर्दा अहिले पनि सर्वसाधारणले डिजिटल बैङ्किङका कारोबारमा हैरानी बेहोर्नु परिरहेको छ। यस्तो अवस्थामा एकातर्फ छिटोछरितो सेवा दिनुपर्ने बाध्यता छ भने अर्कातर्फ कारोबारलाई सुरक्षित बनाउनुपर्ने हुन्छ। सर्वसाधारणले डिजिटल मुद्रालाई विश्वसनीय रूपमा प्रयोग गर्न सक्ने वातावरण निर्माण गर्न यसको सुरक्षाका पक्षलाई विशेष ध्यान दिइनु पर्छ। साइबर सुरक्षाका चुनौतीको सामना गर्न आवश्यक पूर्वाधारको विकास, जनशक्तिको उपलब्धता र सरोकारवालाको सचेतना एवं सतर्कतामा विशेष जोड दिइनु पर्छ।

### अन्तरनिकाय समन्वय एवं सहकार्य

नेपालमा डिजिटल मुद्राको सफल कार्यान्वयनका लागि मुलुकको आर्थिक क्षेत्रको नीतिनिर्माता एवं बैङ्किङ क्षेत्रको नियामकीय निकायका रूपमा रहेको नेपाल राष्ट्र बैङ्क, इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्था, सरकारी तथा गैरसरकारी निकाय, औद्योगिक तथा व्यापारिक प्रतिष्ठान, वाणिज्य सङ्घलगायतका संस्थाबिच आपसी सम्पर्क, समन्वय र सहयोग आदानप्रदान हुनु पर्छ। डिजिटल कारोबारको आवश्यक पूर्वाधारको विकास र गुणस्तरमा सुधार ल्याउन नेपाल टेलिकमलगायतका टेलिकम तथा इन्टरनेट सेवाप्रदायक, कारोबारको सुरक्षा चुनौतीको सामना गर्न नेपाल प्रहरीलगायतका सुरक्षा निकाय, साइबर सुरक्षाविज्ञको समूह आदिका बिचमा पनि प्रभावकारी समन्वय हुनु आवश्यक छ। यसका साथै अन्तर्राष्ट्रियस्तरमा भइरहेका असल अभ्यास अनुसरण गर्न र सिकाइ आदानप्रदान गर्न सरोकारवाला अन्तर्राष्ट्रिय निकायसँग समन्वय गर्नु लाभदायक हुन्छ।

### डिजिटल मुद्राका फाइदा

डिजिटल मुद्राको कार्यान्वयनमार्फत विभिन्न फाइदा लिन सकिन्छ। यसको कार्यान्वयनले एकातर्फ बैङ्क नोट छपाइ तथा सिक्का निष्कासनमा लाग्ने ठुलो धनराशि जोगाउँछ भने अर्कातर्फ झुत्रा नोट व्यवस्थापनमा हुने खर्चमा कटौतीमा मद्दत पुऱ्याउँछ। यसले कारोबारमा पारदर्शिता ल्याई गैरकानुनी आर्थिक कारोबारलाई न्यूनीकरण गर्छ। भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गर्न भूमिका खेल्छ।

डिजिटल मुद्राको प्रयोगले वित्तीय पहुँच र समावेशीकरण वृद्धि गर्नुका साथै अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्न भूमिका खेल्छ जसले गर्दा कर प्रणालीमा समेत सुधार ल्याउन सकिन्छ। यसले भुक्तानी प्रणालीलाई आधुनिक र विश्वासनीय बनाई अन्तर्राष्ट्रिय भुक्तानीलाई सरल, छिटोछरितो एवं प्रभावकारी बनाउन मद्दत गर्छ।

आर्थिक मन्दी, विपत् एवं विभिन्न किसिमका अप्ठ्यारा परिस्थितिमा समेत अत्यन्तै उपयोगी साबित डिजिटल मुद्राले मौद्रिक नीतिको प्रसारणमा सहयोग पुऱ्याउनुका साथै आधुनिक बैङ्किङ प्रणालीको विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

समग्रमा बदलिँदो विश्व परिवेशलाई ध्यानमा राखी नेपालमा पनि डिजिटल मुद्रालाई विश्वसनीय, भरपर्दो र सुरक्षित मौद्रिक औजारका रूपमा विकसित गरी विभिन्न खाले चुनौतीको सामना गर्न सक्षम तुल्याई यसको प्रयोगमार्फत डिजिटल अर्थतन्त्रको विकास गरी वित्तीय पहुँच र वित्तीय समावेशीकरण अभिवृद्धिसँगै मुलुकको अर्थतन्त्रलाई सबल एवं आत्मनिर्भर बनाउनेतर्फ भूमिका खेल्नु नै सम्पूर्ण सरोकारवालाको दायित्व हुन आउँछ।

## पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

### सहकारीबारे छानबिन गर्न गठित संसदीय समितिको ध्यानाकर्षण

सहकारीबारे छानबिन गर्न गठित संसदीय समितिको म्याद एक साता मात्र बाँकी छ। संसद्ले दिएको जिम्मेवारी तोकिएको समयमा पूरा गर्ने उद्घोष समितिका संयोजक सूर्य थापाले यसअघि नै गर्नुभएको छ। बाहिर प्रचार गरिएको छ, छानबिन समिति रवि लामिछानेको वरिपरि मात्र घुमिरहेको छ। धेरै सहकारीमा उहाँको संलग्नताले शङ्काको घेरामा रहनु स्वाभाविक हो। छानबिन समितिले सहकारीका बचतकर्तालाई रकम फिर्ता गराउने बाटो मात्रै होइन, सहकारीका निर्दोष सञ्चालकलाई पनि न्याय दिनु पर्छ।

धेरै जसो सहकारी सञ्चालक फरार छन्। सहकारीको रकम हिनामिना गर्ने अध्यक्ष, कार्यकारी भूमिका निर्वाह गर्ने व्यक्ति र सञ्चालक फरार भएपछि सहकारीमा संलग्नताको हिसाबले अन्यलाई मुद्दा चलाएर थुनामा राखिएको छ। दोषी उम्कने र अपचलन नगर्नेहरू, जो आफ्नै पैसा सहकारीले हिनामिना गरिदिएको छ, त्यस्ता व्यक्तिले कैदीको जीवन बिताउनु परेको छ। अदालतले उजुरीका आधारमा दोषी र निर्दोषीलाई एउटी कोटीमा राखेर पुर्पक्षका लागि भनेर थुनामा राखेको छ। संसदीय समितिले हिनामिना गर्ने र नगर्ने व्यक्तिलाई एउटै कोटीमा राखेर छानबिन गर्दा निर्दोषलाई अन्याय हुने छ। अपचलनमा संलग्न नभएका निर्दोष कैदी संसदीय छानबिन समितिबाट आफूहरूको सम्बोधन हुनेमा ढुक्क छन्। जनप्रतिनिधिमूलक संस्था संसद्ले गठन गरेको संसदीय छानबिन समितिले बुझाउने प्रतिवेदनले बचतकर्ता र निर्दोष भएर पनि कैदी जीवन बिताउनेको नाममा सम्बोधन गरोस्।

**–पार्वती जिसी**, त्रिवि कीर्तिपुर

### फोहोर व्यवस्थापनको 'धनकुटा मोडल'

गोरखापत्रमा बिहीबार मुखपृष्ठमा 'मिसाए फोहोर, छुट्याए मोहोर' शीर्षकमा प्रकाशित धनकुटा नगरपालिकाको फोहोर व्यवस्थापनसम्बन्धी समाचार र शुक्रबार प्रकाशित 'फोहोर व्यवस्थापनमा अब्बल' शीर्षकको सम्पादकीय पढेपछि केही टिप्पणी गर्न मन लाग्यो।

विगत एक दशकदेखि धनकुटा नगरपालिका फोहोर व्यवस्थापनमा सधैँ अग्रणी स्थानीय तह बन्दै आएको छ। काठमाडौँको फोहोर व्यवस्थापन सङ्घीय सरकार र काठमाडौँ महानगरपालिकालाई ठुलो टाउको दुखाइ भइरहेको अवस्थामा धनकुटाले भने सहज ढङ्गले फोहोर व्यवस्थापन गर्दै आएको हामीले पाएका छौँ। धनकुटा नगरपालिकाले बजारदेखि लगभग एक किलोमिटर आसपासभित्रमा नै फोहोरको वर्गीकरण र व्यवस्थापन गरी आम्दानी गरेको, फोहोर फाल्ने ल्यान्डफिल साइट क्षेत्रमा विभिन्न ४५ जातका फूल रोपेर फूलबारी बनाई आन्तरिक पर्यटन प्रवर्धन गरेको थाहा पाउँदा आमनेपालीलाई गर्वको विषय बनेको छ। हाम्रा सबै स्थानीय सरकारले धनकुटा नगरपालिकाबाट यो कार्यमा केही सिक्नु जरुरी छ।

ल्यान्डफिल साइटको अवधारणा ल्याउने धनकुटा नगरपालिका वातावरणीय विभागका प्रमुख उपेन्द्र खनालले आफ्नो नेतृत्वमा गरिरहेको ल्यान्डफिल साइट व्यवस्थापन कार्यमा जापान, चीन र दक्षिण कोरियाको भ्रमण गरी लिएको अनुभवलाई समेत समावेश गर्नुभएको छ। ती देशको भ्रमणबाट 'गरे सम्भव छ' भन्ने सिकाइ र आत्मविश्वास लिएर नै प्रमुख खनालले विभागको नेतृत्व गरेर फोहोर व्यवस्थापनको क्षेत्रमा निरन्तर सफलता पाइरहेको देखिन्छ। धनकुटा नगरपालिकाको फोहोर सङ्कलन र व्यवस्थापनमा कम्तीमा ४५ वर्षसम्म सोही स्थानले धान्न सक्ने गरी फोहोर व्यवस्थापनको कार्य भएकोलाई एउटा अनुकरणीय दीर्घकालीन योजना कार्यान्वयन भइरहेको देखिन्छ, जुन विकासको दृष्टिकोणले सकारात्मक हो।

फोहोरलाई मलमा परिणत गरी फूलबारी बनाउनु, जङ्गल क्षेत्रको करिब ३० रोपनी क्षेत्रफल सदुपयोग गर्दै फोहोर व्यवस्थापन गर्नु, धनकुटा घुम्न पुग्ने जोकोही आन्तरिक पर्यटकले फोहोरमाथिको फूलबारीको अवलोकन र फोटो सेसन गरेर यसको प्रचारप्रसार गरिनु सकारात्मक हो। करिब दुई दर्जन कर्मचारीको सामूहिक प्रयासमा फोहोर वर्गीकरण गरी वार्षिक रूपमा ४० लाख बराबरको आम्दानीको स्रोत बनाउनु, करिब डेढ दर्जन व्यक्तिलाई रोजगारीको अवसर उपलब्ध हुनु, विभिन्न क्लब, समूह, कार्यालय प्रमुखकै बैठक फूलबारीमा सञ्चालन हुनु आदि सकारात्मक पक्ष हुन्। काठमाडौँ महानगरपालिकाभित्रको फोहोर व्यवस्थापन जटिल रहेको, अन्य महानगरपालिकाले पनि यति व्यवस्थित रूपमा फोहोर व्यवस्थापन गर्न नसकेको अवस्थामा धनकुटा नगरपालिकाले दशकौँदेखि गरेको यो फोहोर व्यवस्थापन मोडेललाई अन्य स्थानीय सरकारले पनि अनुसरण गर्न सक्छन्।

मानव स्वास्थ्यका लागि प्रतिकूल असर पार्ने ग्यास उत्सर्जन नहुने गरी स्वच्छ, सफा र हरित सहर निर्माणको लक्ष्य लिएर फोहोर व्यवस्थापन भइरहेकाले स्थानीय बासिन्दाबाट समेत बजारको त्यति नजिकै पनि फोहोरको व्यवस्थापनमा कुनै पनि अवरोध नगर्नु अर्को सुखद पक्ष हो। यसले जनताको मन जितेर पनि सहरीकरणको व्यवस्थापन गर्न सकिन्छ भन्ने राम्रो उदाहरण प्रस्तुत गरेको पाइन्छ।

विगत एक दशकदेखि सफा सहरका रूपमा पटक पटक पुरस्कृत हुनुको प्रमुख कारण पनि फोहोर व्यवस्थापन नै भएको देख्दा जोकोही स्थानीय सरकारलाई पनि धनकुटा नगरपालिकाको फोहोर व्यवस्थापन मोडेल अनुकरण गर्न हिचकिचाउनु पर्दैन। सङ्घीय सरकारमा रहेका आधा दर्जन मन्त्रीले त विभिन्न समयमा धनकुटा नगरपालिकाको यो फोहोर व्यवस्थापन कार्यलाई स्थलगत अवलोकन गरिसकेका छन्। राम्रो कुरा जसले जहाँ गरे पनि, जसरी गरेको छ, त्यसको अनुकरण गरी फाइदा लिन सकिन्छ। यस्तो रचनात्मक कार्य अहिले नगरे कहिले गर्ने ? हामीले नगरे कसले गर्ने ?

**–नोदनाथ त्रिताल**
पनौती नगरपालिका–२, कुशादेवी, काभ्रे

नयाँ नेपाल
गोरखापत्र
gorkhapatraonline.com
समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित
राजवंशी भाषा पृष्ठ

# लोप हवार अवस्थात दधिकाद खेल

नेपालेर पुव तराइ जिल्ला झापा, मोरंग आर सुनसरित बसोबास कर्वार आदिबासि समुदाय राजबंसि, गनगाई, ताजपुरिया लगयातकार जातिला परा पुर्व कालसे मानाइते आसाल धार्मिक एवम सांस्कृतिक पावनिलार मइधे एक हए दधिकाद।

भगवान श्रि कृष्णर जनम हुवाल दिन, जनम उतस्वएर एकदिन बाद नवमि तिथिर दिना हितिनाकार आदिवासिला काद खेलाएने इरा खेल दधिकाद खेलावार चलन पहिलेसे रहे आसाल छे।

कृष्ण जनम अस्टमिर एकदिन बाद मानावार दधिकाद खेल खेलाइले आपनार मनेर भावना भाकाल चाहानाला पुरा हवार धार्मिक बिस्वास हितिनाकार आदिवासिलार रहाल छे।

भगवान कृष्णरा दहि चुराएने खावार आर दहिर काद खेलावार काथार स्मरन करिते उदिना काद माटित दहि चढाए घला बेनाएने इरा खेल खेल्वार कराजाछे। राजबंसि जातिला इरा दिन कृष्ण अस्टमित कृष्ण मन्दिरत रातभर तक भजन किर्तन करिएने जागाराम बस्वार समेत करेचे, तहारबाद कालिकरे दधिकाद पावनिर अवसरत भिन्ना भिन्नि किसिमेर कार्यक्रम आर खेलेर आयोजना करिएने हाउस रगें मानावार समेत करेचे।

दधिकादत खेलाजावार भेलेला किसिमेर खेलेर मइधे तेल लागाल पिछला बाँसेर उप्रत चढिएने उप्रत रहाल पर्साद आर पुरस्कार लिवार, कादत सानाल नरिवल जित्वार, हाडिं फुटावार लाखाति खेलला बिसेस करे दधिकाद खेलत पर्वार करेचे। इला खेलला प्रतियोगितार रुपत समेत खेल आयोजक परिवार निते समितिसे आयोजना कराजाछे जाहात विभिन्न खेल खेलावारला सहभागि हएने एक दस्रा झनक काद लागाए दिवार आर हाउस रंग करे खेल खेलावार करेचे।

पहिले पहिले कार बच्छरलात झापा मोरंग आर सुनसरिलात भेलेला ठाइलात इरा खेल कार्यक्रमएर आयोजना हइलेअ आल्हा इरा खेलेर आयोजना हुवाल अतेक माने निदेखाजाछे। खासकरे दधिकाद कहिले दहि आर कादर घला कहे बुझाजाछे माने आल्हा कुन कुन ठाइत कनेक मात्र दहि मिस्लाएने बेसिकरे काद पानि मिस्लाए घला बेनावार कराजाछे आर उरा घला एक दस्राक लागाएदिएने इरा खेल पावनि खेलावार करेचे।

दहि आर माटिर घलात एकटा नरिवल समेत राखाजाछे ताहरबाद दुइटा समुह बेनाएने इरा खेलेर आयोजना कराजाछे। इरा खेलक नरिवल खेल समेत कहवार करेचे। नरिवल खेलत एकटा समुह कृष्ण मन्दिरत नरिवल चढावार ताने जावार आर दस्रा समुह अम्हाक रक्वार करेचे। नरिवल चढावार इरा सामुहिक प्रतिस्पधार खेलत जित्वार समुहराक बिजेता घोसना कराजाछे।



अनंगेकरे दधिकाद खेलते खेलाजावार दस्रा किसिमेर खेल बाँस चढ्वार खेल प्रतियोगिता हए जाहात तेल दिए लेपाल बासएर उप्रेर कनत पुरस्कार आर पर्सादला बाधिएने राखाल जाछे। बाँसेर उप्रेर कनत राखाल उरा पुरस्कार पावार ताने सहभागिला बाँसत चढ्वार करेचे। केवा समयकार संघर्सबाद जाए बाँसत चढिएने उप्रेर कनत रहाल पुरस्कार प्राप्त कर्वार सफल हचे वहाके इरा खेलेर बिजेता घोसना कराजाछे। इरा खेल देखवार खुब रोचक हचे आर दर्सकलार भिड लाग्वार करेचे।

दधिकाद खेल पावनिराक राजबंसि जातिला आपनार पहिचान बकाल मौलिक पावनिलार रुपत लिवार करेचे। राजबंसि जातिर लोकजनला साल साले कृष्ण जन्मास्टमिर एक दिन बाद नवमिर दिना धुमधाम करिए इरा पावनि मानावार करेचे कहे तेलिबारिर सागर राजबंसिर कहिचे।

आर्ह बाच्छरलारे लाखा इसाल समेत तेलिबारित इरा खेल कार्यक्रमेर आयोजना समेत करागिस्ले कहे समेत अम्हा बाताइस्ले। भगवान श्रि कृष्णर जनम हुवाल खुसियालित हाउसे रंगे इरा दिन हितिनाकार राजबंसि लगायत आदिवासि समुदायला एक दस्राक काद लागाएदिएने खुसियालि साटासाट करिएने मानावार खेल दधिकाद एकदमे उत्साहित आर रौनक हवार करेचे।

इरा खेल नेपालेर पुव जिल्लालात बसोबास कर्वार आदिवासिला धुमधाम करे मानावार हइलेअ आल्हा इरा खेल पावनि हाराइते जावार अवस्थात पुगिचे कहे हितिनाकार आगुवाला चिन्ता व्यक्त करिचे। केवा बच्छर आगुत तक इरा खेलेर आयोजना कर्वार आर साथे इरा खेलत सहभागि हवार आर

दधिकादत खेलाजावार भेलेला किसिमेर खेलेर मइधे तेल लागाल पिछला बाँसेर उप्रत चढिएने उप्रत रहाल पर्साद आर पुरस्कार लिवार, कादत सानाल नरिवल जित्वार, हाडिं फुटावार लाखाति खेलला बिसेस करे दधिकाद खेलत पर्वार करेचे।

देख्वार दर्सकलार खुबे भिड हवार करिस्ले माने आल्हा इरा खेल दधिकादर रौनक देखाजावा बन्द हइचे कहे समेत हितिनाकार आगुवालार कहना छे। झापार मेचिनगर नगरपालिकार केवा झन सक्रिय युवालार पहलत आल्हातक जेनंग सेनंग करे इरा पावनि आर खेलक हितिना निरन्तरता दिते आसिचे कहे हतिनकार स्थानिय अग्रज हिरामोहन राजबंसि बाताइचे। स्थानिय युवा सिवलाल राजबंसि आर्ह समुदायर बाहुल्य आर नाया पिढिला आधुनिकरनत रमावार धर्वार कारनत इरा पावनिक अतेक महत्व निदिवारे कारनत इरा सांस्कृतिक खेल लोप हवा धरिचे कहे आपनार चिन्ता समेत व्यक्त करिचे।

पहिले पहिले झापार मेचिनगर नगरपालिका भित्रत रहाल विभिन्न दुइ कुरि से बेसि ठाइलात इरा खेलेर आयोजना कर्वार पर इसाल हितिना इटाभट्टा आर तेलिबारि करिए जाम्मा दुइ ठाइत मात्र खेल कार्यक्रमेर आयोजना करागिस्ले। अनंगेकरे झापार विभिन्न नगरपालिका आर गाउँपालिकालात समेत इरा खेल कार्यक्रम एसाल कमे मात्र आयोजना हइचे।

राजबंसि समुदायर भेलेला युवाला बिदेस जावार कारनत समेत इरा पावनिर उल्लास हाराइते गिछे कहे धाइजन बस्वार हरेकृष्ण राजबंसि बाताइचे। अम्हा कहचे, 'गरिबिर कारनत इरा पावनि हाराइते जावार अवस्थात पुगाल समेत एकटा कारन हवा सकेचे'।

मौलिक संस्कृति झल्कावार इरा दधिकाद खेल एर संरक्छनत आप्ना आप्नि ठाइलात स्थानिय स्तरसे पहल कर्वा लागे साथे यहार प्रचार प्रसार करिएने हयार महत्व बाढावार ताने समेत विसेस पहल कर्वार आवस्यक रहाल छे।

राजबंसि समाज विकास समिति संगे आर्ह संघ सस्थाला समेत इरा पावनिर संरक्छनेर ताने विसेस पहल कर्वार बिसयत साथे याहार प्रचार प्रसारत ध्यान दिवार आवस्यक रहाल छे।

## राजबंसि म्युजिक भिडियो 'तोर संगे माया'

राजबंसि म्युजिक भिडियो 'तोर संगे माया' इरा भादर महिनात युट्युबेर माध्यमसे रिलिज हइचे। आर. आर. म्युजिक प्रोडक्सन युट्युब च्यानलसे जावार भादर महिनार ८ गते सइन्चर बारेर दिना इरा राजबंसि म्युजिक भिडियो रिलिज करागिस्ले। म्युजिक भिडियोत मुख्य कलाकारेर रुपत दिनेस राजबंसि आर सुस्मिता पान्डे रहाल छे। म्युजिक भिडियो आर्कसक बेनावार ताने झापा आर मोरंगएर भेलेला ठाइलात सुटिंग करागिछे। सुनसरि, मुलघाट, धनकुटा, भेडेटार, तरहरा लगायत भपार भेलेला रमनिय ठाइलात जाएने इरा म्युजिक भिडियोर छायकंन करागिछे कहे म्युजिक भिडियोर मुख्य अभिनेता दिनेस राजबंसिरा जानकारि कराइचे।

इरा गितत राजबंसि भासात भेलेला गित गिदाए फिलावार साथे राष्ट्रिय गायकएर रुपत आपनार परिचय बेनावार सफल गायक बलबहादुर राजबंसिरा आपनार स्वर दिचे ते अनंगेकरे गितत चेग्रिर स्वर गायिका अनु चौधरि प्रदान करिचे। गितत संगित भर्वार काम समेत गायक बलबहादुर राजबंसि आप्ने करिचे।

गायक बलबहादुर राजबंसि आर अनु चौधरिर सुमधुर आर मिठ स्वरेर कारनत गित सभाके पसिन पर्वे कहेने समेत कलाकार दिनेस राजबंसिर बिस्वास छे। म्युजिक भिडियोत सागर साह, कार्तिक राजबंसि, अनिल राजबंसि, सत्यनारायन राजबंसि, रमेस राजबंसि, सुनकुमार राजबंसि, असोक राजबंसि, मिथुन राजबंसि

लगायतला समेत आपनार अभिनय प्रस्तुत करिचे। कार्तिक राजबंसि इरा म्युजिक भिडियोर निर्देसन करिचे। झापा, मोरंग आर सुनसरि जिल्लालात बसोबास कर्वार राजबंसि भासात भेलेला म्युजिक भिडियो आल्हा युट्युबत रहाल छे।

राजबंसि भासात रहाल भेलेला म्युजिक भिडियोलाक आल्हा सफलता मिलिचे एहिरा क्रमत इरा म्युजिक भिडियोराक समेत दर्सकला माया करिदिवार कहेने गायक बलबहादुर राजबंसिरा दर्सकलार संगे नेहरा करिचे।

एक हाप्ता अगुते मात्र रिलिज हुवाल इरा म्युजिक भिडियो आल्हा एक हाप्ता निहइते चार हाजारसे बेसि बार देखागिछे।

## ठगि कार्वार लोकेर उप्रत कार्वाहिर माग


**बिर्तामोड ।** राजबंसिक ठगि कर्वारलार उप्रत राजबंसि समाज विकास समितिरा कार्वाहिर ताने माग करिचे। राजबंसि समाज विकास समिति नगर कार्यसमिति बिर्तामोडरा भादर २ गते एकटा प्रेस विग्यप्ति जारि करिएने पँचास लाख टाका सेयर लागानि कर्वार ताने सहमति कराल तिलकचन राजबंसिर एक कठ्ठा बाह्र धुर जाग्गा एनआइसि एसिया बैंकएर सुरंगा साखात राखिएने २ करोड २४ लाख टाका झुक्तानि निक्लावार व्यक्तिलार उपरत ठगि कराल ठहर करिते तिलकचन राजबंसिराक झुक्याएने ठगि कर्वार जाए काहभि इरा कामत संलग्न छे, सेयर सदस्य, बैंक कर्मचारि जाए जाए छे, सभाके कानुनि कठघरात आनिएने कार्वाहि कर्वार ताने प्रहरि प्रसासनएर संगे माग करिचे।

बिर्तामोड नगर समितिर अध्यक्छ सिरतलाल राजबंसि आर सचिव बालकृष्ण राजबंसिरा जारि कराल उरा विग्यप्तित सिधा साधा राजबंसिलाक बाठ चतुरला आह्र जालझेलत करिएने फासावार काम करेचे कहे आरोप समेत लागाइचे। बिग्यप्तित कहाल छे, 'राजबंसिला एनंगेकरे निसके। जालझेल, अन्याय, आत्याचारत पराल जुग हए फिलाइचे, आह्र भि फासवार काम जारि छे'। चतुर जातिला दुर्वल आर सिधा साधा जातिलाक सधाए सोसन आर दमन करिए रहवा पावा लागे कहवार लाखाति कुनियत स्थापित हइले सामाजिक विचलन आर विखन्डन आस्वा सक्वार हवार कारनत तिलकचन राजबंसिर घटनात गम्भिर हइते बैंकत रहाल जाग्गा फिर्ता कराएने दोसिर उप्रत कानुनएर बमोजिम कार्वाहिर ताने पहल करिएदिवार कहिते राजबंसि समाज विकास समितिरा सभाए न्यायप्रेमि जनसमुदायलाक आव्हान समेत करिचे।

बिर्तामोड २ चारपानेर युनिस भेटवाल आर बिर्तामोडएर लव मैनालिर संयुक्त रुपत तिन बच्छर आगुत चरपानेर ओम शिवम् ट्रेडर्स नामेर हार्डवेयर होलसेल दकान संचालनत आसिस्ले। मैनालिरा व्यवसाय छड्वार बाद तिलकचन राजबंसि आर बिर्तामोडएर धर्मप्रसाद संग्रौलारा उरा व्यवसायत जडिस्ले।

तहारबाद अम्हाला साविक ओम शिवम् ट्रेडर्सएर नाम बदलाएने ओम शिवम् ट्रेडर्स प्रा.लि. राखिस्ले। तिन सदस्य रहाल उरा नाया कम्पनित संग्रौलारा पँचास लाख आर तिलकचन राजबंसि पँचास लाख टाका सेयर लागानि कर्वार ताने सहमत हइस्ले।

## भद्रपुरत बिसहरि बिस खेल कार्यक्रम



**झापात ।** सइन्चरबारेर दिना गसाई अझा आर बैधला जर हएने भद्रपुरत आपनार विविध कलालार प्रदर्सन करिते सात्वा मनसादेवि बिसहरि बिस खेल कार्यक्रमेर आयोजना करिचे। नेपाल राष्ट्रिय धामि बैध संघ झापार आयोजनात भादर १५ गते सइन्चरबारेर दिना भद्रपुर नगरपालिका वडा नम्बर ७ रहाल खेल मैदानत झापा, मोरंग, भारतेर पश्चिम बंगाल आर बिहार से अझा, गसाई आर बैधला जर हएने आप्ना आपनि कला प्रस्तुत करिस्ले। नेपाल राष्ट्रिय धामि संघ झापार अध्यक्छ सतलाल राजबंसिर अध्यक्छतात साथे भद्रपुर नगरपालिकार नगर प्रमुख गणेस पोखरेलएर प्रमुख आतिथ्यतात आयोजना हुवाल मनसादेवि बिसहरि बिस खेल कार्यक्रमत गराठि सोदोर नगर प्रमुखटाक नागेर माला लागाएने बिसहरि बिस खेल कार्यक्रमेर सुरु करागिस्ले। कार्यक्रमत समितिर अध्यक्छ सतलाल राजबंसि जिविते कालि नागएर माला लागाएने बिसहरि थानएर कलर दम्चात नागक लेगाएने राखिस्ले आर नागेर गर्जन समेत प्रदर्सन करिस्ले ते हतिना उपस्थित रहाल अझाला आपना आपनि बाजनला बाजाएने सभाके मन्त्र मुग्ध समेत बेनाइस्ले।

विभिन्न जात जातिर अझा, धामि झाँक्रिलार सहभागितात हुवार उरा कर्यक्रमत केवाझन अझाला अगिन निधराएने चाहा बेनावार, बिस खेलेर प्रदर्सन कर्वार करिस्ले ते केवाभनला सिसाला बिछाएने खाँलि ठेगं सिसालात बेराएने समेत आपनार कला प्रदर्सन करिस्ले। नन्दकुमार राजबंसिरा संचालन कराल उरा कार्यक्रमत कार्यक्रमेर औचित्यतार उप्रत प्रकास पावार काम संघेर सचिव देवचरन राजबंसिरा आपनार बाप दाद कालसे प्रकृतिर संगे जुधिएने बाच्वार कला आर घरायसि दवा दारु आर बुटिलासे उपचार सेवा प्रदान करिते आसाल एक मात्र निकाए धामि, झाक्रि, बैध, अझाला हुवाल कहेने आपनार काथा राखिस्ले।

देवचरन राजबंसिरा लोप हवार अवस्थात रहाल इरा ग्यान, सिप आर मैलिक जिवार कला साथे जिवन उपयोगि इरा ग्यानएर संरक्छनत सभाके अग्रसरता देखावार ताने आवस्यक रहाल बताइते सरोकार बालालाक इरा बिसयत ध्यान दिवार ताने समेत नेहरा करिस्ले।

(लोक कहिनि)

# मंत्रिर बेटि

सौदागरटा कोहले, "बाबु तुई एकलाय क्याय जाबो ?" चल मह तोर संगे तम्हार घर जाम, पेन्जारिर लोकलाक आर बारहडा लालबाला कुकुरटाकअ संगे लिये जाम, तम्हारे घरत मुई एम्हार काथाला सुनाम, तोर बापेर संगे बहुत दिन से भेट हयनि एने तोर बापेरअ संगे भेट होबे।"

एक जमानात एकटा राजा छिले। राजाडार बेटा छिलेनि। एकटि मात्र बेटि छिले। राजाडार मंत्रि मण्डलत उजिर अकबरअलि नामेर एकजन इमानदार मंत्रि छिले। आपनार राज्यर राजकाल भालसे संचालान हवार देखियेने राजाक खुसि लागले, उडा खुसियालित राजाडा एकटा लाल निकलाये आपनार बेटिर गालात पिन्हाय दिले।

मंत्रिर उजिर अकबर अलि राजाक कोहले, "राजा साहेब! कुकुरेर गालात हामा बारहडा लाल देखिचि, तमहा एकटा मात्र लाल तम्हार बेटिर गालात पिन्हाय दिलन ते एतेखान खुसि हलन ?" मंत्रिर काथा सुनिए राजार मनत बहुत गस्सा उठिल आर मंत्रिक कोहोल, "मंत्रि !

कुकुरेर गालात बारहडा लाल रहवार सबुत प्रमाण जबतक निदिबो, तबतक तोक जेलत रहबा होबे।" कहेने मंत्रिडाक जेल दैदिले।

मंत्रि उजिर अकबरअलिर मात्र एकटि तेरह बछरेर बेटि छिले। मंत्रिडाक जेल दिवार काथा सुनियेने मंत्रिनिडा आर मंत्रिर बेटिडा बहुत कानबा धरिल, कानते कानते बेटिडि अर माक कोहले, "मा तुई यिडा काथा कोहोत, मोर बाप इडा काथा राजाडाक कोहोलदे छाचकुरि ना मिछामिछि ?"

"बेटि ! दुनियात कुन चिज नि रहचे ? जदि नि रोहलहले ते तोर बाबा राजाडाक यिडा काथा क्या कोहोल हले, जरूर छे।" आर माअर मुखसे जब यिडा काथा सुनिल मंत्रिर बेटिडा मर्देर साज लागाये घरसे निकले बहुत दुर चलि गेल।

चलते चलते अय जब आम्वान शहर पुगिल, हुतिना लोकेर मुखसे सुनवापाल कि यिडा शहरत एकटा बहुत बड सौदागर रहचे। अय मनडात सचिल एक जामानात मह'र बाप सौदागर छिले, यिडा सौदागर मोर वापेर जान-पहिचान रहवा लागे।

सोचियने अय सौदागरेर घर पुगिल। घरलात छेन्दुवारखानत एकटा भद्रलोक बठियने हक्का खाइस्ले। मंत्रिर बेटिडा भद्रलोकटाक सालाम करिल। भद्रलोकटा मचङ्डारति देखायने, "बोठ बाबु !" कहले। मंत्रिर बेटिडा मचङ्डात बठियेने भद्रलोकटाक कोहोल, "मुइ सौदागरटाक भेट कर्वा आसिस्नु।" भद्रलोकटा हाँसियेने कहले, "मुहे हउ सौदागर।"

मंत्रिर बेटिडा बोलिल, "एक समयत मह'र बाप सौदागर छिले, आगुत यिडा सहरत आसे।"

यिडा काथा सुनियेने सौदागरटा कोहोल, "बाबु तोर बापेर नाम कि ?"

"उजिर अकबरअलि।"

"हा, बाबु ! तोर बापक मुई जानु, कोहदि तुई कि कामे आसिचित ?"

"मह सौदागिरि सिकवा आसिचु।" ओइ समय दरबानडा आसिय कोहल, "सौदागार साहाब ! घरेरति जलपान हयगिछे।" कहेने चलिगेल।

सौदागरटा मंत्रिर बेटिडाक जलपान खिलवा घरेरति लिये गेल।

सौदागरेर एगनाखानत दुईडा पेन्जारित एकटा करे लोक ढुकाल छिले आर पेन्जारिलार लगत एकखान सनार पलगंरात एकटा कुकुर छिले आर कुकुरटार गालात बारहडा लाल पिन्हाल छिले। सौदागरेर कामकरिडा जलपानला पेन्जारिर लोकलाक खावा दिले।

एनङ् प्रकारेर व्यवहार देखियेने मंत्रिर बेटिडा सौदागरटाक कोहले, "सौदागर साहेब ! यिला लोकलाक क्या पेन्जारित राखिचन आर पेन्जारिर लोकलाक कुकुरेर खुआ एठ खराकला क्या खिलाचन ? आर कुकुरेर गालाडात बारहडा लाल पिन्हाल छे क्या ?" मंत्रिर बेटिडा प्रस्न करिल। सौदागरटा कोहोले, "देख बाबु ! मुई इला काथा आल्हा नि कहम, समय आस्ले कहम।" मंत्रिर बेटिडा सौदागरक कहले, "सौदागर साहेब ! मुई आप आपनार घर जावा चाहाचु।"

सौदागरटा कोहले, "बाबु तुई एकलाय क्याय जाबो ?" चल मह तोर संगे तम्हार घर जाम, पेन्जारिर लोकलाक आर बारहडा लालबाला कुकुरटाकअ संगे लिये जाम, तम्हारे घरत मुई एम्हार काथाला सुनाम, तोर बापेर संगे बहुत दिन से भेट हयनि एने तोर बापेरअ संगे भेट होबे।" कहेने सौदागरटा लोकसहित दन्हेडा पेन्जारि एकखान घडागाडित राखिल, सौदागरटा आर मंत्रिर बेटिडा एकखान घडागाडित बठिल आर मंत्रि उजिर अकबरअलिर घरेर माहाये घडागाडिला हाकाल। घडागाडिला जायेने मंत्रिर छेन्दुवारखानत थार होल।

मंत्रिर बेटिडा घडागाडि खानसे नाम्हियेने घरेरति गेल। मंत्रिनिडा बेटिडाक देखियेने खुसिहय बेटिडार लगत गेल आर वनावटि गस्सा हयने बेटिक कोहल, "वापटा जेलत छे, आर तुई मर्दनार पोसाक पिन्हिये तुई छिनारि कि कर्वा कुन्ति गिस्लो गे छिनारि ?" मंत्रिर बेटिडा कोहल, "देख मा !

तुई गस्सा क्या करचित ?" जेइडा कुकुरेर काथा मोर बाबा राजाडाक कहिस्ले उडा कुकुरक संगे लियेने हामार घर एकटा बढ सौदागर आसिचे, तुई नकर चाकरलाक धरे छेन्दुवार खानेरति जा, सौदागरटाक घरेरति आनेक आर सौदागरेर गोटे सामानला नकर चाकरलाक आनुवा कोहो आर मुई मर्दनार पोसाकला बदलायेने मोर बापक खवर दिबा जाछु।" कहेने मंत्रिर बेटिडा मर्दनार पोसाकला खुलायेने बेटि छुआर पोसाक पिन्हयेने अर वापक भेट कर्वा जेल गेल आर अर बापक सारा काहिनि सुनाले। बेटिर मुखे काथाला सुनियेने मंत्रिडाक खबर दिले। राजाडा मंत्रिर खबर सुनिये मंत्रिर लगत आसिल आर कोहोल, "क्या डाकालो मंत्रि ?"



"सालाम राजा साहाब ! चल हामार घर, मुई जेइडा कुकुरेर काथा कहिस्नु, उडा कुकुरक देख्बा।"

मंत्रिर काथा सुनिये आप्नार संगे किछु सेना आर भारदार लियेने राजाडा मंत्रिर घर गेल। मंत्रिडार बेर्छानिडा राजाडाक स्वागत कोर्ले, तहार बाद खानापिना खिल्बार ताने सभाके बठ्वा दिले, सौदागरटाकअ बठ्वा दिले। जब खराकला परसिंदिले सौदागरटा पहिले कुकुरटाक दिल, कुकुरटा खायने जेइला खराक बाचिल उला खराक पेन्जारिर लोकलाक खावादिले, तहार बाद आपुन खाबा धरिल।

राजाडा सौदागरेर व्याहारला देखिय गसा हय कोहोल, "तुई कैसा सौदागर ? तुई कुताडार एठला पेन्जारिर लोकलाक खिलाचित, तुई मरबार काबिल हइस, आप तोक इडा देससे जाबादिबा निहोबे।"

राजार काथा सुनियेने सौदागरटा राजाक बिन्तिकरे कोहोले, "राजा साहेब ! आगुत खराक खाल जाक, तारबाद इन्साफ करन, जदि हामार कसुर रहे ते, हामाक मारिए दन।"

सभारे खाना खुवा होल, तारवाद सौदागरटा दन्हडा पेन्जारि राजार बगलत आनिये राखिल आर राजाडाक कोहल, 'राजा साहेब !' पेन्जारिलात यि दुईजन जे लोक देखेचन, यि दुइजन हामार सहदर भाइ हये, मुइ माझिल्का, एम्हा एकजन छ-ट, एकभन बड, मोर काम सौदागिरि करना, सौदागिरि करे कुछु सम्पति कामाइचु, मोर बेटा-बेटि कोय निछे, मोर यि दन्हे भाई कुन्ह काम नि करेचे, खालि जुवा, तास, बदमासि, निसाखोर, लोकेर जान मारना, लुट-पिट करे बेहोस बेनाय मोक तिनबार लदित फिकि दिस्ले आर तिन्हबार मोक एइडा कुता बाचाइचे, यि दन्हे भाइ मोक बेहोस करे लदित फिक्वार एइडा कुता अदालतत साबुत प्रमान दिस्ले, अदालतेर न्यायधिसटा एम्हाक सजाइ तोक्बार बेला मोक पुछिस्ले, तोर भाईलाक जेलत राखिम ना तुहे आप्नार समाजत लिजाये सामाजिक दण्ड दिबो, ना तुहे आप्नार अनुसारे साजाय दिबो ? - उखुना मोर मनत एकटा बुद्धि आसिल फेल्नार भाईला जेलत छे कहे दुनियात सिकायत नाहोक।

मोर बुद्धि अनुसार न्यायधिसटाक कहनु, - "न्यायधिस साहेब ! मुइ निजे एम्हाक पेन्जारित बन्दकरे राखिम, मोर यि दुईडा भाइर व्यवहार कुकुरसे भि निच छे, मोर जानडा इडा कुकुर बाचाइचे, एइडा खुसित मुई यिडा कुकुरेर गालात वारहडा लाल पिन्हाम आर सनार पलङत राखिम, मुइ कुन्ह खावार आगुत कुकुरटाक खिलाम तबने मुइ खामु आर कुकुरटा खायने जेइला बाच्बे उला मुई मोर अपराधि भाईलाक खिलाम, मोर कहना अनुसारे न्यायधिसटा फैसला सुनाले, अइताने मुई एम्हाक पेन्जारित राखिचु आर कुकुरेर बाचाल आहारला एम्हाक खिलाचु आर बारहडा लाल कुताडार गालाडात दिये कुताडाक सनार पलङत राखिचु।"

राजाडा गोटे काहानि खान सुनियेने पेन्जारित रहाल लोकलार पर बहुते गसा होल आर सौदागरटाक कोहोल, "देख सौदागर ! तुई त एम्हाक जिन्दा राखिचित मुई कबे मारिये फिकाय दिनु हले।"

सौदागरटा कोहोल, "सरकार तम्हार बिचार।" जब सौदागरटा यिडा काथा कोहोल, राजाडा बन्दुक उठाये आपनार हाते पेन्जारिर लोकलाक गुलिदे मारिदिले आर उजिर अकबर अलि (मंत्रि)क जेलसे छेरिये साबिक मंत्रि पदत राखिल।

हुनि हुनि हुनि हामार काथा जेमन तेमन तम्हार काथा सुनि .........।

यिरा लोक कहिनि मो.समुद्दिन हक तत्कालिन पाठामारि गाउ बिकासेर सचिब संकलन करिए २०५७ सालत प्रकासित हुवाल राजबंसि तैमासिक पत्रिकार पहिला नमुना अंकत प्रकासन करागिस्ले।

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

थारू भाषा पृष्ठ

## समाचार

## अष्टिम्कीह राष्ट्रिय टिह्वार घोषणा कर माग




काठमाडौं । थारु समुदायक अगुवाहुक्र अष्टिम्कीह राष्ट्रिय टिह्वार घोषणा कर माग कर्लबाट । काठमाडौंक बुद्धनगरठे क्वालिटी बान्क्वेटम आयोजित विशेष कार्यक्रमम थारू अगुवाहुक्र सरकारसे राष्ट्रिय टिह्वार कर माग कर्ल हुइट ।

कार्यक्रमम अधिवक्ता गीता चौधरी थारू जन्नीमनैके मौलिक टिह्वार अष्टिम्की रहलकओर्से सरकार राष्ट्रिय टिह्वारक रुपमा घोषणा कर पर्ना माग ढर्ली । चौधरी कली, 'राज्य थारूहुकनके टिह्वारह राष्ट्रिय रुपम काँजे घोषणा कर निमानट ? मै सरकारसे अष्टिम्कीह राष्ट्रिय टिह्वारके रुपम घोषणा करकटे माग करटु ।'

ओस्टख बर्दियाली थारू विकास मञ्चक अध्यक्ष एवं अष्टिम्की मूल आयोजक समितिक सदस्य सिताराम थारू फे राज्य थारु समुदायके संस्कृति ओ पहिचानह अघट्यसे वास्टा निकर्लक बटोइल । थारु कल, 'थारुहुक्र खोज्लक विकास कलक पहिचान सहितक समृद्धि विकास हो । राज्य थारु संस्कृति ओ पहिचानह अघट्यसे बेवास्ता करल बा ।'

कार्यक्रमम नागरिक उन्मुक्ति पार्टीक सांसद लालवीर चौधरी फे अष्टिम्की टिह्वार पार्टी प्यालेसम केल निहोख सार्वजनिक ठाउँम कर सेक्ना वातारण बनाए मन्त्रीके ध्यानाकर्षण करैल । उहाँ कल, 'मै माननीय राज्यमन्त्रीज्यूक ध्यानाकर्षण करैनु की आबसे अष्टिम्की राष्ट्रिय टिह्वारके रुपम पार्टी प्यालेसम केल निहोख सार्वजनिक ठाउँम फे कर पाजाए । देशम थारू संस्कृति बचैना जरूरी बा ।' ■

## थारू समुदाय हरेरी पूजा कर्टी



कञ्चनपुर । खेतीपातीम रोग कीरा निलाग कैख कञ्चनपुरक थारू समुदाय हरेरी पूजा कर भिरल बाट । थारू समुदायक बसोबास रहल गाउँम धान लगाख सेक्लसे गाउँक मनै मिल्क एक्क ठाउँम हरेरी पूजा कर्ना चलन बा ।

साउनसे भदौसम पूजा कैजिठा । पूजा कर्ना ब्यालासम माटी कोर्ना, खेट्वम घाँस कट्ना जसिन काम कर निपाजाइट । धानबाली नोक्सान कर्ना गुभिया, गाँधीलगायत कीराके प्रकोप निह्वाए कैख अघट्यसे हरेरी पूजा कर्टी अइलक शुक्लाफाँटा वडा नं ३ जोनापुर गाउँक वडघरिया सुरेश चौधरीले बटोइल ।

उहाँक कहाईम वडघरियक घरक अंगनम सक्कुज जुट्क कैजिना हरेरी पूजम मुख्य भूमिका भुइहयार गुरुवा ओ कशौकाक रना कर्ठा । यी पुजम भुइया भवानी, जगनथ्याँ डिउँटा ओ और इष्टदेवहुकन के पूजा कैजाइट । गाउँभरिक मन्द्रा, ग्वाबरसे बनल गुइँठा, गन्यारीमसे बारल आगी, माटीक डियाँ, सेन्डुर, आक्षट, जल जसिन सामान पुजाम बेल्सना कर्लक परदेशी चौधरी बटोइल । 'हरेरी पूजा हुइनासे आघ मन्द्रा बजाए निपाजाइट', उहाँ कल, 'पूजा निम्जलसे रातभर जाग्राम बैसक मन्द्रा बजाख नाचगान कैख राहारंगित कर्ना चलन बा ।' ■

# खनारके इतिहास



रामसागर चौधरी





**पृष्ठभूमि :**

सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका वडानं.१०,११,१२ र १३ साविकके खनार छेकी ।यकरसे उतर इटहरी, पुरूमे घोघा (बुढी) लदी, दखिनमे दुहवी, पछिममे मधेली हे एकमा गाउँके चार किला भितरमे खनार छै । यतेकर जनसंख्या लगभग ३०,००० छै ।

थारू, बांतर यतेकर पहिनकर बसकिता छेकी । अखने पहाडी, मधेसी, मुस्लिम, थारु हे बांतर समुदायके मिश्रित समुदाय छै । आधुनिक खनारमे उधोग, कलकारखना, ब्यापार वयवसाय हे शिक्षाके विकास बढलैस । यकर चलते बाहरसे बसाइ सराई बाढिरहलैस । शहरीकरणके बिकाश सङे स्वस्थ्य उपचार, सुरक्षा, साडक-बाटके बिस्तार हे बिकाश भ्यासहलैस । यी प्रकारसे सहरीकरण हविरहल क्रममे खनारके ऐतिहासिक हे पुरातात्विक सम्पदाके संरक्षण हे बिकाश नयहेलासे खनारके मौलिक चिनारी हरावे बिसरावेके संभावना छै । येहारा बातके मध्ये नजर करिके खनारके ऐतिहासिक हे पुरातत्विक महत्वके चर्चा करना आवस्यक छै ।

नेपालके इतिहास कहमत काठमाणडौ हे गोरखाके इतिहासमे सिमित छै । सेन राजानाके पाल्पा, मकवानपुर, चौदणडी हे बिजयपुरके इतिहास वतना निखल नयछै । नेपाल एकिकरणके बाद आधुनिक नेपालके इतिहास हि नेपालके इतिहास प्राथमिकता देलछै । प्रागऐतिहासिक कालके बहुते पुराना गढी, दरवार, भाङिके माटिमे बिललै । कथोन कथोन उत्खनन करिके पता लगावेके कामना हविरहलैस । लुम्बिनिमे उत्खननसे भगवान बुध्दके जलम स्थलके पता लागलै वहिने बिराटनगर भेडियारीके उत्खननसे महाभारतकालिन राजा बिराटके दरवार, किचकबध झापा मे खोजबिन जारीछै ।

प्रागऐतिहिक कालमे चुरेपर्वत दक्षिण कोशीसे पश्चिम हे कर्णाली पुर्व हे गंगा लदीसे उतर तकके भुभागमे बिभिन्न कालमे शाक्य, कोलिय, मौर्य, मल्ल, लिछवी, तिरहुत, गणराज्यना रहेक । कोशी पुरू पाल, कोंसल, कोचिला, मत्यदेश गणराज्यना रहेक । गंगा नदी दक्षिणमे झारखण्ड (हाजिपुर), उडिसा (खडकपुर), कटकपुर (कर्नाटक) र पुरूमे बंगाल, कामरुप ढवक बिसाल राजपाट रहेक । समयके कालखण्डमे यीना राजपाटमे बिभिन्न बंशके राजा शासन संचालन करलपेछै ।

कोशी पुर्वके मोरङ राज्यके राजधानी बिजयपुरसे शासन चलते छेलै । किरात हे मल्ल काल पाछु पाल हे सेन बंशके शासन छेलै । पाल हे सेन सासन कालमे मुगल शासकना तराईके आवादी इलाका आपन कब्जामे ल्याके शासन चललकै । मोरङके राजा रनपाल, धनपाल, सेन राजाना आदित्यनाराण, बिजयनारायण, रूपनारायण के नामके गढ अखनोतक छेवेकरे । राजा खङखडमल, बृजभान, नयका बनजवरवा (ब्यापारी), रानी सोरठीको बारेमे इतिहासमे नयनिखलछै । नेपाल एकिकरणके अभियानमे पृथ्वीनारायण शाह हे रनबाहदुर शाहसे मोरङके एकिकरण करलके बाद मोरङ तव नेपालके भुभागमे मिझरलै । सुगौलीके संधि पाछु पुरू मेची हे पछिममे काली लदी हे दक्षिणमे तरीके इलाका सिमाना किटान भेलै । थारु लोकगित हे लोकनाचमे राजा खङखड मल, बिरिजभान हे रानी सोरठीके बारेमे प्रसस्त जिवान्त चित्रण छै । वहिने राजा धनपालके समयमे मुगल योध्दा अल्लाह हे रुदल दुनो भाई संगे युध्दके गाथा अखनो भि चर्चित छै । पाल बंशके शासन ओरली मतर ग्रामथानमे बिरताके प्रतिक मोरङके राजा घनपालके अखनो तक पुजा करते आविरहलैस । यीना अलिखित इतिहासनाके दस्तावेजीकरण नभेलाके कारन लोप हवेके अवस्थामे छै ।

**खनारके इतिहास :**

खनार के इतिहास मोरङके राजा खङकड मल सङे जोडल छै । मोरङ राज्यके राजधानी बिजयपुरमे छेलै । मोरङके राजा खडखडमल छेलै । मोरङके सिमाना दक्षिणमे गंगालदी पार हाजिपुर हे कुचबिहारसे पूरू असाम कामरूप तक छेलै । पश्चिममे चम्पारन तक फैलल छैलै । राजा खङखड के सितकालिन दरवार हालके खनारमे छेलै । आजु से ५०-६० बर्ष पहिना दरवारके भग्नावेशना जतेतते छिरियल बोतरल रहेक । बिराटनगरके भेडियारीमे भेटल पुराना इटा ढवक यथौन वहिने इटा, इनार, माटके गोला, पुराना सिक्का छिरियल छेलै । करिब ४-५ बिघाके क्षेत्रफलमे भग्नावशेष, बडकी दह, पुजा स्थल, बडका भयावह तरी हे टोक छेलै । २०२४ सालके सर्वे नापीमे यीटा भूमीके निजी नाममे दर्ता करिके आवाद करलकै । अखनोतक ऐलानी पर्ती जग्गा बिद्यालय, खानेपानी, मिल चर्चिके उपबोग करिरहलैस ।

राजा खङखड बलवान, बीर हे यजस्वी छेली । बरियदरिय हेलासे "मल्ल" उपमासे संबोधन थारु समुदायमे करेके चलन छै । यीटा खनारमे राजा खङखडके सितकालिन दरवारमे कर असुल उपर करे, मालगुजारी हे मुदामामिला सुनुवाई करे, परपंचेति, कचहरी संचालन हवेक । राजाके सवारी हे सिकार खेलावे यलासे येहारा दरवारमे बास करेक । रैति सङे माल कचहरीमे सरसल्लह हे देश दुनियाके खवर सेहो बुझैक सुनैक । राजा खङखड के कचहरी मालगुजारी के लगिन आतेजाते बोलचालमे छोटकरीमे खङखड माल कहेक । थारु समुदायमे सरकारी कामकाजके अडाके माल (माल अड्डा) बोलचालमे अखनोतक छेवेकरे । बोलचालके भाषा एकै किसिमके नयरहछै । समय अनुसार परिवर्तन हेते सहज शब्दके ग्रहण करल जेछै । तव लिखित रुपमे स्थाई हेछै । कुछ बछर पहिकर लेखतमे खङहार, खन्हार निखल पेलगेलैस । यहा तरिकासे खङखड से खनखड, खङ्गखड, खङहार, खन्हार, हेते 'खनार' नाम स्थापित हेलैस । थारु भाषामे 'ड' वर्ण के बोलचालमे उचारण 'र' हेछै । सेहासे खनार शब्द सहज बोलाई, बुझाई, लेखाइ हे पढाई हेलास खङखड से खनार बनलै । खनार ऐतिहासिक पुरातात्विक सांस्कृतिक भूमी छेकै । यकर संरक्षण, संबर्धन हे बिकाश करिके चिन्हावे लगिन आवस्यक छै ।

**खङखड मल के बृतान्त :**

राजा खङखडके इतिहास निखेलगिन राजाके भानिज बिरिजभान हे कटकपुर (खडगपुर)के राजा रोडमल के बेटी राजकुमारी सोरठीके बात उल्लेख नयकरलासे आधेछिहे रहतै । एक समय राजा खङखडके कचहरीमे सबना बलबान, ज्ञानगुणसे पुर्ण, मान्यजन, देवान, गछदार आदि बीर योध्दा, तन्त्रमन्त्रसे योग्य गुरुवाना के सभा बोल्याके जनतासङे भलाकुसारी, छलफल हे देश बिदेशके हाल खवर सुने भुझे काम करिरहल छेली । यहा क्रममे राजा खङखड मलके सातटा रानीके कोखसे सन्तान नयहेलीछल हे पण्डित गुरुवा कटकपुर (खडगपुर) के राजकुमारी सोरठीके रुप हे यौवनके बारेमे बतलकि हे योग्य बर( दुल्हा) खोजी रहलैस । पंडित गरुवाना खरीखुटी भांजीके बतलकी कि दखिन राजके राजकुमारी सोरठी सङे बिबाह करलासे सन्तान सुख पावे साकछै । राजा खङखडके राजकुमारी सोरठीके सुनदरताके चर्चा हे सन्तान सुखके मोहसे सोरठी सङे विवाह करेके अठोट करलकै । गंगा लदी उटापार कटकपुर राज पुगे लगिन बिहड बिकट बाट, बंगाल मे तन्त्रमन्त्र, जादुटोनासे सम्मोहन करिके राखेक, चोरचण्डल, ठगके बिगबिगी, ज्याआवे लगिन कठिन छेलै । सेहास यीने कठिन कामके लगिन राजा धोषणा करलकै - "मोरङ देशके योध्दा बीरसब जे राजकुमारी सोरठीके यते आनेसाकते वे यीटा साजीमे राकल बिडापान हे कसालोटाके पानी ख्याके प्रण प्रतिज्ञा करल मानलजेतै हे वकरा यीटा काम पुराकरे परतै ।"

बीर योध्दाना मध्ये कोइ भि आंट करे नयसाकलकै । वेहा समयमे चरैगोहामे सिकार खेल्यारहल भागिन आपन मामा खङखड के भेट करेयछै । भागिन बिरिजभान मनेमने सोंचलकी की - ममा हमरे स्वागतके लगिन साजीमे सजाके पानके बिडा हे पियास मेटावे लगिन कसा लोटामे पानी राखिदेलकिस हे पुछिनिआछीके पान चिवलकै हे पानी ढकढकके पिलकै । भारी कचहरी सभामे चकमन्न हेलै हे ममा खङखड अक्कबक परलै । सभामे होहल्ला हवे लागलै - जकरे काल तकरे दिसर गेलै । सभा बङन हेले राजा खङखड हकन काने लागले । पाछु सबना बात बुझलामे बिरिजभान ममाके बुझते कहलकै - ' हे ममा त्यांहा दुख जनिमान हमे हजुरके मनोकामना एक पुरा करउ, दुई पुरा करउ, तीन पुरा करउ वचन देलकै ।'

हेमतीके बिबाह छुम्यामे बिरिजभान सङे भेलीछल । भरखर लियान करिके आनल हेमती सङे बिरिजभान के असलसे हिमचिम नयभेलीछल । ततकाले कटकपूर ज्याबला बातसे हेमतीके चिन्ता बजडलै हे रोकेके बहुते प्रयास करला परभि बिरिजभान नयज्याके नयछोडेबला हेलै । तव परदेस जेवे करवहे त कुछ अर्ती उपदेश देलकै । हेमती बुध्दिमान छेली हे कहकी राजकुमारी सोरठीके हेवली, केवली नाम करल दुइ बहिन छौ । दुनो बहिन चतुर, चलाक हे मिठवचना ठक बुध्दिबला छौ । यीना दुनो बहिन मिठामिठा वचनसे ठकीके राखतौ । परदेशमे जंगलमे सुखल गाछि तर जुनरहियेन । दोसरके देल खैन पहिना कुकुर, बिलयके ख्या दिहेन । पलङमे बैठेसे पहिना तनागुदरीके झाडीके तव बैटिहेन । सुते निनावे बखत जौलिसे कांखडराके बहार निकालिके राखिदिहेन कहिके उपदेस देलकीछल ।

हेवली हे केवली तोरा मिठावचनसे कपटके पसा खेलावे कहतु हे तोरा मिठावचनसे हलमलतौ । हारवै जनत वकरे सङे रहेपरतौ । सेहासे त्यां पसा खेलावे बखत मुस हे कांखड के जौलीसे रसेरसे बहार करिदिहेन । दोनो बहिनके धियान मुस हे बिलयमे जेतौ । तव त्यां वेहाबखत गोटीना बदली दिहेन । जव तिव जितबहै, वकराका हारतु तव सोरठपुर बजार ढुके पेवहै । यिने करिके पसामे जितिके रानि सोरठीके आनेलगिन सफल हेलै ।

बिरिजभानके मां मैनावती हे मामी सोनाबती सहोदर बहिन रहेक । राजा खङखड मलके सातरा रानी छेली मतर सन्तान सुख नय छेछी सेहास मामीना एकटा दुलरवा भागिनके बड्या दुलारमलार करेक । रानी सोरठीके आनेलगिन १२ बछर बितलै ता राजा खङखड मल बृध्द अवस्थामे पुगेलके कारण सोरठीके अपनावे नयसाकलकै । राजा खङखड भागिन बिरिजभानके रानी सोरठीके बहुते कठिनाइ भोगिके आनल हे बिरिजभान सङे सोरठीके रंगरुप, यौवन, उमेरमे जोडी मिलल देखिके रानी सोरठीके अपनाउने लगिन कहलकै मतर बिरिजभान स्वीकार नयकरलकै । तब राजा खङखड दोनो झनके प्रण प्रतिज्ञा देखिके दोसर जलममे तितिर हे मयुर बनिके रहियेन कहिके आसिर्बाद देलकै । सेहास थारू सदुदायमे मयुरके बिरिजभान हे तितिर के सोरठीके प्रतिकके रुपमे मानछै । आजुवो मामी हे भागिनके मेजुर हे तितिरके उपमा देछै हे हसीमजाक करछै । लया बिबाहित जोडिके तितिर मेजुर ढवक जोडी कहछै ।

बिरिजभान गुरु गोरखनाथके शिष्य बनिके तन्त्रमन्त्र हे कामख्यामे जादुटोना सिखिके हावमे उडे, पानीमे लरे, अन्तरध्यान (बिलावे) साके, रुपरंग हे स्वरुप बदले साके विद्या सिखिके सिपालु हवीके गुरु गोरखनाथके आशिर्वादसे कटकपुरके राजकुमारी सोरठीके ममा खङखड मलके दरवारमे आनेसाकलकै । यीनाबात सोरठी बिरिजभान लोकगित हे लोकनाचमे चरितार्थ छै । राजा खङकड मल निसन्तान हेलके कारण भागिन बिरिजभानके बिजयपुर राजपाट देल कथा छै । कटपुरके राजकुमारी सोरठी सङे कटकपुर (खरगपुर)के सरियाती यलना यथैन रहलै सेहास वकरासियाके खरेर (खडर) खडकपुरिया थारु कहछै । बिजयपुरमे रहल (बुढा सुब्बा) बिरिजभानके समाधी स्थल छेकी कहिके थारू समुदायमे बिस्वास छै । सेहास उटा पवित्र स्थलमे पितृके स्मरणके रुपमे भाखल कवलापाति चढछै हे पितृ पुर्खा समझिके पुजा करेके चलन छेवेकरे । किराती समुदाय बुढा सुब्बा हे थारु समुदाय बिरिजभानके समाधी छेखी कहिके श्रध्दा पुर्वक पुजा करिरहलेस । क्रमश...

# नोनतेल नै खाइबला पाबैन रैब

काठमाडौँ । पुरुभराके थारु समाज भादो मैहनाभैर रैब पावैन मनाइछै । सब बछर भादो मैहनाके पैहेनका रैब दिनसे सुरु भ्याल यी पावैन गाम गाममे आबैबला हरेक रैब दिन यी पावैन धुमधामसे मनाबैछै ।

यै दिन लोकसब आपन घरमे दही, दूध, चुरा, चिनी, जिलैबी या फलफूलसब मात्रे खाइछै । थारु भसामे येकरा रैब कैहैछै । रैब दिन करैबला संस्कार अनुसार ग्रामथानके अगुवाके आदेशसे यी पावैन मनाइछै । वै दिन माछ, तिमन, नोन, तेल, अचार, खटा, मरमसला सबकुछ खाइले नै हैछै ।

थारु समाजके लोकसब यै दिना अन्गुती उइठके लगपासके लदी, कुपा, पल, पोखैर, खोलामे ल्हयाके प्रकृति या कूल देवताके विधिपुर्वक पूजा करैछै ।

धार्मिक मान्यता अनुसार बाल-बच्चाके सुस्वास्थ्यके कामना करैत या कृषिके उपज बरहे कैहके किसानसब रैब मनाबैछै । येतबेहेक नै की धान रोपैके समयमे बर्षा हेबे, बाइलमे कोनो प्रकारके रोग नै लागे कैहके थारु समाज सेहो कामना करैत रैब मनाइछै ।

यैहनङ पछिम दिसनाके थारु समाज येकरा बडका अटवारी कैहके मनाइछै । वोकरौरके यी पावैन कृष्णा जन्माष्टमीके बाद मनाइछै । यीटाचोटी पछिमभरा भादो ३१ गते बड्का अट्वारी पावैन परलछै ।

### एक दिन शरीरके उपवास

थरु संस्कृतिविद भुलाइ चौधरीके अनुसार बछरमे एक दिन नोन तेल या मरमसलासे मुक्त कराइनाइ बरकार जरुरी छै । कथिले त नोनतेल या मरमसला या मासु स्वाथ्यके नजैरसे शरीरमे रोग आनैबला तत्व चियै । पैहैनका बुरपरान लोकसब कैहैछेलै जे रैब चिनी या सतुवा ख्याके मनाबैछेलै । पाछै रैबमे जिलैबी त मिठाइसबके प्रवेश भेलै । मतर शरीरके एक दिन मरमसला



या माछमौससे दूर राइके उपवास करनाई अखैनका जुगके लेल बौहौत जरुरी छै कैहके संस्कृतिविद चौधरी कैहल्कै ।

### लरजरके भेटघाट

थारु समाजमे सब गाममे आपन आपन लरजर रहबे करैछै । रैबमे खासकैरके आपन लरजरसे भेटघाट, हालखबर बुजहैके एकटा अवसर चियै रैब ।

रैबमे बाहारमे रहलाहा बेटा बेटीसे भेटघाट हैछै । आपन घरमे रहल बेटीके मैयाबाबु भेटैके वास्ते रैब खाइले कैहैछै ।

बेटाबेटी घरसे बहारमे परहैतरैहैछै त रैब खाइले या कैहैछै बाबुमैया । गाममे साथीभाई सब भेट करैले या हालखबर जानैले रैबमे चाल करैछै साथीसबके ।

बौहौत पुरान सम्बन्ध या भेटघाट कम भेलासे भी रैबमे चाल करैछै रैब खाइलै ।

### गाम गाममे फुटबल म्याच

रैबके दिन थारु युवासब आपन आपन गाममे घरमे याल मेजवानसबके मनोरञ्जनके लेल फुटबलके आयोजना करने रैहैछे । या त दुई तीनटा गाम एकेटा रैब करनेरैहैछै त एक गामसे दोसर काम फुटबलमे प्रतिष्पर्धा करैछै ।

या एकेटा गाम रैब करने रैहैछै त गाममे छौरा या बुह्रवा पाटी टीम बन्याके फुटबल खेलाइछै । वै दिन रैब ख्याइले याल सब मेजवानसब गाममे फुटबलके फिल्डमे देखैले जाइछै ।

वै दिन रैबमे नोन, मसला या अचार नै खेलासे फुटबल खेलाइबलासबके तागत नै रैहैछै । फुटबल खेलाइत देखैमे मजा आबैछै सब मेजवानसबके । गाममे गाम के फुटबल म्याल त एक दोसर गामके मेजवानसबसे भेटघाट, बातचित या हालखबर सेहो हैछै फुटबल म्याचके चल्ते । ■

# थारू रज्वा राज कर्लक सुकौराकोटक हुलाक टिकट अइटी

तुलसीपुर । तत्कालीन थारू रज्वा दङ्गीशरण राजकाज कर्लक सुकौराकोटक फोटु हुलाक टिकट अइना होरहल । टिकट प्रकाशनक लाग चाहिना प्रक्रिया निम्जना चरणम पुग्लक तुलसीपुर उपमहानगरपालिका-११ क वडाध्यक्ष मानबहादुर रावत जनैल ।

उहाँक अनसार तुलसीपुर-११ सुकौराम थारू रज्वा दङ्गीशरण राज कर्लक कटी उ ठाउँह पर्यटकीयस्थक रूपम विकास करक लाग हुलाक टिकट प्रकाशन कर लाग्गिलक हो । सुकौराकोटक इटिहासह बचाइकटे टिकट भूमिका खेल्ना वडाध्यक्ष रावतक कहाई बा । "यी एटिहासिक ठाउँह फुरसे व्यवस्थित करक लाग हम्र हुलाक टिकट प्रकाशन कर्टी बाटी", उहाँ कल, "यहिसे सुकौराकोट क इटिहास बचैने बा ।"

टिकटम ढर्ना नाउ ओ फोटु वडा सिफारिस कैख पठैलसे जट्टहे टिकट बन्ना जनैटी उहाँ कुछु डिनम फोटु ओ नाउ सिफारिस कैख पठैना वडाध्यक्ष रावतक कहाई बा । उहाँक अनसार टिकटम 'दङ्गीशरण थारू रज्वक दरबार, सुकौरा दाङ' ढैक पठैना काम हुइटी बा । थारू समुदायक अगुवाहुकन ख्याल बलाख टिकटम ढर्ना नाउक काम निम्जैलक जनैटी उह नाउ जो टिकटम ढरक टे सिफारिस कर्ना रावत बटोइल । नाउकसँग थारु रज्वक राजदरबार क्षेत्रक भग्नावशेषक फोटु ढर्ना सहमति हुइल बा । थारू कल्याणकारिणी सभा दाङ क्षेत्र नं ३ क सचिव जितेन्द्र चौधरी टिकट बनैना काम मजा हुइलक बटोइल । तर नाउ भर 'दङ्गीशरण थारू रज्वक दरबार, सुकौरा दाङ' जो ढर पर्ना सुझाव डेल । टिकटम और नाउ ढरलसे थारू रज्वक इटिहास जो हेरैना कटी यी बाटम सक्कु ज ख्याल कर पर्ना बटोइल । उ नाउ निढर्लसे थारू समुदाय विरोध जनैना उहाँ बटोइल ।

थारू रज्वा राज कर्लक ऐटिहासिक ठाउँ हुइलओर्से उह भग्नावशेष जोगाए आवश्यक रहल कटी और संरचना बनैना नाउम इटिहास मेटाए निहुइना उह वडाक थारू अभियान्ता महेश थारू बटोइल । टिकट बनैलसे उ ठाउँ ह्यार अइना मनइनके फे बहर्टी जैना कटी सुकौराकोटक ऐटिहासिक बाटह जोगाए स्याकपर्ना उहाँक कहाई बा ।





सुकौराकोट म थारु रज्वा दंगीशरण आजसे दुईसय वरस पहिल राज कर्ल कना किम्वदन्ती बा ।

### सुकौराकोटक इटिहास

सुकौराकोटह राजधानी बनाख राज्य चलैलक रज्वा दङ्गीशरण सिकार ख्याल गैलक, लहैकल ओ राजकाज कर्ना ब्याला कोटलगायत संरचना आब फे ड्याख पाजिठा । राजकाज कर्ना ब्यालम दाङम औल लाग्ना हुइलओर्से दङ्गीशरण रज्वा घामसे बचक लाग जैना ठाउँह राजाकोट कजिठा । सुकौराकोटसे स्वाझ डख्खिनओर्से चुरे पर्वट्वाक सक्कुनसे ढ्याँङ ठाउँम घाममैह्नाम बैठ्ना हुइलओर्से यहिन राजाकोट कैगिलक किंवदन्ती रहल बा । ओस्टक रज्वक दरबार रहल ठाउँसे उत्तरहोर पर्ना वन्वम दङ्गीशरण सिकार खेल्ना करट ।

दङ्गीशरण रानीबन्वा दाङक पच्छिउ मठौरीम रहल एक्ला पर्वट्वा, चुरे ओ महाभारत पर्वट्वम सिकार कैख घर घुम्ना लागल ब्यालम आपन रानीसे बुल्बुल्या टल्वम लहाख सुकौराकोटम अइना कर्लक किंवदन्ती बा । थारू अगुवा महेश थारूक अनसार दङ्गीशरण निःसन्तान रलह । सन्तान पाइलक लाग दङ्गीशरण व उहाँक रानी बुल्बुल्या टल्वम लहैना करट ।

आसकाल फे माघक १ गटे लर्का निहुइना मनै बुल्बुल्या टल्वम जाख लहैठ । बुलबुल कर्टी पानी निक्रना हुइलओर्से उ टल्वह बुल्बुल्या कैगिल हो । बुल्बुल्या टल्वम बहार सरल जन्नीमनै लहाए निमिलट । उ टल्वम बहार सरल जन्नीमनै लहैलसे बेराम पर्ना करट । राजकाज कर्ना ब्यालम जनटा हुकनके पिरमर्का बुझ दङ्गीशरण दरबार बहार निक्रलसे रातगाउँम रहल जर्वक पानी पिना कर्लक थारू अगुवा रामशरण चौधरी बटोइल ।

उहाँ और रज्वनसे आपन सम्पत्ति बचाइकटे रज्वा दङ्गीशरण, दङ्गीशरण गाउँपालिका-१ रहपुरम रहल चुरे पर्वट्वक जरिम धन गर्ल रलह कजिठा । उ ठाउँम आब फे प्रा जसिन डेख्जिना टेल्हार खालक प्राचीन रुप्या ओ परापूर्वकालम प्रयोग हुइलक माटिक भारा ओ इँट्टक खन्टा अवशेषक रूपम ड्याख मिलट । रज्वा दङ्गीशरण आपनठे रहल रुप्या, पैसा उह टापुम गारलओर्से वाकर नाउ धनटाकुरा रहल कना जनविश्वास बा ।

पशुपालन कर्टी दङ्गीशरण गाउँपालिका-१ रहरपुरम रहल चुरे पर्वट्वक पेन्डीम आपुगल गोपाल वंशक बाह्रजन बर्ड्यावहुक्र गर्लक ली जग्लक इटिहासस्वरूप सख्वक रुखोम आब फे ड्याख मिलट । गोरु, भैंस चह्रैटी अइलक बाह्र वरड्याओ लगैलक रुख्वा हुइल उ ठाउँह 'बार बर्दियन्हक लठ्ठा' कैजाइट । बाह बर्ड्याओ मिल्ख एक जहन आपन समूहमसे छुटैलक ओ समूहमसे छुटल बर्डिया लगैलक रुख्वा फे आबसम उह ठाउँम पलि बा ।

खेतीपातीक लाग पानी निपर्लसे पूजा कर्ना ठाउँह 'बैकरह्वा पर्वत' कजाइट । पानी निपर्लसे पानी पराडेओ कटी 'बैकरह्वा' डिउटाह पुज्लसे पानी पर्ना विश्वास बा । चुरे पर्वट्वा अन्तर्गत दङ्गीशरण गाउँपालिका-१, मलई कना ठाउँम उ बैकरह्वा डिउटा रहल बाट । बैकरह्वाह थारू जाटि इन्द्रडिउटा मान्ख पूज्ना कर्टी आरल । विसं १९४२ म दङ्गीशरण गाउँपालिका-४ बैवाङक रघुनाथ चौधरीक जन्नी सटि गइलक ठाउँम 'सतिदेवी' मन्दिर बनागिल बा । उहाँ सति जैना ब्यालम सतिप्रथा हेरागिल रह । सति मन्दिर रहल ठाउँम बबई लड्या रहल ओ उ ठाउँम बराभारी टल्वा रह । रघुनाथ ओराइलपाछ उहाँक जन्नी सति जैना मन बनैली । उहाँह सति जाए निडेना कैख प्रशासन रोक लगैल रह । उह फे उहाँ आपन ठर्वकसँग सति जाख छोर्ना अडान लेलक किंवदन्ती बा । ■

पृष्ठ संयोजक : सहदेव चौधरी सह संयोजक : अञ्जना चौधरी, पत्राचार ठेगाना : नयाँ नेपाल, गोरखापत्र दैनिक, पो.ब.नं. : २३, काठमाडौं Email : pressnepali@gmail.com

# मानव र डल्फिनबिच सहअस्तित्वको सम्बन्ध



तस्बिर : अविनाश चौधरी

**जलहारीसँगै पथरैया र गैरीखोलाको दोभानमा खेलिरहेको डल्फिन ।**

**धनगढी समाचारदाता**
*धनगढी, भदौ १७ गते*

थारू समुदायका केही जलहारी माछा मार्दै छन् । पथरैया र गैरी खोलाको दोभानमा उनीहरूले पालैपालो जाल हान्दा विश्वमै दुर्लभ डल्फिन भने उफ्रिँदै रमाइरहेका छन् । माछा कहिले जलहारीको जालमा त कहिले डल्फिनको मुखमा परिरहेका थिए । लोभलाग्दो यस्तो दृश्य कैलालीको डल्फिन क्षेत्रमा देखिएको हो ।

“जाल हान्दा नजिकै आएर डल्फिन उफ्रिन्छन्, रमाउँछन्, माछा समाउँछन्,” स्थानीय एक जलहारीले भने । प्राणीजगत्मा मानवपछिको चेतनशील प्राणी डल्फिन हो । यी दुई प्राणीबिच पारस्परिक सम्बन्ध यहाँ देखिएको छ ।

दुर्लभ ‘गङ्गेटिक डल्फिन’ पाइने कतिपय देशमा मछुवाराहरूबाट यिनीहरूको सिकार भएको सुनिन्छ । कैलालीमा भने मछुवा र डल्फिनले आहारा प्राप्तिका लागि एकअर्कालाई सहयोग गरिरहेका छन् । डल्फिन संरक्षणकर्मी भोजराज ढुङ्गानाका अनुसार गहिराइमा भएका माछाहरूलाई लखेटेर डल्फिनले किनारसम्ममा पुर्‍याउने गर्छन् । त्यसपछि किनार पुगेका माछालाई जाल हानेर मछुवाले मार्ने गर्छन् । “उनीहरूले जाल हान्दा किनारको माछा फेरि गहिराइतिर भाग्छन्,” उहाँले थप व्याख्या गर्नुभयो, “मछुवाले धपाएका माछा समाउँदै, खाँदै डल्फिनहरू उफ्रेर रमाइरहेका हुन् ।” उहाँले यस्तो दुर्लभ दृश्य अन्यत्र देख्न नपाइने उल्लेख गर्नुभयो । डल्फिन, जलचर तथा जैविक विविधता संरक्षण नेपालका अध्यक्षसमेत रहेका ढुङ्गानाले भन्नुभयो, “मछुवा र डल्फिनले आहाराका लागि एकअर्कालाई सहयोग पुर्‍याइरहेको यो विरलै देखिने दृश्य हो । दुवैले आहारा प्राप्त गरिरहेका छन् । दुवैबिच कुनै द्वन्द्व छैन ।”

कैलालीको कर्णाली नदीमा वर्षभरि डल्फिन बस्ने गरे पनि मोहना र मोहनाका सहायक नदीहरू पथरैया, काँढा, कान्द्रामा वर्षायाममा डल्फिन आउने गरेका छन् । स्वच्छ पानीमा आहारविहार गर्न रुचाउने यो दुर्लभ जलप्राणी बच्चा हुर्काउन र आहाराको खोजीमा ससाना नदीमा आउने गरेको बताइन्छ । मोहना, पथरैयालगायतका नदीमा आहारा प्रजातिका माछा प्रशस्त मात्रामा पाइने गरेका कारण बर्खायामभरि बच्चासहितका वयस्क डल्फिन यी नदीहरूमा रमाउने गरेको जनाइएको छ । अर्धअन्धो यो जलप्राणीले तरङ्गमार्फत आहारा र खतरा पहिचान गर्ने गर्छन् ।

कैलालीका नदीमा आउने डल्फिन र मानवबिच सहअस्तित्वको सम्बन्ध कायम रहेको संरक्षणकर्मी हिरूलाल डङ्गौराको ठम्याइ छ । उहाँले पथरैया र गैरीखोलाको दृश्य यस्तो सम्बन्धको गतिलो उदाहरण रहेको स्पष्ट पार्नुभयो । “आहाराका लागि मान्छेले डल्फिनलाई र डल्फिनले मान्छेलाई सघाउनु सहअस्तित्वको सम्बन्ध हो,” उहाँले थप्नुभयो, “यहाँ बाँच्नका लागि एकअर्कालाई सहयोग गरेको देखिन्छ ।” यहाँ डल्फिन रमाएको अवलोकन गरेर रमाउनका लागि स्कुले विद्यार्थीदेखि लिएर विदेशी पर्यटकसम्म कैलाली आउने गरेका छन् । मान्छे जस्तै बच्चा जन्माउने डल्फिनले बच्चालाई दुध चुसाउने गर्छन् । डल्फिनको आयु २० देखि २५ वर्षसम्म हुने गरेको छ । यिनीहरू एक सयदेखि १६० केजीसम्मको हुने गर्छन् । चुच्चाको आकारबाट भालेपोथी थाहा हुने गर्छ ।

# सर्पदंशबाट बालकको मृत्यु

**धनगढी समाचारदाता**
*धनगढी, भदौ १७ गते*

सर्पदंशबाट सोमबार कैलालीको धनगढी उपमहानगरपालिका–९, वनदेवी टोलका माया विकका पाँच वर्षीय छोरा अरुणको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार घरमा सुतिरहेको अवस्थामा राति १२ बजेतिर बालकलाई सर्पले टोकेको थियो । सर्पले टोकेपछि उपचारका लागि सेती प्रादेशिक अस्पतालमा लगिएका बालकको उपचारकै क्रममा राति १:५० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कवीन्द्रसिंह बोहराले जानकारी दिनुभयो ।

यसैबिच सर्पदंशबाट गोदावरी नगरपालिका–६, लालपुर बस्ने ३३ वर्षीय सागर विष्ट घाइते हुनुभएको छ । उहाँलाई आफ्नै किराना पसलको आँगनमा दाहिने खुट्टामा सर्पले टोकेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । घाइते विष्टको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचार भइरहेको छ । उहाँको अवस्था मध्यम रहेको प्रहरी नायब उपरीक्षक विष्टले जानकारी दिनुभयो ।

# साढे आठ लाखको आइफोनसहित पक्राउ

**धनगढी समाचारदाता**
*धनगढी, भदौ १७ गते*

कैलाली प्रहरीले भन्सार छलीको आइफोनसहित एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीले धनगढी विमानस्थलको यात्रु प्रवेशद्वारबाट घोडाघोडी नगरपालिका–१, सुखडका २७ वर्षीय राजु चौधरीलाई पक्राउ गरेको हो । चौधरीको साथबाट एप्पल कम्पनीका २१ वटा ‘सेकेन्ड ह्यान्ड’ आइफोन मोबाइल बरामद गरिएको छ । बरामद आइफोन करिब आठ लाख ४० हजार रुपियाँ बराबरको रहेको जिल्ला प्रहरी कार्यालयको सञ्चार शाखाका गणेश नाथले जानकारी दिनुभयो । प्रहरीका अनुसार चौधरीले काठमाडौँ पठाउने भनी कार्टुनमा प्याक गरेर आइफोन विमानस्थलसम्म पुर्‍याएका थिए । पक्राउ परेका चौधरीलाई आइफोनसहित आवश्यक कारबाहीका लागि त्रिनगर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जानकारी दिएको छ ।

# स्थानीय तहले भूवर्गीकरण गरेनन्

**बैतडी समाचारदाता**
*बैतडी, भदौ १७ गते*

बैतडीका स्थानीय तहले सात वर्षदेखि जग्गाको मालपोत कर लिएर पनि भूवर्गीकरण नगर्दा सेवाग्राही कित्ताकाटको सेवाबाट वञ्चित भएका छन् । बैतडीमा चार नगरपालिका र छ वटा गाउँपालिकामध्ये दोगडाकेदार गाउँपालिकाबाहेक अन्य नौ वटा स्थानीय तहले भूवर्गीकरण गरेका छैनन् । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले स्थानीय तहलाई परिपत्र गर्दै कृषि क्षेत्र र गैरकृषि क्षेत्र छुट्याउनुपर्ने निर्देशन दिए पनि बैतडीका स्थानीय तहले भूवर्गीकरणको काम अघि बढाएका छैनन् । भूउपयोग नियमावली अनुसार स्थानीय तहले कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व र नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रमा जग्गाको अनिवार्य वर्गीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

जग्गा वर्गीकरण नहुँदा सर्वसाधारणले अंशबन्डा गर्न पाएका छैनन् भने सरकारलई राजस्व घाटा भइरहेको जिल्ला मालपोत कार्यालय बैतडीका कार्यालय प्रमुख अशोक सार्कीले बताउनुभयो । अंशबन्डा, बकसपत्रलगायत कित्ताकाटको काम बन्द रहेको विषयमा थाहा नपाएका अधिकांश सर्वसाधारण मालपोत कार्यालयबाट फर्केर जाने गरेका छन् ।

सोमबार मालपोत कार्यालयमा सेवा लिन आएका दुर्गम सिगास गाउँपालिका–१ का सिद्धराज भट्ट रित्तो हात घर फर्किनुभएको छ । भूवर्गीकरणका विषयमा कुनै जानकारी नपाएको सेवाग्रही भट्टले बताउनुभयो । स्थानीय तहले भूवर्गीकरण नगरे पनि सरकारले गत वर्ष जग्गाको कित्ताकाट खुला गरेको थियो । भदौदेखि पुनः बन्द भएकाले सेवाग्राही फर्काउनु परेको मालपोतका सूचना अधिकारी प्रतिभा गैरेले बताउनुभयो । स्थानीय तहको लापर्बाहीका कारण सेवाग्राही समस्यामा परेको उहाँले बताउनुभयो ।

भूवर्गीकरणको काम गर्न स्थानीय सरकारसँग प्राविधिक जनशक्ति र बजेट नभएकाले काम गर्न नसकेको डिलासैनी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत गणेश बोहोराले बताउनुभयो । उहाँले भन्नुभयो, “भूवर्गीकरणका लागि कार्यपालिकाले बजेट सुनिश्चित गरेको छैन । एक जना कर्मचारीले मात्रै केही गर्न सक्दैन ।” भूउपयोग नियमावलीमा स्थानीय सरकारले भूवर्गीकरण गर्न नसके प्रदेश सरकारले गर्ने उल्लेख छ । बैतडीका स्थानीय तहले भने प्रदेश सरकारलाई पनि अनुरोध गरेका छैनन् ।

स्थानीय तहले भूवर्गीकरणको काम गर्न नसक्दा स्वास्थ्य क्षेत्रका भवन, प्रहरी चौकीलगायत जग्गा प्राप्ति गरेर निर्माण हुने सरकारी भवनको कामसमेत अवरुद्ध भएको छ । जिल्लाका अधिकांश स्थानीय तह प्रमुख प्रशासकीय अधिकृत नहुँदा निमित्तको भरमा सञ्चालन भइरहेका छन् । जनप्रतिनिधिले आफू अनुकूलका निमित्त प्रमुख प्रशासकीय अधिकृत राख्न खोज्दा दक्ष जनशक्तिको अभाव देखिएको छ । आइतबार मात्रै सुर्नया गाउँपालिका र पाटन नगरपालिकाका प्रमखु प्रशासकीय अधिकृतको सरुवा भएपछि पालिकाको काम ठप्प भएको छ । आफू अनुकूलका हाकिम खोज्न जनप्रतिनिधि मन्त्रालय धाइरहेको बताइएको छ ।

# गिट्टी कुट्ने रहर होइन बाध्यता

**मार्तडी समाचारदाता**
*मार्तडी, भदौ १७ गते*

बाजुराको सदरमुकाम मार्तडीनजिकै छ, बाहुलीखोला । त्यही बाहुलीखोलाको किनारमा सधैँ भेटिनुहुन्छ, बाजे र नातिनी । उहाँलाई पसिनाले शरीर पूरै भिजाएको हुन्छ । बुढा बाजेलाई घाम छेक्न नातिनीले छाता ओढाइदिन्छिन् । उहाँहरू नौलो मान्छे देख्दा केही खानेकुरा भए माग्नुहुन्छ ।

७२ वर्षीय बुध्या लोहार र उहाँकी नातिनी बाउली खोलाको किनारमा गिट्टी कुट्नुहुन्छ । जीवनको उत्तरार्धमा लोहारले झेलिरहेको सास्ती कहालीलाग्दो छ । ७२ वर्षको बुढो शरीर र त्यसमाथि ढुङ्गा गिट्टीको काम । भोको पेटमै उहाँ बिहान ६ नबज्दै गिट्टी कुट्न बाहुली खोला किनार पुग्नुहुन्छ । हातमा सानो हतौडा, एउटा लट्ठी, साथमा नातिनी र हातमा छाता बोकेर गिट्टी कुट्न हरेक बिहान बाहुली खोलाको किनारमा पुग्ने र साँझ घर फर्कने बुध्या लोहारको दैनिकी हो ।

गाउँ छाडेर सदरमुकाम मार्तडी आइपुगेका उहाँले गिट्टी कुट्न थालेको करिब दुई वर्ष पुग्न थाल्यो । उहाँ भन्नुहुन्छ, “छोरा घरमा छैन, अहिले छोरीसँगै बसिरहेको छु । यो बुढेसकालमा पाल्ने कोही छैन, यहीं गिट्टी कुट्दै दुःख झेलेको छु ।”

“उतिबेला थोरबहुत तागत थियो, काम गरेर खान समस्या थिएन,” बुध्या भन्नुहुन्छ, “अब साह्रै बुढो भइयो, काम गर्न निकै गाह्रो हुन्छ तर नगरे खान पाइँदैन ।” उहाँको घर गौमूल गाउँपालिका–२ हो । अहिले गाउँ छोडेर मार्तडीको बाउलीखोलामा गिट्टी कुट्दै आउनुभएको छ ।

“गाउँमा खेतबारी थियो, उब्जनी हुँदैन, दुई महिना खानसमेत पुग्दैन । सहारा बन्दिने श्रीमती साथमा छैनन् । तीन वर्षअगाडि श्रीमतीको मृत्यु भयो । अब त घर पनि भत्किसक्यो होला । खेतबारी पनि बाँझै होला । गाउँ फर्कने धोको थियो तर के गर्नु, गिट्टी फुटाएको पैसाले महिनाको दुई हजार कोठा भाडा तिर्न र खानसमेत पुग्दैन,” उहाँले दुःखेसो पोख्नुभयो । उहाँले भन्नुभयो, “गिट्टीसमेत उधारोमा लिन्छन् । अहिलेसम्म पैसा दिएका छैनन् । बिहान बेलुकाको छाक टार्नै धौ धौ छ ।”



**बुढेसकालमा बाउलीखोलामा गिट्टी कुट्दै बुध्या लोहार ।**

स्थानीय प्रकाश विकले कतिपय बाध्यताले गिट्टी कुट्छन् भने कोही रहरले गिट्टी कुट्ने गरेको बताउनुभयो । उहाँका अनुसार योजनाका लागि गिट्टीको माग बढेपछि यो व्यवसाय गर्ने महिला, वृद्धवृद्धा तथा बालबालिकाको सङ्ख्या बढेको छ ।

पछिल्लो समयमा जिल्लामा पक्की भवन, सडक स्तरोन्नति, विद्यालयका भवन जस्ता पूर्वाधार निर्माणका काम बढेपछि गिट्टीको मागसमेत बढेको छ । साना तथा मझौला आयोजना निर्माणका लागि यसरी नै फुटकर रूपमा गिट्टी किन्ने गरिन्छ । स्थानीयस्तरमा हुने आयोजनाको छेउछाउमा फुर्सदका बेला युवकयुवती, विद्यार्थीसमेत बिदाको दिनमा अभिभावकसँग गिट्टी कुट्न जाने गरेका छन् ।

# आयआर्जनबाट ग्रामीण महिलाको परिवार व्यवस्थित

**टीकापुर समाचारदाता**
*टीकापुर, भदौ १७ गते*



परम्परागत खेतीपाती र घरको काममा मात्रै सीमित हुने ग्रामीण क्षेत्रका महिलाले व्यवसाय गरेर आयआर्जन गर्न थालेका छन् । महिलाले घरमै बसेर कमाइ गर्न थालेपछि आर्थिक र परिवार दुवै व्यवस्थित हुन थालेका छन् ।

टीकापुर नगरपालिका–६, लक्षिनापुरकी रामकृष्णी चौधरी ठेलागाडामा फलफूल बेच्नुहुन्छ । घरनजिकै फलफूल बेचेर भएको आम्दानीबाट १२ कक्षा पढ्दै गरेकी छोरीको पढाइखर्च र घरखर्च चलेको छ । जमिनका नाममा घरबास मात्रै भएकाले उहाँले परिवारको खानाखर्च र छोरीको पढाइखर्च जुटाउनु पर्छ । “दैनिक एक हजारदेखि सिजनमा १० हजार रुपियाँसम्मको बिक्री हुने भएकाले परिवारको खर्च चलेको छ,” रामकृष्णी भन्नुहुन्छ, “मैले छोरीको पढाइ, घरखर्च कमाएर घर कुर्ने भएपछि श्रीमान् कहिले भारत त कहिले गाउँमै फर्केर मजदुरी गर्नुहुन्छ । अहिले भारतको लद्दाखमा हुनुहुन्छ । बेला बेला आउने श्रीमान्को कमाइले भइपरी आउने अन्य खर्चको गर्जो टार्ने गरेका छौँ ।” रामकृष्णीले दैनिक तीन सय रुपियाँ बचत पनि गर्नुहुन्छ । गाउँमा पनि उपभोक्ता पाइने सम्भावना देखेपछि भजनी नगरपालिका, जवलपुरकी सलिना चौधरीले घरनजिकै ब्युटी पार्लर खोल्नुभएको छ । गाउँ भए पनि सलिनाको पसलमा दैनिक १० जनासम्म सेवाग्राही आउने गरेका छन् । श्रीमान् विद्यालय शिक्षक भए पनि थोरै तलब आउने र त्यो पनि समयमा नपाउँदा घर चलाउनै समस्या हुन्थ्यो । अहिले तलब जहिले आए पनि बचत हुन थालेको छ । सलिना भन्नुहुन्छ, “दैनिक दुई सय रुपियाँ बचत छ । छोराको पढाइखर्च, घरखर्च सबै व्यवसायबाटै चलेको छ ।”

टीकापुर नगरपालिका–९, बौनियाकी जानकी चौधरी घरमै व्यस्त हुनुहुन्छ । कक्षा ७ सम्मको पढाइ पूरा गरेकी जानकीले घरमै सिलाइ व्यवसाय गरिरहनुभएको छ । सिलाइमा रुचि भएकाले केही समय निजी पसलमा सिलाइ सिक्नुभएकी जानकीलाई एउटा संस्थाले तीन महिनाको व्यावसायिक तालिम दिएपछि व्यवसाय गर्ने आँट मिलेको हो । जानकी भन्नुहुन्छ, “तालिमपछि लेबल एकको प्रमाणपत्र पाएँ । एउटा सिलाइ मेसिन, एउटा इन्टरलक मेसिन पनि मिल्यो । घर पसल जस्तै छ, दिनमा पाँच सयदेखि सात सय रुपियाँसम्मको काम गरिरहेकी छु । पढिरहेका दुई छोरालाई हेरिरहेकी छु ।” जानकी घरमै बसी व्यावसायिक भएपछि उहाँका श्रीमान् ज्यालामजदुरी गर्न बाहिर जाने गर्नुभएको छ ।

परिवारको आवश्यकता बढेर एक्लैको कमाइले पूर्ति हुँदैन । महिला घरैमा आर्जन गर्ने भएपछि पुरुषलाई ढुक्कले कमाउन टाढा टाढा जान मिलेको छ । टीकापुर नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण उपशाखाका प्रमुख सङ्गीता शाह भन्नुहुन्छ, “महिला आयआर्जनमा लाग्दा कमाइका योगदान, बालबालिका, ज्येष्ठ नागरिकको स्याहारलगायत परिवार व्यवस्थापनमा सहयोग पुगेको छ ।” शाहका अनुसार पछिल्लो समय स्थानीय तह र विभिन्न सङ्घ संस्थाले महिलालाई मागमा आधारित तालिम दिन थालेपछि महिलाहरू सिप सिकेर व्यावसायिक भई आत्मनिर्भर बन्ने क्रम बढेको छ । कमाइ आकर्षक नभए पनि यसले पारिवारिक खुसी बढाएको छ ।

# प्रदेश वन ऐन संशोधन गर्न माग

**कैलाली समाचारदाता**
*धनगढी, भदौ १७ गते*

सुदूरपश्चिम प्रदेश वन ऐन संशोधन आवश्यक भएको सरोकारवालाले औँल्याएका छन् । सरोकारवालाले प्रदेश वन ऐनका परिभाषादेखि मूलभूत व्यवस्था नै विरोधाभाषी भएको दाबीसमेत गरेका छन् । आइतबार धनगढीमा प्रदेश वन ऐन, २०७७ का सम्बन्धमा सरोकारवालाबिच भएको अन्तर्क्रियामा सहभागीले संरक्षण र उपयोगमा तालमेल मिलाउनसमेत आग्रह गरेका हुन् । धनगढी उपमहानगरपालिका–३ का वडाध्यक्ष राजबहादुर ऐरले ऐनको प्रस्तावना र अरू दफाहरूबिच नै विरोधाभाष रहेको दाबी गर्नुभयो । उहाँले नदीखोलाले बगाएका रुखहरू उपभोक्ताले सङ्कलन गर्दासमेत मुद्दा बेहोर्नुपर्ने अवस्था रहनु विडम्बना भएको बताउनुभयो ।

कार्यक्रममा सामुदायिक वन अभियन्ता यादवप्रसाद भण्डारीले सङ्घीय र प्रदेश वन ऐन एकअर्कासँग बाझिएको दाबी गर्नुभयो । उहाँले वन कर्मचारीले आफ्नो अनुकूल सङ्घीय र प्रदेश वन ऐनको व्याख्या गर्ने गरेको बताउनुभयो । कार्यक्रममा राष्ट्रिय सामुदायिक वन उपभोक्ता महासङ्घ, कञ्चनपुरका अध्यक्ष धर्मानन्द पन्तले चुरे वनमा हुने क्षतिको कसले जिम्मेवारी लिने भन्ने प्रश्न गर्नुभयो । उहाँले भन्नुभयो, “चुरेबाट बग्ने नदीखोलाको मुहान संरक्षण निकै चुनौतीपूर्ण छ । सामुदायिक वनलाई कबुलियत वनका रूपमा दिने व्यवस्था अस्पष्ट छ ।”

सामुदायिक वनका क्षेत्रमा काम गरेका डण्डिराज सुवेदीले वन ऐनको परिभाषादेखि नै संशोधन आवश्यक रहेको बताउनुभयो । उहाँले उपभोक्ताले वन संरक्षण गर्ने र विकास आदिको नाममा सरकारले अतिक्रमण गर्ने अवस्था रहेको बताउनुभयो । युएनडिपीको सहयोग र समन्वयमा सञ्चार प्रतिष्ठान नेपाल, कैलालीद्वारा आयोजित अन्तर्क्रियामा सहभागीले प्रदेश वन ऐनका समस्याबारे धारणा व्यक्त गरे ।

कार्यक्रममा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति मानबहादुर रावलले प्रदेश वन ऐन संशोधनको आवश्यकता देखिएको बताउनुभयो । उहाँले सरोकारवालाले बुँदागत रूपमा संशोधनका विषय स्पष्ट गर्न आग्रह गर्नुभयो । प्रदेश सभा सदस्य डा. ताराप्रसाद जोशीले वन सम्पदालाई रोजगारी र आर्थिक समृद्धिको आधार बनाउनु आवश्यक भइसकेको चर्चा गर्नुभयो । प्रदेश सभा सदस्य जोशीले प्रविधि र कच्चा पदार्थबिच तालमेल मिलाउने गरी नीतिगत व्यवस्था गरिनुपर्ने बताउनुयो ।

प्रदेश सभा सदस्य जुनाकुमारी दानीले अझै पनि कर्मचारीतन्त्रमा सङ्घीयता नआएको चर्चा गर्नुभयो । प्रदेश सभा सदस्य दानीले व्यवहारमा लागु गर्न नसकिने कानुन संशोधन गर्नुपर्ने बताउनुभयो ।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।**

**प्रकाशित मिति : २०८१।०५।१८ मुद्दा शाखा, मुद्दा नं. ०८०-DR-०३४१**

वादी **प्रोग्रेसिभ फाइनान्स लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८०।११।३० मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।०४।२५ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन ।

कम्पनी रजिस्ट्रारको कार्यालय काठमाडौँमा मिति २०७६/१०/०८ मा दर्ता प्रमाणित रही (द.नं. २३२९२९।०७६।०७७) काठमाडौँ जिल्ला, कीर्तिपुर नगरपालिका वडा नं. २ मा सञ्चालित **ऋणी एग्री ग्रोथ इन्टिग्रेटेड फार्म प्रा.लि**. ... १

लाल बहादुर श्रेष्ठको नाति, बद्री प्रसाद श्रेष्ठको छोरा, बर्दिया जिल्ला, साबिक जमुनी वडा नं. ०७ बढैयाताल गा.पा. वडा नं. १ स्थायी वतन भई हाल काठमाडौँ जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ६ बस्ने अ. वर्ष ३५ को व्यक्तिगत जमानीकर्ता **सागर श्रेष्ठ** (ना.प्र.नं. ५५०३९, जि.प्र.का., उदयपुर, जारी मिति २०५९/१/१५) ... १

साङ्गे शेर्पाकी नातिनी, पेम छिरी शेर्पाकी छोरी, सोलुखुम्बु जिल्ला, साबिक गुदेल गा.वि.स. वडा नं. ४ हाल महाकुलुङ गा.पा. वडा नं. ४ बस्ने अ. वर्ष ४२ की व्यक्तिगत जमानीकर्ता **पासाङ ल्हामु शेर्पा** (ना.प्र.नं.१११००५-२६९, जि.प्र.का., सोलुखुम्बु, जारी मिति २०६८/०५/२७) ... १

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)**

**प्रकाशित मितिः २०८१।०५।१८ मुद्दा शाखा, मुद्दा नं. ०८०-DR-०४४१**

वादी **प्रोग्रेसिभ फाइनान्स लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८०।०२।३२ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।०४।२५ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन ।

घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा, मकवानपुरमा मिति २०७८।०४।११ मा दर्ता प्रमाणित रही (द.नं १००३०।१४७।०७३।०७४) मकवानपुर जिल्ला, मनहरी वडा नं. ०९ ज्यामिरेमा सञ्चालित एन.पी. निर्माण सेवाको प्रोप्राइटर हरी बहादुर वि.क.को नाति, काली बहादुर विश्वकर्माको छोरा, ललितपुर जिल्ला, साबिक गिम्दी गा.वि.स. वडा नं. ०२ हाल परिवर्तित बागमती गा.पा. वडा नं. ७ स्थायी घर भई हाल ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. १४ बस्ने वर्ष ३५ को **दिपेन्द्र विश्वकर्मा** (**ऋणी**) (ना.प्र.नं. २८७८२, जि.प्र.का. ललितपुर, जारी मिति २०६१/०४/०८) ... १

काले सुनारकी नातिनी, कृष्ण बहादुर सुनारकी छोरी, मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका वडा नं. ०६ स्थायी घर भई हाल ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. १४ बस्ने बस्ने अ. वर्ष ३१ की **निशा सुनार** (ना.प्र.नं. ३१-०१-६९-०५९१४ जि.प्र.का. मकवानपुर जारी मिति २०६९/०७/१५) (व्यक्तिगत जमानीकर्ता) ... १

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको जानकारी/सूचना**

**प्रकाशन मितिः २०८१।५।१८ मुद्दा नं. ०८०-DR-००१०/१२७**

वादी **कामना सेवा विकास बैंक लि**. र प्रतिवादी **सुरेन्द्र कुमार विष्ट** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८०।८।२६ मा एकतर्फी फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना वतन फेला नपरी फिर्ता भएकाले मिति २०८१।५।९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ ।

जोगी विष्टको नाति, रन बहादुर विष्टको छोरा, कञ्चनपुर जिल्ला, बेलडाँडी गा.वि.स. वडा नं. ४ हाल भिमदत्त न.पा. वडा नं. ६ बस्ने ऋणी **सुरेन्द्र कुमार विष्ट** (ना.प्र.नं. १०३३१, जारी मिति २०५७।४।२९, जि.प्र.का. कञ्चनपुर) ... १

रन बहादुर विष्टकी बुहारी, सुरेन्द्र कुमार विष्टकी श्रीमती कञ्चनपुर जिल्ला, बेलडाँडी गा.वि.स. वडा नं. ४ हाल भिमदत्त न.पा. वडा नं. ६ बस्ने व्यक्तिगत जमानीकर्ता **शान्ती विष्ट** (ना.प्र.नं. ७५-०१-७२-०५९१५, जारी मिति २०७२।८।२१, जि.प्र.का. कञ्चनपुर) ... २

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)**

**प्रकाशित मिति : २०८१।०५।१८ मुद्दा शाखा, मुद्दा नं. ०८०-DR-०३४३**

वादी **लक्ष्मी सनराईज बैंक लिमिटेड (साबिक लक्ष्मी बैंक लि.)** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८०।१२।०२ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।०४।२७ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन ।

नेपाल सरकार वणिज्य आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, वाणिज्य कार्यालय, सिराहामा मिति २०६९।१०।१२ मा दर्ता नं. २८०८।०६९ अन्तर्गत रजिस्टर्ड दर्ता भएको सिराहा जिल्ला, सुखीपुर न.पा.वडा नं. ८ हाल परिवर्तित सिराहा जिल्ला, सुखीपुर न.पा. वडा नं. ७ स्थित ॐ सप्लायर्स एण्ड ट्रेडर्सको प्रोप्राइटर सुरैत पंडितको नाति, राम दयाल पंडितको छोरा, जिल्ला सिरहा, सुखिपुर न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल जिल्ला सिरहा, सुखीपुर न.पा. वडा नं. ७ बस्ने वर्ष ४८ को ऋणी एवं व्यक्तिगत जमानीकर्ता **देब नारायण पंडित** (ना.प्र.नं. १३११६३/२०६, जि.प्र.का. सिराहाबाट २०४७/०३/११ मा जारी) ... १

राम दयाल पंडितको नाति, देब नारायण पंडितको छोरा, जिल्ला सिरहा, सुखिपुर वडा नं. १० स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, सुखीपुर न.पा. वडा नं. ७ बस्ने वर्ष २४ को व्यक्तिगत जमानतकर्ता **रामईश्वर पंडित** (ना.प्र.नं. १५-०१-७२-०४४८० जि.प्र.का सिरहा २०७२/९/२८) ... १

राम दयाल पंडितकी बुहारी, देब नारायण पंडितकी पत्नी, जिल्ला सिरहा, सुखिपुर न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, सुखीपुर न.पा. वडा नं. ७ बस्ने वर्ष ४६ को व्यक्तिगत जमानतकर्ता **मंजु देवी पंडित** (ना.प्र.नं. ३१४७, जि.प्र.का., सिरहा, जारी मिति २०६२/२/१९) ... १

राम दयाल पंडितको नाति, देब नारायण पंडितको छोरा, सिराहा जिल्ला, सुखीपुर न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, सुखीपुर न.पा. वडा नं. ७ बस्ने वर्ष २२ को व्यक्तिगत जमानतकर्ता **ओम प्रकाश पंडित** (ना.प्र.नं. १५-०१-७३-१३४८९, जि.प्र.का., सिरहा, जारी मिति २०७३/१०/२८) ... १

# लागुपदार्थ सेवन परीक्षण



जुम्लामा पहिलो पटक लागुपदार्थ सेवन परीक्षणबारे जानकारी दिँदै प्रहरी ।

**जुम्ला समाचारदाता**
*जुम्ला, भदौ १७ गते*

जुम्लामा प्रहरीले पहिलो पटक लागुऔषध प्रयोगकर्तालाई लागुऔषध किटको परीक्षण गरेको छ। जिल्ला प्रहरी कार्यालय जुम्लाले लागुऔषध भए/नभएको परीक्षण गरेको जानकारी गराएको छ।

जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रमुख प्रहरी नायब उपरीक्षक छेदिलाल कामतीले पत्रकार भेटघाट गरेर जुम्लामा लागुपदार्थ सेवन (लापसे) परीक्षण गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार पहिलो पटक चार जना व्यक्तिमा परीक्षण गरिएको हो। लागुऔषध परीक्षण गरिएका तीन जनामा पोजेटिभ नतिजा आएको बताउनुभयो। एक जनामा भने ब्राउन सुगर जस्तो खैरो पदार्थ भेटिएको छ।

जिल्ला प्रहरी कार्यालय जुम्लाको तथ्याङ्क अनुसार हरेक वर्ष लागुऔषध बढ्दो क्रममा छ। यस्तै आर्थिक वर्ष २०७७/७८ मा १४ जना, आर्थिक वर्ष २०७८/७९ मा १३ जना, २०७९/८० २५ जना, आर्थिक वर्ष २०८०/८१ मा २६ जना र चालु आर्थिक वर्ष २०८१/८२ मा छ जना लागुऔषधको आरोपमा पक्राउ परेका छन्। यस्तै २०७७/७८ मा लागुऔषधको परिणाम ६८० मिली ग्राम, चरेस १०४ ग्राम बरामद गरिएको थियो। २०७८/७९ मा ब्राउन सुगर एक सय पाँच मिली ग्राम, चरेस ७६.६२ ग्राम र २४१ पिस ट्रमाडोल र कोलोनोजेपाम ट्यापलेट प्रहरीले बरामद गरेको थियो।

# नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम प्रभावकारी

**बुलबुले समाचारदाता**
*सुर्खेत, भदौ १७ गते*

कर्णाली प्रदेश सरकारको नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम प्रभावकारी भएको छ। गत आर्थिक वर्ष २०८०/८१ बाट उक्त कार्यक्रम सुरु गरिएको हो। प्रदेश सरकारको उक्त कार्यक्रम प्रभावकारी देखिएपछि यो वर्षबाट थप व्यवस्थित गर्न लागिएको छ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा यो कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिने जनाइएको छ। नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै 'कर्णाली स्वास्थ्य नागरिक विशेष अभियान' सुरु गर्ने सरकारले जनाएको छ। नयाँ कार्यक्रम अनुसार प्रदेश र जिल्ला अस्पतालमा ज्येष्ठ नागरिक तथा अशक्त अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै वार्डको व्यवस्था गरिने जनाइएको छ। रणनीतिक स्थान तथा दुर्गम हिमाली जिल्लाका स्थानीय तहमा आवधिक विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिने सामाजिक विकास मन्त्रालयले जनाएको छ। ई हेल्थ र दूरचिकित्सा सेवालाई प्रभावकारी बनाई थप विस्तार गर्न लागिएको मन्त्रालयका सूचना अधिकारी रामप्रसाद उपाध्यायले बताउनुभयो। सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गर्न प्रोत्साहनसम्बन्धी अभियान सुरु गर्न लागिएको उहाँले जानकारी दिनुभयो।

गत आर्थिक वर्षमा परीक्षणका रूपमा कार्यक्रम सुरु गरिएको मन्त्रालयले जनाएको छ। कार्यक्रम प्रभावकारी मानिएपछि यो वर्षदेखि पर्याप्त बजेट विनियोजन गरेर कार्यक्रम सञ्चालन गर्न लागिएको हो। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर कार्यक्रम व्यवस्थित गर्न लागिएको हो। कार्यक्रमको कार्यान्वयन स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतले गर्ने छ। चालु आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयनका लागि आठ करोड बजेट विनियोजन गरिएको छ। जसमा स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतमा पाँच करोड ७५ लाख बजेट विनियोजन गरिएको छ। प्रदेश जनस्वास्थ्य प्रयोगशालामा ५५ लाख, सामाजिक विकास मन्त्रालयमा ५० लाख, प्रदेश आयुर्वेद औषधालयमा २० लाख र जिल्लाका स्वास्थ्य सेवा कार्यालय, जनस्वास्थ्य सेवा कार्यालय र मेहेलकुना अस्पतालमा दस/दस लाख बजेट विनियोजन गरिएको छ।



### नयाँ स्वरूपमा कार्यक्रम कार्यान्वयन

नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमलाई प्रदेश सरकारले व्यवस्थित रूपमा कार्यान्वयन गर्ने भएको छ। अहिले कार्यविधि निर्माणको काम भइरहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ। 'नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम' कार्यविधि २०८१ निर्माण भइरहेको मन्त्रालयका सूचना अधिकारी उपाध्यायले बताउनुभयो। उहाँका अनुसार कार्यविधि निर्माणको काम अन्तिम चरणमा पुगेको छ। कार्यक्रमको कार्यान्वयन सबै जिल्ला र निर्देशनालयबाट हुने उहाँले जानकारी दिनुभयो। नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम निकै प्रभावकारी रहेको मन्त्रालयको दाबी छ। नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम जनतासँग प्रत्यक्ष जोडिने कार्यक्रम हो। कार्यविधि निर्माण गरेर कार्यक्रम कार्यान्वयन गर्न लागिएको छ।

जिल्ला–जिल्लाबाट कार्यक्रम कार्यान्वयन

कर्णालीका दस वटै जिल्लाबाट एकै साथ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम कार्यान्वयन हुने छ। त्यसका लागि कार्यविधि निर्माणको काम भइरहेको छ। सबै जिल्लामा दस/दस लाखका दरले बजेट पठाइएको छ। सबै नागरिकलाई स्वास्थ्यको पहुँचमा ल्याउनका लागि कार्यक्रम थालिएको हो। यो वर्षदेखि परिमार्जन गरेर कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। गत आर्थिक वर्षबाट कार्यक्रमको थालनी गरिएको थियो। पर्याप्त बजेट विनियोजन गरेर कार्यक्रम व्यवस्थित गर्न लागिएको छ।

# प्रलोभनमा पारेर मानव बेचबिखन

**सुर्खेत समाचारदाता**
*सुर्खेत, भदौ १७ गते*

कर्णाली प्रदेशमा पढाउने र धेरै पैसा कमाउने बहानामा भित्रभित्रै मानव बेचबिखन हुने गरेको छ। पढाउने बहानामा साना बालबालिका तथा धेरै कमाउने बहानामा महिला तथा किशोरी मानव बेचबिखनको चपेटामा पर्ने गरेका छन्।

महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशील आवाज संस्था सुर्खेतले पढाउने र कमाउने बहानामा बालबालिका तथा महिला र किशोरी नेपालभित्रै तथा बाहिर बेचबिखनको चपेटामा पर्ने गरेको जनाएको छ। संस्थाका कार्यकारी निर्देशक पवित्रा शाहीले गत वर्ष मात्रै आवाज संस्थाले मानव बेचबिखन तथा ओसारपसारका ३३ वटा घटना दर्ता गराएको जानकारी दिनुभयो। हुम्ला, मुगु र डोल्पा जिल्लाबाट बालबालिकालाई काठमाडौँमा राम्रोसँग पढाइदिने प्रलोभनमा पारी ल्याउने क्रममा सुर्खेतमा निगरानी हुँदा समातिने गरेका छन्। पछि उनीहरूलाई जिल्ला फिर्ता गरेर अभिभावकको जिम्मा लगाउने गरिएको छ। यस्तै किशोरी तथा महिलालाई देशभित्रै होटेल तथा देहव्यापारमा संलग्न गराउने र भारततिर समेत बेचबिखन गर्न सक्ने जोखिम बढेको छ।

शाहीले सार्वजनिक रूपमा मानव बेचबिखनका घटना बाहिर नआए पनि भित्रभित्रै भइरहेकाले यसको निगरानीका लागि सामाजिक सङ्घ संस्था र प्रहरीले निगरानी बढाउनुपर्ने सुझाव दिनुभयो। उहाँले प्रहरीले शङ्कास्पद रूपमा एक्लै हिँडिरहेका बालिका तथा किशोरीलाई सोधपुछ गर्दा बेचिनबाट जोगिन सक्ने सुझाव दिनुभयो। कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयका महिला विकास अधिकृत अनिता ज्ञवाली मानव बेचबिखन तथा ओसारपसार रोकथामका लागि जनेचतनामूलक क्रियाकलाप बढी गर्नुपर्ने बताउनुहुन्छ। उहाँले स्थानीय पालिकालाई पनि मानव बेचबिखन तथा ओसारपसार रोकथामका लागि स्थानीयस्तरमा विभिन्न रचनात्मक काम गर्न सुझाव दिनुभयो। इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले आवरणमा एउटा कुरा तर भित्रभित्रै मानव बेचबिखन हुने गरे पनि बाहिर न्यून मात्रामा यससम्बन्धी घटना सार्वजनिक हुने गरेको बताउनुभयो। इन्सेकमा मानव बेचबिखन तथा ओसारपसारका तीन वटा घटना दर्ता हुन आएको जानकारी उहाँले दिनुभयो। भारतसँगै खाडी मुलुकमा पनि बेचबिखनको जोखिम रहेको भन्दै उहाँले धेरै घटना सार्वजनिक नहुँदा रोकथाममा पनि चुनौती थपिएको उल्लेख गर्नुभयो।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख एसपी रूपेश खड्काले मानव बेचबिखनका घटना भित्रभित्रै भइरहेको भनिए पनि प्रमाण नहुँदा यकिन गर्न नसकिने बताउनुभयो। उहाँले मानव बेचबिखन रोकथाम र न्यूनीकरणका लागि सचेतना कार्यक्रम महत्त्वपूर्ण रहेको जनाउनुभयो। समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध निगरानी बढाउन तथा जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिन स्थानीय पालिकालाई आग्रह गर्नुभयो। उहाँले जिल्ला प्रशासन कार्यालयमा राहदानी बनाउन आउने किशोरी तथा महिलालाई पनि बाहिरी देश जाँदा अपनाउनुपर्ने सावधानीबारे जानकारी दिने गरिएको बताउनुभयो। यसैबिच मानव बेचबिखन तथा ओसारपसारविरुद्धको दिवसलाई बढी प्रभावकारी बनाउन सचेतनामूलक कार्यक्रम गरिने भएको छ। यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालयले सरकारी तवरबाट मानव बेचबिखन र ओसारपसारविरुद्ध भइरहेका उपलब्धि एवं कानुनी कुरा र आवाज संस्थाले यस सम्बन्धमा भोगिरहेका चुनौती सार्वजनिक गर्नुका साथै सचेतनामूलक सडक नाटक गरिने आवाज संस्थाका वरिष्ठ मनोपरामर्शकर्ता निशा पौडेलले बताउनुभयो।

# पुल छैन, पढाइ पनि छैन



तस्बिर : राजु लामिछाने

पुमाखोलामा फसेको मालवाहक ट्याक्टर ।

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, भदौ १७ गते*

रुकुमपश्चिमको बाँफीकोट गाउँपालिका–१ र २ को सिमानामा रहेको पुमाखोलामा पुल नहुँदा यहाँका सर्वसाधारणले सास्ती पाउँदै आएका छन्। बर्खा लागेपछि यहाँका बालबालिका खोलाकै डरले नियमित विद्यालय जान पाउँदैनन्।

हिउँदमा खोला तरेर आवतजावत हुने अवस्था भए पनि वर्षायाममा पानीको मात्रा बढ्दा आवतजावतमा समस्या हुने गरेको छ। खोलामा रहेको कलभर्टभन्दा माथिबाट खोला बग्न थालेपछि यातायातका साधनसमेत अवरुद्ध हुने गरेका छन्। बढेको खोलामा तर्न खोज्दा मान्छे तथा गाडी बगाउने गरेको स्थानीयको भनाइ छ।

बाँफीकोट गाउँपालिका–२ निवासी सीता दाहालले हरेक वर्ष पुमाखोलाले दुःख दिने गरेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "कहिले मान्छे बगाउँछ, कहिले गाडी बगाउँछ। बालबच्चा बर्खा लागेपछि विद्यालय जान सक्दैनन्। अभिभावकले पनि साना बालबालिकालाई एक्लै विद्यालय पठाउन सक्दैनन्।"

> कहिले मान्छे बगाउँछ, कहिले गाडी बगाउँछ । बालबच्चा बर्खा लागेपछि विद्यालय जान सक्दैनन् । अभिभावकले पनि साना बालबालिकालाई एक्लै विद्यालय पठाउन सक्दैनन् ।

बाँफीकोट गाउँपालिका–१ की निर्मला नाथले बालबालिकाको पढाइ बर्खाभरि नियमित नहुने गरेको बताउनुभयो। बाँफीकोट गाउँपालिका–१ का बालकृष्ण गौतमले गत वर्ष एक जना मान्छे बगाएको र यस पटक तीन/चार पटक मालवाहक गाडी फसेर क्षति बेहोर्नु परेको जानकारी दिनुभयो। उहाँले खोलाकै कारण यहाँका सर्वसाधारणले जिल्ला सदरमुकाम खलङ्गा, गाउँपालिकाको केन्द्र, छिनेखेतमा रहेको बजार, रुकुमपूर्वको रुकुमकोट आउजाउमा सास्ती पाइरहेको उल्लेख गर्नुभयो।

कर्णाली प्रदेश सरकारले चालु वर्षमा उक्त खोलामा पक्की पुल निर्माणका लागि बजेट विनियोजन गरेको छ। बाँफीकोट गाउँपालिका–१ का वडाध्यक्ष धनबहादुर खड्काले खोलामा पुल नहुँदा ठुलो समस्या झेल्नु परेको जनाउनुभयो। खोलामा पुल नहुँदा वडा नं. १ बाट वडा नं. २ मा रहेको जनकल्याण माविमा पढ्न जाने र वडा नं. २ बाट वडा नं. १ मा रहेको जनभावना आधारभूत विद्यालयमा पढ्न जाने बालबालिकालाई समस्या भइरहेको वडाध्यक्ष खड्काले जानकारी दिनुभयो।

यस खोलामा पुल बनेमा रुकुमपश्चिमको बाँफीकोट गाउँपालिका–१ र २ का साथै रुकुमपूर्वको ३ र ४ का स्थानीयलाई आउजाउमा सहज हुने स्थानीयको विश्वास रहेको छ।

# पाँच दिनपछि खुल्यो राजमार्ग

**कालीकोट समाचारदाता**
*कालीकोट, भदौ १७ गते*

कर्णाली राजमार्ग पाँच दिनपछि नियमित सञ्चालन भएको छ। भदौ ११ गते रातिबाट अवरुद्ध कर्णाली राजमार्गको कालीकोटखण्ड र दैलेखखण्ड आइतबार बेलुकाबाट सञ्चालनमा आएको छ। लगातारको वर्षाले कर्णाली राजमार्गको कालीकोटखण्डमा पर्ने शुभकालिका–१, दही खोला, गगने खोलादेखि एस मोडसम्म पहिरो गएको थियो।

उता दैलेखको आठबिस नगरपालिका–५ मा पर्ने मालाचौरमा सडक भासिएका कारणले पाँच दिनसम्म सडक पूरै अवरुद्ध भएको थियो। अवरुद्ध सडक आइतबार बेलुका खुलेपछि बिचैमा अलपत्र परेका यात्रु तथा मालवाहक गाडी गन्तव्यतर्फ गएका छन्। जिल्ला प्रशासन कार्यालय कालीकोटका अनुसार कालीकोटतर्फको सडक खुला भएको एक दिनपछि दैलेखखण्ड खुल्दा सुर्खेत–जुम्ला पूरै राजमार्ग सञ्चालनमा आएको छ। प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले पाँच दिनसम्म सडक पूर्ण रूपमा बन्द हुँदा व्यापारी सबैभन्दा बढी मारमा परेको बताउनुभयो। स्याउ ढुवानीको समय भएकाले व्यापारी र किसानलाई साह्रै समस्या भएको प्रजिअ नेपालीको भनाइ छ। सडक नियमित भएसँगै कालीकोटको सदरमुकाम मान्मको ताडीमा रोकिएका ६३ वटा स्याउ बोकेका ट्रक गन्तव्यतर्फ गएका छन्।

सडक खुले पनि जोखिम भने कायमै रहेको छ। सडक डिभिजन कार्यालय जुम्लाले सडक नियमित भए पनि पुनः पहिरो झर्ने खतरा रहेकाले रातिको समयमा यात्रा नगर्न सूचना समेत गरेको छ। पहिरोको जोखिम हटेको छैन, धेरै ठाउँमा सडक भाँसिएकाले अरू खतरा बढ्न सक्ने भएकाले रातिको समयमा यात्रा नगर्न कार्यालयले सूचना गरेको हो। दैलेखको मालाचौरदेखि कालीकोटको शुभकालिका–१ एस मोडसम्म नौ किलोमिटर सडक क्षतबिक्षत भएको थियो। सडक अवरुद्ध हुँदा बिरामी र स्याउ ढुवानी गर्दै आएका व्यापारी सबैभन्दा बढी मारमा परेका थिए। कालीकोट र जुम्ला जिल्लाको स्याउ ढुवानीको समयममा पहिरो जाँदा किसान र व्यापारी समस्यामा परेका हुन्।

जिल्ला ट्राफिक कार्यालय कालीकोटका प्रमुख प्रहरी सहायक निरीक्षक टोपबहादुर महताराले सबैतिरको संयुक्त प्रयासले तोकेको समयभन्दा दुई दिनअगाडि सडक खुलाउन सकिएको बताउनुभयो। सडक डिभिजन कार्यालय जुम्लाका प्राविधिकहरूले रातदिन काम गरेको खण्डमा पानी नपरेमा पहिरो पन्छाएर सडक खुलाउन सात दिन लाग्ने बताएका थिए। मौसम सफा हुनु र दैलेख कालीकोटको सुरक्षा टोली पहिरो प्रभावित क्षेत्रमै रहेर निगरानी गरेका कारणले पाँच दिनमा पहिरो पन्छाएर सडक खुला भएको प्रशासनको दाबी छ।

# कालीकोटमा पनि डेङ्गुका बिरामी

**कालीकोट समाचारदाता**
*कालीकोट, भदौ १७ गते*

कालीकोट जिल्लामा अहिलेसम्म डेङ्गुका सात जना बिरामी फेला परेका छन्। लामो समय बिरामी परेका नरहरिनाथ गाउँपालिकाका चार जनामा डेङ्गु सङ्क्रमण भएसँगै बिरामीको सङ्ख्या सात पुगेको हो। नरहरिनाथ अस्पतालमा उपचारका लागि भर्ना भएका तीन जनामा डेङ्गु देखा परेको हो।

नरहरिनाथ गाउँपालिकाका एक जना र सुर्खेतका एक जनाको स्वास्थ्य चौकीमा परीक्षण गर्दा सङ्क्रमण भएको पाइएपछि नरहरिनाथका मात्र चार जनामा डेङ्ग परीक्षण गर्दा पोजेटिभ देखिएको हो। योसँगै जिल्लाभर आठ जनामा डेङ्गु देखिएको हो। नरहरिनाथ गाउँपालिका–३ का हिरामणि उपाध्यायलगायतका चार जनामा सङ्क्रमण पुष्टि भएको अस्पतालले जनाएको छ। नरहरिनाथ अस्पताल कुमालगाउँका प्रमुख डा. जितेन्द शाहले शङ्का लागेर परीक्षण गर्दा तीन जनामा डेङ्गु भएको पाइएको बताउनुभयो।

उहाँहरूलाई भर्ना गरेर उपचार गरिरहेको तर उहाँहरूले आफैँ जिल्ला अस्पतालमा जाने र त्यहाँ उपचार गर्ने भनेपछि जिल्ला अस्पताल पठाएको उहाँले जनाउनुभयो। सङ्कमितहरू तीन जना नरहरिनाथ गाउँपालिका–१ र एक जना वडा नं ३ का रहेका छन्। वडा नं ३ का उपाध्याय केही समय सुर्खेत बसिरहनुभएकाले उतै सङ्क्रमित हुनुभएको हो भने अरू तीन जनाको उच्च ज्वरो आएकाले परीक्षण गर्दा सङ्क्रमण पुष्टि भएको डा. शाहले बताउनुभयो। गाउँमा यसरी डेङ्गु देखा पर्नु खतरा रहेकाले सचेत हुन डाक्टर शाहले अनुरोध गर्नुभयो। नरहरिनाथ गाउँपालिकाबाट थप उपचारका लागि जिल्ला अस्पताल जान्छौं भनेका बिरामी जिल्ला अस्पतालमा पुगेका छैनन्। अस्पतालका स्टाफ नर्स मीरा शाहीले भन्नुभयो, "यहाँ आउनुभएको छैन, केही सुधार भएर आजसम्म यहाँ नआएको होला।"

डेङ्गुका बिरामी कालीकोटमा यसभन्दाअगाडि पनि देखिएका थिए। डेङ्गु रोग नियन्त्रणका लागि जनचेतना कार्यक्रम गरिरहनुभएका स्वास्थ्य सेवा कार्यालय कालीकोटका सिनियर अहेब हेमराज बमले शुभकालिका गाउँपालिकाका तीन जना र खाँडाचक्र नगरपालिकाका एक जना सङ्क्रमित निको भएर घर गइसकेको बताउनुभयो। उहाँले सुर्खेतमा सङ्क्रमित भएका कालीकोटका व्यक्ति भए पनि यहाँ गणना नहुने बताउनुभयो। कालीकोटमा हालसम्म सात जनामा सङ्क्रमण पुष्टि भएको छ।

नरहरिनाथ–३ का हिरामणि उपाध्यायले पनि आफूलाई डेङ्गु पुष्टि भएको र अहिले उपचारमा रहेको बताउनुभयो। एडिस एजिप्टाई प्रजातिको लामखुट्टेका कारणले डेङ्गु सङ्क्रमण हुने गरेको चिकित्सक बताउँछन्।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको जानकारी/सूचना।**
**प्रकाशन मिति : २०८१।५।१८** **मुद्दा नं. ०७९-DR-०२७८/१४९**

वादी **ग्लोबल आइएमई बैंक लि.** र प्रतिवादी **रमेश कुमार घिमिरे** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८०।९।१७ मा एकतर्फी फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना बेपत्ते तामेली भएकाले मिति २०८१।५।९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।
प्रा.फ.र.नं. २९५३६।०७४।७५ मिति २०७४।४।६ मा वाणिज्य कार्यालय, विराटनगरमा दर्ता भई मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. १ स्थित रजिस्टर्ड भएको प्रद्युम्न सप्लायर्सका प्रोप्राइटर बद्रीनाथ घिमिरेको नाति, नारायण प्रसाद घिमिरेको छोरा, खोटाङ जिल्ला, बुइपा गा.वि.स. वडा नं. ८ परिवर्तित रूपाकोट मझुवागढी नगरपालिका वडा नं. १४ बस्ने ऋणी **रमेश कुमार घिमिरे** (ना.प्र.नं. ४४० मिति २०५१।११।१९, जि.प्र.का. खोटाङ) .... १
नारायण प्रसाद घिमिरेकी बुहारी, रमेश कुमार घिमिरेकी पत्नी, ललित बहादुर कार्कीकी छोरी, मोरङ जिल्ला, मृगौलिया गा.वि.स. वडा नं. ४ परिवर्तित सुन्दरहरैचा नगरपालिका वडा नं. २ बस्ने व्यक्तिगत जमानीकर्ता **अम्बिका कार्की** (ना.प्र.नं. ७६१३२ मिति २०६०।४।१९, जि.प्र.का. मोरङ) ... २

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(५) बमोजिमको जानकारी/सूचना।**
**प्रकाशन मिति : २०८१।५।१८** **मुद्दा नं. ०७९-DR-०२६६/१८७**

वादी **एनएमबि बैंक लि.** र प्रतिवादी **समिम अहमद** समेत भएको ऋण असुली मुद्दा यस न्यायाधिकरणबाट मिति २०८०।१०।११ मा एकतर्फी फैसला भएको र उक्त फैसलाको जानकारीका लागि जारी भएको सूचना मिति २०८१।३।२८ र २०८१।४।७ मा बेपत्ते तामेली भएकाले मिति २०८१।५।९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।
सम्सेर अलिको नाति, अब्दुल रहिमको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १३ परिवर्तित पोखरा म.न.पा. वडा नं. १३ बस्ने ऋणी **समिम अहमद** (ना.प्र.नं. १५६०६८, जारी मिति २०६१।१२।२५, जि.प्र.का. कास्की ... १
मथुरा मान नेपालीकी नातिनी, सुर्य मान नेपालीकी छोरी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १३ परिवर्तित पोखरा म.न.पा. वडा नं. १३ बस्ने व्यक्तिगत जमानतकर्ता **सुस्मिता नेपाली** (ना.प्र.नं. १००१/१४१३८, जारी मिति २०६७।१२।१ जि.प्र.का. कास्की) ... २
भद्र प्रसाद खनालको नाति, पिताम्बर खनालको छोरा, स्याङ्जा जिल्ला, आरुचौर गा.वि.स. वडा नं. १ परिवर्तित अर्जुनचौपारी गा.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल पोखरा म.न.पा. वडा नं. १७ बस्ने व्यक्तिगत जमानतकर्ता **अशोक कुमार खनाल** (ना.प्र.नं. ४४९७९, जारी मिति २०५५।२।२४ जि.प्र.का. स्याङ्जा) ... ३

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)**
**प्रकाशित मिति : २०८१।०५।१८** **मुद्दा शाखा, मुद्दा नं. ०७९-DR-०२७४**

वादी **लक्ष्मी सनराईज बैंक लिमिटेड (साबिक लक्ष्मी बैंक लि.)** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८०।०२।०७ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।०४।२७ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन।
विर बहादुर खड्काको नाति, सालीग्राम खडकाको छोरा, सुनसरी जिल्ला, साबिक मधेशा गा.वि.स. वडा नं. ०३ को हाल इनरुवा न.पा. वडा नं. ५ बस्ने वर्ष ४० को **शुभाष खडका (ऋणी)** (ना.प्र.नं. २०८६२/२२८६२ मिति २०५१/०१/०२ जि.प्र.का. धनुषा) ...... १
सालीग्राम खडकाकी बुहारी, शुभाष खडकाकी पत्नी तथा तिलक बहादुर सोडारी क्षेत्रीकी छोरी, धनुषा जिल्ला, साबिक तल्सी गा.वि.स. वडा नं. ३ को हाल मिथिला न.पा. वडा नं. १ बस्ने वर्ष ३३ की **टेक कुमारी बुढाथोकी** (ना.प्र.नं. १११८५५३१ मिति २०५५/०४/०६ जि.प्र.का. धनुषा) (धितो जमानतकर्ता) ... १

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)**
**प्रकाशित मिति : २०८१।०५।१८** **मुद्दा शाखा, मुद्दा नं. ०८०-DR-०४०७**

वादी **कामना सेवा विकास बैंक लिमिटेड** प्रतिवादी तपाईं निम्न बमोजिमका व्यक्तिबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८१।०२।०३ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८१।०४।२५ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्नेछैन।
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौँमा मिति २०७७/०६/०६ मा दर्ता नं. २४२५८९/०७७/०७८ बाट दर्ता भएको रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ९ स्थित ऋणी **तेजु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** ... १
बाल कृष्ण क्षेत्रीकी नातिनी, पान बहादुर क्षेत्रीकी छोरी, रुपन्देही जिल्ला, करहिया गा.वि.स./उ.म.न.पा. वडा नं. २ (परिवर्तित रुपन्देही जिल्ला, मायादेवी गा.पा. वडा नं. २) नागरिकतामा ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०७, खैरेनी तन्डन टोल बस्ने वर्ष ३१ की अख्तियार प्राप्त व्यक्ति/जमानीकर्ता **तेज कुमारी क्षेत्री** (ना.प्र.नं. ३७१००६/२९७५५/रुपन्देही, जारी मिति २०६७/१२/१४) ... १
अर्जुन क्षेत्रीको नाति, बाल कृष्ण क्षेत्रीको छोरा, रुपन्देही जिल्ला, करहिया वडा नं. २ (परिवर्तित मायादेवी वडा नं. २) नागरिकतामा ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ९ बस्ने वर्ष ७० को जमानीकर्ता **पान बहादुर क्षेत्री** (ना.प्र.नं. ८/१५८/रुपन्देही, जारी मिति २०४६/०१/११) ... १
बाल कृष्ण क्षेत्रीको नाति, पान बहादुर क्षेत्रीको छोरा, रुपन्देही जिल्ला, करहिया गा.वि.स./उ.म.न.पा. वडा नं.२ (परिवर्तित रुपन्देही जिल्ला, मायादेवी गा.पा. वडा नं. २) नागरिकतामा ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ९ बस्ने वर्ष २८ को जमानीकर्ता **रेशम क्षेत्री** (ना.प्र.नं. ३७३००६/२४/रुपन्देही, जारी मिति २०७०/०२/२३) ... १

# सडक जलमग्न बढ्यो दुर्घटनाको जोखिम



तस्बिर : छविलाल पाण्डे

**सैनामैनाको कलौनीमा सडकमै आएको बाढीमा जोखिम मोलेर वारपार गर्दै सवारीसाधन ।**

**बुटवल समाचारदाता**
*बुटवल, भदौ १७ गते*

पूर्वपश्चिम राजमार्गमा भारी वर्षा हुँदा सडक नै जलमग्न भएर ताल र खोला बन्दा दुर्घटनाको जोखिम बढेको छ। खास गरी बुटवलदेखि १८ किलोमिटर पश्चिम सैनामैनाको सालझन्डी क्षेत्रसम्मै भीषण वर्षा हुँदा सडक पूरै तालमा परिणत हुने गरेको छ।

सडक डुबान हुँदा दुर्घटनाको जोखिम बढेको इलाका प्रहरी कार्यालय बुटवलले जनाएको छ। केही स्थानमा भने सडकबाटै बाढी बग्ने गरेकोसमेत देखिएको छ। बुटवलपश्चिम तामनगर, रानीबगिया, झारबैरा, मुर्गिया, कलौनी, रामापुर, बाँसगढी क्षेत्रमा सडक डुबान परेर ताल बन्ने गरेको छ।

इलाका प्रहरी कार्यालय मुर्गिया रन्यौराका प्रहरी निरीक्षक प्रदीप पौडेलले ठुलो पानी आउँदा राजमार्ग नै जलमग्न भएर ताल बन्दा दुर्घटनाको जोखिम धेरै बढेको बताउनुभयो। पूर्वपश्चिम राजमार्ग नै डुबानमा परेका कारण उक्त सडक भएर यात्रा गर्न जोखिम रहेको छ।

प्रहरी निरीक्षक पौडेलले केही दिनअघिको भारी वर्षाले पूरै सडक जलमग्न भएर ताल परेपछि आफूहरूले 'स्कर्टिङ' गरेर सवारीसाधन पार गराउनु परेको बताउनुभयो। गत भदौ ४ गते परेको भीषण वर्षाले सैनामैनाको बजार क्षेत्र मुर्गिया, रानीबगिया, झारवैरा, कलौनी, सालझन्डीलगायतका क्षेत्रमा दिनभर डुबान भएको थियो।

स्थानीय रामप्रसाद पोखरेलले सैनामैनाको कलौनीमा सडकमै बाढी पस्दा एउटा बस र एक ट्रकका साथै केही मोटरसाइकल कलभर्टमा फसेको र स्थानीयको सहयोगमा निकालिएको बताउनुभयो। कलौनीका स्थानीय समाजसेवी एकदेव पौडेलले सडकमा बाढी पस्नुको मुख्य कारण पानीको निकास बन्द हुनु रहेको बताउनुभयो। उहाँले ढल पुरेर प्लटिङ गर्ने र बाटो बनाउने तथा ऐलानी जग्गा मासेर घर बनाउँदा समस्या भएको बताउनुभयो।

सडकवरिपरिको क्षेत्रमा घर बनाउँदा सडक तल र घर माथि हुने गरी बनाउँदा सडक तल पर्ने र सानो पानी आउँदा पनि वरिपरिको पानी सडकमै जम्मा हुने समस्या बढेको हो।

कतिपय स्थानमा भने निर्माण गरिएका सडकका कलभर्ट फोहोरले पुरिंदा पानी कलभर्टबाट नभई सडक माथिबाटै बग्ने गरेकाले जोखिम बढेको देखिएको छ। उता बुटवल गोरुसिङ्गे सडक आयोजना बुटवलका प्रमुख होमबहादुर एसीले वरिपरिको जमिनभन्दा सडक तल परेका कारण सडक ताल बन्ने गरेको बताउँदै अब उक्त सडक विस्तार हुने क्रम सुरु भएकाले उक्त समस्या समाधान हुने बताउनुभयो।

# पुस्तकालयको लोकप्रियता घट्दै गएकोमा चिन्ता

**बुटवल समाचारदाता**
*बुटवल, भदौ १७ गते*

१७ औँ पुस्तकालय दिवसका अवसरमा रुपन्देहीको सैनामैना नगरपालिकामा रहेको लुम्बिनी तिनाउ सामुदायिक पुस्तकालयमा पाठकको सङ्ख्या घट्दै गएकोमा चिन्ता प्रकट गरिएको छ।

१७ औँ पुस्तकालय दिवसका अवसरमा सैनामैनाको बाँसगढीमा आयोजित अन्तर्क्रिया कार्यक्रममा सहभागीले सूचना प्रविधिको प्रयोग बढेका कारण पाठक पुस्तकालयमा आउने क्रम घटेको बताएका छन्।

सैनामैना नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीले विश्व सूचना संसारको युगमा प्रवेश गरिसकेको अवस्थामा पुराना पुस्तकालयको पहिचान जोगाउन चुनौती रहेको बताउँदै अब ई पुस्तकालयका रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

पुस्तकालयका अध्यक्ष गोपाल भण्डारीले पुस्तकालय चलाउन समस्या रहेको बताउँदै पुस्तकालयलाई परिवर्तित सन्दर्भमा त्यसको भूमिकामा पनि परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। उहाँले पुस्तकालयमा अध्ययनका लागि पाठक आउँदै नआउने बताउँदै पुस्तकालयलाई जोगाउने चिन्ता रहेको उल्लेख गर्नुभयो। पुस्तकालयका संस्थापक अध्यक्ष युवराज काफ्लेले पुस्तकालय स्थापना गर्दा पुस्तकालयमै आएर अध्ययन गर्ने पाठकको उल्लेख्य सङ्ख्या रहे पनि पछिल्लो समय पाठकको अभाव भइरहेकाले अब पुस्तकालयलाई प्रज्ञा–प्रतिष्ठानको अङ्गका रूपमा विकास गर्नुपर्ने खाँचो औँल्याउनुभयो।

सैनामैना नगरपालिकाका शिक्षा शाखा प्रमुख राधा बेल्बासेले नेपालमा स्थापना भएका पुस्तकालयले नेपालमा प्रजातन्त्र स्थापनाका लागि महत्त्वपूर्ण भूमिका खेलेको चर्चा गर्दै ऐतिहासिक पुस्तकालयको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो।

# तीन जना पक्राउ

**सिद्धार्थनगर समाचारदाता**
*सिद्धार्थनगर, भदौ १७ गते*

सामूहिक बलात्कार गरेको आरोपमा रुपन्देहीको कोटहीमाई गाउँपालिकाका तीन युवा पक्राउ परेका छन्। युवतीले शनिबार जिल्ला प्रहरीमा जाहेरी दिएपछि उनीहरू पक्राउ परेका हुन्। स्थानीयका अनुसार डेढ साताअघि गाउँकै तीन व्यक्तिले तालिममा सहभागी गराउने भन्दै होटेलमा पुर्‍याएका थिए।

तालिममा सहभागी गराउने भन्दै झुक्याएर होटेलमा पुर्‍याएर बन्धक बनाएपछि सामूहिक बलात्कार गरेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय, रुपन्देहीका प्रवक्ता मनोहरप्रसाद भट्टले शनिबार पीडितको जाहेरी प्राप्त भएपछि आरोपित तीन जनालाई पक्राउ गरिएको बताउनुभयो। जाहेरी प्राप्त भएपछि घटनाको अनुसन्धान अगाडि बढाइसकेको उहाँको भनाइ छ।

स्थानीयका अनुसार गत भदौ ५ गते कोटहीमाई–५ का मुकेशकुमार चौधरी (कुर्मी) ले तालिममा सहभागी गराउने भन्दै युवतीलाई मोटरसाइकलमा राखेर होटेलमा पुर्‍याएका थिए। त्यसपछि भैरहवानजिकै वनगाईमा रहेका कोटहीमाई–६ का मनोहर चौधरी र कोटहीमाई–३ का शैलेशकुमार पाण्डेय पनि उक्त होटेलमा पुगेका थिए। युवतीका आफन्तले ती युवाले लुम्बिनीको एक होटेलमा पुर्‍याई बन्धक बनाएर बलात्कार गरेको आरोप लगाएका छन्।

होटेलमा पुर्‍याएपछि अरू सहभागी नदेखेर युवतीले घर फर्किने जनाएपछि युवाले अन्य सहभागी आउँदै छन् भनेर अल्झाएको युवतीका आफन्तले बताए। भदौ ६ गते बिहान मुकेशले नै युवतीलाई गाउँनजिक ल्याएर छाडेका थिए। कोटहीमाईका एक स्थानीयले भन्नुभयो, "लाजले गर्दा घटना लुकाएकी रहिछन्। दुई दिनअघि मात्रै गुप्ताङ्गबाट धेरै रगत बगेपछि घटना खुल्यो, अहिले युवतीको उपचार भइरहेको छ।"

घटना भदौ पहिलो हप्ताको भए पनि शनिबार मात्रै पीडितको जाहेरी आएकाले तीन जनालाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक रञ्जितसिंह राठौरले जानकारी दिनुभयो।

# दुर्घटनामा एक जनाको मृत्यु

**तानसेन समाचारदाता**
*तानसेन, भदौ १७ गते*

पाल्पामा स्कुटर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। रामपुर–१०, गेझा बर्दलेका ४० वर्षीय यमबहादुर खरुमगरको मृत्यु भएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायब उपरीक्षक सुगन्ध श्रेष्ठले सोमबार पाल्पाको रामपुर–१०, बर्दलेबाट रामपुरकै रामटारतिर जाँदै गरेको स्कुटर अनियन्त्रित भई सडक किनारको डिभाइडरमा ठोक्किँदा खरुमगरको मृत्यु भएको जानकारी दिनुभयो।

# नरैनापुरमा चिकित्सक र औषधी



तस्बिर : सिराज खान

**प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा नरैनापुर पुगेको टोली स्वास्थ्य अवस्था बुझ्दै ।**

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, भदौ १७ गते*

बाँकेका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा चिकित्सक र औषधी लिएर स्वास्थ्य कार्यालयको टोली नरैनापुरको गेगलीगाउँमा सोमबार पुगेको छ।

भारतीय सीमा नजिकको नरैनापुरमा–३, गेगलीगाउँमा झाडापखाला लागेर एकै परिवारका तीनसहित चार जनाको मृत्यु भएको थियो। बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालसहितको टोली चिकित्सक र औषधी लिएर प्रभावित गाउँमा पुगेको हो।

स्वास्थ्य कार्यालय बाँकेका प्रमुख धीरजङ्ग शाहले प्रमुख जिल्ला अधिकारीसहित चिकित्सक र औषधी लिएर गेगलीगाउँ पुगेको जानकारी दिनुभयो। उहाँले अहिले त्यहाँ पखालाका गम्भीर बिरामी नदेखिएको र झाडापखाला वा अन्य के कारणले चार जनाको मृत्यु भएको हो भन्ने बारेमा अनुसन्धान सुरु गरिएको बताउनुभयो।

स्वास्थ्य कार्यालयका सूचना अधिकारी जनस्वास्थ्य अधिकृत नरेश श्रेष्ठ नेतृत्वको टोलीले अनुसन्धान गरिरहेको उहाँले बताउनुभयो। अनुसन्धानपछि मात्रै के कारणले मृत्यु भएको वा सर्वसाधारण बिरामी परेका हुन् भनेर जानकारी प्राप्त हुने स्वास्थ्य कार्यालयका प्रमुख शाहको भनाइ छ।

गेगलीगाउँमा केहीलाई ज्वरो आउने, टाउको दुख्ने र पेट दुख्ने जस्तो समस्या देखिएकाले चिकित्सकको टोलीले उपचार गरिरहेको स्वास्थ्य कार्यालयले जनाएको छ। नरैनापुर–३ का वडा सदस्य तथा गेगलीगाउँको छिमेकी गाउँका बासिन्दा यार मोहम्मद खाँले मृत्यु भएका चारै जनाले पहिले बान्ता गरेको अनि पखाला लागेको र सँगसँगै ज्वरो आएर टाउको दुखेपछि मृत्यु भएको बताउनुभयो।

आइतबार एकै परिवारका तीन जना हरिराम पासीकी श्रीमती रुसा पासी, उहाँकी छोरी नन्दनी पासी र मोहनलाल पासीकी श्रीमती शान्ति पासी तथा सखावत अलीका छोरा युसुफको मृत्यु भएको थियो।


**श्री उद्योग विभाग बाट राठी एडहेसिभ प्रा. लि.को नाममा जारी भएको ७(सात) दिने सूचना**

यस विभागमा भारत स्थित SUPER BOND ADHESIVES PVT. LTD. ले विराटनगर म.न.पा. ७ मोरङ स्थित राठी एडहेसिभ प्रा. लि. विरुद्ध मिति २०८०/९/१२ मा दायर गरेका उजुरीका सम्बन्धमा लिखित प्रतिक्रिया पेश गर्नु भनी यस विभाग बाट राठी एडहेसिभ प्रा. लि. को नाम, ठेगानामा संक्षिप्त कार्याविधी ऐन, २०२८ बमोजिम उजुरीको प्रतिलिपी समेत राखी सात (७) दिने म्याद/सूचना पठाईएको मा कुनै प्रतिक्रिया नआएकोले पुन: सूचना प्रकाशन गरिदिएको छ । सूचना प्रकाशन भएको मितिले वाटाको म्याद वाहेक ७ (सात) दिनभित्र यस विभागको कानुन शाखामा आईपुग्ने गरि आफ्नो सवुद प्रमाण र लिखित प्रतिक्रिया सहित हाजिर हुनुहोला । यस सूचनामा तोकिएको म्यादभित्र लिखित प्रतिक्रिया प्राप्त नभए कानुन बमोजिम हुने छ र पछि तपाईको कुनै उजुर लाग्ने छैन ।

| सि. नं. | उजुरीकर्ताको नाम र ठेगाना | म्याद सूचना जारी गरिएको उद्योग/कम्पनीको नाम र ठेगाना | उजुरीको विषय | ट्रेडमार्कको नाम | आवेदन नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SUPER BOND ADHESIVES PVT. LTD. | राठी एडहेसिभ प्रा.लि | ट्रेडमार्क दावी विरोध | KARIGAR PVC-WELD (and logo) KARIGAR SUPERFAST (and logo) | ११०१३१ ११०१३२ | |


# सङ्कटमा शिला शालिग्रामको अस्तित्व



तस्बिर : तिलाचन पाण्डे

**शिला शालिग्राम जाने बाटोमा सेतीखोला बग्दै ।**

**तम्घास समाचारदाता**
*तम्घास, भदौ १७ गते*

शिला शालिग्रामसम्म जाने बाटोमा खोला बगेपछि नजिकै गएर शिला शालिग्राम दर्शन गर्न समस्या भएको छ। सेतीखोलाले धार परिवर्तन गरेर बग्दा शिला शालिग्रामको अस्तित्व नै मेटिने हो कि भनेर कतिपयले चिन्तासमेत व्यक्त गर्न थालेका छन्।

गुल्मी, स्याङ्जा र पर्वतको सङ्गमस्थल सेतीवेनीमा रहेको शिला शालिग्राम दर्शन गर्न गल्याङ नगरपालिकाबाट आएका सन्तोष भट्टराईले टाढैबाट दर्शन गरेर फर्किएको बताउनुभयो। पहिले शिला शालिग्राम छोएरै दर्शन गर्ने गरेको बताउँदै उहाँले अहिले शिलासम्म जाने बाटोमा खोला बगेपछि टाढाबाटै दर्शन गर्नु परेको बताउनुभयो।

शिला शालिग्रामको दर्शन गर्न पुगेका पर्वतका राजु तिवारीले पनि नजिकैबाट दर्शन गर्न नपाएको गुनासो गर्नुभयो। शिला शालिग्राम दर्शन गर्न योजना बनाएर आए पनि नजिकैबाट दर्शन गर्न नपाएको उहाँले बताउनुभयो। पहिलेभन्दा अहिले सेतीखोलाले धार परिवर्तन गरेर बगेपछि समस्या आएको तिवारीको भनाइ छ।

शिला शालिग्राम संरक्षणमा पनि सरोकारवाला कसैको ध्यान जान सकेको छैन। शिला शालिग्रामको वरपरबाट लगाइएको पर्खाल पनि भत्किएको छ। यसका कारण शिला शालिग्राम परिक्रमा गरेर दर्शन गर्ने अवस्थासमेत नरहेको र दर्शन गर्नेका लागि पनि जोखिम छ। तीन जिल्ला र दुई प्रदेशको सङ्गम स्थलमा शिला शालिग्राम रहे पनि संरक्षणमा केन्द्र, प्रदेश र स्थानीय सरकारले चासो देखाएको पाइएको छैन।

गुल्मीका ८३ वर्षीय खिमानन्द पाण्डेले पर्खाल भत्किएको करिब पाँच वर्ष पुग्दासमेत फेरि पर्खाल लगाउने र संरक्षणमा कसैको ध्यान नजानुले धर्मकर्मप्रतिको विश्वास घट्दै गएको दुःखेसो पोख्नुभयो। स्याङ्जाको गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले सेती खोलाले धार परिवर्तन गरेकै कारण शिला शालिग्राम दर्शन गर्नबाट वञ्चित हुनु परेको स्वीकार गर्नुभयो।

सेतीखोलाको पर्वत तर्फबाट लगाइएको पर्खालका कारण उक्त समस्या देखा परेको उहाँको तर्क छ। शिला शालिग्रामको प्रचारप्रसार र दीर्घकालीन सोचका साथ पहिले तीन जिल्लाका तीन वटै स्थानीय सरकार एकजुट हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

शिला शालिग्रामको संरक्षणका लागि एक पटक संयुक्त बैठक बसेर डिपिआर गर्ने गरी योजना बनाएको उक्त योजना कार्यान्वयन गर्न दुई स्थानीय सरकारले चासो नदेखाएको उहाँको आरोप छ। स्थानीय सरकारको बजेटबाट शिला शालिग्राम संरक्षणमा नसकिने भएको हुँदा प्रदेश र सङ्घबाट उचित बजेटको व्यवस्था गर्नुपर्ने भएकाले सबैको साथ र सहयोग आवश्यक रहेको उहाँको भनाइ छ।

गुल्मीको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष वेदबहादुर थापाले शिला शालिग्रामको संरक्षणनिम्ति आफू सधैँ तयार रहेको बताउनुभयो। शिला शालिग्राम संरक्षणमा एक्लैको पहलले नहुने भएकाले संयुक्त रूपमा केन्द्रबाट नै पहल हुनुपर्नेमा उहाँले जोड दिनुभयो।


**त्रिभुवन विश्वविद्यालय**
**विश्वविद्यालय क्याम्पस, प्रिन्सिपलको कार्यालय, कीर्तिपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**बोलपत्र नं. NCB/TUPO/GOODS/2080/081-01 (सूचना प्रकाशित भएको मितिः २०८१/०५/१८)**

यस विश्वविद्यालय क्याम्पस प्रिन्सिपलको कार्यालय मातहत रहेको भूगोल केन्द्रीय विभागको प्रयोगशालाको स्तरोन्नती गर्ने सम्बन्धमा मिति:२०८१।०३।२६ गतेको गोरखापत्रमा e-Bidding मार्फत प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार पेस भएका ०९ ओटा बोलपत्रहरु मध्ये उल्लेखित बोलपत्र प्राविधिक तथा आर्थिक दृष्टिले सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा त्रि.वि आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को परिच्छेद १२ को नियम ५२ ञ ऐ को उप नियम २ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कार्यको विवरण | कबोल गरेको अंक मु.अ.कर र PS सहित | सफल बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| NCB/TUPO/GOODS/2080/081-01 | Supply, Delivery and Installation of Furniture, Electrical and Allied Works for RS and GIS Training Centre | 77,75,869/- | Techno Nepal Engineering Solutions Pvt. Ltd. Sanepa Heights-02 Lalitpur |



**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुर, काठमाडौं**

**क्याम्पस प्रमुख छनौट समितिको सूचना**

**प्रकाशित मिति : २०८१/५/१८**

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० (२०८०।३।१२ सम्मको संशोधन सहित) को परिच्छेद ५२ को नियम १८५(२) साथै त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद १९ बमोजिम त्रिभुवन विश्वविद्यालयका तपशिलमा उल्लेखित आंगिक क्याम्पसहरुमा रिक्त र निकट भविष्यमा रिक्त हुने क्याम्पस प्रमुख पदका लागि योग्य उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र विनियम ३९ (२) मा व्यवस्था भए बमोजिम आवश्यक कागजात साथै आशयपत्र निम्नलिखित इमेलमा पेश गर्नु हुन अनुरोध छ ।

| क्र.सं | क्याम्पस | आवेदन पेश गर्ने पद | इमेल |
|---|---|---|---|
| १ | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर चितवन | क्याम्पस प्रमुख | CCScommittee@tu.edu.np |
| २ | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंज, बाके | | |
| ३ | सानोठिमी क्याम्पस, सानोठिमी भक्तपुर | | |
| ४ | ललितकला क्याम्पस, भोटाहिटी, काठमाडौं | | |
| ५ | भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | | |
| ६ | धवलागिरी बहुमुखी क्याम्पस, वाग्लुङ | | |
| ७ | महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं | | |
| ८ | भोजपुर बहुमुखी क्याम्पस, भोजपुर | | |

❖ विस्तृत विवरणका लागि त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ website : tu.edu.np मा उपलब्ध छ ।

**सच्चाइएको :** मिति २०८१।५।१७ मा गोरखापत्र र कान्तिपुर दैनिकमा प्रकाशित सूचनामा सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेत को नाम अन्यथा भएकोमा सच्चाइएको छ साथै कृषि र पशु विज्ञान अध्ययन संस्थानको डीन पद का लागि आवेदन पेश गर्ने इमेल ioaasdeanselection@tu.edu.np हुनुपर्ने र योजना निर्देशनालयको निर्देशक पदका लागि आवेदन पेश गर्नुपर्ने इमेल directorplanningselection@tu.edu.np हुनुपर्नेमा छुट भएकोले सच्चाइएको छ ।



**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**प्राप्ती शाखा, गौचर, काठमाडौं ।**

**वोलपत्र (e-bid) आव्हानको सूचना**

**प्रकाशित मिति : २०८१।०५।१८ (3rd Sept., 2024)**

यस कार्यालयको लागि आवश्यक तपसिल बमोजिमको सामान खरिद गर्ने सम्बन्धमा e-bid को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा बोलपत्र सम्बन्धि सम्पूर्ण काम/कारवाहीको लागि PPMO को website www.bolpatra.gov.np/egp मा Login गर्नुहुन अनुरोध छ ।

| S.No. | Description of Work |
|---|---|
| 1. | Supply and Delivery of Security Sticker, NCB/03/PROSEC/2081/82 |



**नेपाल पर्वतारोहण संघ**
नागपोखरी, नक्साल, काठमाडौं

**सुरक्षा सेवा आपूर्ति सम्बन्धी सिलबन्दी प्रस्ताव पेश गर्नेबारे सूचना**

प्रथम पटक प्रकाशित मिति : १८ भाद्र २०८१, मंगलबार

यस नेपाल पर्वतारोहण संघ अन्तर्गत रातोपैरो, पोखरामा रहेको अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा आर्थिक वर्ष २०८१/०८२ र आर्थिक वर्ष २०८२/०८३ का लागि सुरक्षा सेवा खरिदका लागि केही सुरक्षा गार्ड (कम्तिमा ६ देखि बढिमा १० जनासम्म) हरु आवश्यक परेकोले निम्न लिखित कागजातहरु संलग्न राखी संघको केन्द्रीय सचिवालय, नागपोखरी, नक्साल, काठमाडौंमा मिति २०८१ असोज १ गते तद्नुसार १७ सेप्टेम्बर २०२४ मंगलबारसम्म कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव पेश गर्नु हुन हार्दिक अनुरोध छ। यसरी सिलबन्दी प्रस्ताव पेश गर्दा संघको लेखा शाखाबाट रु. १०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) को रसिद काटी पेश गर्नुपर्ने, सिलबन्दी प्रस्ताव पेश गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलीपल्ट पेश गर्न सकिने समेत जानकारी गराइन्छ ।

**संलग्न हुनुपर्ने कागजातहरु:**

(क) नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई अद्यावधिक भएको कागजपत्रहरु ।
(ख) आर्थिक वर्ष २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु ।
(ग) कम्तिमा विगत ५ (पाँच) वर्षदेखि विभिन्न ख्याति प्राप्त संघसंस्थाहरु, सरकारी कार्यालयहरु, सङ्ग्रहालयहरुमा सुरक्षा सेवा आपूर्ती गर्दै आइरहेको प्रमाण ।
(घ) सुरक्षामा खटिदा चाहिने आधारभूत सुरक्षा सामग्री तथा उपकरणहरु उपलब्ध गराउन सक्ने लिखित प्रतिबद्धता सम्बन्धित कम्पनीबाट उपलब्ध गराउनुपर्ने ।
(ङ) श्रम ऐनले व्यवस्था गरेअनुसारको सेवा, सुविधा उपलब्ध गराउँदै आइरहेको प्रमाण पेश गर्नुपर्ने ।
(च) सुरक्षा गार्डको रुपमा कम्तिमा ६० प्रतिशत भुतवूर्व सेना तथा प्रहरी उपलब्ध गराउने प्रतिवद्धता पत्र ।

**सिलबन्दी प्रस्ताव पेश गर्ने ठेगाना**

**नेपाल पर्वतारोहण संघ**
**नागपोखरी, नक्साल, काठमाडौं**
**फोन: ०१-४५३४५२५/४५३५४४२**

**अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय**
**रातो पैरो, पोखरा, कास्की**
**फोन: ०६१-४५०७४२, ४५२३२२**

# गण्डकीमा दुई तिहाइको सरकार



तस्बिर : फडिन्द्र अधिकारी

**गण्डकी सरकारमा सोमबार नेकपा (एमाले) बाट थपिनुभएका चार मन्त्रीलाई शपथ गराउनुहुँदै प्रदेश प्रमुख डिल्लीराज भट्ट ।**

**फडिन्द्र अधिकारी**
*लेखनाथ, भदौ १७ गते*

मुख्यमन्त्री नियुक्त भएको तीन महिनापछि सुरेन्द्रराज पाण्डेले गण्डकीको मन्त्रीपरिषद्लाई पूर्णता दिनुभएको छ। सोमबार नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट चार मन्त्री थपिएपछि प्रदेशको नौ सदस्यीय मन्त्रीमण्डलले पूर्णता पाएको हो।

नेपाली कांग्रेस संसदीय दलका नेतासमेत रहनुभएका पाण्डे गत जेठ १६ गते सर्वोच्च अदालतको परमादेशबमोजिम मुख्यमन्त्री बन्नुभएको थियो। पाण्डेलाई अहिले गण्डकी प्रदेश सभाका ८८ प्रतिशत सदस्यको समर्थन छ। ६० सदस्यीय प्रदेश सभामा अहिलेको सरकारलाई नेपाली कांग्रेसका २७, नेकपा (एमाले) का २२, स्वतन्त्र सांसद राजीव गुरुङ, नेपाली समाजवादी पार्टीका सांसद फणीन्द्र देवकोटा र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का दुई गरी ५३ सांसदको समर्थन छ।

सरकारमा नगई पाण्डे सरकारलाई विश्वासको मत दिएको राप्रपाले अहिलेसम्म सरकारलाई समर्थन कायमै राखेको छ। स्वतन्त्र सांसद गुरुङ र नेपाल समाजवादीका सांसद देवकोटालाई कांग्रेसले आफ्नै कोटाबाट मन्त्रीमा निरन्तरता दिएको छ। अहिले सरकारको विपक्षमा सात सांसद रहेको नेकपा (माओवादी केन्द्र) मात्र छ। सङ्घमा नेकपा (एमाले) र कांग्रेसको संयुक्त सरकार बनेको करिब दुई महिनापछि गण्डकीमा दुई तिहाइभन्दा बढीको समर्थन रहेको सरकार बनेको छ। एमालेबाट थपिएका मन्त्रीले सोमबारै प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

मन्त्री बन्नुभएकी नवलपरासी (बर्दघाट सुस्तापूर्व) की संसाद पद्मा जिसीले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पाउनुभएको छ। बागलुङका सांसद कृष्णप्रसाद पाठकले स्वास्थ्य मन्त्रालय र समानुपातिकबाट सांसद चुनिनुभएका कास्कीका प्रकाशबहादुर केसीले भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय पाउनुभएको छ। पर्वतबाट निर्वाचित सांसद मित्रलाल बस्याललाई उद्योग तथा पर्यटन मन्त्रालय दिइएको छ।

यसअघि भौतिक पूर्वाधारमन्त्री रहनुभएका राजीव गुरुङ (दीपक मनाङे) लाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी तोकिएको छ। स्वतन्त्र सांसद गुरुङको मन्त्रालय हेरफेर गर्नुभएका मुख्यमन्त्रीले नेपाली समाजवादी पार्टीका सांसद फणिन्द्र देवकोटाले भने पुरानै मन्त्रालय ऊर्जा जलस्रोत तथा खानेपानी पाउनुभएको छ।

मन्त्रीपरिषद्मा आर्थिक मामिला मन्त्रालयको जिम्मेवारी डा. टकराज गुरुङ र विन्दुकुमार थापा सामाजिक विकास युवा तथा खेलकुदमन्त्री हुनुहुन्छ। आइतबारको मन्त्रीपरिषद् बैठकले मन्त्रालयको सङ्ख्या सातबाट बढाएर नौ पुर्‍याएको थियो। सङ्घमा गठबन्धन परिवर्तन हुँदा गण्डकी सरकारको नेतृत्व कांग्रेसको भागमा परेको थियो।

### वनमन्त्री गुरुङको राजीनामा

यसैबिच गण्डकी सरकारका वन तथा वातावरणमन्त्री राजीव गुरुङ (दीपक मनाङे) ले पदबाट राजीनामा दिनुभएको छ। सोमबार दिउँसो भएको मन्त्रीमण्डल हेरफेर र विस्तारपछि असन्तुष्ट बन्नुभएका गुरुङले साँझ आफ्ना स्वकीय सचिव सन्तोष अधिकारीमार्फत राजीनामा बुझाउनुभएको थियो।

मुख्यमन्त्री पाण्डेले मन्त्री मनाङेको राजीनामा स्वीकृत गर्नुभएको उहाँका प्रेस संयोजक नरहरि सापकोटाले जानकारी दिनुभयो। गण्डकी प्रदेश सभामा दोस्रो पटक मनाङबाट स्वतन्त्र उम्मेदवारी दिएर गुरुङ सांसद चुनिनुभएको हो। प्रदेशमा बदलिने सबै जसो सत्ता समीकरणमा सहभागी हुँदै आउनुभएका उहाँ छ पटक मन्त्री बनिसक्नुभएको छ। राजीनामापछि गुरुङले बजेट नहुने मन्त्रालय लिनुको अर्थ नभएको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "बजेट नै नभएको र सबै सङ्घले हेर्ने मन्त्रालय लिएर के काम ? अब सरकारमा जान्नँ।"

# कोरला नाका सञ्चालनको प्रयास

**म्याग्दी समाचारदाता**
*म्याग्दी, भदौ १७ गते*

गण्डकी प्रदेशलाई चीनसँग जोड्न निकै सहज र महत्त्वपूर्ण रहेको कोरला नाका भदौ महिनाभित्रै अध्यागमन कार्यालय राखेर व्यवस्थित तबरले सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बत जोड्ने कोरला नाका भदौ महिनाभित्रै अध्यागमनको कार्यालय राखेर व्यवस्थित तबरले पूर्ण रूपमा सञ्चालनका लागि अध्यागमन कार्यालय स्थापना गर्ने तयारी भइरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अध्यागमन विभागले नाकामा आवतजावत तथा व्यापारिक कारोबार सञ्चालनका लागि नाकामा अध्यागमन स्थापना गर्ने तयारी गरेको छ।" उहाँले भदौ महिनाभित्रै अध्यागमन राखेर नियमित नाका सञ्चालन गरिने बताउनुभयो। "कोरला नाका सञ्चालन भएमा नेपाल–चीन पक्षलाई आर्थिक कारोबार गर्न सहज हुने भनेर पत्राचार गरिएको छ। हामीले राखेको प्रस्तावमा मन्त्रालय पनि सकारात्मक देखिएको हुनाले सकभर यही महिनाभित्रै हुन्छ।" यो महिनाभित्र हुन सकेन भने पनि दसैँअगावै त्यहाँ अध्यागमन कार्यालय पक्का बस्ने प्रजिअ पन्तको भनाइ छ।

गण्डकी प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालयले गत वर्ष छकोठे भूकम्प प्रतिरोधी भवन निर्माण गरेको थियो। उक्त भवनमै अध्यागमन, सशस्त्र प्रहरीको सीमा सुरक्षा बल तथा नेपाल प्रहरीलाई पनि व्यवस्थापन गरिने छ। कोभिड–१९ का कारणले गर्दा चार वर्षसम्म कुनै पनि गतिविधि नै नभएको नेपालको उत्तरी चीनसँगको सीमानाका कोरला अघिल्लो वर्ष औपचारिक रूपमा उपल्लो मुस्ताङको ल्होमन्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका नागरिकलाई परिचयपत्रका आधारमा खुला गरिएको थियो। जिल्ला प्रशासन कार्यालयले उपल्लो मुस्ताङका दुई वटा गाउँपालिकाका नागरिकलाई सीमापार पास वितरण गरेको थियो।

ल्होमन्थाङ गाउँपालिका र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका नागरिकलाई पास वितरण भइसकेको छ। हाल वारागुङ मुक्ति क्षेत्र गाउँपालिकाका एक सय र घरपझोङ गाउँपालिकाका एक सय जनालाई पास वितरण भएको प्रशासनले जनाएको छ। अब थासाङ गाउँपालिकालाई पनि सीमापार पास वितरणका लागि समन्वय गर्न सूचना दिइसकेको उहाँको भनाइ छ।

मुग्लिङ-पोखरा सडक

# पश्चिम खण्डको म्याद थप



तस्बिर : अमरराज नहर्की

**तनहुँको गुणादीनजिक पृथ्वीराजमार्गको सडक विस्तारको काम गरिँदै ।**

**अमरराज नहर्की**
*तनहुँ, भदौ १७ गते*

विस्तारका क्रममा रहेको पृथ्वी राजमार्गको मुग्लिङ–पोखरा सडक योजना अन्तर्गत पश्चिम खण्डको म्याद तीन महिनाभन्दा बढी थप भएको छ। निर्धारित समय समाप्त भएपछि म्याद थप गर्न निर्माण कम्पनीले आग्रह गरे बमोजिम समय थप गरिएको हो।

निर्माण आरम्भमा ढिलाइ गर्नु, रुख कटान आदेश ढिलो गरी प्राप्त हुनु, विद्युत् प्रशारण लाइन सार्न तथा खानेपानीको पाइप व्यवस्थापन गर्न समस्या हुँदा काम प्रभावित भएको थियो। आयोजनाका पश्चिम खण्डका प्रमुख इन्जिनियर राजेश पौडेलले एक सय एक दिन म्याद थप भएको जानकारी दिनुभयो। पश्चिम खण्डको जामुनेदेखि पोखरासम्मको ३८.८८ किलोमिटर दुरीमा ३० प्रतिशत प्रगति पुगेको उहाँले जानकारी दिनुभयो।

यस खण्डमा ठुला र साना गरी १३ वटा पुलमध्ये पाँच वटाको निर्माण सम्पन्न भएको आयोजनाले जनाएको छ। पहिला पश्चिम खण्डको न्यून प्रगति भएकोमा हाल नौबाट २८ प्रतिशत पुगेको छ। पश्चिम खण्डमा आयोजना प्रमुख नयाँ आएसँगै काम तीव्र रूपमा भइरहेको छ। आयोजना प्रमुख पौडेलका अनुसार यो खण्डमा २० किलोमिटर दुरीमा दुई लेन सडक कालोपत्रे सकिएको छ। पौडेलले भन्नुभयो, "२० किलोमिटर कालोपत्रे पूरा भइसकेको छ, तीन किलोमिटर कालोपत्रे तयारी भइसकेको छ, वर्षा भइरहेकाले कालोपत्रे रोकिएको छ।" सडकको स्तरोन्नति हुने क्षेत्रभित्र रहेका २४ वटा खानेपानी संस्थासँग सम्बन्धित पाइपलाइन तथा संरचना स्थानान्तरणका लागि सम्झौता भई सम्बन्धित उपभोक्ताबाट स्थानान्तरण भइरहेको आयोजनाले जनाएको छ।

आयोजनाका अनुसार नेपाल विद्युत् प्राधिकरणका निकायमार्फत दुई हजार ३१ पोलमध्ये एक हजार २३६ विद्युत् पोल स्थानान्तरण भइसकेको छ। पोखरा–मुग्लिङखण्ड दुई भागमा बाँडेर विस्तारको काम चिनियाँ कम्पनीले गरिरहेका छन्। मुग्लिङदेखि तनहुँको जामुनेसम्म ४१ किलोमिटर पूर्वी खण्डमा चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले २०७७ वैशाखदेखि काम गरिरहेको छ भने जामुनेदेखि पोखरासम्म पश्चिम खण्ड चीनकै यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले ०७८ भदौदेखि विस्तारको काम गरिरहेको छ।

# न्यायको पर्खाइमा द्वन्द्वपीडित परिवार

**कावासोती समाचारदाता**
*कावासोती, भदौ १७ गते*

नवलपुरका द्वन्द्वपीडित परिवारले १० वर्षे सशस्त्र द्वन्द्वबाट प्रभावितले अझै पनि न्याय पाउन नसकेको बताएका छन्। कलिलो उमेरमा विवाहमा बाँधिनुभएका कावासोती–२ का पार्वती सिग्देल आफ्नो श्रीमान् बेपत्ता भएपछि पर्खेर बसेको ३० वर्ष पुगेको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "लास नदेख्दासम्म सास छ कि भन्ने आस हुँदो रहेछ।" समाजका अगुवाले अब श्रीमान् फर्कँदैनन् भन्दा आफ्नो मनले नमान्ने उहाँ बताउनुहुन्छ।

देवचुली नगरपालिका–१५ की उत्तरकुमारी रानाभाटकी छोरी सम्पर्कविहीन भएको २६ वर्षभन्दा बढी भयो। २०५५ सालमा बेपत्ता भएकी १७ वर्षीय छोरी टीका रानाभाट अहिलेसम्म सम्पर्कमा आउनुभएको छैन। गाउँमा छोरीको कुशको शव बनाएर किरिया गर भनेर आवाज उठिरहने भए पनि फर्किने आसमा रहेको रानाभाट बताउनुहुन्छ।

कावासोती–४, हसौरामा बसोबास गर्दै आउनुभएका चीनबहादुर गुरुङ र उहाँकी श्रीमती दुवै जना सशस्त्र द्वन्द्वमा परेर घाइते हुनुभएको छ। माओवादीको जनमुक्ति सेनामा रहँदा घाइते चीनबहादुरको शरीरमा गोलीका छर्रा अझ पनि छन्। उहाँलाई हिँडडुल गर्न र काम गर्न नसक्दा आफू एक्लैले ज्याला मजदुरी गरी जीवनयापन गरेको श्रीमती लालमती गुरुङले बताउनुभयो। दुई छोरी र एक छोरा रहेको उहाँको परिवारलाई राज्यबाट अहिलेसम्म पनि केही सहयोग नपाएको गुनासो गर्नुभयो।



तस्बिर : मीना कँडेल

**हराएका व्यक्ति आउने आशामा द्वन्द्वपीडित परिवार ।**

बेपत्ता पारिएका व्यक्ति छानबिन आयोगमा भएको तथ्याङ्क अनुसार नवलपुरमा २५ घरपरिवार रहेको बताइएको छ। द्वन्द्वपीडित महिला सञ्जाल नवलपुरका अध्यक्ष पार्वती सिग्देलले बसाइँ सरेर आएका तीन जना, सञ्जालको सम्पर्कमा २६ जना र एक जना केही समयअगाडि बेपत्ता भएको गरी ३० जना रहेको बताउनुभयो। सञ्जालले प्राप्त गरेको तथ्याङ्क अनुसार १०२ सहिद परिवार, राजपत्रमा ३५ जना राष्ट्रिय सहिद घोषणा गरिएका छन्। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क अनुसार सत्यनिरूपण तथा मेलमिलाप आयोगमा ६३ हजार ७१८ वटा उजुरी परेका छन्। व्यक्ति हत्यामा १० हजार ८५८ जना, अपहरण तथा शारीरिक बन्धकमा चार हजार ३१६, शारीरिक तथा मानसिक यातना १९ हजार ८७४, बलात्कार तथा यौनजन्य हिंसा ३१४ रहेको जनाइएको छ।

विनयीत्रिवेणी–२ का स्थानीय हरि खड्काले २०७१ माघ २७ गते सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्ति छानबिन आयोग गठन भएको भए पनि काम हुन नसकेको बताउनुभयो। सहिद, बेपत्ता परिवारको अवस्था के छ कसरी जीवन निर्वाह भएको छ भन्नेबारे सरकारले ध्यान पुर्‍याउन नसकेको उहाँको भनाइ छ।

सहिद, बेपत्ता, अपाङ्गता, विस्थापित, कुटपिट, शारीरिक तथा मानसिक यातना, बलात्कार, यौनहिंसा, जेलनेललगायत विभिन्न किसिमका यातना भोगेका व्यक्तिले न्याय पाउन नसकेको बताइएको छ। अन्तर्राष्ट्रिय बेपत्ताविरुद्धको दिवस मनाइरहँदा यो दिवसमा मात्र भन्दा पनि सरकारले बेपत्ता परिवारप्रति चासो दिनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। सम्पर्कविहीन भएका परिवार आउँछन् भन्ने सबैको आशा भने मरेको छैन।

# छाब्दीवाराही मन्दिरको पुनर्निर्माण पूरा

**अमरराज नहर्की**
*तनहुँ, भदौ १७ गते*

तनहुँको व्यास नगरपालिका–१४ स्थित प्रसिद्ध छाब्दीवाराही मन्दिरको पुनर्निर्माण पूरा भएको छ। मन्दिर जीर्ण भएपछि छाब्दीवाराही विकास कोषको सक्रियतामा पुनर्निर्माण गरिएको हो। गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोग तथा दान रकम तथा छाब्दीवाराही विकास कोषको रकमले मन्दिरको पुनर्निर्माण पूरा गरिएको जनाइएको छ। छाब्दीवाराही विकास कोषका अध्यक्ष प्रेमबहादुर थापाले गण्डकी प्रदेश सरकारबाट तामाको छानाको १५ लाख, झ्यालढोकाको नौ लाख, काठमाडौँनिवासी समाजसेवी योङ्गकेशरी पाण्डेबाट १५ लाख र छाब्दीवाराही विकास कोषको गरी ७० लाख रुपियाँ लागतमा मन्दिर निर्माण गरिएको जानकारी दिनुभयो।

नयाँ संरचनासहितको मन्दिरमा तामाको छानो छाइएको छ। मन्दिरमा तीन जना मगर जातिका पुजारी छन्। यहाँ साउन, एकादशी र औँसीबाहेकका दिनमा बलि चढाइने गरिन्छ। मन्दिरमा पूजाआजा गरेर मनले चिताएको पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ। यहाँ देशैभरिबाट गरी दैनिक करिब दुई हजार भक्तजन आउने गर्छन्।


**बोलपत्र स्वीकृत गर्ने आशय पत्र जारी गरिएको सम्बन्धमा**

**प्रकाशित मिति : २०८१ भदौ १८ गते**

यस निर्देशनालयबाट बोलपत्र नं. NDCL/PD-BHW/NCB/15/080–81 अन्तर्गत **Supply of Technical Manpower (Semi Skilled)** खरिदका लागि मिति २०८१/०३/११ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त भएका प्रस्तावहरूमध्ये बोलपत्रको प्रावधान तथा यस कम्पनीको आर्थिक विनियमावली २०७१ को व्यवस्था अनुसार सारभूत रूपमा प्रभावग्राही न्यूनतम रकम कबोल गर्ने तपसिल बमोजिमको बोलपत्र दाताको प्रस्तावको बोलपत्र स्वीकृतिका लागि छनोट भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | जम्मा कबोल रकम (मू.अ.क. समेत) |
|---|---|
| M/s Infotech Services Pvt.Ltd., Bakhundol, Lalitpur | ने.रु. १,७४,३५,८५४।८० |

**नेपाल टेलिकम**
**प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेश, ओम सतिया–१, रुपन्देही**



**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भ.पु.जि. नगरकोट गा.वि.स. वडा नं. ५ हाल चाँगुनारायण न.पा. वडा नं. ६ बस्ने राम सिं तामाङ समेतले हाम्रो बाबु विचार सिं तामाङको नाममा नापनक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साबिक लगत १४ नं. गैरीगाउँ मौंजाबाट भिडी दर्ता हुने जग्गा भएकोमा, साबिक दर्तावाला विचार सिं तामाङको मिति २०६३/११/१७ मा, निजकी पत्नी कान्छी तामाङगनीको मिति २०६२/०७/०७ मा मृत्यु भई हक खाने छोराहरू रामसिं तामाङ र लंका तामाङ जना २ भएकोले हाम्रो नाउँमा संयुक्त दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको साथै १ नं. मोही लगत र ७ नं. फाँटबारी पेश गरेको, नगरकोट ठे.नं. २/४०५ वडा नं. ५ कि.नं. २५७ ज.ध. विचार सिं तामाङका नाममा र मोही वित्ते तामाङका नाउँमा दर्ता बाँकी मोठ भिडी आएको, २०३४ सालको मालपोत तिरेको रसिदको फोटोकपी पेश गरेकोले यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम दर्ता/ना.सा. हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| नगरकोट | ५ | २५७ | २–४–०–० | वित्ते तामाङ भ.पु.ई. नगरकोट गैरीगाउँ। | यो जग्गा विचार सिंगको हो निजले साहुलाई वन्दकी दिई साहुद्वारा कमाई खाई आएको छु। |


# देशले नदेखेको नार्पाभूमि

**यदुप्रसाद भट्ट**
*मनाङ, भदौ १७ गते*

मनाङको नार्पाभूमि गाउँपालिका गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये सडक सञ्जालसँग नजोडिएको एउटै मात्र पालिका हो। नार्पाभूमि जिल्ला सदरमुकामबाट ७० किलोमिटर टाढा छ। यहाँ पुग्न मात्रै दुई दिन पैदलयात्रा गर्नु पर्छ।

नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले भन्नुभयो, "सङ्घीयता कायम नहुँदै त नार्पाभूमिको विकासमा राष्ट्रको नजर पर्न सकेन। अहिले सङ्घीयता कायम भएपछि पनि माथिल्लो सरकारको नजर पर्न सकेको छैन। सरकार तथा प्रदेश सरकारको नजर अझै पर्न सकेको छैन। यहाँको विकासलाई हेर्ने हो भने नार्पाभूमि राज्यविहीनताकै अवस्थामा छ। देशलाई चिनाउनकै लागि महत्त्वपूर्ण भूमिका खेल्ने पर्यटकीय क्षेत्रप्रति सरकारले चासो दिएको छैन।" सरकारले यस्ता महत्त्वपूर्ण पर्यटकीय क्षेत्रलाई वास्ता नगरेकाले पिछडिएका स्थानीयवासीको भनाइ छ। नार्पाभूमि–५ का वडाध्यक्ष सोनम तेन्जिङ लामाले सडकको अभावमा पर्यटकीय तथा स्थानीय उत्पादन बजारसम्म पुर्‍याउन समेत सकिने अवस्था नरहेको बताउनुभयो। उहाँका अनुसार नार्पाभूमिको विकासका लागि स्थानीय सरकारबाहेक अन्य सरकारको चासो पुग्न नसक्दा उपेक्षा गरिएको आभास हुने गर्छ।

विकट क्षेत्रको विकासमा कुनै पनि सरकारको चासो नपुग्दा यहाँका स्थानीय निराश हुने गरेका छन्।


**छिन्नमस्ता एजुकेशनल एकेडेमी, राजविराज**

**भर्ना का लागि निवेदन दिने सम्बन्धी सूचना**

CTEVT बाट मिति २०८१/०४/१९ गते संचालित पुर्ण शुल्कीयको प्रवेश परीक्षामा सम्मिलित भई भर्ना नभई रिक्त रहेका नर्सिङ्ग कार्यकममा खुल्ला तर्फ ४ सिट, डि.फार्मेसी खुल्ला तर्फ ६ र टि.एस.एल.सी तर्फ २ सिट, सामान्य चिकित्सा कार्यक्रममा खुल्ला तर्फ १२ सिट र ल्याव टेक्नोलोजी कार्यक्रममा खुल्ला तर्फ १६ सिटमा भर्नाका लागि नर्सिङ्ग.डी.फार्मेसी र सामान्य चिकित्सा कार्यक्रमहरूमा यसै संस्थाबाट प्रवेश परीक्षा दिई उत्तीर्ण भएका र ल्याव टेक्निसियन कार्यक्रममा यस संस्था वा देशभरीका उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरू बाट यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा निवेदन दिनुहुन अनुरोध छ। साथै उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरूबाट भर्ना सम्बन्धी निर्देशिका, २०८१ को दफा २४ बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**सम्पर्क नं– ९८०५९४५६४२**



**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता सहितको नामसारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा ललितपुर जिल्ला, गोदावरी वडा नं. ०३ बासुदेव घिमिरे समेत २ जनाले मेरो बाबु जगन्नाथ घिमिरेको नाममा सर्भे नापीको बखत नाप नक्सा भई दर्ता बाँकी रहेको बिशंखु मैजा रैप ठेली नं. ६ मौजा रैप नं. ९९४ मा (९६) जगन्नात शर्मा नामको लगत रहेको तपसिल बमोजिमको जग्गा बाबु जगन्नाथ घिमिरेको मिति २०५७।०५।१२ मा र निजकी श्रीमती सरला देवी घिमिरेको पनि मिति २०४१।०६।१६ मा मृत्यु भएको हुँदा निजको हकदारमा छोराहरू जेठा बासुदेव घिमिरे र ऋषभ देव घिमिरे समेत जम्मा २ जना हकदारहरूको नाममा छुट जग्गा दर्ता ना.सा. गरी पाऊँ भनी द.नं. १९५८९ मिति २०८१/०२/०३ मा निवेदन मागदाबी रहेकोले सो दर्ता ना.सा. सम्बन्धमा निवेदक बाहेक उल्लिखित जग्गामा अन्य कसैको हकदाबी भए वा दर्ता माग गरेको जग्गा निवेदकका नाममा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकहरूको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | जग्गाधनी | मोही | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| किटिनी | ८ | ६४ | ०–२–२–० | जगन्नाथ शर्मा ल.पु. किटिनी पं ८ नं. वडा | जगन्नाथ शर्मा ल.पु. किटिनी पं ८ नं. वडा | यो जग्गा मेरो बाजे हरि नारायणको नाममा दर्ता हो मैले जोती खाएको छु। | यो जग्गा मेरो बाजे हरि नारायणको नाममा दर्ता निज मरी मेरो हक हुन आएको। नामसारी बाँकी भनी सहिछाप गर्ने जगन्नाथ शर्मा द |
| किटिनी | ८ | साबि ३ कि.का. भई बाँकी ९४६ | ४–६–१–० | जगन्नाथ शर्मा ल.पु. किटिनी पं ८ नं. वडा | जगन्नाथ शर्मा ल.पु. किटिनी पं ८ नं. वडा | ऐ. | ऐ. |

**इति संवत् २०८१ साल भदौ १६ गते रोज १ शुभम्।**



**श्री भूमिसुधार तथा मालपोत कार्यालय ललितपुरबाट**

**चितवन जिल्ला, भण्डारा वडा नं. ०८ बस्ने धनमाया गौतम जिल्ला सर्लाही, गडहिया वडा नं. ६ भई हाल ललितपुर जिल्ला, ल.पु.म.न.पा वडा नं. १८ बस्ने बिजय पसाद सिँह भूमिहान, म्याग्दी जिल्ला, दोवा भई हाल ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. ४ बस्ने अममया पुर्जा जिल्ला मोरङ, विराटनगर नगरपालिका वडा नं. १६ भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. १८ बस्ने रेजिना गुरुङ सि.एम. डेब्लपर्षका नाममा जग्गा बाँडफाँट सम्बन्धमा हकदाबी गर्न आउने सम्बन्धी विशेष अदालत ऐन २०५९ को दफा १० को उप दफा ९ बमोजिम म्याद सरहको ३० दिने सार्वजनिक सूचना।**

उपरोक्त सम्बन्धमा तपाईंहरू जग्गा धनी रहेको तपसिलका कित्ता जग्गा बाँडफाँट गरिपाऊँ भनी मोही प्रबिण थापाको निवेदन परी तपाईंहरूको नाममा उपस्थित हुन आउने बारे १५ दिने म्याद जारी गरिएकोमा तपाईंहरूमध्ये धनमायाँ गौतमको म्याद हुलाकबाट फिर्ता हुन आएको र अन्य जग्गाधनीहरूको हकमा निजहरूको हालको ठेगानामा १५ दिने म्याद बुझाउन जाँदा म्याद बुझ्न नमानेको भनी तामेलदारले प्रतिवेदन पेश गरेकोले तपाईं तथा तपाईंको हकवालाका नाममा यो म्याद सरहको ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त किता जग्गाको जग्गा बाँडफाँट हुनुनपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३० दिनभित्र लिखित जवाफ सहित आफैँ वा कानून बमोजिमको वारेस मार्फत उपस्थित हुन आउनुहोला। अन्यथा म्यादभित्र उपस्थित नभई म्याद गुजारी बसेमा कानून अनुसार भइजाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | जग्गाधनीको नाम | मोही प्रबिण थापा/निजले माग गरेको व्यहोरा |
|---|---|---|---|---|---|
| सैबु | ८।क | ५४० | ०–६–०–० | सि. एम. डेबल्पर्स | उल्लिखित किता जग्गा नरम करम मिलाई बाँडफाँट गर्न सहमत। |
| सैबु | ८।क | ६७६ | ०–०–०–३ | धनमाया गौतम | |
| सैबु | ८।क | ५९८ | ०–०–१–२ | बिजय प्रसाद सिँह भूमिहान | |
| सैबु | ८।क | ४७३ | ०–४–२–२ | अममाया पुर्जा | |
| सैबु | ८।क | ५३९ | ०–०–१–० | रेजिना गुरुङ | |



**भूलसुधार**

मिति २०८१।०४।०८ गते गोरखापत्रमा श्री पशुपतिनाथ अमालकोट कचहरीको हकदाबी सम्बन्धी ३५ दिने सूचना प्रकाशित गर्दा हालको कि.नं. १३९ हुनुपर्नेमा कि.नं. ३९ भएकोले भूलसुधार गरिएको व्यहोरा सहर्ष जानकारी गराइन्छ।

# पानी निकास नहुँदा गाउँले समस्यामा



तस्बिर : जीवछ यादव

पानी निकास नहुँदा जलमग्न बसबिटा गाउँ ।

**लहान समाचारदाता**
*लहान, भदौ १७ गते*

सिराहा नगरपालिका–६, बसबिटा गाउँबाट वर्षाको पानी निकास नहुँदा असारदेखि कात्तिकसम्म घरआँगनमै पानी जमिरहने समस्या भोग्दै आइरहेका छन् । कमला नदीको पूर्वी किनारामा रहेको बसबिटा गाउँवासी चार महिना पानीमै आउजाउ गरिरहनुपर्ने समस्या भोग्दै आएका छन् ।

स्थानीय शान्तिदेवी यादव भन्नुहुन्छ, “गाउँबाट पानी निकास हुने नाला नहुँदा बसबिटा गाउँका अधिकांशको घरआँगनमा आधा वर्ष नै पानी जमिरहन्छ । यही बेला सर्पको बिगबिगी रहने भएकाले बालबालिकाको हेरचाह गर्न पनि निकै समस्या पर्छ ।”

वडाध्यक्ष इन्द्रजित यादवले पहल नगरेको होइन, स्थानीयवासीको दबाबकै कारण पानी निकास नै नबनाई पक्की सडक बनाउँदा झन् ठुलो समस्या भएको हो यादव भन्नुहुन्छ ।

“सडकभन्दा तल घर भयो । सडकमा पानी सुके पनि आँगनमा पानी सुक्दैन । पानीको निकासका लागि बसबिटा गाउँको पानी कमला नदीमा जोडेर नाला निर्माण गर्नु पर्थ्यो तर हतारको विकास निर्माणले काम गर्दा दुःख भएको छ,” स्थानीय रामविलास भुस्कुलियाले बताउनुभयो । हुलाकीमार्ग निर्माण सङ्घर्ष समितिका संयोजकसमेत रहनुभएका सामाजिक अभियन्ता तथा वरिष्ठ लेखक रामरिझन यादव भन्नुहुन्छ, “मधेशमा विकासको नाममा कतै कतै विनास निम्ताउने काम भइरहेको छ । जताततै नाला निर्माण नगरी असारे विकासको विकृतिले हचुवाको भरमा ढलान निर्माण गर्ने कार्यलाई गति दिइरहेको छ । नालाबिनाको सडकले ठुलो समस्या सिर्जना भइरहेको छ । बसबिटामा देखिएको समस्या पनि यही हो । सिराहा जिल्लाको १७ वटै पालिकामा रहेका प्राविधिकहरूले सडक निर्माण गर्दा पहिले नाला निर्माण गर्नुपर्ने सामान्य ज्ञानलाई समेत व्यवहारमा उतार्न सकेको छैन ।”

सडक डिभिजन कार्यालय लहानका इन्जिनियर जिवछ यादवका अनुसार मधेश प्रदेशमा कालोपत्रे सडक निर्माण गर्नुपर्नेमा नालाबिना ढलान कार्यमा बढी जोड दिएको छ । ढलान भनेको गाउँ टोलका गल्लीमा गर्नुपर्ने हो, त्यो पनि नाला निर्माण गरे तर अधिकांश ठाउँमा नालाबिना बनाएको ढलान सडक न वातावरणमैत्री छ न टिकाउ हुने छ । हचुवाका भरमा बजेट प्रयोग गर्ने उद्देश्यले विकास निर्माण भइरहेकाले यस्ता कार्य रोक्न पालिकाका प्राविधिक टोलीलाई योजना छनोट भएपछि नक्साङ्कन गर्न दिनु अति आवश्यक छ ।

बसबिटा गाउँको समस्या समाधानका लागि वडा कार्यालय सिराहा नगरपालिकासँग समन्वय गरी पानी निकासका लागि प्रयत्नशील रहेको वडाध्यक्ष इन्द्रजित यादवले बताउनुभयो । उहाँले भन्नुभयो, “यसका लागि पटक पटक सिराहा नगरपालिका बोर्डमा माग गर्दै आइरहेका छौँ ।” बसबिटा गाउँ नै कमला नदीको किनारमा रहेको र पानी निकासका लागि कमलामा बग्ने गरी नाला निर्माण आवश्यक छ । यसका लागि लाग्ने बजेट विनियोजनका लागि नगरप्रमुख नवीनकुमार यादवसमेत गम्भीर भएर यो समस्या समाधान गरी छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभएको वडाध्यक्ष यादवको भनाइ छ ।

# नक्कली नोट बनाउने गिरोह पक्राउ

**सर्लाही समाचारदाता**
*सर्लाही, भदौ १७ गते*

सर्लाही प्रहरीले नक्कली नोट बनाउने कार्यमा संलग्न गिरोहलाई पक्राउ गरेको छ । सीमावर्ती क्षेत्रस्थित गोडैता नगरपालिका–१२, मधुबनी गाउँबाट नक्कली नोट बनाउन प्रयोग हुने समानसहित आठ जना पक्राउ परेका हुन् । पक्राउ पर्नेमा काठमाडौँको चन्द्रागिरि नगरपालिका–१५ बस्ने २६ वर्षीय सौगात थापा मगर, काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिका–६ बस्ने ४७ वर्षीय विजय लामा, सर्लाहीको गोडैता नगरपालिका–१२, मधुबनी गाउँ बस्ने ३२ वर्षीय जनार्धन सिंह र रौतहटको चन्द्रपुर नगरपालिका नराई टोल बस्ने ३७ वर्षीय विशाल राई रहेका छन् ।

त्यस्तै ललितपुरको ललितपुर महानगरपालिका–१, कुपन्डोल बस्ने ३३ वर्षीय सन्जयराना मगर, भक्तपुरको चाङ्गुनारायण नगरपालिका–५ बस्ने ३७ वर्षीय अमिर खत्री, भारत सीतामढी थाना बैरगनिया ग्राम पन्चायत पानी टङ्की बस्ने ४९ वर्षीय पप्पु भन्ने राजीव ठाकुर र भारतकै मेजरगन्ज पन्चायत–८ बस्ने ४० वर्षीय सुवोध कुमारलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

नेपाल–भारत सीमा दसगजानजिकै पर्ने मधुबनी गाउँमा सिँचाइका लागि बोरिङ राख्न बनाइएको खाली घरभित्र नक्कली नोट बनाउने कार्य भइरहेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय गहडिया, प्रहरी चौकी मधुबनी गाउँ र सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट (बिओपी) मधुबनीबाट खटिएको प्रहरी टोलीले आठ जनालाई पक्राउ गर्न सफल भएको हो ।

प्रहरीले घटनास्थलबाट एक हजार नोट साइजमा काटिएको कागज १४ थान, विभिन्न रङका आठ लिटर केमिकल, ९५ हजार ८०५ नेपाली रुपियाँ, १० थान मोबाइल सेट, एउटा नेपाली स्कारपियो र दुई वटा भारतीय मोटरसाइकल बरामद गरेको छ । पक्राउ परेका आठै जना व्यक्ति र बरामद भएका समान जिल्ला प्रहरी कार्यालय मलङ्गवामा ल्याएर थप अनुसन्धान भइरहेको सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) रवीन्द्रबहादुर सिंहले जानकारी दिनुभयो ।

पक्राउ परेका आठ जनाविरुद्ध अनुसन्धान गर्न सर्लाही जिल्ला अदालतले प्रहरीलाई १० दिनको म्याद प्रदान गरेको छ । गोडैता नगरपालिका क्षेत्रबाट यसरी बारम्बार नक्कली नोट बनाउने व्यक्ति पक्राउ परिरहेका छन् । प्रहरी उपरीक्षक सिंहले सो क्षेत्रमा थप शङ्कास्पद व्यक्तिको खोजी भइरहेको बताउनुभयो ।

# आँखा उपचारमार्फत पर्यटकीय सम्भावना

आँखा उपचारका लागि ठुलो सङ्ख्यामा भारतीय नेपाल आउने क्रम बढ्दै गएकाले खाडीलगायतका मुलुकबाट पनि यस्ता बिरामी आकर्षित गरी नेपाललाई आँखा उपचारको पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्न सकिने

**बर्दीबास समाचारदाता**
*बर्दीबास, भदौ १७ गते*

मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले अन्धोपन निवारणका लागि ४१ वर्ष लामो इतिहास बोकेको नेपाल नेत्र ज्योति सङ्घको विश्वमै सस्तो र स्तरीय सेवाले मुलुकमा ‘मेडिकल टुरिजम’ को सम्भावना बढाएको बताउनुभएको छ ।

मधेश प्रदेशस्थित नेपाल नेत्र ज्योति सङ्घले सोमबार लालगढमा आयोजना गरेको ‘अन्धोपन निवारणका लागि विद्यमान समस्या र छलफल’ विषयक कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले यस्तो बताउनुभएको हो ।

उहाँले आँखा उपचारका लागि ठुलो सङ्ख्यामा भारतीय नेपाल आउने क्रम बढ्दै गएकाले खाडीलगायतका मुलुकबाट पनि यस्ता बिरामी आकर्षित गरी नेपाललाई आँखा उपचारको पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्न सकिने धारणा राख्नुभयो । तथापि यसमा केही समस्या पनि भएको उहाँले औँल्याउनुभयो ।

उहाँका अनुसार नेपाल आउने भारतीयले केवल २५ हजार रुपियाँ मात्र ल्याउन सक्ने कानुनी प्रावधान छ । रुपियाँको ‘सिलिङ’ बढाउनुका साथै भारतीय गाडीको भन्सार प्रक्रिया पनि सहज भयो भने भारतीय पर्यटकको सङ्ख्या बढ्नुका साथै ‘मेडिकल टुरिजम’ ले प्रोत्साहन पाउने उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, “यो समस्या हामीले प्रधानमन्त्रीसमक्ष पनि उठाएका छौँ । सीमा नाकामै भारतीय रुपियाँ सटहीको सुविधाको माग पनि राखेका छौँ । प्रधानमन्त्रीले समस्या समाधानको आश्वासन पनि दिनुभएकाले पर्यटकीय गन्तव्यका रूपमा मधेश अगाडि बढ्नेमा आशा जगाएको छ ।”

मुख्यमन्त्रीले जेठ २५ गते गठन भएको आफू नेतृत्वको सरकारले तीन दिनभित्र नीति तथा कार्यक्रम र त्यसको दुई दिनमा बजेट ल्याउनु परेकाले आँखा स्वास्थ्यलगायतका क्षेत्रमा चाहेर पनि बजेट विनियोजन गर्न नसकेको विवशता प्रकट गर्नुभयो । उहाँले आग्रह गर्नुभयो, “फेरि पनि आँखाको विकराल समस्या रहेको मधेश प्रदेशमा उपचारको सेवा विस्तार गर्न नेत्र ज्योति सङ्घसँग सहयोग र सहकार्य गरेर अघि बढन तत्पर छौँ ।”

नेपाल नेत्र ज्योति सङ्घका केन्द्रीय अध्यक्ष चेतराज पन्तले ४० वर्षअघि मुलुकको स्वास्थ्य समस्या स्मरण गराउँदै यस अवधिमा नेपालले आँखा उपचारमा गरेको प्रगति विश्वकै लागि उदाहरणीय र अनुकरणीय भएको उदाहरण दिनुभयो । उहाँका अनुसार मुलुकको ५५ प्रतिशत जनसङ्ख्या रहेको मधेशका आठ वटै जिल्लामा आँखा अस्पताल भए मात्र यहाँको नेत्र समस्या समाधान गर्न सकिन्छ ।

यसअघि नेपाल नेत्र ज्योति सङ्घ मधेश प्रदेशका अध्यक्ष रवीन्द्रलाल चौधरीले मधेशमा विकराल बनेको आँखाको समस्या एक्लो प्रयासले समाधान गर्न नसकिने बताउनुभयो । ज्येष्ठ नागरिकमा त आँखा समस्या छ नै, मधेशका २१ प्रतिशत स्कुले बालबालिका पनि दृष्टि दोषले पीडित रहेको उहाँको भनाइ थियो ।

चौधरीले भन्नुभयो, “आँखाका समस्या कसरी न्यूनीकरण गर्ने ? प्रश्न गहन छ । जुन प्रदेशमा त्यहाँको सरकारले सहयोग गरेको छ त्यहाँको उपचार परिणाम राम्रो छ । मधेश प्रदेश सरकारलाई पनि बढ्दो आँखाको समस्याप्रति गम्भीर हुन आग्रह गर्दछौँ । हामी सरकारका सहयोगी हात पनि हौँ तर एक्लो प्रयासले मात्र यो सम्भव छैन ।”

यसअघि नेपाल नेत्र ज्योति सङ्घका उपाध्यक्ष श्यामकुमार पोखरेल र आइपिवीका दक्षिण एसिया प्रमुख युद्धध्वज सापकोटाले आँखाका बिरामी, तिनका उपचार र रोकथामका प्रयास र तथ्याङ्क प्रस्तुत गर्दै नेपालमा सङ्ख्यात्मक र गुणात्मक रूपले आँखाको उपचारमा उल्लेख्य सफलता प्राप्त गरे पनि बढ्दो जनसङ्ख्याले चुनौती पनि थप्दै गएको बताउनुभयो ।

चौधरी आँखा अस्पताल लहानका वरिष्ठ प्रवन्धक अभिषेक रौशनले ६३ लाख जनसङ्ख्या रहेको मधेश प्रदेशका छदेखि ६० वर्ष उमेर समूहका ५० हजार ४५६ जनामा आँखाको समस्या रहेको बताउनुभयो । त्यसमध्ये ३२ हजार ७९६ जनामा मोतीविन्दुका समस्या रहेको जानकारी दिनुभयो ।

नेत्र ज्योति सङ्घका केन्द्रीय सदस्य दीपक मिश्रले २०३५ सालदेखि आँखाको उपचारमा देशव्यापी सेवा दिँदै आएको मुनाफारहित यस सङ्घलाई सघाउनुको साटो सरकारले करको दायरामा ल्याएर आर्थिक समस्या थपेको गुनासो पोख्नुभयो । उहाँले भन्नुभयो, “स्थापना कालदेखि मुनाफारहित सेवा दिँदै आएको नेत्र ज्योति सङ्घले आर्थिक वर्ष २०८०/८१ मा भ्याटबापत करिब १६ करोड कर तिर्नु पर्‍यो ।”

# साढे त्रिपन्न हजारले पाए सेवा

**रौतहट समाचारदाता**
*रौतहट, भदौ १७ गते*

रौतहटको चन्द्रपुर नगरपालिका–५ मा रहेको चन्द्रनिगाहपुर सरकारी अस्पतालबाट गत आर्थिक वर्षमा साढे त्रिपन्न हजारभन्दा बढी बिरामीले सेवा लिएका छन् । नगरपालिकाले अस्पताल व्यवस्थापनमा विशेष ध्यान दिई चार जना डाक्टर (मेडिकल अफिसर) र दुई जना बालरोग विशेषज्ञद्वारा उपचार सेवा विस्तार गरेपछि बिरामीको चाप अत्यधिक बढेको हो ।

अस्पतालका प्रमुख ‘मेडिकल सुपरिन्टेन्डेन्ट’ डाक्टर अभिनन्दन श्रीवास्तवले दिनुभएको जानकारी अनुसार अस्पतालमा बहिरङ्ग (ओपिडी) तर्फ ४५ हजार ५३३ जना र आकस्मिकतर्फ आठ हजार ५८ जना गरी ५३ हजार ५९१ जना बिरामीको उपचार भएको थियो ।

उहाँले भन्नुभयो, “अस्पतालमा छ हजार ३९१ जनालाई विभिन्न प्रकारको खोप सेवा प्रदान गरिएको र चार हजार ५६२ जनालाई ‘एण्टिरेबिज’ भ्याक्सिन लगाइएको थियो । भ्याक्सिन सेवा चन्द्रपुर नगरपालिकासहित जिल्लाका अन्य पालिकाका बिरामीलाई समेत उपलब्ध गराइएको थियो । प्रदेश सरकारले भ्याक्सिन नपठाउँदाको अवस्थामा नगरपालिका आफैँले पनि खरिद गरेर सेवा प्रदान गरेको थियो ।”

अस्पतालमा सर्पदंशका ६०५ जना बिरामीले उपचार सेवा पाएको जनस्वास्थ्य अधिकृत राधेशङ्कर पालले जानकारी दिनुभयो । गत आर्थिक वर्षको असारमा सबैभन्दा बढी सर्पदंशका १०३ जना बिरामीको उपचार भएको उहाँले बताउनुभयो ।

यसै गरी अस्पतालमा ६८४ जना महिलाले प्रसूति सेवा लिएको तथ्याङ्क छ । क्षयरोगको समेत उपचार सेवा प्रदान गर्दै आएको अस्पतालले गत आर्थिक वर्ष ४३ जना क्षयरोगीको उपचार गरेको क्षयरोग फाँटका प्रमुख कुलप्रसाद तिम्सिनाले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७९/८० को तुलनामा गत आर्थिक वर्षमा क्षयरोगीका सङ्ख्या घटेको उहाँ बताउनुहुन्छ ।

# प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा तालाबन्दी

**महोत्तरी समाचारदाता**
*महोत्तरी, भदौ १७ गते*



प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा सर्वदलीय समितिले तालाबन्दी गर्दै ।

महोत्तरीको पिपरा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा सर्वदलीय समितिले सोमबार तालाबन्दी गरेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोषकुमार मिश्रले पालिकाको समसामयिक विषयवस्तुमा छलफलका लागि समय दिएर आफैँ अनुपस्थित भएपछि सर्वदलीय समितिले आफूहरूलाई अवमूल्यन गरेको भन्दै तालाबन्दी गरेको हो । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का पिपरा गाउँपालिका अध्यक्ष विनित पाण्डेयले पालिकाको विविध विषयमाथि छलफलका लागि प्रमुख प्रशासकीय अधिकृतसँग पटक पटक समय माग गरेपछि सोमबार बोलाउनुभएको तर आफैँ अनुपस्थित भई आफूहरूलाई उपहास गरेकाले तालाबन्दी गरिएको जानकारी दिनुभयो ।

उहाँले विगत एक महिनादेखि पटक पटक छलफलका लागि समय माग गरेको, कार्यालयमा अनुपस्थित हुने गरेको, कार्यालय प्रमुख नहुँदा सेवाग्राहीहरूलाई सास्ती भोग्नु परिरहेको बताउँदै प्रमुख प्रशासकीय अधिकृतले आफैँ दिनुभएको समयमा अनुपस्थित भई सर्वदलीय समितिको उपहास गरेकाले तालाबन्दी गरिएको बताउनुभयो । छलफलका लागि सोमबार ११ बजे उपस्थित हुने गरी जानकारी गराइए पनि उपस्थित नभई समयको अवहेलना गरेको तथा पटक पटक सर्वदलीय समितिमाथि टीकाटिप्पणी गर्दै आएकाले तालाबन्दी गरिएको जनमत पार्टी पिपरा गाउँपालिकाका अध्यक्ष रूपेश मण्डलले जानकारी दिनुभयो ।

नेकपा एमाले, नेपाली कांग्रेस, लोसपा, जनमत पार्टीलगायत अन्य दल सहभागी रहेको सर्वदलीय समितिले प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा ताल्चा लगाएका हुन् ।

गाउँपालिकामा शिक्षा, स्वास्थ्य, कृषि, पशु स्वास्थ्यलगायतका क्षेत्रमा भइरहेको कामलाई सर्वदलीय समितिले पटक पटक अनुगमन गरेको थियो । उक्त अनुगमनबाट आएको गुनासो तथा देखिएका कमीकमजोरीलाई सच्याउन प्रमुख प्रशासकीय अधिकृतको महत्त्वपूर्ण भूमिका हुने भएकाले आफूहरूले पटक पटक छलफलका लागि प्रयास गरेको सर्वदलीय समितिले जनाएको छ । लोसपाका पिपरा गाउँपालिका अध्यक्ष पाण्डेयले प्रमुख प्रशासकीय अधिकृतको रबैयाबारे महोत्तरीका प्रमुख जिल्ला अधिकारीलाई समेत जानकारी गराइसकिएको र उहाँले गाउँपालिका अध्यक्षसँग बुझ्ने बताएको बताउनुभयो । यस विषयमा सर्वदलीय समितिले पालिका अध्यक्षलाई सम्पर्क गर्न खोज्दा अध्यक्ष रामजानकी यादवले फोन नउठाएकाले अन्ततः तालाबन्दी गर्ने निष्कर्षमा समिति पुगेको र छलफल नभएसम्म ताला नखोल्ने नेता पाण्डेयले जानकारी दिनुभयो ।

# विद्यार्थी गठबन्धनको आपत्ति

**जनकपुरधाम समाचारदाता**
*जनकपुरधाम, भदौ १७ गते*

राजर्षी जनक विश्वविद्यालयको सूचनाप्रति संयुक्त विद्यार्थी गठबन्धनले आपत्ति जनाएको छ । राजर्षी जनक विश्वविद्यालयमा कर्मचारी अभावका कारण समयमा नतिजा प्रकाशन नहुनु, प्रशासनिक कामसमेत समयमा नहुने समस्या रहँदारहँदै पनि विश्वविद्यालयले भदौ १३ गते जारी गरेको शैक्षिक कार्यक्रमको अस्थायी स्वीकृतिको सूचनाप्रति संयुक्त विद्यार्थी गठबन्धनले आइतबार आपत्ति जनाएको हो ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन मधेश प्रदेशका अध्यक्ष आरपी यादव, नेपाल विद्यार्थी सङ्घका केन्द्रीय सदस्यका प्रतिनिधि इन्द्रजित गोइत, समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सचिव बलीराम कापरी, अनेरास्ववियु धनुषाका जिल्ला अध्यक्षका प्रतिनिधि शिवचन्द्र झा, अखिल क्रान्तिकारीका केन्द्रीय सचिव सञ्जय महतो, नेपाल समाजवादी विद्यार्थी युनियन मधेश प्रदेशका मुख्यसचिव लभ महतोको विज्ञप्तिमा हस्ताक्षर छ ।

**त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्ज, काठमाडौं ।**

**सिलबन्दी विद्युतीय बोलपत्र (E-Bidding) आह्वान गरिएको सूचना**

**गोरखापत्रमा प्रकाशित मिति : २०८१।०५।१८**

यस अस्पतालका लागि आवश्यक तपसिलका सामानहरू खरिद गर्नका लागि विद्युतीय बोलपत्र (E-Bidding) आह्वान गरिएको छ । खरिद गर्न इच्छुक इजाजत पत्र प्राप्त फर्मले हिमालयन बैंक लि., महाराजगञ्ज, काठमाडौँको चल्ती हिसाब नं. (खाता नं. ००२००५५३६५००१८) मा रकम रु. ३,०००।– जम्मा गरी (फिर्ता नहुने) E-Bidding (**www.bolpatra.gov.np**) मार्फत खरिद गरी पेश गर्न सकिनेछ । बोलपत्र खोल्ने बैठकमा उपस्थित बोलपत्र दाता वा निजका आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम खरिद गरेको सक्कल भौचर र सक्कल बिडबन्ड लिई आउनुहुन अनुरोध छ ।

| टेन्डर नं. | बोलपत्रको विवरण | बोलपत्र खरिद गर्ने र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | जमानत रकम |
|---|---|---|---|---|
| NCB/TUTHP2/GOODS/05/081-082 | Electrical Related Goods | मिति २०८१।०५।१८ गतेदेखि २०८१।०६।१८ गते १२:०० बजेसम्म | मिति : २०८१।०६।१८ गते २:०० बजे | रु. ४,७५,०००।– (चार लाख पचहत्तर हजार मात्र) |
| NCB/TUTHP2/GOODS/07/081-082 | Air Conditioner, Refrigerator and Spare Parts Related Goods | | मिति : २०८१।०६।१८ गते ३:०० बजे | रु. ४,००,०००।– (चार लाख मात्र) |

नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**उद्योग विभाग**
त्रिपुरेश्वर, काठमाण्डौ

**आशयपत्र (Expression of Interest-EOI) आह्वानको सूचना**

प्रकाशित मिति २०८१/०५/१८

आ.व. २०८१/०८२ मा आवश्यक पर्ने देहाय बमोजिमको परामर्श सेवा खरिद गर्ने प्रयोजनार्थ विद्युतीय माध्यमबाट राष्ट्रियस्तरमा खुला आशयपत्र आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना यस विभागको Website: www.doind.gov.np बाट तथा आशपत्र सम्वन्धि कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिनेछ ।

**देहायः**

| सि.नं. | विवरण | ठेक्का नं. | अवधि |
|---|---|---|---|
| १ | Consulting Service for Support & Maintenance of Industrial Management Information System-IMIS | DOI/G/EOI/01/2081 | २०८१/०५/१८ देखि २०८१/०६/०२ गते दिनको १२ बजे सम्म |

**कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति**
**कालीमाटी, काठमाडौँको**

**बढाबढको माध्यमबाट सामान लिलाम गर्ने कार्यका लागि बोलपत्र आह्वानको सूचना**

**(गोरखापत्र दैनिकमा मिति : २०८१।०५।१८ गते प्रकाशित)**
**सूचना नं. ०५।०८१।८२**

बढाबढको माध्यमबाट सामान लिलाममा सामान लैजाने कार्य गर्न इच्छुक व्यक्ति, फर्म र कम्पनीहरूलाई यो सूचना प्रकाशित भएको मितिले २१औँ दिन भित्रमा समितिको कालीमाटी र बालाजुस्थित कार्यालयबाट नियमानुसार रु. १,०००।– शुल्क र बोलपत्रदाता फर्म वा कम्पनीले मुख्य सञ्चालकको नागरिकताको प्रमाणपत्र, प्रचलित कानुन बमोजिम नवीकरण गरेको व्यवसाय दर्ता, मूअक दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन संलग्न कागजात बुझाइ बोलपत्र फाराम खरिद गरी २२औँ दिनको १२ बजेभित्र बोलपत्रमा उल्लेखित शर्तको अधीनमा रहने गरी नियमानुसार सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्रको विवरण | सामान गोदाम गरिएको स्थान | धरौटी रकम (रु) | सामानको न्यूनतम मूल्य (मूअक बाहेक) | अक्षरुपी |
|---|---|---|---|---|
| काम नलाग्ने सामानको विवरण | कालीमाटीस्थित बजारहाताभित्र रहेको गोदाममा रहेको काम नलाग्ने सामान | कबोल अङ्कको दस प्रतिशत | २,१६,०७७।३९ | दुई लाख सोह्र हजार सतहत्तर र पैसा उनन्चालिस मात्र । |

**मनमोहन प्राविधिक विश्वविद्यालय**
**बूढीगङ्गा गा.पा. ४, मोरङ**

**बोलपत्र आह्वानको सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८१।०५।१८**

मनमोहन प्राविधिक विश्वविद्यालयका लागि तपसिलमा उल्लेख भए बमोजिमको भवन निर्माण सम्बन्धी काम गर्नुपर्ने भएकोले सो कार्य गर्नका लागि **www.bolpatra.gov.np/egp** (ई बिडिङ) मार्फत बोलपत्र आह्वान गरिन्छ । सोका लागि इच्छुक इजाजत प्राप्त निर्माण कम्पनी तथा फर्महरूलाई ई बिडिङ मार्फत बोलपत्र फाराम दर्ता गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीका लागि मनमोहन प्राविधिक विश्वविद्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ । सम्पर्क नं. ०२१–५९०६९१

१) **विवरण**

| S.N. | Name of Contract | Contract Identification No | Bid Security Amount in NRs. | Bank Name | Account Number | Fee for Bid Document |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Administrative Block | MTU-NCB/Works-01-081/082 | 11,00,000.00 | Rastriya Banijya Bank | 2340100000728001 | 5,000.00 |
| 2 | Construction of Paramedical Building | MTU-NCB/Works-02-081/082 | 9,00,000.00 | Rastriya Banijya Bank | 2340100000728001 | 5,000.00 |

**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**भौतिक पूर्वाधार विकास निर्देशनालय**
**वीरेन्द्रनगर, सुर्खेत**

**जग्गा सट्टाभर्ना उपलब्ध गराउने सम्बन्धी ३५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०५।१८**

चालू आर्थिक वर्ष २०८१/०८२ मा यस निर्देशनालयबाट निर्माण हुने लखरपाटा–खम्बागाडे–मुरमुरी–जामु–सुनकाँडा सडकको रेखाङ्कन क्षेत्र (Alignment) मा पर्ने सुर्खेत जिल्लाको बराहताल गाउँपालिकाको वडा नं. ६ र ७ मा रहेको ९.३६ (नौ दशमलव तीन छ) हेक्टर राष्ट्रिय वनको जग्गा प्रयोग गर्न र सो जग्गामा रहेका ३१२९ गोटा रुख/पोल हटाउन स्वीकृति दिने विषयमा नेपाल सरकार म.प.बै.सं. २०/०८१ मिति २०८१/०४/१० मा निर्णय भएको छ । उपरोक्त सडकका लागि वन नियमावली, २०७९ को नियम ९१ बमोजिम जग्गा सट्टाभर्ना उपलब्ध गराउने प्रयोजनका निमित्त यस सडकको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको समान भौगोलिक र पारिस्थितिकीय प्रणाली रहेको वन विकास गर्न सकिने भू–वनोट जग्गा प्राप्ति गर्नुपर्ने भएकोले जग्गा उपलब्ध गराउनका लागि प्रस्तावित जग्गाको जग्गाधनी पुर्जा, जग्गाधनीको नागरिकताको प्रतिलिपि र तिरो तिरेको रसिद समेत संलग्न राखी प्रस्तावकले खाम बाहिर “**जग्गा उपलब्ध गराउने सम्बन्धी प्रस्ताव**” भनी स्पष्ट लेखेको र सम्पर्क व्यक्ति तथा सम्पर्क नम्बर अनिवार्य उल्लेख गरी यस **निर्देशनालयमा** प्रस्ताव पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**भौतिक पूर्वाधार विकास निर्देशनालय**
**वीरेन्द्रनगर, सुर्खेत**

# राजमार्ग कालोपत्रे गरेलगत्तै खण्डहर



तस्बिर : राधा लुइटेल

**कालोपत्रे गरिएलगत्तै खण्डहर भएको मेची राजमार्गको जोरपोखरी–गोपेटार सडकखण्ड ।**

**राधा लुइटेल**
*फिदिम, भदौ १७ गते*

पाँचथरको जोरपोखरी–गोपेटार सडकखण्ड जोड्ने सडक खण्डहर भएको छ। गत चैत वैशाखमा कालोपत्रे गरिएको मेची राजमार्गको ताप्लेजुङ फिदिम खण्ड भत्किएपछि सवारीसाधन मात्रै नभएर मान्छे हिँडडुल गर्न समेत हम्मे हम्मे पर्न थालेको छ।

गत असार पहिलो साता गरिएको कालोपत्रे उप्केर वर्षाको पानीसँगै बगेपछि यस सडकखण्डका अधिकांश स्थानमा सवारी र ढुवानीका साधन आउजाउ गर्न गराउन कठिनाइ भएको छ।

फिदिमस्थित सञ्जीव निर्माण सेवाले ठेक्का लिएको यो सडक निर्माण गर्न सडक डिभिजन इलामले तीन करोड रुपियाँ खर्चेको थियो। हिलिहाङ–७, सल्लेरीदेखि हिलिहाङ–३, गोपेटारसम्मको आठ किलोमिटर सडक कालोपत्रे गरिएकोमा जोरपोखरीदेखि गोपेटारबिचमा पर्ने करिब दुई किलोमिटर क्षेत्रमा समस्या आएको सडक डिभिजन इलामका साइट इन्जिनियर विपिन ढुङ्गाना बताउनुहुन्छ।

कालोपत्रे सकिँदा नसकिँदै बाटोमा छापिएको कालोपत्रे बग्नुका साथै छेउ भित्तामा ठुला ठुला खाल्डा परेका कारण यस क्षेत्रमा सवारी र ढुवानीका साधन चलाउन धेरै नै कठिन हुने गरेको चालक मोहन लिम्बूले बताउनुभयो।

स्थानीय कर्णश्याम लावतीले निर्माण व्यवसायी र अनुगमन गर्ने सडक डिभिजनको लापर्बाहीले सडक यो अवस्थामा पुगेको बताउनुभयो। हिलिहाङका हरि लोवा भन्नुहुन्छ, "कालोपत्रे नसकिँदै सयौँ टन क्षमताका ट्रक र लोडर कुदाइएकाले पनि समस्या आएको हो।"

कालोपत्रे गर्ने क्रममा अनुकूल सिमेन्ट र बालुवाको मात्रा नमिलाइएको र तुरुन्तै अधिक भार वहन क्षमताका ढुवानी साधन गुडाइएकाले सडकको यो हालत भएको स्थानीयको टिप्पणी छ।

सडक डिभिजन इलाम र निर्माण व्यवसायीबिच भएको सम्झौतामा दुई सेन्टिमिटर मोटाइको कालोपत्रे गर्नुपर्ने उल्लेख छ। कालोपत्रे गर्न जिम्मेवारी लिएको सञ्जीव निर्माण सेवाका सञ्चालक वीरेन्द्र श्रेष्ठले कालोपत्रे गरिएलगत्तै अत्यधिक बर्सात भएका कारण जमिनमुनि पानी उम्रेर यो अवस्था आएको बताउनुभयो। इन्जिनियर विपिन ढुङ्गाना चिसो भइरहने यो क्षेत्रमा कालोपत्रे गरेपछि पनि जमिनमुनिको पानी रसाएका कारण छिटो बिग्रेको दाबी गर्नुहुन्छ।

कालोपत्रे भत्किनुका कारणबारे भौतिक योजना मन्त्रालयले प्राविधिक टोली खटाएर अध्ययन गरेको र अध्ययन प्रतिवेदन आएपछि मात्रै यकिन हुने उहाँको भनाइ छ। बिग्रिएको सडकखण्डको प्राविधिक मूल्याङ्कन गरेर भुक्तानी रोकेको र पुनः काम सकेपछि मात्रै फुकुवा गर्ने पनि ढुङ्गानाले स्पष्ट पार्नुभयो।

## बनाई नसक्दै भत्कियो सडक

**कविराज घिमिरे**
*हिले, भदौ १७ गते*

गत असारमा मर्मत गरिएको कोशी र ाजमार्गको धनकुटा–हिले सडकखण्ड पुनः भत्कन थालेको छ। सडक डिभिजन कार्यालय धनकुटाले सो सडक मर्मतका लागि युनिक कन्स्ट्रक्सनलाई जिम्मा लगाएको थियो। कन्स्ट्रक्सनले जिम्मा लिएर मर्मत गरिएको कुवापानीदेखि निगालेसम्मको सडक पुनः भत्किएको हो। निगालेस्थित र ाममन्दिर, मिलन होटल, सुकेपोखरी क्षेत्रमा सबैभन्दा बढी समस्या छ। केही स्थानमा त कालोपत्रेको अवस्था निकै नाजुक भएको स्थानीयको गुनासो छ। ढलसमेत अव्यवस्थित हुँदा बर्सात्को पानी सडकमै जम्ने गरेका कारण पनि सडक निर्माण भई सक्दा नसक्दै बिग्रन थालेको स्थानीय मिलन खड्का बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "बर्सातको समयमा निकै कमसल तरिकाले काम गर्दा यो विजोग भएको हो।"

सडक आसपासको कटिङ गरिएको स्थानमा बढी समस्या देखिएको सडक डिभिजन कार्यालय धनकुटाले जनाएको छ। सडकमा माटो कटान गरिएको स्थानमा समस्या आएको र त्रुटि सच्याउनेबारे डिभिजनले पत्राचार गरिसकिएको सडक डिभिजन कार्यालय धनकुटाका प्रमुख र ामकुमार देवले जानकारी दिनुभयो।

कन्स्ट्रक्सनले मर्मतको जिम्मा पाएका स्थानको काम समेत सकेको छैन। युनिक कन्स्ट्रक्सनका आनन्द सुवेदीले बर्सातका कारण मर्मत कार्य प्रभावित भएपछि थप कार्य स्थगित गरिएको बताउनुभयो। उहाँले सडकको गोलाई काटिएको स्थानमा नयाँ पिच गरिँदा समस्या उब्जिएको बताउनुभयो।

## जबर्जस्तीको आरोपमा युवक पक्राउ

**चन्द्र पन्दाक**
*ताप्लेजुङ, भदौ १७ गते*

ताप्लेजुङमा बालिकालाई जबर्जस्ती करणी गरेको आरोपमा एक युवक पक्राउ परेका छन्। प्रहरीका अनुसार बालिकालाई जबर्जस्ती करणी गरेको आरोपमा हाल सदरमुकाम फुङलिङ बस्दै आएका सर्लाहीको हरिवन नगरपालिका–९ का २३ वर्षीय अरुणकुमार महतो पक्राउ परेका हुन्।

जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक कमलकुमार लुङ्गेलीका अनुसार १३ वर्षीय बालिकालाई जबर्जस्ती करणी गरेको भन्ने प्रहरीमा जाहेरी परेपछि महतोलाई पक्राउ गरिएको हो।

बालिकालाई गत भदौ १० गते महतोले जबर्जस्ती करणी गरेको भनी जाहेरीमा उल्लेख गरिएको प्रहरी निरीक्षक लुङ्गेलीले जानकारी दिनुभयो। उहाँका अनुसार पक्राउ परेका महतोमाथि ताप्लेजुङ जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर अनुसन्धान सुरु गरिएको छ।

यसै गरी क्रसर मेसिनको सामान चोरी गर्ने तीन युवालाई पनि प्रहरीले पक्राउ गरेको छ। जिल्लाको पाथीभरा याङ्वरक गाउँपालिका–१, नाङ्खोल्याङका २३ वर्षीय चन्द्रलोकुच सुनुवार, मेरिङदेन गाउँपालिका–५, थुकिमाका १९ वर्षीय पासाङ शेर्पा र सोही गाउँपालिका–६, नाल्बुका १९ वर्षीय फुर्बा शेर्पा पक्राउ परेका छन्।

ताप्लेजुङको सेवालुङ निर्माण सेवा प्रालिले फुङलिङ नगरपालिका–१, हान्द्रुङस्थित निर्माण स्थलमा जडान गरेको क्रसर मेसिनको सामान तीन युवाले चोरी गरी बिक्री गरेको पाइएको प्रहरी निरीक्षक लुङ्गेलीले जानकारी दिनुभयो। उहाँका अनुसार उनीहरूले करिब चार लाख रुपियाँ बराबरको सामान चोरी गरेका छन्। पक्राउ परेका युवामाथि जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर थप अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## घरेलु महासङ्घमा नयाँ नेतृत्व

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, भदौ १७ गते*

ताप्लेजुङस्थित नेपाल घरेलु तथा साना उद्योग महासङ्घ तथा महिला उद्यम समितिको नयाँ नेतृत्व चयन भएको छ। उद्योग महासङ्घको नेतृत्वमा राजेन्द्रप्रसाद भारती र महिला उद्यममा विष्णु श्रेष्ठ अध्यक्षमा चयन हुनुभएको हो।

महासङ्घमा भारती र समितिमा श्रेष्ठ दोस्रो कार्यकालका लागि अध्यक्षमा चयन हुनुभएको हो। फुङलिङ नगरपालिका–९, हाङ्देवाको बुङ्कुलुङमा सम्पन्न महासङ्घको नवौँ र समितिको सातौँ अधिवेशनले नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो। महासङ्घको २३ सदस्यीय कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा नरबहादुर सुनाम चयन हुनुभएको छ।

यस्तै प्रथम उपाध्यक्षमा हर्कराज गुरुङ र द्वितीय उपाध्यक्षमा मातृकादेवी प्रसाईं चयन हुनुभएको छ। महासचिवमा पासाङरिता शेर्पा, सचिवमा कोपिला नेपाली र कोषाध्यक्षमा लीला सुनुवार चयन हुनुभयो।

महासङ्घको सल्लाहकार संयोजकमा सन्तोष खतिवडा र सदस्यमा ज्ञानप्रसाद मिश्र र कुमार सिवा चयन हुनुभएको छ। नौ सदस्यीय महिला उद्यम समितिको उपाध्यक्षमा शान्ति सिवा, सचिव नैनकला गुरुङ र कोषाध्यक्षमा बिमाया शेर्पा चयन हुनुभएको छ।

## गाउँपालिकाको भवन निर्माण

**इनरुवा समाचारदाता**
*इनरुवा, भदौ १७ गते*

भोक्राहा नरसिंह गाउँपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण सम्पन्न भएको छ। भवनको निर्माणपछि कार्यालय सञ्चालन भए पनि औपचारिक उद्घाटन हुन भने बाँकी छ। करिब सात करोड रुपियाँ लागतमा निर्माण भएको प्रशासनिक भवन जिल्लाका उत्कृष्ट स्थानीय तहमध्येको एक उदाहरणीय भवन भएको स्थानीय दीपेन्द्र यादवले जानकारी दिनुभयो।

संस्थापक स्थानीय तहका अध्यक्ष महेन्द्रप्रसाद यादवको पालाबाट निर्माण सुरु भएको जिल्लाको भोक्राहा नरसिंह गाउँपालिका कार्यालय भवन जिल्लाका उत्कृष्ट भवनका रूपमा पहिचान पाएको जनप्रतिनिधिको दाबी छ। भौतिक संरचना, सुविधा र सेवाको गुणस्तरमा यो भवन अन्य स्थानीय तहका लागि उदाहरण बनेको वर्तमान भोक्राहा नरसिंह गाउँपालिकाका अध्यक्ष अजमल अख्तर आजादले जानकारी दिनुभयो।

अध्यक्ष आजादका अनुसार भवनको निर्माण र विशेषतामा अत्याधुनिक प्राविधिक र वास्तुकलाको प्रयोग गरिएको छ। यस भवनको डिजाइनमा स्थानीय र आधुनिकताको सम्मिश्रण गरिएको छ जसले स्थानीय पहिचानलाई सम्मान गर्दै नवीनतम प्रविधिको उपयोग गरेको छ। भवनको निर्माणका क्रममा गुणस्तरमा कुनै सम्झौता नगरी आवश्यक सबै पूर्वाधार समेटिएको छ। अत्याधुनिक बैठक कक्ष, कार्यालय, प्रतीक्षालय र सभाहल रहेका छन्। साथै भवनमा वातावरणमैत्री सामग्रीको प्रयोग र ऊर्जा दक्ष प्रणालीको प्रयोग गरिएको र दीर्घकालसम्म टिकाउ रहने सुनिश्चितता दिएको उहाँको भनाइ छ।

# वधशाला अलपत्र



**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, भदौ १७ गते*

आर्थिक स्रोतको सुनिश्चित नभई छनोट भएका योजना वर्षौंसम्म पनि सम्पन्न हुन सकेका छैनन्। मोरङको पथरी शनिश्चरे नगरपालिकाले नगरमा निर्माण गरेको आधुनिक वधशाला (पशु काट्ने घर) निर्माण भएको तीन वर्ष बितिसक्दा पनि भित्री उपकरणको अभावमा प्रयोगमा आउन सकेको छैन।

कोशी प्रदेश सरकारको पशुपन्छी निर्देशनालयको पशु वधस्थल निर्माण सुधार कार्यक्रम अन्तर्गत नगरको १ नम्बर वडामा वधशाला निर्माण गरिएको थियो। वधशाला निर्माण भएको तीन वर्ष भइसक्दा पनि त्यहाँ आवश्यक पर्ने उपकरण खरिद गर्ने बजेट अभाव हुँदा काम रोकिएको नगरका प्रमुख प्रशासकीय अधिकृत शशि राईले बताउनुभयो।

पथरी बजारको करिब डेढ बिघा जग्गाको गोसलाइनमा सरकारको सहयोगमा निर्माण भएको वधशाला कोशी प्रदेश सरकारको सहयोगमा निर्माण भएको हो। पशुपन्छी निर्देशनालयको पशु वधस्थल निर्माण सुधार कार्यक्रमको ५० लाख रुपियाँ अनुदान र छिमेकी पालिकाको साझेदारीमा कुल ७५ लाख १४ हजार ४५१ रुपियाँमा वधशाला निर्माण गर्ने डिपिआर बनेको थियो तर निर्माण कम्पनी मादी आरकेडा कन्स्ट्रक्सन इटहरीले ५० लाख ९३ हजार ५७९ रुपियाँमा वधशाला निर्माण गरेर नगरलाई जिम्मा लगाएको हो।

वध स्थलमा दैनिक ठुला पाँच वटा र साना १२ वटासम्म पशु वध र प्रशोधन गर्न सकिने छ। वडा नं. १ का वडाध्यक्ष भीमकुमार राईले भन्नुभयो, "वधशालामा भित्र पशुको स्वास्थ्य परीक्षण, वध गरेपछि प्रशोधन, फ्रिजिङ गर्नेलगायतका सुविधा हुने छन्।" उहाँले भित्रका प्राविधिक उपकरण जडानका लागि करिब १०/११ लाख रुपियाँ आवश्यक पर्ने बताउनुभयो।

स्थानीय मासु व्यापारीसँगको सहकार्यमा भित्रको प्राविधिक काम सक्ने र चाँडै वधशाला प्रयोगमा ल्याउने उहाँको भनाइ छ तर नगरका प्रवक्ता नवीन राईले प्रदेशको आयोजना सम्पन्न गर्न प्रदेश सरकारसँगै बजेटको पर्खाइमा र हँदा वधशाला सञ्चालनमा ल्याउन नसकिएको बताउनुभयो। उहाँले भन्नुभयो, "नगरले निर्णय गरेर आफ्नै खर्चमा पनि उपकरण गर्न सक्छ तर स्रोतको अभावका कारण नगरले तत्काल लगानी गर्न सक्ने अवस्था छैन।"

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय विराटनगरका पशु चिकित्सक घट्टराज कट्टेलले ससर्त अनुदानमा नगरलाई ५० लाख रुपियाँ दिइएको बताउनुभयो। हाल खोरेत रोगका कारण नेपाली गाईभैँसीको दुध निर्यात नभएको रिपोर्ट प्राप्त भएकाले निर्देशनालय खोरेतविरुद्धको अभियानमा छ। तत्काल थप अनुदान दिन सकिने अवस्था छैन। उहाँले स्थानीय सरकारले नै लगानी गरेर वधशाला सञ्चालनमा ल्याउन सक्ने बताउनुभयो।

# रेडपान्डा म्याराथनको तयारी

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, भदौ १७ गते*

ताप्लेजुङमा अन्तर्राष्ट्रिय रेडपान्डा म्याराथन (दौड) प्रतियोगिता हुनेभएको छ। रेडपान्डा (हाब्रे) को संरक्षणमा क्रियाशील संस्था हिमाली संरक्षण मञ्चको आयोजनामा आगामी असोज ५ गते अन्तर ाष्ट्रिय रेडपान्डा म्याराथन हुने भएको हो।

विश्वमै दुर्लभ रेडपान्डाको संरक्षणप्रति जनचेतना अभिवृद्धि तथा पर्यटन प्रवर्धन गर्ने उद्देश्यले रेडपान्डा म्याराथन प्रतियोगिता गर्न लागिएको हो। हिमाली संरक्षण मञ्चले सदरमुकाम फुङलिङमा सोमबार पत्रकार सम्मेलन गरी रेडपान्डा म्याराथन प्रतियोगिताबारे जानकारी गराएको छ। प्रतियोगिताको आयोजना गरि एसँगै तयारीलाई तीव्र पारिएको मञ्चका कार्यवाहक अध्यक्ष भिङ्मारे लिम्बूले जानकारी दिनुभयो।

हरेक वर्ष सेप्टेम्बर २१ मा रेडपान्डा दिवस मनाइने गरिएको छ। यस वर्षको रेडपान्डा दिवसलाई विशेष बनाउन म्याराथन प्रतियोगिता गर्न लागिएको लिम्बूले बताउनुभयो। प्रतियोगितामा खुलातर्फ विजेताले एक लाख रुपियाँ राशिको नगद पुरस्कार पाउने छ। यस्तै पुरुषतर्फका पहिलोले ५० हजार रुपियाँ, दोस्रोले ३० हजार र तेस्रोले २० हजार रुपियाँ पुरस्कार प्राप्त गर्ने मञ्चले जानकारी दिएको छ।

त्यस्तै महिलातर्फ पनि पहिलो, दोस्रो र तेस्रो हुने धावकले क्रमशः ५० हजार, ३० हजार र २० हजार रुपियाँ नगद पुरस्कार पाउने मञ्चका कार्यवाहक अध्यक्ष लिम्बूले बताउनुभयो। यसै गरी ताप्लेजुङसहित रेडपान्डा पाइने क्षेत्र पाँचथर र इलामबाट प्रतियोगितामा सहभागी भई पहिलो हुने धावकले १५ हजार, दोस्रोले १० हजार र तेस्रो हुनेले पाँच हजार रुपियाँ नगद पुरस्कार पाउने मञ्चका कार्यक्रम संयोजक रमेश राईले जानकारी दिनुभयो। मञ्चका अनुसार रेडपान्डा म्यार ाथन प्रतियोगितामा प्रतिस्पर्धा गर्ने धावकले तीन हजार रुपियाँ प्रवेश शुल्क बुझाउनुपर्ने छ। विदेशी प्रतिस्पर्धीले एक सय डलर तथा तीन वटा जिल्ला ताप्लेजुङ, पाँचथर र इलामका प्रतिस्पर्धीले एक हजार रुपियाँ प्रवेश शुल्क बुझाउनुपर्ने मञ्चले जनाएको छ।

म्याराथनका लागि सदरमुकाम फुङलिङदेखि तीन हजार ७९४ मिटर उचाइ रहेको पाथीभराधाम पुगेर पुनः फुङलिङ आइपुग्नुपर्ने गरी ४८ किलोमिटर को दुरी कायम गरिएको छ। मञ्चका अनुसार म्याराथन प्रतियोगिता सञ्चालनका लागि रेडपान्डा नेटवर्क र फुङलिङ नगरपालिकाले आर्थिक सहयोग गर्ने भएको पनि मञ्चले जनाएको छ। प्रतियोगिताका लागि अपुग रकम मञ्चले बेहोर्ने कार्यक्रम संयोजक राईले जानकारी दिनुभयो।

यता म्याराथन प्रतियोगिताले रेडपान्डाको संरक्षण तथा यस क्षेत्रको पर्यटन प्रवर्धनमा योगदान पुऱ्याउने विश्वास गरिएको मञ्चले जनाएको छ। ताप्लेजुङको पाथीभरा क्षेत्र रेडपान्डा पाइने विशेष स्थानका रूपमा रहेको छ। पत्रकार सम्मेलनमा जिल्ला समन्वय समितिका प्रमुख छिरिङ लामा, फुङलिङ नगरपालिकाका प्रमुख अमिर मादेनलगायतको उपस्थिति रहेको थियो।


**Invitation for Bids**

First date of Publication : **2081/05/18 (03/09/2024)**
**"Construction of Boundary Wall at Dharan Substation"**
(Contract ID No : **NEA/DHARAN/SS/CW-1**)
**Please visit official website of PPMO**
(www.bolpatra.gov.np/egp) for more detail.

**Nepal Electricity Authority**
Transmission Directorate
**Dharan 220/33 kV Substation Project**
dharan220kvss@nea.org.np;
substationdharan@gmail.com
Kharipati, Bhaktapur

**उदयपुर सिमेन्ट उद्योग लि.को**
**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/१८** (3 September, 2024)
उद्योगको पुनः बोलपत्र नं. ११–१/०८०–८१ अन्तर्गत Replacement Work of metallic conveyor rail in full Turn key basis, पुनः सिल्ड कोटेसन नं. १–१/०८१–८२ अन्तर्गत Consultancy/Engineering services for supervision of kiln shell replacement-20m. New full floating chair pad Installation. खरिदका लागि इजाजत प्राप्त इच्छुक फर्महरूबाट रीतपूर्वकको बोलपत्र आह्वान गरिएको छ। सूचना सम्बन्धी विस्तृत विवरण www.bolpatra.gov.np/egp मा राखिएको छ। साथै थप जानकारी लिनुपरेमा उद्योगको प्रधान कार्यालय जलजले उदयपुरमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ।

**नेपाल सरकार**
**नेपाल कृषि अनुसन्धान परिषद्**
**कृषि अनुसन्धान निर्देशनालय**
**कर्णाली प्रदेश, दशरथपुर, सुर्खेत**

**पुराना घर टहराहरूको लिलाम बिक्रि गर्न बोल कबोल आह्वान गरिएको सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०५/१८**

यस निर्देशनालयमा रहेका ढुङ्गा, माटो र जस्ता पाताले अस्थायी रूपमा निर्माण भएका, प्रयोग गर्ने अवस्थामा नरहेको ४३ वटा जिर्ण घर टहराहरू हाल जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा सिलबन्दी बोल कबोल फाराम (बोलपत्र) द्वारा बढाबढ गरी मूल्य अभिवृद्धि कर (VAT) बाहेक न्यूनतम लिलाम मूल्याकङ्न रकम रु. ५२,६१,१५२/३५ (अक्षेरुपी बाउन्न लाख एकसठ्ठी हजार एक सय बाउन्न रुपैया पैसा पैँतीस मात्र) मा नघट्ने गरी लिलाम गर्ने निर्णय भएकोले इच्छुक फर्म एवं नेपाली नागरिकहरूबाट सिलबन्दी बोलपत्र आह्वान गरिन्छ। बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले २१औँ (एक्काइस) दिनसम्म कार्यालय समयभित्र रु. २०००।०० (दुई हजार) नगदै भुक्तानी गरी खरिद गर्न सकिनेछ र खरिद गरिएका बोलपत्रहरू सूचना प्रकाशित भएको मितिदेखि २२ औँ दिन दिनको १२:०० बजेभित्र यस निर्देशनालयमा दर्ता गरिसक्नुपर्नेछ सोही दिन रीत पूर्वक दर्ता हुन आएका बोल कबोल फारामहरू (बोलपत्र) दिनको २:०० बजे यसै निर्देशनालयमा नियमानुसार खोलिने छ। यस सम्बन्धमा थप विस्तृत विवरण यस निर्देशनालयको सूचनापाटीमा टाँस गरिएको व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**उदयपुर सिमेन्ट उद्योग लि. को**
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०५/१८** (3 September, 2024)
यस उद्योगले तपसिलमा उल्लिखित सामान तथा सेवा खरिदका लागि राष्ट्रिय गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक प्राप्त हुन आएका देहाय अनुसारको बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप–दफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल:**

| सि. नं. | पुनः बोलपत्र नं. | विवरण | छनोट भएको बोलपत्र दाता | स्वीकृत रकम मू.अ.कर बाहेक |
|---|---|---|---|---|
| १ | १२–१/०८०–८१ | Supply Dismantling, Fabrication, Erection, Installation & performance Test of GCT Upper Conical portion in full Turnkey basis | M/S Quality Machinery Suppliers & Traders Triyuga M.P-6, Jaljale Udayapur | रु. २५,७४,०००/– |

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**सार्वजनिक ऋण व्यवस्थापन कार्यालय**
**त्रिपुरेश्वर, काठमाडौँ**
**प्रथम पटक प्रकाशित मिति : २०८१।०५।१८**

**६ वर्षे विकास ऋणपत्र–२०८७ (NPDB06082087) को बोलकबोल सम्बन्धी सूचना।**

नेपाल सरकारको रु. १००० करोडको ६ वर्षे विकास ऋणपत्र–२०८७ (NPDB06082087) २०८१ भदौ १९ गते बोलकबोल मार्फत बिक्री गरी २०८१ भदौ २० गते निष्कासन गरिने भएकोले इच्छुक खरिद कर्ताले यस कार्यालयको DOMS को URL https://doms.gov.np/csd/MainTree.do बाट बोलकबोल पेश गर्न सकिनेछ। उक्त ऋणपत्रको बोलकबोलमा बैंक तथा वित्तीय संस्था, गैर–बैंक वित्तीय संस्था, बीमा कम्पनी तथा नेपाली नागरिकहरूले भाग लिन सक्नेछन्। यस ऋणपत्रका विशेषता र बोलकबोल प्रक्रिया सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयको वेबसाइट www.pdmo.gov.np को आन्तरिक ऋण सम्बन्धी सूचनामा हेर्न वा फोन नं. ०१–४५३८३५९ मा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**
**जावलाखेल, ललितपुर**

**सिलबन्दी विद्युतीय दरभाउपत्र (E-Bidding) आह्वान गरिएको सूचना**

**(सूचना प्रकाशित मिति : २०८१।०५।१८)**
यस प्रतिष्ठानका लागि आ.व. २०८१/८२ मा आवश्यक पर्ने छपाई सम्बन्धी सामानहरू (NASC/GOODS/SQ-02/081/82) खरिद गर्नका लागि विद्युतीय दरभाउपत्र (E-Bidding) आह्वान गरिएको हुँदा उक्त कार्य गर्न इजाजत प्राप्त इच्छुक फर्म/संस्था/कम्पनीहरूले **www.bolpatra.gov.np** मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

| टेन्डर नं. | सामानको विवरण | फाराम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने र बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र फाराम खोल्ने मिति र समय | जमानत रकम |
|---|---|---|---|---|---|
| NASC/GOODS/SQ-02/081/82 | छपाई सम्बन्धी सामानहरू | रु. १,०००/– (फिर्ता नहुने) | मिति २०८१/०६/०२ गते दिनको १२:०० बजे | मिति २०८१/०६/०२ गते दिनको १:०० बजे | ५०,०००/– |

**श्री मालपोत कार्यालय, मनमैजु काठमाडौँबाट जारी हकदाबी सम्बन्धी ३५ दिने सूचना।**
काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. २३ झोछें बस्ने बुद्दरत्न शाक्यले मेरो पिता हिरा भाइ शाक्यको नाउँमा नाप नक्सा भई दर्ता बाँकी रहेको अवस्थामा पिताको मिति २०४२/०१/१५ मा, आमा मिश्री शाक्यको मिति २०७०/०६/०२ मा आ–आफ्नो कालगतिले परलोक भएको हुँदा हक खाने हकदार छोरा म निवेदक–१ मात्र रहेको र तपसिलमा उल्लिखित जग्गा पिता हीराभाई शाक्यको नामको धर्मस्थली मौजा हा.नं. ९४० को साविक लगत भिडी दर्ता/ना.सा. गरी पाऊँ भनी निवेदन माग गरेको हुँदा यसमा सरकारी, सार्वजनिक, गुठी अधीनस्थ सरकारी ऐलानी, पर्ती जग्गा पर्ने वा माग बमोजिम दर्ता/ना.सा. हुन नपर्ने कारण भए वा निवेदक बाहेक अरू हकदार कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला, अन्यथा कानून बमोजिम भई जानेछ। **तपसिल**

| क्र.सं. | गा.वि.स/न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाम | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | धर्मस्थली | २ख | ५४ | ३–३–३–० | चिरन्जीवी तिमलसिना का.ई. धर्मस्थली दक्षिणटार | यो जग्गा का.ई. झोछें बस्ने हिरा भाइ शाक्यको हो मैले कुतमा जोती आएको छु। |

**प्रदेश सरकार**
**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**

**प्राङ्गारीक मल प्रयोगमा अनुदान कार्यक्रमका लागि सूचीकरण सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०५/१८ गते

यस मन्त्रालयको आ.व. २०८१/८२ को वार्षिक कार्यक्रममा स्वीकृत रहेको **प्राङ्गारीक मल प्रयोगमा अनुदान** कार्यक्रम कार्यान्वयनका लागि यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रम मार्फत नियमानुसार सम्बन्धित निकायमा दर्ता भएका कोशी प्रदेश भित्रका प्राङ्गारीक/ जैविक/ भर्मिकम्पोष्ट लगायतका प्राङ्गारीक मल उत्पादकले कृषकलाई मल विक्री वितरण गर्दा मन्त्रालयले उपलब्ध गराउने प्रति के.जी रु. १०/- का दरले सहुलियत/अनुदान प्रदान गरी विक्री वितरण गर्न ईच्छुक भएमा यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र देहाय बमोजिमका कागजात सहित यस मन्त्रालयमा सूचिकृत हुन आह्वान गरिन्छ।

थप जानकारीका लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालयका कृषि प्रसार अधिकृत **श्री अभिमन्यू अधिकारी** मोवाईल नं. **९८५२०३५०४९** मा कार्यालय समयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

**देहाय :-**
१. व्यवसाय दर्ता भएको प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण-पत्र र कर चुक्ता प्रमाण-पत्र।
२. प्राङ्गारीक मल उत्पादन परिमाण, सहुलियतमा उपलब्ध गराउन सक्ने मलको परिमाण र उपलब्ध हुने स्थान।
३. खरिद गर्न चाहने कृषकहरुको लागि न्यूनतम विक्री मुल्य।
४. प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका २०७८ को अनुसुची १ मा उल्लेख भए अनुसार सरकारी निकाय बाट मान्यता प्राप्त प्रयोगशालाको प्रतिवेदन।
५. सम्बन्धित निकायमा सूचिकृत भएको प्रमाण-पत्र।

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १५२३०० ▼ |
| चाँदी | : | १७९५ ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २८२३.२५ (+१२७.३२) ▲ |
| कारोबार रकम | : | १३,१०४,६३१,८०२ ▲ |
| कारोबार भएका सेयर | : | ३१,४३०,०४८ |
| कारोबार सङ्ख्या | : | १६०,५७९ |
| कारोबार भएका कम्पनी | : | ३३५ |

# डिडिसीलाई साठी करोड ऋण सहमति



गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १७ गते*

अर्थ मन्त्रालयले सर्तसहित दुग्ध विकास संस्थान (डिडिसी) मा ६० करोड रुपियाँ ऋण लगानी गर्ने गरी मन्त्रीपरिषद्मा प्रस्ताव पेस गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सहमति दिएको छ। दुग्ध विकास संस्थानले यो रकम तत्कालका लागि किसानलाई दुधको बाँकी रकम भुक्तानीमा प्रयोग गर्न सक्ने छ।

चालु आर्थिक वर्षका लागि दुग्ध विकास संस्थानको नाममा ऋण लगानी अन्तर्गत एक करोड रुपियाँ बजेट व्यवस्था गरिएको थियो। कृषि मन्त्रालयमा विनियोजित रकमबाट थप ५९ करोड रुपियाँ रकमान्तर गरी कुल ६० करोड ऋण लगानी गर्ने गरी मन्त्रीपरिषद्मा प्रस्ताव पेस गर्न अर्थ मन्त्रालयले सहमति दिएको हो। यससम्बन्धी प्रस्ताव मन्त्रीपरिषद्बाट स्वीकृत भएपछि सरकारले संस्थानमा ऋणका रूपमा लगानी गर्ने छ।

दुग्ध विकास संस्थानबाट दुधको भुक्तानी नपाएको भन्दै किसानले भुक्तानीका लागि माग गर्दै आएका छन्। किसानलाई दुधको बाँकी रकम भुक्तानी गर्ने विषयमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, कृषिमन्त्री रामनाथ अधिकारी, दुग्ध विकास संस्थानका अधिकारीबिच पटक पटक छलफल भएको थियो।

## किसानले पाएनन् भुक्तानी

हिले समाचारदाता
*हिले, भदौ १७ गते*

दुग्ध विकास संस्थान (डिडिसि) बाट धनकुटाका दुध उत्पादक किसानले विगत नौ महिनादेखि भुक्तानी पाएका छैनन्। गत वर्षको मङ्सिर १५ गतेसम्मको मात्र भुक्तानी गरेको संस्थानले त्यसयता कुनै पनि रकम भुक्तानी नगरेको दुध उत्पादक जिल्ला सहकारी सङ्घ धनकुटाले जनाएको छ। पहिले १५ दिनको अन्तरमा भुक्तानी गर्दै आएको संस्थानले गत वर्षबाट नियमित भुक्तानी गर्न छाडेको सङ्घका सचिव रोमबहादुर बाजिम्पाकले बताउनुभयो।

सङ्घका अनुसार २०८० मङ्सिर १५ देखि २०८१ असार मसान्तसम्म मात्रै डिडिसीले धनकुटा र तेह्रथुमका १७ वटा दुध सङ्कलक सहकारी संस्थालाई १३ करोड ९३ लाख रुपियाँ भुक्तानी दिन बाँकी छ। १७ वटा दुध सङ्कलक सहकारीमध्ये धनकुटाका १५ र तेह्रथुमका दुई सहकारी संस्था छन्।

यी दुध सङ्कलक सहकारी संस्थाले धनकुटा र तेह्रथुमका करिब पाँच हजार किसानले उत्पादन गरेको दुध सङ्कलन गरी डिडिसीलाई बिक्री गर्दै आइरहेको छ। डिडिसीले बक्यौता रकम भुक्तानी नगर्दा दुध उत्पादक किसान पेसाबाटै विस्थापित हुने अवस्थामा पुगेको दुध उत्पादक कृषकको गुनासो छ।

डिडिसीबाट भुक्तानी नपाउँदा ती सहकारीले किसानलाई भुक्तानी दिन पाएका छैनन्। पछिल्लो साउन महिनाको समेत संस्थानले सहकारी संस्थालाई भुक्तानी गरेको छैन।

विगत नौ महिनाको अवधिमा भुक्तानीका लागि विभिन्न चरणमा आन्दोलनसँगै सम्झौता गरे पनि भुक्तानी नपाएको चञ्चलादेवी बहुउद्देश्य दुग्ध उत्पादन सहकारी संस्थाका अध्यक्ष नगेन्द्र पाण्डेले जानकारी दिनुभयो।

"डिडिसीले भुक्तानी अड्काइदिँदा हामीले कृषकलाई पैसा दिन सकेनौँ। यसबाट कृषक यो पेसाबाट विस्थापित हुने अवस्थामा पुगेका छन्," उहाँले भन्नुभयो।

# उन्नाइस हजार मेट्रिक टन चिनी आउँदै

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १७ गते*



सरकारले भारतबाट खरिद गरेको १९ हजार मेट्रिक टन चिनी आउँदो साता नेपाली बजारमा आइपुग्ने भएको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले भारतबाट चिनी खरिद गर्नका लागि छनोट गरेका सात वटा निजी व्यापारिक फर्मले आउने साता सो परिमाणको चिनी ल्याउने जनाएका हुन्।

विभागका महानिर्देशक राजन पौडेलले आउँदो साता भारतबाट खरिद गरेको १९ हजार मेट्रिक टन चिनी बजारमा आइपुग्ने जानकारी दिनुभयो। उहाँका अनुसार चिनी बजारमा आएपछि प्रतिकिलोग्राम १०७ रुपियाँ ५० पैसामा बिक्री गरिने छ।

यसअघि विभागले चिनी खरिदका लागि आवेदन दिएका ७३ वटा व्यापारिक फर्ममध्ये सात वटा छनोट गरेर चिनी खरिदका लागि पत्राचार गरेर एक सातामै प्रक्रिया सुरु गर्ने निर्देशन दिएको थियो। सोही निर्देशन अनुसार छनोट भएका निजी व्यापारी फर्मले चिनी खरिद प्रक्रिया पूरा गरेर अर्को साता नेपाली बजारमा ल्याउने विभागले जनाएको छ।

विभागका अनुसार बढीमा दुई हजार आठ सय मेट्रिक टन र थोरैमा दुई हजार सात मेट्रिक टनसम्म खरिद गर्न सक्ने गरी व्यापारिक फर्म छनोट भएका छन्। चिनी खरिदका लागि छनोट भएका फर्मले निर्णय भए अनुसार चिनी खरिद गरिसकेका छन्।

विभागले १९ हजार मेट्रिक टन चिनी खरिद गर्न चाहने व्यापारिक फर्मसँग साउन २३ गते सूचना आह्वान गरेको थियो। छनोट भएका व्यापारिक कम्पनीमार्फत चिनी खरिद भएपछि आमउपभोक्तालाई सहज हुने गरी बजारमा पठाइने विभागका महानिर्देशक पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष कात्तिकमा नै भारत सरकारबाट नेपाललाई २५ हजार मेट्रिक टन चिनी उपलब्ध गराउने विषयमा सहमति भएको थियो। जसमा छ हजार मेट्रिक टन चिनी खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनले खरिद गर्ने उल्लेख थियो।

बजारमा चिनी महँगो भएको भन्ने हल्ला आइरहेका बेलामा यो परिमाणको चिनी बजारमा आएपछि यसको मूल्य स्वतः घट्ने अपेक्षा गरिएको छ। उक्त परिणामको चिनी नेपाली बजारमा आएपछि चिनीमा कुनै समस्या नहुने विभागका महानिर्देशक पौडेलले बताउनुभयो। हाल बजारमा केही चिनी उद्योगीले गर्दै आएको मनोमानी पनि पूर्ण रूपमा अन्त्य हुने दाबी गर्नुभयो।

चिनी आयातको कोटा प्राप्त गरको मितिमा साल्ट ट्रेडिङ कर्पोरेसनले निर्धारण गरेको चिनीको मूल्यमा उपभोक्ताले पाउने गरी चिनीको बिक्री आपूर्तिको प्रबन्ध मिलाउने विभागले जनाएको छ। उक्त चिनी साल्ट ट्रेडिङ कर्पोरेसन र खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट सञ्चालन हुने सहुलियत मूल्य पसलमा पनि सोही चिनी राखेर बिक्री गर्ने व्यवस्था गरिने विभागले तयारी गरेको छ।

विभागका अनुसार आयात गरिएको चिनीको भण्डारण, मौज्दात, बिक्रीको अवस्थाका विषयमा साप्ताहिक रूपले विभागमा जानकारी गराउने, कोटा प्राप्त गरेका फर्मले मापदण्डबमोजिम गुणस्तरको चिनी मात्र आयात गर्नुपर्ने, विभागबाट चिनी आयातको कोटा प्राप्त गरेको मितिले सात दिनभित्र एनसिइएलसँग गरेको सम्झौतापत्र वा प्रतीतपत्र जारी भएको पत्र विभागमा पेस गर्नुपर्ने, उक्त अवधिभित्र सम्झौतापत्र वा प्रतीतपत्र जारी भएको पेस नगरे अनुमतिपत्र स्वतः खारेज हुने छ।

# स्टार्टअप कर्जाका लागि ११६ आवेदन

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १७ गते*



स्टार्टअप उद्यम कर्जाका लागि ११६ उद्यमीका आवेदन परेका छन्। औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले गत मङ्गलबार स्टार्टअप उद्यम कर्जाका लागि परियोजना प्रस्ताव पेस गर्न आवेदन खुला गरेको थियो। एक हप्तामै ११६ वटा उद्यमीले कर्जाका लागि अनलाइन र भौतिक रूपमा उपस्थित भएर आवेदन दिएको प्रतिष्ठानले जनाएको छ।

प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ अनुसार तोकिएका मापदण्ड पूरा भएका उद्यमीले कर्जाका लागि गत ११ गते परियोजना प्रस्ताव आह्वान गर्न सूचना सार्वजनिक गरेको थियो। उद्यमीले कर्जाका लागि २१ दिनसम्म प्रस्ताव पेस गर्नुपर्ने छ। परियोजनाको प्रस्ताव अनलाइनमार्फत भर्न सकिने व्यवस्था गरिएको छ।

स्टार्टअप उद्यम कर्जाका लागि कृषि सिँचाइ तथा पशुपन्छीमा आधारित उद्यम, उत्पादनमूलक उद्यम, वनमा आधारित उद्यम, पर्यटन प्रवर्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित उद्यम, मानव स्वास्थ्य सेवासँग सम्बधित उद्यम, पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित उद्यम, विद्युतीय सवारीसाधन तथा अटोमोबाइलसँग सम्बन्धित १९ वटा क्षेत्रबाट आवेदन परेको प्रतिष्ठानले जनाएको छ।

यस पटक उपत्यका बाहिरका उद्यमीलाई अनलाइनबाट आवेदन दिन सहज होस् भनेर अनलाइननमार्फत आवेदन दिने व्यवस्था गरिएको प्रतिष्ठानले जनाएको छ। गत वर्ष उद्यमीले भौतिक रूपमा उपस्थित भएर आवेदन दिने व्यवस्था गरिएको थियो। यस पटक भौतिक रूपमा उपस्थित भएर र अनलाइनबाट आवेदन दिने व्यवस्था गरिएको प्रतिष्ठानले जनाएको छ। नवीनतम ज्ञान, सोच, सिप र क्षमता भएको उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्दै सहुलियतपूर्ण कर्जा प्रवाहको व्यवस्था गरिएको हो। स्टार्टअप उद्यम कर्जा लागि उद्यम व्यवसाय दर्ता भई १० वर्ष ननाघेको, प्राइभेट फर्म, साझेदारी फर्म कम्पनी वा सहकारी संस्था उद्योगका रूपमा उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको, वार्षिक आर्थिक कारोबार पन्ध्र करोड रुपियाँ ननाघेको, नवीन एवं सिर्जनशील सोचलाई उद्यम व्यवसायका रूपमा रूपान्तरण गरी तीव्र वृद्धिको सम्भावना भएको उद्यम हुनुपर्ने व्यवस्था छ।

कार्यविधि अनुसार उद्यम तथा परियोजनालाई धितो मानेर तीन प्रतिशत ब्याजदरमा स्टार्टअप कर्जा पाउन सकिने छ। कार्यविधिमा स्टार्टअप उद्यमका लागि निश्चित योग्यता तोकिएको छ। यस्तो कर्जाको अवधि अधिकतम पाँच वर्षको हुने छ भने ढिलोमा कर्जाको पहिलो किस्ता लिएको एक वर्षपछि साँवाब्याजबापतको रकम फिर्ता गर्न सुरु गर्नुपर्ने छ। स्टार्टअप उद्यम कर्जाको ब्याजदर वार्षिक तीन प्रतिशत हुने पनि कार्यविधिमा उल्लेख छ। कार्यविधिबमोजिम बैङ्कले कर्जा प्रवाह गर्दा स्वीकृत व्यवसाय वा परियोजना धितोका रूपमा राख्नुपर्ने छ।

सरकारले स्टार्टअप उद्यम कर्जाका लागि चालु आवको बजेटमार्फत एक अर्ब रुपियाँ विनियोजन गरेको छ। सो अनुसार तोकिएको मापदण्ड पूरा गरेका सात सय उद्यमीले स्टार्टअप उद्यम कर्जा पाउने प्रतिष्ठानले जनाएको छ। गत आवमा १६५ उद्यमीले न्यूनतम पाँच लाख रुपियाँदेखि २० लाख रुपियाँसम्म स्टार्टअप उद्यम कर्जा पाएका थिए। गत आव स्टार्टअप उद्यम कर्जाका लागि २५ करोड रकम विनियोजन भएको थियो।

## कत्था उत्पादकमा घिमिरे

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १७ गते*

नेपाल कत्था उत्पादक सङ्घको तेस्रो वार्षिक साधारण सभाले अध्यक्षमा शिवप्रसाद घिमिरेलाई निर्विरोध निर्वाचित गरेको छ। देशभर छरिएर रहेका कत्था उत्पादकको छाता संस्थाका रूपमा २०७८ मा स्थापित यस सङ्घमा ११ ठुला उद्योगहरू आबद्ध छन्।

सङ्घको उपाध्यक्षमा विजयकुमार गुप्ता, महासचिवमा कुमार रोक्का क्षेत्री, कोषाध्यक्षमा ओमप्रकाश अग्रवाल र सदस्यमा क्रमशः केशवकुमार कार्की, विनोदकुमार अग्रवाल, दिलीपकुमार अग्रवाल, मोहितकुमार जैन र प्रशान्त अग्रवाल निर्वाचित भएको सङ्घले जनाएको छ।

गत आर्थिक वर्षको तथ्याङ्क अनुसार नेपालबाट दुई अर्ब १२ करोड रुपियाँको कत्था निर्यात गरेको छ भने कुल निकासी व्यापारमा यस क्षेत्रको १.४ प्रतिशत योगदान रहेको छ। स्वदेशी कत्था उद्योगहरूले भारत, बङ्गलादेश, पाकिस्तानलगायतका देशमा निर्यात गर्दै आएका छन्।

शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग भएकाले यसको संवर्धन र प्रवर्धनमा राज्यको अहम् भूमिका रहने सङ्घका नवनिर्वाचित अध्यक्ष घिमिरेले बताए।

## एकैदिन १२७ अङ्कले उकालो

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १७ गते*

सेयर बजार एकै दिन १२७ अङ्कले उकालो लागेको छ। लगातार ओरालो लागेर २६ सयको विन्दुमा झरेको सेयर बजार सोमबार उच्च अङ्कले बढेको हो। सोमबार सेयर बजार मापक नेप्से परिसूचक १२७ अङ्कले उकालो लाग्दा परिसूचक २८ सयमाथि लागेको छ। परिसूचकमा उच्च अङ्कको बढोत्तरी आए पनि कारोबार रकम पनि अघिल्ला दिनको तुलनामा बढेको छ।

नेपाल राष्ट्र बैङ्कले चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गरेयता निरन्तर उकालो लागेर तीन हजारनजिक पुगेको बजार फेरि २६ सयको विन्दुमा आएको थियो। आइतबार नेप्से ५३.६३ अङ्कले ओरालो लागेर २६९५.९३ को विन्दुमा पुगेर रोकिएको थियो।

सोमबार नेप्से १२७.३२ अङ्कले उकालो लागेर २८२३.२५ को विन्दुमा पुगेर रोकिएको छ। सेन्सेटिभ इन्डेक्स पनि २२.९४ अङ्कले उकालो लागेर ५०३.८३ को विन्दुमा पुगेर रोकिएको छ। समग्रमा साताको दोस्रो दिनको नेप्से ४.७२ प्रतिशतले उकालो लागेको छ भने सेन्सेटिभ इन्डेक्स ४.७७ प्रतिशतले उकालो लागेको छ।

सोमबार ३३५ कम्पनीको तीन करोड १४ लाख ३० हजार ४८ कित्ता सेयर एक लाख ६० हजार ५७९ पटक खरिद बिक्री हुँदा १३ अर्ब १० करोड ४६ लाख ३१ हजार ८०२ रुपियाँ बराबरको सेयर कारोबार भएको छ। जुन अघिल्लो दिनको तुलनामा दुई अर्ब ५९ करोड रुपियाँले बढी हो।

सोमबार ४६ करोड ५२ लाख ५१ हजार नौ सय रुपियाँ बराबरको सेयर कारोबार भएर गुडबिल फाइनान्स लिमिटेडको सर्वाधिक कारोबार भएको छ। अपी पावर कम्पनीको ४१ करोड ८८ लाख ७३ हजार ६२१ रुपियाँ बराबरको सेयर कारोबार भएको छ। सोमबारको सेयर बजारमा कारोबारमा आएका १३ वटै उपसमूहको परिसूचक उकालो लागेको छ। फाइनान्स उपसमूहको परिसूचक सर्वाधिक ७.९४ प्रतिशतले उकालो लागेको सोमबार लगानी ५.४५ प्रतिशत, जलविद्युत् ५.३६ प्रतिशत, विकास बैङ्क ४.९९ प्रतिशत, होटल तथा पर्यटन ४.९२ प्रतिशत, निर्जीवन बिमा ४.८१ प्रतिशत, बैङ्किङ ४.७३ प्रतिशत, जीवन बिमा ४.६९ प्रतिशत, अन्य ४.१४ प्रतिशतले उकालो लागेको छ।

# दिगो आर्थिक सुधारमा जोड

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १७ गते*

नेपाल उद्योग वाणिज्य महासङ्घले नवनियुक्त मुख्य सचिव एकनारायण अर्यालसँग भेट गरी दिगो आर्थिक सुधारका लागि नीतिगत सुधार र स्थायित्व आवश्यक रहेकोतर्फ ध्यानाकर्षण गराएको छ।

सोमबार भएको भेटमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रमा सुधार देखिए पनि तीव्र र दिगो विकासका लागि सरकारले गठन गर्ने भनिएको उच्चस्तरीय आर्थिक सुधार आयोगले विशेष ध्यान दिनुपर्ने र यसमा महासङ्घले सघाउने धारणा राख्नुभयो। "महासङ्घको आग्रहमा नयाँ चरणको सुधारका लागि आयोग गठन हुनु सकारात्मक छ," उहाँले भन्नुभयो, "अर्थतन्त्रको दिगो सुधारका लागि



नीतिगत सुधारमा काम गर्नु पर्छ।" निजी क्षेत्रलाई पनि अख्तियारले हेर्ने गरी कानुन बनेकोतर्फ अध्यक्ष ढकालले मुख्य सचिव अर्यालको ध्यानाकर्षण गराउँदै यसले लगानी निरुत्साहित हुने भएकाले यो व्यवस्था हटाउन पहल गर्न पनि आग्रह गर्नुभयो।

निजी क्षेत्रको मर्यादाक्रमका लागि महासङ्घले आग्रह गरिरहेकोमा यसलाई सकारात्मक रूपमा लिन पनि मुख्य सचिव अर्यालसमक्ष आग्रह गर्नुभयो। सर्वसाधारण र व्यवसायीले सेवा लिने क्षेत्रमा सुधारका लागि प्रविधिको उपयोग बढाई सुशासनको प्रत्याभूति दिलाउनु पनि आवश्यक रहेको उहाँको भनाइ थियो।

भेटमा मुख्य सचिव अर्यालले निजी क्षेत्रको महत्त्व आफूले बुझेको र लगानी प्रोत्साहित हुने गरी काम गर्ने प्रतिबद्धता जनाउनुभयो। महासङ्घका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले छिटोछिटो नीति परिवर्तन हुन नहुनेमा जोड दिनुभयो।

उपाध्यक्ष हेमराज ढकालले अनधिकृत आयात रोक्न र उधारो उठाउनेसम्बन्धी कानुन निर्माण गर्न पनि सरकारले पहल गर्नुपर्ने धारणा राख्नुभयो।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

**काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौटका लागि निवेदन आव्हान सम्बन्धी सूचना**

*(प्रकाशन मिति : २०८१/०५/१८)*

तपसिल बमोजिमका मुलुकहरुमा निकट भविष्यमा रिक्त हुने काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति गर्नुपर्ने भएकोले "काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति सम्बन्धी कार्यविधि तथा मापदण्ड-२०७३" अनुसार तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो व्यक्तिगत विवरण उल्लेख गरी अनुसूची-२ बमोजिम निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, निवेदन फाराम यस मन्त्रालयको वेवसाइट : **www.moless.gov.np** मा उपलब्ध रहेको व्यहोरा जानकारी गराइन्छ।

| क्र.सं. | काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट गरिने कूटनीतिक नियोग | पद | सेवा/समुह/श्रेणी | संख्या |
|---|---|---|---|---|
| १ | नेपाली राजदुतावास, सियोल, दक्षिण कोरिया | काउन्सेलर (श्रम) | ने.प्र./सा.प्र./रा.प.द्वितीय | १ (एक) |
| २ | नेपाली राजदुतावास, दोहा, कतार | | | १ (एक) |
| ३ | नेपाली राजदुतावास, क्वालालम्पुर, मलेसिया | | | १ (एक) |
| ४ | नेपाली राजदुतावास, अबुधावी, संयुक्त अरब इमिरेट्स | श्रम सहचारी | ने.प्र./सा.प्र./रा.प.तृतीय | १ (एक) |
| ५ | नेपाली महावाणिज्यदूतावास, जेद्दा, साउदी अरेबिया | | | १ (एक) |
| ६ | नेपाली राजदुतावास, क्वालालम्पुर, मलेसिया | | | १ (एक) |
| ७ | नेपाली राजदुतावास, मस्कट, ओमान | | | १ (एक) |

# सामूहिक कोदो खेती

वराहक्षेत्र समाचारदाता
*वराहक्षेत्र, भदौ १७ गते*

वराहक्षेत्र नगरको सूर्यकुण्ड, चियाबारी, धापागाउँ क्षेत्रका किसान समूहमा कोदो खेती गर्न थालेका छन् । कृषि ज्ञान केन्द्र सुनसरीले रैथाने बाली प्रवर्धन कार्यक्रम सुरु गरेपछि किसान समूहमा कोदो खेती गर्न थालेका हुन् ।

जिल्लाको उत्तरी क्षेत्रमा रहेको वराहक्षेत्र नगरपालिकाको वडा नम्बर १ क्षेत्रमा रैथाने बाली प्रवर्धन कार्यक्रम एक वर्षदेखि जारी छ । स्थानीय कुलुङ कृषक समूहको अगुवाइमा कोदो खेती हुँदै आएको समूहका सल्लाहकार अर्जुन कुलुङले बताउनुभयो । उहाँका अनुसार भदौको सुरुवातसँगै कोदो रोप्न थालिएको छ । कोदो खेतीका लागि हावापानी राम्रो रहेको सूर्यकुण्ड, धापागाउँ, चियाबारी क्षेत्रमा किसानले कोदो रोप्दै आएका छन् ।

कोदो खेतीका लागि नर्सरी व्यवस्थापनदेखि मल खाद्य व्यवस्थापन र कोदो बालीमा लाग्ने रोग, किरालगायत कोदो बालीसम्बन्धी जानकारी पाएका किसानले व्यावसायिक रूपमै कोदो खेती गर्न थालेका हुन् । घरमा खानका लागि मात्रै कोदो खेती गर्दै आएका किसानले कोदोबाट राम्रै फाइदा हुने भएपछि खेतीलाई बढाउन लगेको 'हाम्रो कुलुङ गाउँ कृषक समूह' का सचिव तपेन्द्र राईले बताउनुभयो । उहाँका अनुसार १० बिघा क्षेत्रफलमा कोदो रोप्न सुरु गरिएको छ । गत वर्ष पाँच बिघा क्षेत्रफलमा मात्रै कोदो खेती गरिएको थियो ।

ज्ञान केन्द्र सुनसरीले गत आव २०८०/८१ को वार्षिक कार्यक्रम अनुसार वराहक्षेत्र-१, चियाबारीमा रहेको हाम्रो कुलुङगाउँ कृषक समूहमार्फत रैथाने कोदो बाली प्रवर्धन कार्यक्रम सुरु गरेको थियो । कृषि ज्ञान केन्द्र सुनसरीले कृषक समूहलाई मिनि ट्रिलर दुई थान, रोग किरा नियन्त्रण गर्न सात थान स्प्रे ट्याङ्की, मल्टी क्रप थ्रेसर एक थान, मिनी कम्बाइन मिल एक थान, प्याकेजिङ प्लास्टिक ब्याग ७५ प्रतिशत र कृषक समूहको २५ प्रतिशत लागत सहभागितामा किसानलाई सामग्री उपलब्ध गराएको थियो । कृषक समूहले उत्पादन गरेको कोदोबाट पिठो ब्रान्डिङ गरी बिक्रीवितरणमा सहजताका लागि कृषक समूहलाई आवश्यक सामग्री दिइएको समूहका सचिव तपेन्द्र राईले बताउनुभयो ।

माग बढेसँगै सुनसरीमा पछिल्लो समय रैथाने बाली कोदो, फापर, छिर्केमिर्के सिमी, मिठे र तितेफापर, लोकल मकै, जौ, लट्टेजस्ता बालीको संरक्षण गर्न थालिएको छ ।

# ताँदी घ्याङफेदीको 'पिपिए'



गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १७ गते*

एबिपी इनर्जी प्रालिले प्रवर्धन गरेको आठ मेगावाटको ताँदी घ्याङफेदी जलविद्युत् आयोजनाको विद्युत् खरिदबिक्री सम्झौता (पिपिए) सम्पन्न भएको छ । नेपाल विद्युत् प्राधिकरण र एबिपी इनर्जीका प्रतिनिधिबिच सोमबार पिपिएमा हस्ताक्षर भएको हो ।

प्रस्तावित जलविद्युत् आयोजना नुवाकोटको दुप्चेश्वर गाउँपालिका-१, ताँदीमा निर्माण हुने छ । यो आयोजनाको सबै खालको अध्ययन पूरा भएको कम्पनीले जनाएको छ । प्रस्तावित जलविद्युत् आयोजनाको ग्रस हेड ४४६ मिटर रहेको छ । यो जलविद्युत् आयोजनाका लागि दुई हजार २८१ मिटर हेडरेस पाइप राखिने छ ।

उत्पादित विद्युत् ३३ केभी सिङ्गल सर्किटको १० किमी प्रसारण लाइन निर्माण गरेर समुद्रटार सबस्टेसनमा जोडिने छ । यो जलविद्युत् आयोजनाको प्रतिमेगावाट लागत २० करोड पाँच लाख रुपियाँ रहेको छ । कम्पनीले आगामी असोज २ गतेबाट आयोजना निर्माण गर्ने योजना बनाएको छ । त्यस्तै २०८४ वैशाख मसान्तमा व्यावसायिक उत्पादन गर्ने कम्पनीको लक्ष्य छ ।

# ग्लोबलले ल्यायो बालबालिकालक्षित एप

गोरखापत्र समाचारदाता
*काठमाडौँ, भदौ १७ गते*

बालबालिकालाई लक्षित गर्दै ग्लोबल आइएमई बैङ्कले 'ग्लोबल जुनियर' एप सार्वजनिक गरेको छ । बैङ्किङ क्षेत्रमै पहिलो पटक बालबालिकालक्षित बैङ्कले ग्लोबल जुनियर एप सञ्चालनमा ल्याएको हो ।




बालबालिकालाई सानैदेखि बैङ्किङ कारोबारसम्बन्धी अभ्यस्त गराउन यो एप ल्याइएको बैङ्कले जनाएको छ । बैङ्कका अनुसार परिवार र बालबालिकाबिच हुने नगद कारोबारलाई डिजिटल गराउनु यो एपको उद्देश्य हो ।

बैङ्कले १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई लक्षित ग्लोबल जुनियर एप सार्वजनिक गरेको जनाएको छ ।

साथै घरभित्रै हुने कारोबारलाई नगदरहित गर्न यो एपले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बैङ्कको दाबी छ । यो एपमार्फत बालबालिकाले बचत गर्न तथा आफूलाई आवश्यक परेका बेला बचतको रकम खर्च गर्न सक्ने हुनाले यसले बालबालिकामा आर्थिक जिम्मेवारीको समेत विकास हुने बैङ्कले जनाएको छ ।

साथै आमाबुवाको निगरानी र मार्गदर्शनमा बालबालिकाका लागि ग्लोबल जुनियर एपमार्फत नवीनतम वित्तीय सिकाइको अनुभव प्रदान हुने विश्वास बैङ्कले लिएको छ ।

## राष्ट्रिय वाणिज्य बैंक लि.बाट लिएको कर्जा चुक्ता गर्न आह्वान गरिएको र चुक्ता नगरेमा सुरक्षण बापत धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्न सिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना।

(सूचना प्रकाशित मिति २०८१।०५।१८)

यस बैंकका देहायका शाखा कार्यालयहरूबाट उल्लेख भए बमोजिम कर्जा लिने ग्राहकहरूले म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता गर्दा समेत कर्जा चुक्ता नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क गरी सम्पूर्ण साँवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य दस्तुर समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो जमानी दिनुहुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेका धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैंले सकार गरी लिन सक्ने वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्न सकिने ब्यहोरा समेत जानकारी गराइन्छ ।

यो सूचना बमोजिम ३५ दिनभित्र चुक्ता नभएका कर्जाहरुको बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनदेखि ५०औं दिनभित्र सम्बन्धित शाखा कार्यालयमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न सर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र पेस गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरू बोलपत्र प्राप्त भएको कार्यालयमा ५१औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको २:०० बजे खोलिने हुँदा बोलपत्र दाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्र दाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

१) शाखा कार्यालय बालाजु ।

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने धितो सम्पत्तिको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|
| क्यास क्रेडिट (हाइपोथिकेसन) ११९०१०००४११९७०४३ | **काठमाण्डौं बिजनेश ट्रेडर्स कम्पनी प्रा.लि.** काडमाण्डौं म.न.पा.१६, बालाजु । (प्रा.लि.नं.३७०६५/०६२/०६३ कम्पनि रजिस्ट्रारको कार्यालय) संस्थापक शेयरधनी : काजी राम पिया | परसुराम श्रेष्ठकी छोरी, जनार्दन पियाकी बुहारी, काजीराम पियाकी पत्नी पपला श्रेष्ठको नाममा जिल्ला काठमाडौं, मालपोत कार्यालय मनमैजुमा दर्ता स्रेस्ता रहेको जितपुर ९ख स्थित कि.नं. ३४२ र ३४३ क्षेत्रफल क्रमशः २-०-०-० (१०१७.४८ ब.मि.) र २-१४-०-० (१४६२.६३ ब.मि.) जग्गा । | रु.७,४१,४९,०००/- (अक्षेरुपी सात करोड एकचालिस लाख उनन्चास हजार मात्र) |
| | | अष्टमानको नाति, जनार्दन पियाको छोरा काजीराम पियाको नाममा दर्ता स्रेस्ता रहेको जिल्ला तनहुं, बन्दीपुर ४ग स्थित कि.नं. ५५५ क्षेत्रफल ३-०-३-२ जग्गा । | रु.८७,५०,०००/- (अक्षेरुपी सतासी लाख पचास हजार मात्र) |

२) शाखा कार्यालय कोटिहवा ।

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने धितो सम्पत्तिको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|
| क्यास क्रेडिट (हाइपोथिकेसन) ३३९०१००००१०३०४३ विनिय जमानत ३३९०१००००००२३०९ ७ ३३९०१०००००००३३०९ | **बिराट इन्टरनेशनल ग्रुप प्रा.लि.** रजिस्टर्ड कार्यालय : सिद्धार्थनगर न.पा.३, रुपन्देही । (दर्ता नं.१३८०९८/०७२/०७३ कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं) संस्थापक शेयरधनी : सुनिल कुमार पुन ठेगाना : सिद्धार्थनगर न.पा.२, रुपन्देही । बाबु : दर्शन कुमार पुन बाजे : गोरे पुन | गोरे पुनकी बुहारी, दर्शन कुमार पुनकी पत्नी देव कली पुनको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता स्रेस्ता रहेको सिद्धार्थनगर न.पा. २क स्थित कि.नं. १२४७, १२४८ र १२५० क्षेत्रफल क्रमशः ०-८-०.५-० (२७१७.५८ ब.मि.), ०-०-१५-० (२५३.९४ ब.मि.) र ०-०-१५-० (२५३.९४ ब.मि.) जग्गा र सोमा बनेको टहरा तथा लिगलगापात समेत । | रु.२,४६,००,०००/- (अक्षेरुपी दुई करोड छयालिस लाख मात्र) |
| | | दर्शन कुमार पुनकी बुहारी, सुनिल कुमार पुनकी पत्नी सुस्मा गुरुङको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता स्रेस्ता रहेको सिद्धार्थनगर न.पा. २घ स्थित कि.नं.२६६ क्षेत्रफल ०-२-११-० (८६३.३९ ब.मि.) जग्गा । | रु.८७,००,०००/- (अक्षेरुपी सतासी लाख मात्र) |
| | | गोरे पुनको नाति, दर्शन कुमार पुनको छोरा सुनिल कुमार पुनको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता स्रेस्ता रहेको धकधई ७क स्थित कि.नं.७३४ र ७३६ क्षेत्रफल क्रमशः ०-०-१०.५-० (१७७.७९ ब.मि.) र ०-०-१२.५-० (२११.६५ ब.मि.) जग्गा । | रु.१९,५०,०००/- (अक्षेरुपी उन्नाईस लाख पचास हजार मात्र) |

३) शाखा कार्यालय गजुरी ।

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने धितो सम्पत्तिको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|
| क्यास क्रेडिट (हाईपोथिकेसन) १०५०१०००४६३३०४३ | **खुसी सप्लायर्स,** पिंडा गा.वि.स.१ धादिङ । हाल गजुरी गा.पा.६ धादिङ । (प्रा.फ.र.नं.७२९९८/०६२/६३ घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय धादिङ) प्रोप्राइटर : चिरञ्जीवी श्रेष्ठ ठेगाना : पिंडा गा.वि.स.१ धादिङ, हाल गजुरी गा.पा.६ धादिङ । बाबु : नन्दलाल श्रेष्ठ, बाजे : पूर्णलाल श्रेष्ठ | पूर्णलालको नाति, नन्दलाल श्रेष्ठको छोरा चिरञ्जिवी श्रेष्ठको नाममा मालपोत कार्यालय धादिङमा दर्ता स्रेस्ता रहेको गजुरी २छ स्थित कि.नं ६० क्षेत्रफल ०-१-१-१.५ जग्गा । | रु.११,२७,६००/- (अक्षेरुपी एघार लाख सत्ताइस हजार छ सय मात्र) |
| | | पूर्णलालको नाति, नन्दलाल श्रेष्ठको छोरा चिरञ्जिवी श्रेष्ठको नाममा मालपोत कार्यालय धादिङमा दर्ता स्रेस्ता रहेको पिडा १क स्थित कि.नं.८५२ क्षेत्रफल ०-१०-०-० जग्गा । | रु.४१,५४,३००/- (अक्षेरुपी एकचालीस लाख चवन्न हजार तीन सय मात्र) |
| | | पूर्णलाल श्रेष्ठको नाति, नन्दलाल श्रेष्ठको छोरा चिरञ्जिवी श्रेष्ठको नाममा मालपोत कार्यालय धादिङमा दर्ता स्रेस्ता रहेको कुम्पुर ७क स्थित कि.नं.७५० तथा क्षेत्रफल १-९-३-१ जग्गा । | रु.५१,६०,०००/- (अक्षेरुपी एकाउन्न लाख साठी हजार मात्र) |
| | | पूर्णलालको नाति, नन्दलाल श्रेष्ठको छोरा चिरञ्जिवी श्रेष्ठको नाममा मालपोत कार्यालय धादिङमा दर्ता स्रेस्ता रहेको पिडा १ग स्थित कि.नं.५४६ क्षेत्रफल ०-५-२-० जग्गा । | रु.४७,७७,३००/- (अक्षेरुपी सत्चालीस लाख सतहत्तर हजार तीन सय मात्र) |
| | | कृष्ण बहादुर (जग्गाधनीको ना.प्र.प.अनुसार कृष्ण कुमार) की छोरी, नन्दलालकी बुहारी, चिरञ्जीवी श्रेष्ठकी पत्नी पार्वती श्रेष्ठको नाममा मालपोत कार्यालय धादिङमा दर्ता स्रेस्ता रहेको कुम्पुर ७क स्थित कि.नं ५६५ क्षेत्रफल १-०-०-० जग्गा । | रु.४१,३१,४००/- (अक्षेरुपी एकचालीस लाख एकतिस हजार चार सय मात्र) |
| | | पुर्ण चन्द्र श्रेष्ठकी बुहारी, नन्दलाल श्रेष्ठकी पत्नी जयन्ति श्रेष्ठको नाममा मालपोत कार्यालय धादिङमा दर्ता स्रेस्ता रहेको पिडा १क स्थित कि.नं ८५३ क्षेत्रफल १-११-१-० जग्गा । | रु.४९,६८,०००/- (अक्षेरुपी उनन्चास लाख अठसट्ठी हजार मात्र) |
| कृषि कर्जा १०५०१००००७२३२० ७ १०५०१००००९६३२१ | **रोजक कुखुरा फर्म,** बेनिघाट रोराङ ७ धादिङ । (प्रा.फ.द.प्र.प.नं.५१७९/०७३/०७४ घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय धादिङ), प्रोप्राइटर : राम प्रकाश बस्नेत (ना.प्र.प. अनुसार राम पुकार बस्नेत), ठेगाना : धुषा गा.वि.स.१ धादिङ, हाल बेनिघाट रोराङ ७ धादिङ । बाबु : ओम बहादुर बस्नेत, बाजे : कृष्ण बहादुर बस्नेत । | डम्बर बहादुरको नाति, कृष्ण बहादुरको छोरा ओम बहादुर बस्नेतको नाममा मालपोत कार्यालय धादिङमा दर्ता स्रेस्ता रहेको बेनिघाट २द स्थित कि.नं.२८ क्षेत्रफल ८-६-०-० जग्गा । | रु.५४,००,०००/- (अक्षेरुपी चवन्न लाख मात्र) |
| | | डम्बर बहादुरको नाति, कृष्ण बहादुरको छोरा ओम बहादुर बस्नेतको नाममा मालपोत कार्यालय धादिङमा दर्ता स्रेस्ता रहेको बेनिघाट २क स्थित कि.नं.८८ र ८९ क्षेत्रफल क्रमशः ४-१२-३-२ र २-२-३-३ जग्गा । | रु.२८,८०,०००/- (अक्षेरुपी अट्ठाइस लाख असी हजारमात्र) |
| | | कृष्ण बहादुरको नाति, ओम बहादुरको छोरा कृष्ण पुकार बस्नेतको नाममा मालपोत कार्यालय धादिङमा दर्ता स्रेस्ता रहेको बेनिघाट २ब स्थित कि.नं. १०६७ र १०६९ क्षेत्रफल क्रमशः ०-२-०-० र ०-३-१-० जग्गा । | रु.२६,८०,७००/- (अक्षेरुपी छब्बिस लाख असी हजार सात सय मात्र) |

४) शाखा कार्यालय चैनपुर ।

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने धितो सम्पत्तिको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|
| क्यास क्रेडिट (हाईपोथिकेसन) २०३०१०००४७२२०४३ | **जे.वि. फ्रुट्स जुस, सस उद्योग ।** चैनपुर गा.वि.स.२ संखुवासभा (प्रा.फ.नं.९७१/०६८/०६९ घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय संखुवासभा, खांदवारी) प्रोप्राइटर : कल्पना भण्डारी (श्रेष्ठ) ठेगाना : बानेश्वर गा.वि.स.३ संखुवासभा । बाबु : डिल्ली बहादुर भण्डारी, पति : अर्जुन कुमार श्रेष्ठ, ससुरा : विष्णु बहादुर श्रेष्ठ । | जित बहादुरको नाति, विष्णु बहादुरको छोरा अर्जुन कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय चैनपुर, संखुवासभामा दर्ता स्रेस्ता रहेको चैनपुर १ स्थित कि.नं.१५२७ र ४७३ क्षेत्रफल क्रमशः २५४४ व.मि. र २६५० ब.मि. जग्गा । | रु.४१,३४,६५०/- (अक्षेरुपी एकचालीस लाख चौंतिस हजार छ सय पचास मात्र) |
| | | जित बहादुर श्रेष्ठको नाति, विष्णु बहादुर श्रेष्ठको छोरा अर्जुन कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय चैनपुर, संखुवासभामा दर्ता स्रेस्ता रहेको नुनढाकी ९ स्थित कि.नं.८५३ क्षेत्रफल ७३२ ब.मि. जग्गा । | रु.८,१४,१४०/- (अक्षेरुपी आठ लाख चौध हजार एक सय चालीस मात्र) |

५) शाखा कार्यालय हिले ।

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने धितो सम्पत्तिको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|
| ओभरड्राफ्ट २११०१०००० ४७५७००२ | **सिद्धकाली ज्वेलर्स,** धनकुटा न.पा. १ धनकुटा । (प्रा.फ.नं.घ.उ.वि.नं.२९४०/०७०/७१ घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय धनकुटा), प्रोप्राइटर : अतिक कुमार रसाइली, ठेगाना : ठुलो दुम्मा गा.वि.स.६ भोजपुर । बाबु : गंगा बहादुर रसाईली, बाजे : गडुलमान रसाईली | गडुलमान रसाईलीको नाति, गंगा बहादुर रसाइलीको छोरा अतिक कुमार रसाइलीको नाममा मालपोत कार्यालय धनकुटामा दर्ता स्रेस्ता रहेको चुलिवन ४ स्थित कि.नं.५८७ क्षेत्रफल ६-०-०-० जग्गा तथा निगाले ६ स्थित कि.नं. २५४ र १८९५ क्षेत्रफल क्रमशः ३-९-३-० र २-१४-०-३ जग्गा । | रु.३१,०९,०००/- (अक्षेरुपी एकतिस लाख नौ हजार मात्र) |

६) शाखा कार्यालय दुल्लु ।

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने धितो सम्पत्तिको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|
| हाईपोथिकेसन (क्यास क्रेडिट) ४३४०१००० ०००९८०४३ | **निर्मला फेन्सी पसल,** दुल्लु न.पा.५ दैलेख । (प्रा.फ.र.नं.१८२६/०७२/०७३ घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय दैलेख) प्रोप्राइटर : निर्मला खत्री । ठेगाना : लकान्द्र गा.वि.स. ४ दैलेख, हाल दुल्लु न.पा.५ दैलेख । बाबु : प्रेम शाही, पति : बखत बहादुर खत्री, ससुरा : मन्दिर बहादुर खत्री | गोरेको नाति, मन्दिर बहादुर खत्रीको छोरा बखत बहादुर खत्रीको नाममा मालपोत कार्यालय दैलेखमा दर्ता स्रेस्ता रहेको छिउडीपुसाकोट गा.वि.स.९ स्थित कि.नं.५४० क्षेत्रफल १६४ व.मि. जग्गा र सोमा बनेको घर तथा लिगलगापात समेत । | रु.११,९०,०००/- (अक्षेरुपी एघार लाख नब्बे हजार मात्र) |
| महालक्ष्मी घर कर्जा ४३४०१००० ००००३३१२ | **दुर्गा शाह** (ना.प्र.नं.८९६१७/४७५ दैलेख) ठेगाना : दुल्लु गा.वि.स.१ दैलेख, हाल दुल्लु न.पा. ७ दैलेख । बाबु : गोविन्द बहादुर शाह, पति : नारद शाह, ससुरा : सोवित शाह | सोवित शाहकी बुहारी, नारद शाहकी पत्नी दुर्गा शाहको नाममा मालपोत कार्यालय दैलेखमा दर्ता स्रेस्ता रहेको दुल्लु गा.वि.स.१ स्थित कि.नं.८०६ क्षेत्रफल १३७ ब.मि. जग्गा र सोमा बनेको घर तथा लिगलगापात समेत । | रु.२०,४०,०००/- (अक्षेरुपी बिस लाख चालिस हजार मात्र) |
| विपन्न वर्ग ४३४०१००० ००२७७३१७ | **चन्द्रे कामी** (ना.प्र.नं. ४८१ दैलेख) ठेगाना : छिउडीपुसाकोट १ दैलेख, हाल दुल्लु ६ दैलेख । बाबु : पदमे कामी, बाजे : भक्ते कामी । | पदमे कामीकी बुहारी, चन्द्रे कामीकी पत्नी पानसरा कामीको नाममा मालपोत कार्यालय दैलेखमा दर्ता स्रेस्ता रहेको छिउडीपुसाकोट २ स्थित कि.नं.३९४ क्षेत्रफल १२९० व.मि.जग्गा । | रु.३,३०,०००/- (अक्षेरुपी तिन लाख तिस हजार मात्र) |

७) शाखा कार्यालय नेपालगञ्ज ।

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने धितो सम्पत्तिको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|
| ओभरड्राफ्ट ४१३०१००० ०४४७५००२, चालुपुंजी ४१३०१००० ०००३८०४० | **न्यू फिल द फेशन कलेक्सन,** नेपालगंज २ बांके । (प्रा.फ.र.नं.२०१०३/०६८/०६९ वाणिज्य कार्यालय नेपालगन्ज) प्रोप्राइटर : दिपक शाही । ठेगाना : सिमिकोट गा.वि.स.९ हुम्ला, हाल नेपालगंज १६ बांके । बाबु : नन्द बहादुर शाही, बाजे : नागमल शाही | कल्चु शाहीको नाति, नागमल शाहीको छोरा नन्द वहादुर शाहीको नाममा मालपोत कार्यालय बांकेमा दर्ता स्रेस्ता रहेको नेपालगंज न.पा. १६ स्थित कि.नं. १५१ क्षेत्रफल ५७ ब.मि. जग्गा । | रु.८,८६,०००/- (अक्षेरुपी आठ लाख छयासी हजार मात्र) |
| | | कल्चु शाहीको नाति, नागमल शाहीको छोरा नन्द वहादुर शाहीको नाममा मालपोत कार्यालय बांकेमा दर्ता स्रेस्ता रहेको नेपालगंज न.पा. १६ स्थित कि.नं. ३९ क्षेत्रफल २१५ ब.मि. जग्गा र सोमा वनेको घर तथा लिग लगापात समेत । | रु.४९,८८,०००/- (अक्षेरुपी उनन्चास लाख अठासी हजार मात्र) |
| क्यास क्रेडिट (हाईपोथिकेसन) ४१३०१००३ ५२०३६०४३ महिला उद्यमशिलता ४१३०१००० ००००९६२० | **आस्रा मेनुफेक्चर,** नेपालगञ्ज उप म.न.पा. १ बांके । (प्रा.फ.नं. ५१५/७९१९/०७६/०७७ घरेलु तथा साना उद्योग कार्यालय बांके, नेपालगञ्ज) । सञ्चालक : नाजिया शर्मा । ठेगाना : टिकापुर १ कैलाली, हाल नेपालगञ्ज १ बांके । पति : चिरञ्जीवी शर्मा, ससुरा : रामचन्द्र शर्मा | कृपाराम शर्माको नाति, बद्रिनाथ शर्माको छोरा राम चन्द्र शर्माको नाममा मालपोत कार्यालय टीकापुर कैलालीमा दर्ता स्रेस्ता रहेको टीकापुर न.पा. ९ढ स्थित कि.नं.१००३ क्षेत्रफल ५०७.९६ ब.मि. जग्गा र सोमा बनेको घर तथा लिगलगापात समेत । | रु.४३,८०,०००/- (अक्षेरुपी त्रिचालिस लाख असी हजार मात्र) |
| व्यक्तिगत ओभरड्राफ्ट ४१३०१०००४३११३०८, तपाइंको आफ्नै घर कर्जा ४१३०१००००३६३२३ | **कमला देवी महत** (ना.प्र.नं.१०२२० जुम्ला) ठेगाना : चन्दननाथ न.पा.७ (साविक चन्दननाथ न.पा.६) जुम्ला, हाल नेपालगञ्ज उप म.न.पा.१२ बाँके । बाबु : बृख वहादुर वुढाथापा । पति : बरम बहादुर महत । ससुरा : धरम वहादुर महत । | धर्म वहादुर महतकी वुहारी, बरम वहादुर महतकी पत्नी कमला देवी महतको नाममा मालपोत कार्यालय नेपालगञ्ज, बांकेमा दर्ता स्रेस्ता रहेको नेपालगञ्ज न.पा.१६ स्थित कि.नं. २३७ र २२१ क्षेत्रफल क्रमशः ७१ व.मि. र १२८ व.मि. जग्गा एवं सोमा बनेको घर तथा लिगलगापात समेत । | रु.९२,२०,०००/- (अक्षेरुपी बयानब्वे लाख बीस हजार मात्र) |

**सर्तहरु :**

१) बोलपत्र फाराम यस बैंकको कुनैपनि शाखा कार्यालयबाट रु.१,०००/- (अक्षेरुपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । फोटोकपि गरिएको फाराम मान्य हुने छैन ।
२) बोलपत्र दाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फाराममा स्पष्ट रूपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मूल्य अङ्क र अक्षरमा समेत भर्नुपर्नेछ ।
३) बोलपत्र खाम बाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नुपर्नेछ ।
४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपी तथा फर्म/कम्पनी, सङ्गठित सङ्घ संस्थाले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपि बोलपत्रको साथमा नै पेस गर्नुपर्नेछ ।
५) बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुने रकम यस बैंकको कुनैपनि शाखा कार्यालयमा हिसाब मिलान हुन बाँकी कर्जा असुली हिसाबमा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंक कार्यालयको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकबाट जारी भएको सुरक्षणपत्र वा Good for Payment Cheque/ Managers Cheque अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६) लिलाम विक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था वा परिमाणमा स्वीकार गर्नुपर्नेछ ।
७) न्युनतम मूल्य भन्दा कम रकम उल्लेख गरी पेश भएका बोलपत्रहरू स्वतः रद्द हुनेछन् ।
८) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
९) बोलपत्र दाखिला भईसके पछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
१०) रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
११) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
१२) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।
१३) एक व्यक्तिबाट दुई वा दुईभन्दा बढी तथा मिलोमतोबाट बोलपत्र पेश गरेमा लिलाम कारवाही जुनसुकै चरणमा रहेपनि उक्त बोलपत्रहरू बदर हुनेछन् ।

**राष्ट्रिय वाणिज्य बैंक लि.,** केन्द्रीय कार्यालय
कर्जा अनुगमन तथा असुली विभाग
फोन नम्बर ०१-५७२१२२०, एक्सटेन्सन नं.२६२७



# अस्मिताको ह्याट्रिकको साथमा बागमती विजयी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

अस्मिता खवासको ह्याट्रिकको सहयोगमा बागमती युथ क्लबले सोमबार सुदूरपश्चिम प्रदेशलाई सजिलै ५–१ ले हराएर एन्फा महिला लिगमा विजयी सुरुवात गरेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा बागमतीका लागि अन्य गोल सहारा लिम्बू र आरती भुजेलले गर्नुभयो। सुदूरपश्चिमकी तुल्छा बोहोराले गरेको गोल सान्त्वना मात्र बन्यो। अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले छनोट नै नखेलाई सिधै प्रतियोगितामा प्रवेश दिएको बागमतीको यो महिला लिगमा पदार्पण हो। सुदूरपश्चिमले भने गत वैशाखमा सुर्खेतमा भएको एन्फा महिला लिग छनोट चरण पार गरेको हो। खेलको १७ औँ मिनेटमा सुदूरपश्चिमको कमजोर डिफेन्सको फाइदा उठाउँदै बागमतीले पहिलो गोल गऱ्यो। आरती भुजेलले डिबक्सनजिक सुदूरपश्चिमकी मनीषा ओखेडेबाट बल खोसेर पेनाल्टी बक्सभित्रबाटै मिलाइदिएको पासमा अस्मिताले सटिक प्रहारमार्फत गोल गरी बागमतीलाई अग्रता दिलाउनुभएको हो।

खेलको २६ औँ मिनेटमा सहारा लिम्बूले पेनाल्टी क्षेत्रभित्र सङ्गीता विकबाट बल खोसर गोल गर्नुभयो। ११ मिनेटपछि सुदूरपश्चिमले गरेको तेस्रो गोल पनि सुदूरपश्चिमको डिफन्सकै गल्तीमा भयो। सुदूरपश्चिमकी डिफेन्डर झरना थापामगरले डिबक्समा दिएको गलत पासमा बल पाएकी आरतीले गोल गरी स्कोर ३–० पार्नुभएको थियो।

मध्यान्तरपछिको खेलमा सुदूरपश्चिमले लामो समय बागमतीलाई रोकेको थियो तर खेलको ८० औँ मिनेटमा अस्मिताले व्यक्तिगत दोस्रो गोल गर्नुभयो। अस्मिताको सो गोलमा पनि आरतीकै 'एसिस्ट' रह्यो। आरतीसँग पास साटासाट गरी अस्मिताले नजिकबाट बल गोलपोस्टमा छिराउनुभएको हो। अस्मिताले दुई मिनेटपछि व्यक्तिगत तेस्रो र टिमको पाँचौँ गोल गरी ह्याट्रिक पूरा गर्नुभयो। सो गोलसँगै चालु महिला लिगमा अस्मिता ह्याट्रिक गर्ने पहिलो खेलाडी बन्नुभएको छ। अस्मिता खेलपछि उत्कृष्ट खेलाडी पनि घोषित हुनुभयो। खेलको अन्तिम मिनेटमा सुदूरपश्चिमकी तुल्छा बोहोराले बल एक्लैले डिबक्सभित्र लगेर गोल गरेपछि बागमतीले 'क्लिन सिट' भने बनाउन सकेन। उपाधि रक्षा अभियानमा रहेको एपिएफले मङ्गलबार नेपाल पुलिस क्लबविरुद्ध खेल्ने छ। सोही दिन त्रिभुवन आर्मी र सङ्कटा फुटबल क्लबबिच पनि खेल हुने छ।

## महिला भलिबललाई वात्सल्यको साथ

**काठमाडौँ** (गोरखापत्र), भदौ १७ गते। एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल) लाई वात्सल्यले मुख्य प्रायोजन गर्ने भएको छ। नेपालको पहिलो फ्रेन्चाइज लिग प्रतियोगिता इडब्लुभिएलको सहकार्यका लागि सोमबार आयोजक इन्फिनिटी ड्रिम्स र वात्सल्यबिच मुख्य प्रायोजनको सम्झौता भयो। सो सम्झौतामा इडब्लुभिएलका सिइओ स्नेभी चापागाईं र वात्सल्यका फाउन्डर प्रशान्त सुवेदीले हस्ताक्षर गर्नुभएको थियो।

सम्झौता दुई वर्षको हुने छ। सम्झौताको रकम भने खुलाइएको छैन। इन्फिनिटी ड्रिम्सका सिइओ चापागाईंले लिगको मुख्य प्रायोजकका रूपमा जोडिएकोमा वात्सल्यलाई धन्यवाद दिँदै खुसी लागेको बताउनुभयो। यसै गरी वात्सल्यका सिइओ सुवेदीले नेपाली राष्ट्रिय महिला भलिबल टिमले भलिबलमा आशा जगाएकाले लिगमा जोडिएको जानकारी दिनुभयो। "हामी महिलाकै लागि काम गर्ने संस्था भएकाले यस लिगमा सहयोग गर्नु पर्छ भन्ने लागेर हामी जोडिएका हौँ।" सुवेदीले अब पालो महिलाको भन्ने नाराका साथ लिग हुन लागेकाले यसमा सहकार्य गरेको जानकारी पनि दिनुभयो। नेपाल भलिबल सङ्घका उपाध्यक्ष भरत शाहले भलिबलमा निजी क्षेत्रको साथ र सहयोगले यस खेलको विकासमा सहयोग गर्ने धारणा राख्नुभयो।

पहिलो पटक हुन लागेको एभरेस्ट महिला भलिबल लिगमा छ टोलीको सहभागिता रहने छ। जसमा गण्डकी थन्डर्स, चितवन शक्ति, ललितपुर क्विन्स, काठमाडौँ स्पाइकर्स, मधेश युनाइटेड छन्। कर्णाली टिमले आधिकारिक नाम सार्वजनिक गर्न बाँकी छ। सो लिग आगामी असोज १४ देखि १९ गतेसम्म दशरथ रङ्गशालाको कभर्ड हलमा हुने छ।

## पेरिस पारा ओलम्पिक

# भीम हिट चरणबाट बिदा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

नेपाली पारा पौडी खेलाडी भीमबहादुर कुमाल सोमबार पेरिस पारा ओलम्पिकको हिट चरणबाटै बाहिरिनुभएको छ।

एस–८ पुरुष ५० मिटर फ्रिस्टायलमा भीमले ३५.०८ सेकेन्डमा दुरी तय गर्नुभयो। सो स्पर्धामा उहाँकै नाममा ३५.०१ सेकेन्डको राष्ट्रिय कीर्तिमान छ। कुल छ खेलाडी रहेको हिट–१ मा भीम पुछारमा रहनुभएको थियो। सो इभेन्टमा प्रतिस्पर्धा गरेका १९ खेलाडीमध्येमै भीम अन्तिम स्थानमा रहनुभयो। यस इभेन्टबाट शीर्ष आठ खेलाडी मात्र फाइनल प्रतिस्पर्धाका लाग चयन हुने प्रावधान रहेको छ।

विश्व पारा पौडीबाट 'बिपरटाइट स्लोट्स' प्राप्त गर्दै भीम पेरिस पारा ओलम्पिकका लागि छनोट हुनुभएको हो। उहाँको यो पहिलो पारा ओलम्पिक हो। भीम एम्पुटी फुटबलका पनि खेलाडी हुनुहुन्छ।

भीमको पराजयसँगै पेरिस पारा ओलम्पिकमा नेपालको प्रतिस्पर्धा सकिएको छ। पेरिस पारा ओलम्पिक नेपालका लागि सम्झनलायक पनि बनेको छ। यस प्रतियोगितामा सहभागी नेपालका तीन खेलाडीमध्ये भीम र पारा तेक्वान्दो खेलाडी भरतसिंह महता पहिलो चरणबाटै बाहिरिनु




भए पनि पलेशा गोवर्धनले पारा तेक्वान्दोमा ऐतिहासिक कांस्य पदक जितेर नेपालको नाम उँचो पार्नुभएको थियो।

## आइटिएफ तेक्वान्दो हुने

**धम्बोझी** (गोरखापत्र), भदौ १७ गते। बाँकेको खजुरामा प्रथम आमन्त्रित अन्तर प्रदेश आइटिएफ तेक्वान्दो खुला प्रतियोगिता हुने भएको छ। भदौ १९ र २० गते खजुराको शुक्र भलिबल स्टेडियमको कोर्टमा प्रतियोगिता हुने छ।

मोडेल आइटिएफ तेक्वान्दो बाँकेको आयोजनामा हुन लागेको प्रतियोगितामा लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र कोशी प्रदेश टिमको सहभागिता रहने छ। २८० खेलाडीको सहभागिता रहने प्रतियोगितामा महिलातर्फ सात र पुरुषतर्फ आठ इभेन्ट्स समावेश गरिएको छ। प्रतियोगिताको एक दिनअघि नेपालगन्जमा भदौ १८ गते प्रदेशस्तरीय रेफ्री तथा टेक्निकल सेमिनारको आयोजना हुने छ। बाँके जिल्ला आइटिएफ तेक्वान्दो सङ्घको आयोजनामा हुने सेमिनारमा ६५ जनाको सहभागिता रहने छ।

# रियल म्याड्रिडको दोस्रो जित

**म्याड्रिड**, भदौ १७ गते। किलियन एमबापेले स्पेनी लिगमा गोलको खडेरीलाई समाप्त पार्दै दुई गोल गरेपछि गत विजेता रियल म्याड्रिडले सोमबार रियल बेटिसलाई २–० ले हराएको छ।

यस वर्ष रियल म्याड्रिडको सबभन्दा ठुलो अनुबन्ध एमबापेले गत महिना युइएफए सुपर कपको फाइनलमा एटलान्टाविरुद्ध गोल गर्नुभएको थियो। यद्यपि त्यसपछि स्पेनी लिगमा लगातार तीन खेलमा एमबापेले गोल गर्न सक्नुभएन।

सान्टियागो बर्नबाउमा खेलको ६७ औँ मिनेटमा फडेरिको भलभर्डीको पासमा एमबापेले पहिलो गोल गर्नुभएको हो। आठ मिनेटपछि पेनाल्टीमा एमबापेले गोल गरी रियल म्याड्रिडको अग्रता दोब्बर पार्नुभयो। ब्राजिलियाली स्ट्राइकर भिन्सियल जुनियरलाई डिबक्समा लडाइएपछि रियल म्याड्रिडले पेनाल्टी पाएको हो। म्याड्रिडले चार खेलबाट दुई जित र दुई बराबरीसहित आठ अङ्क बनाएको छ। शीर्ष स्थानमा रहेको बार्सिलोनाभन्दा रियल म्याड्रिड चार अङ्कले पछाडि छ। बार्सिलोनाले सुरुका चारै खेलमा जित हासिल गरेको थियो। रियल बेटिस अहिलेसम्म जितविहीन छ। सुरुका दुई खेलमा रियल बेटिसले बराबरीमा खेलेको थियो।

अन्य खेलमा जिरोनाले सेभिया र आल्भेसले लास पाल्मसलाई समान २–० र ओसासुनाले सेल्टा भिगोलाई ३–२ गोल अन्तरले हराए। गेताफे भने रियल सोसिड्याडसँग गोलरहित बराबरीमा रोकियो।

### लिभरपुलसँग म्यान्चेस्टर पराजित

इङ्ग्लिस प्रिमियर लिगमा आइतबार राति दुई ठुला टोलीबिच भएको खेलमा लिभरपुलले म्यान्चेस्टर युनाइटेडलाई उसकै मैदानमा ३–० ले हराएको छ। सो खेलमा लुइस डियाजले दुई तथा मोहम्मद सलाहले एक गोल गर्नुभयो। ओल्ड ट्राफर्डमा सलाहले लगातार सातौँ खेलमा गोल गर्नुभएको हो। सन् २०१७ मा लिभरपुलमा आबद्ध भएपछि सलाहले म्यान्चेस्टर युनाइटेडविरुद्ध मात्र १५ गोल गरिसक्नुभएको छ।

डियाजले गरेको दुवै गोलमा सलाहकै एसिस्ट रहेको थियो। यसै गरी डियाजका दुवै खेलमा ब्राजिलका मिडफिल्डर कासिमेरोको गल्तीको पनि सहयोग रह्यो। कासिमेरो कमजोर प्रदर्शनपछि मध्यान्तरमा स्थानापन्न हुनुभएको थियो। म्यान्चेस्टर युनाइटेडले सुरुका तीनमध्ये दुई खेलमा हार बेहोरेर यस सत्रमा कमजोर सुरुवात गरेको थियो।

पहिलो खेल म्यान्चेस्टर युनाइटेडले फुल्हमलाई १–० ले हराएर जितेको थियो। यसै गरी यस सत्रमा नयाँ खेलाडीमा लाखौँ डलर खर्च गरेको चेल्सीलाई क्रिस्टल प्यालेसले १–१ को बराबरीमा रोकेको छ। सुरुका तीन खेलमा चेल्सीले मात्र एक खेल जितेको छ। अर्को खेलमा न्युक्यासलले टोटनहामलाई २–१ ले पराजित गरेर आफ्नो अपराजित यात्रालाई कायम राख्यो। न्युक्यासलले तीन खेलबाट सात अङ्क बनाएको छ। एपी

# टेबलटेनिसलाई थ्री सिक्स्टी वानको प्रायोजन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

नेपाली राष्ट्रिय टेबलटेनिस र अन्तर्राष्ट्रिय खेल पोसाक निर्माण कम्पनी थ्री सिक्स्टी वानबिच सोमबार प्रायोजन सम्झौता भएको छ। लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको कार्यक्रममा अखिल नेपाल टेबलटेनिस सङ्घका अध्यक्ष विजेन्द्र हमाल र थ्री सिक्स्टी वान (३६१) को नेपालका लागि आधिकारिक बिक्रेता सर्वसिद्धि एपेक्स प्रालिका निर्देशक सरोज कार्कीले सम्झौतापत्र आदानप्रदान गर्नुभयो। सो सम्झौता अनुसार थ्री सिक्स्टी वानले नेपालबाट जुनियर र सिनियरमा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीलाई खेल पोसाक उपलब्ध गराउने छ। सो सम्झौता चार वर्षको रहने बताइएको छ।

सर्वसिद्धि एपेक्सका निर्देशक कार्कीले आफू जुनियरस्तरको टेबलटेनिस खेलाडी रहिसकेको जनाउँदै विगतमा पनि खेलाडीलाई सहयोग गर्दै आएको र भविष्यमा पनि निरन्तरता दिने बताउनुभयो। सङ्घका अध्यक्ष हमालले नेपालको टेबलटेनिसको इतिहासमा यस्तो प्रायोजन पहिलो पटक भएकाले थ्री सिक्स्टी वानलाई धन्यवाद दिनुभयो।

## कला/साहित्य

# ठिकठाक 'स्त्री २'



**सुकृत नेपाल**
*काठमाडौँ, भदौ १७ गते*

छ वर्षअघि २०१८ मा प्रदर्शन भएको चलचित्र 'स्त्री' र २०२४ मा प्रदर्शनमा आएको 'स्त्री २' खासै भिन्नता देखिँदैन। पहिलो स्त्रीमा नायिकाले गाउँलाई तर्साइरहेकी थिइन्। यस पटक एउटा टाउको काटिएको आदमखोर जस्तो मान्छेले गाउँलेलाई त्रसित बनाइरहेको छ। अमर कौशिक निर्देशित यी दुवै चलचित्रमा कलाकार पनि खासै फेरिएका छैनन्। राजकुमार राव, श्रद्धा कपुर, अभिषेक बनर्जी, अपारशक्ति खुराना र पङ्कज त्रिपाठी पुरानै अनुहार हुन्। अहिलेको कथामा गाउँलाई आतङ्कित बनाउन एउटा पात्रलाई उभ्याइएको छ र चलचित्र त्यही पात्र वरपर घुम्छ।

पहिलो भागमा महिलाको बिदाइ भएको थियो। यसमा चन्देरीका गाउँलेबाट एउटा गल्ती भएको देखाइन्छ। पहिलो भागको कथामा महिला भुतले गाउँमा पुरुषलाई खोज्ने गर्थे। यसमा चन्देरीमा टाउको काटिएको भुतबाट युवती शोषणको सिकार हुने गरेका छन्। यस पटक चलचित्रमा भयानक टाउको काटिएको पात्रको कथामा चलचित्र बनेको छ। टाउको काटिएका भयानक मान्छेको अन्त्य कसरी हुन्छ ? नायिका कपुरले कसरी बिक्की एन्ड कम्पनीलाई मद्दत गर्छिन् ? यी प्रश्नको जवाफ खोज्ने क्रममा चलचित्रको कथा अनेकन मोडमा घुमाइन्छ।

यति हुँदाहुँदै पनि चलचित्रमा दर्शकलाई मनोरञ्जन दिनका निम्ति हाँसो र हररको रमाइलो मिश्रण मिसाइएको छ। मध्यान्तरसम्म चलचित्रले खासै गति समात्न नसके पनि हाँसो र हाफ बिक्की र कम्पनीको गतिविधिले दर्शकलाई गुदगुदी बनाउँछ। मध्यान्तरपछि अमर कौशिक केही अलमलमा पर्छन्। निर्देशक कौशिकले आफ्नो निर्देशनमा पूर्ण रूपमा उत्कृष्टता देखाएका छन्। कथाको सुरुवात अलि आतङ्कित लागे पनि चलचित्र अघि बढ्दै जाँदा यसले दर्शकलाई आफ्नो डरलाग्दो र रहस्यमय वातावरणमा तान्छ। लेखक निरेन भट्टले कथामा पितृसत्ताविरुद्ध गहिरो सन्देश दिएका छन्, जसले मनोरञ्जनका बिचमा सोच्न बाध्य पार्छ।

'स्त्री' बाट आफ्नो छुट्टै पहिचान बनाएकी श्रद्धा कपुर चलचित्रको मुख्य आकर्षण हुन्। उनको उपस्थितिले चलचित्रको हरेक दृश्यलाई अझ राम्रो बनाएको छ। राजकुमार रावले बिक्कीको चरित्रलाई नयाँ शैलीमा प्रस्तुत गरेका छन्, जसले उनको करियरमा अर्को सफलता थपेको छ। अपारशक्ति खुराना र अभिषेक बनर्जीले आफ्नो भूमिकामा जीवन्तता ल्याएका छन्, जबकि पङ्कज त्रिपाठीको परिचित शैलीले दर्शकलाई व्यस्त बनाउँछ। वरुण धवन र अक्षय कुमारको छोटो अभिनयले चलचित्रको ठुलै रहस्यलाई उजागर गराउँछ, जसले चलचित्रको कथालाई अझ रोमाञ्चक बनाउने काम गरेको छ।

## मनाइयो भाद्र कृष्ण औँसी

**काठमाडौँ** (रासस), भदौ १७ गते। भाद्र कृष्ण औँसीका दिन मनाइने कुसेऔँसी पर्व वैदिक सनातन धर्मावलम्बीले वर्षभरि देवकार्य तथा पितृकार्यमा प्रयोग गरिने पवित्र कुश घर घरमा भित्र्याएर मनाएका छन्।

शास्त्रोक्त विधि अनुसार ब्राह्मणद्वारा पूजा गरी उखेलेर जजमानकहाँ पुऱ्याइएको कुश घरमा राख्नाले परिवारको कल्याण हुने धार्मिक विश्वास छ। धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतमका अनुसार आजका दिन उखेलिएको कुश वर्षभर प्रयोग गर्न सकिने र अरू दिन उखेलिएको कुश त्यसै दिन मात्र उपयोग गर्न सकिने शास्त्रीय मान्यता रहेको छ।

सनातन धर्मावलम्बीले कुश, तुलसी, पिपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतीक मान्छन्। सृष्टिकर्ता ब्रह्माजीले विवेकशील प्राणीसँगै पवित्र कुश पनि उत्पन्न गर्नुभएको धार्मिक विश्वास छ। आजका दिन घर घरमा राखिएको कुश वर्षभर हुने देवकार्य एवं पितृकार्यमा प्रयोग गरिन्छ।

### पितृसम्मान दिवस

यसै अवसरमा छोराछोरीले परम्परा अनुसार आआफ्ना बाबुलाई मन पर्ने मिठाई तथा भोजन खुवाई आदर सम्मान प्रकट गर्ने र बाबुको मुख हेर्ने कार्य गरिएको छ। बाबु नहुनेले विभिन्न पवित्र स्थानमा गई आफ्ना बाबुको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिदा दिने गरेको पाइन्छ।

औँसीको दिन विशेष गरी उत्तरगया भनेर चिनिने काठमाडौँको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिर परिसरमा विशेष मेला लागेको छ। त्यसैले यस औँसीलाई गोकर्णे औँसीका नामले पनि चिनिन्छ। यस अवसरमा गोकर्णेश्वर महादेव मन्दिर परिसरमा दिवङ्गत बाबुको नाममा तर्पण, पिण्ड दान तथा सिदा दान गर्नेको भिड लाग्ने गरेको छ।

## सङ्गीत साधक रविनदासको निधन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*



शास्त्रीय सङ्गीत साधक रविनदास श्रेष्ठको हृदयाघातका कारण शनिबार राति निधन भएको छ। काठमाडौँ ठमेलस्थित निवासमा श्रेष्ठको निधन भएको हो। स्वर्गीय श्रेष्ठको अन्त्येष्टि पशुपति आर्यघाटमा गरिएको छ। श्रेष्ठका साथी डा. रमेश पोखरेलका अनुसार हिजो बेलुकाबाट नै श्रेष्ठले हल्का असहज महसुस गरिरहनुभएको थियो। एकछिन काम छ भनेर कोठामा छिर्नुभएका श्रेष्ठको त्यहीँ निधन भएको थियो। उहाँकी श्रीमती कोठामा जाँदा श्रेष्ठ ढलिरहनुभएको अवस्थामा पाइएको थियो।

किरातेश्वर, राम मन्दिर, यलमाया केन्द्रलगायत काठमाडौँमा हुने शास्त्रीय उत्सवमा श्रेष्ठको उपस्थिति रहने गरेको थियो। ललितपुर क्याम्पसबाट सङ्गीतमा स्नातक गर्नुभएका श्रेष्ठले बनारसमा एमए गरी सन् २००३ मा नेपाल फर्किनुभएको हो। नेपाल फर्किएपछि रत्नराज्यलक्ष्मी क्याम्पसमा आंशिक शिक्षकका रूपमा प्राध्यापन गर्न थाल्नुभएको थियो। उहाँ ललितकला केन्द्रीय विभागमा समेत शास्त्रीय सङ्गीत अध्यापन गर्नुहुन्थ्यो। रत्नराज्यलक्ष्मी क्याम्पसको बिहानी सत्रको सहायक क्याम्पस प्रमुखसमेत रहनुभएका श्रेष्ठको श्रीमती र एक छोरी हुनुहुन्छ। उहाँको निधनप्रति रत्नराज्यलक्ष्मी क्याम्पसले श्रद्धाञ्जली व्यक्त गर्दै भदौ १८ गते क्याम्पस बिदा दिने निर्णयसमेत गरेको छ।

## प्रज्ञामा तिज चर्चा

**काठमाडौँ** (गोरखापत्र), भदौ १७ गते। नेपाल प्रज्ञा–प्रतिष्ठान साहित्य विभागले 'बदलिँदो परिवेशमा तिज र तिज गीतको सान्दर्भिकता' विषयक छलफल सम्पन्न गरेको छ। प्रज्ञा–प्रतिष्ठानका कुलपति भूपाल राईले पितृसत्ताबाट उत्पीडनमा परेका महिला एकआपसमा भेला भएर तिज मनाउँदै आएको चर्चा गर्नुभयो।

उहाँका अनुसार पितृसत्ताविरुद्ध महिलाले तिज पर्वमा गीतसङ्गीतको माध्यमबाट प्रस्तुत भएर विद्रोह गर्दै आएका छन्। यसलाई नारी मुक्तिको विद्रोहसँग जोडेर हेर्नु पर्छ। प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव डा. धनप्रसाद सुवेदीले तिजले नारीबिच एकआपसमा भेला भई सुखदुःख, अभाव र उत्पीडनलाई व्यक्त गर्ने पर्व नै तिज भएको बताउनुभयो।

प्रज्ञा–प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (काव्य र पद्य) विभाग प्रमुख बाबा बस्नेतले तिज पुरातन संस्कृति र परम्परामा आधारित भए पनि समयसापेक्ष नवीन शैली देखा परेको बताउनुभयो।

# बागलुङमा देखाइयो भदौरेनाच

**राष्ट्रिय समाचार समिति**
*गलकोट (बागलुङ), भदौ १७ गते*

बागलुङ बजारका नेवार समुदायले परम्परागत भदौरे (बर्खे) नाच टोल टोलमा नचाइरहेका छन्। बागलुङ बजारमा रोपाइँनाच, कटुवालनाच र जोगीनाच प्रदर्शन भइरहेका छन्। घोडानाच, थेतरनाच, होवानाच प्रदर्शनको तयारीमा छन्।

शाक्य कल्याण समाज बागलुङका अध्यक्ष राजनकुमार शाक्यका अनुसार निकै खर्चिला मानिने थेतर, नागनागिनी र सिखारीनाच लोप भइसकेको छ। बागलुङमा नौ वर्षपछि हनुमाननाचसमेत देखाइएको छ। शाक्य कल्याण समाजले लाखे र जोगीनाच संरक्षण गर्दै आएको छ। हनुमाननाच संरक्षण परिषद्ले हनुमाननाचलाई जीवित तुल्याएको छ। नेवा ल्याम्ह पुच बागलुङले कटुवाल, होवा, घोडानाच र रोपाइँनाचलाई व्यवस्थित बनाएर देखाउँदै आएको छ। नेवा ल्याम्ह पुचकै अगुवाइमा बर्सौंसम्म देखाउन नसकिएको बाटो नाप्ने परम्परा सुरु गरिएको छ।

मंका खल बागलुङका अध्यक्ष मुकेशचन्द्र राजभण्डारीले गाईजात्रापछि बागलुङ बजारमा जात्राको रौनताका छाउने गरे

> गाईजात्राको दिन बास्सानाच देखाइएको थियो। परिवारका सदस्य मृत्यु भएको वर्षमा बास्सानाच देखाउने भए पनि आर्थिक हैसियत हुनेले मात्रै उक्त नाच देखाउने गरेको पाइन्छ।

पनि भदौरे जात्रा जोगाउनै मुस्किल भएको बताउनुभयो। उहाँले बागलुङमा घण्टाकर्ण पर्वपछि लाखेनाच देखाइने, गाईजात्राका दिन बास्सानाचसमेत देखाइने जानकारी दिनुभयो। १८४३ सालअघि बागलुङमा व्यापारको सिलसिलामा नेवार समुदाय आएर बसोबास गरेको लिखित दस्ताबेजका आधारमा उक्त नाच नेवार समुदायका शाक्य, श्रेष्ठ, राजभण्डारीलगायत समुदाय मिलेर बर्खे जात्रालाई संरक्षण गरिएको पाइन्छ। उहाँले भन्नुभयो, "सिखारीनाच, थेतरनाच र नागनागिनीनाच लोप भइसके, लाखेका तीन नाचमध्ये एउटा मात्रै जीवित छ।"

स्थानीय काजी गाउँले श्रेष्ठका अनुसार भदौरेनाच २३८ वर्ष पुरानो हो। यसको संरक्षण गर्न स्थानीय तहले साथ दिनुपर्ने उहाँको भनाइ छ। श्रेष्ठले बागलुङमा भदौरेनाच अन्तर्गतका केही नाच खर्चिला भएकाले देखाउन छोडिएको बताउनुभयो। अहिले भदौरेनाचका कारण बजार क्षेत्रमा रौनक छाएको जनाउँदै श्रेष्ठले नेवार जातिको पुरानो हनुमाननाच खर्च अभावका कारण नौ वर्षपछि देखाइएको बताउनुभयो।

गाईजात्राको दिन बास्सानाच देखाइएको थियो। परिवारका सदस्य मृत्यु भएको वर्षमा बास्सानाच देखाउने भए पनि आर्थिक हैसियत हुनेले मात्रै उक्त नाच देखाउने गरेको पाइन्छ। भदौरेनाच अन्तर्गत लाखे नपर्ने भए पनि लाखेनाच प्रदर्शन भइरहेको हुन्छ। घण्टाकर्ण चतुर्दशीदेखि हरितालिका तिजको दिनसम्म विभिन्न नाच प्रदर्शन भइरहने गर्छन्। भदौमा बागलुङका सडक, चोक र बस्ती संस्कृतिमय हुने गर्छन्। पुस्तान्तरणको अभावमा मौलिक र रैथाने संस्कृति लोप हुँदै गइरहेको सन्दर्भमा यहाँ देखिने उत्साह र सहभागिताले संस्कृति संरक्षणमा नयाँ पुस्ताको चासो देखिएको पाइन्छ।

भदौरेनाच बागलुङ बजारको इतिहाससँग जोडिएको छ। बागलुङ बजार स्थापनासँगै भदौरेनाच देखाउन थालिएकाले यो यस क्षेत्रको इतिहाससँग जोडिएको नेवार समुदायको भनाइ छ।

**नेपाल राष्ट्र बैङ्क**
केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**
२०८१ साल भदौ १८ गते (सेप्टेम्बर ३, २०२४) मङ्गलबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३३।९८ | १३४।५८ |
| युरो | १ को रु. | १४८।२६ | १४८।९२ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १७५।९८ | १७६।७६ |
| स्विस फ्रैङ्क | १ को रु. | १५७।५२ | १५८।२३ |
| अस्ट्रेलियन डलर | १ को रु. | ९०।७६ | ९१।१७ |
| क्यानेडियन डलर | १ को रु. | ९९।२६ | ९९।७१ |
| सिङ्गापुर डलर | १ को रु. | १०२।४७ | १०२।९३ |
| जापानी येन | १० को रु. | ९।१३ | ९।१७ |
| चिनियाँ युआन | १ को रु. | १८।८४ | १८।९२ |
| साउदी अरब रियाल | १ को रु. | ३५।७० | ३५।८६ |
| कतारी रियाल | १ को रु. | ३६।७६ | ३६।९२ |
| थाई भाट | १ को रु. | ३।९२ | ३।९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३६।४८ | ३६।६४ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३०।७६ | ३०।९० |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।०० | १०।०५ |
| स्विडिस क्रोनर | १ को रु. | १३।०६ | १३।१२ |
| डेनिस क्रोनर | १ को रु. | १९।८८ | १९।९७ |
| हङकङ डलर | १ को रु. | १७।१८ | १७।२६ |
| कुवेती दिनार | १ को रु. | ४३८।४२ | ४४०।३८ |
| बहराइन दिनार | १ को रु. | ३५५।४५ | ३५७।०४ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।




विराटनगर संस्करण | विचार | टिआरसीमा सञ्चारको चासो | उन्नाइस हजार मेट्रिक टन चिनी आउँदै १४

वर्ष १२४ | अङ्क १२१ | २०८१ साल भदौ १८ गते मङ्गलबार | भाद्र कृष्ण औँसी | नेपाल संवत् ११४४ गुँलागा १५ | 2024 September 3 Tuesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

प्रधानमन्त्री केपी शर्मा ओलीसँग सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा नेपाल अध्ययन भ्रमणमा रहेको भारतीय राष्ट्रिय रक्षा महाविद्यालय (एनडिसी) का शिक्षार्थीहरूको प्रतिनिधिमण्डल भेटपछि सामूहिक तस्बिरमा ।

## प्रधानमन्त्रीसँग शिक्षार्थीको भेटवार्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीसँग भारतका राष्ट्रिय रक्षा महाविद्यालय (एनडिसी) का शिक्षार्थीको प्रतिनिधिमण्डलले भेटवार्ता गरेको छ ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसहित नेपालको अध्ययन भ्रमणमा आएका एनडिसीका प्रतिनिधि सन्दीप एस सन्दूलगायतको टोलीले सोमबार प्रधानमन्त्री ओलीसँग बालुवाटारमा भेटघाट गरेको हो ।

भेटमा प्रधानमन्त्री ओलीले एनडिसीले रक्षा मामिलामा गर्दै आएको प्राज्ञिक योगदानको प्रशंसा गर्दै दक्षिण एसियाली राष्ट्रको शान्ति र समृद्धिका लागि साझा प्रयास हुनुपर्नेमा जोड दिनुभयो । उहाँले गौतम बुद्ध, महात्मा गान्धी जस्ता व्यक्तिको जन्म भएको दक्षिण एसियाली क्षेत्रमा हिंसा र विवाद उत्पन्न हुनु संस्कृति र सभ्यताविपरीत रहेको बताउनुभयो । नेपाल र भारतबिचको समान संस्कृति, रहनसहन र सभ्यताको चर्चा गर्दै दुई देशबिचको मित्रता अभिवृद्धि हुँदै गएको उहाँले उल्लेख गर्नुभयो ।

प्रतिनिधि मण्डलले सोमबार गृहमन्त्री रमेश लेखकसँग पनि शिष्टाचार भेट गरेको छ । सिंहदरबारस्थित गृह मन्त्रालयमा भएको भेटमा गृहमन्त्री लेखकले नेपाल र भारतका सुरक्षा निकायबिच सीमा सुरक्षा, लागुऔषध नियन्त्रण र मानव बेचबिखन नियन्त्रणमा थप सहकार्य हुनुपर्नेमा जोड दिनुभयो । एनडिसीका शिक्षार्थीको प्रतिनिधिमण्डलले नेपाली सेनाको मुख्यालय जङ्गी अड्डाको अवलोकन भ्रमण गरी कायममुकायम प्रधान सेनापति अशोकराज सिग्देलसँग पनि भेटघाट गरेको छ ।

» बाँकी पृष्ठ २ मा

‘स्मार्ट’ बन्न नसकेको ‘स्मार्ट लाइसेन्स’

# सक्कली कि नक्कली जाँच्नै समस्या

प्रविधिका हिसाबले नक्कली बनाउन नमिल्ने गरी सुरक्षित दाबी गरिए पनि कर्मचारीको मिलेमतोमा नै नक्कली लाइसेन्स वितरण भएका छन् ।

**लक्ष्मण दर्नाल**
*काठमाडौँ, भदौ १७ गते*

सरकारले जारी गरेका ‘स्मार्ट लाइसेन्स’ को चेकजाँच ट्राफिक प्रहरीबाट हुन्छ तर ती सक्कली वा नक्कली हुन् भन्ने थाहा पाउने प्रविधि नै प्रहरीसँग छैन । ट्राफिक प्रहरीले आँखाले हेरेर लाइसेन्स जाँच गरिरहेको छ । लेखिएको विवरण त प्रहरीले पढ्छ तर सक्कली हो कि नक्कली पहिचान गर्ने विशेष यन्त्र सडकमा खटिने ट्राफिक प्रहरीसँग छैन ।

यातायात व्यवस्था विभागले हालसम्म झन्डै ४० लाख स्मार्ट लाइसेन्स वितरण गरेको छ । प्रविधिका हिसाबले नक्कली बनाउन नमिल्ने गरी सुरक्षित दाबी गरिए पनि कर्मचारीको मिलेमतोमा नै नक्कली लाइसेन्स वितरण भएका छन् । सामान्य चेकजाँचले ती पत्ता लागेका होइनन्, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान

» बाँकी पृष्ठ २ मा

### लाइसेन्स छपाइ ठप्प

सवारीचालक अनुमतिपत्र (लाइसेन्स) छाप्ने मेसिन बिग्रिएपछि २३ दिनदेखि छपाइ कार्य बन्द छ । मेसिनले कार्ड चिन्ने ‘पर्सनलाइजेसन’ प्रणाली र सफ्टवेयरमा समस्या भएपछि नियमिततर्फको छपाइ बन्द भएको हो ।

जेठमा नयाँ कार्ड ल्याएपछि ‘पर्सनलाइजेसन’ मा समस्या देखिएको थियो । नयाँ कार्ड आएपछि छपाइ बन्द भएको यो दोस्रो पटक हो । यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले भन्नुभयो, “सुरुमा तीन लाखप्रति छपाइ भएपछि अहिले पर्सनलाइजेसनमा प्राविधिक समस्याका कारण छपाइ बन्द छ ।”

विभागले जर्मनबाट कार्ड र भारतको मद्रास सेक्युरिटी प्रेसबाट छपाइ मेसिन ल्याएको थियो । मेसिनले कार्ड रिड (चिन्न) नसक्ने समस्या पटक पटक दोहोरिएको छ । समस्या समाधानका बारेमा विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले भन्नुभयो, “मेसिन आफैँमा थोत्रो छ । अहिले सफ्टवेयरमा



समस्या आएको हो, यो प्राविधिक समस्या हो तर लाइसेन्स छाप्नेदेखिका सबै काम प्रदेश सरकारको हो । प्रदेश सरकारबाटै काम अघि बढाउने निर्णय भई तयारी पनि भएका छन् ।”

विभागले नियमित छपाइ बन्द भए पनि अत्यावश्यक लाइसेन्स छपिरहेको छ । नयाँ कार्ड मेसिनले चिन्न नसकेपछि पुराना मौजुदा कार्डबाट अत्यावश्यक छपाइ भएको हो ।

# बाल उमेर नाघेकालाई पनि एउटै सुधारगृहमा राख्दा थप समस्या

जबर्जस्ती करणी कसुरका
७६०

कर्तव्य ज्यान कसुरका
९४

अन्य बालबन्दी
३५९




सुधारगृहमा १८ वर्ष नाघिसकेका १२४ जना बालबिज्याइँकर्ता अन्यन्त्र स्थानान्तरण नगर्दा बेला बेलामा भाग्नेलगायतका अन्य थप आपराधिक घटना हुने गर्छन् ।

बाल सुधारगृहमा कुल बालबन्दी १,२१३

**मित्र भण्डारी**
*काठमाडौँ, भदौ १७ गते*

बाल सुधारगृह मोरङ (विराटनगर) बाट भदौ ३ गते दुई जना बिज्याइँकर्ता (बालबन्दी) फरार भए । सुधारगृहका प्रमुख मिलन चौहानका अनुसार विद्यालयमा नियमित सञ्चालन हुने बुक फ्री डे र अतिरिक्त क्रियाकलाप चलिरहेका बेला दुवै जना सुधारगृहको पर्खाल नाघेर फरार भएका हुन् ।

सुनसरी जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि सुधारगृहमा राखिएका जबर्जस्ती करणीका आरोपित ‘महेन्द्र नगर क्ष’ र कर्तव्य ज्यान तथा डाका कसुरमा १२ वर्ष छ महिना सजाय तोकिएका ‘डक-के-२-१५-भिआई’ को मोरङ प्रहरीले खोजी जारी राखेको छ ।

सुधारगृहमा रहेका बाल बिज्याइँकर्ता भाग्नु उनीहरूको दोष जस्तो देखिए पनि त्योभन्दा ठुलो समस्या राज्यको कानुन कार्यान्वयनको देखिएको छ । उक्त सुधारगृहको क्षमता ५० जनाको मात्र हो तर त्यहाँ २३८ जना बालबिज्याइँकर्ता राखिएका छन् । त्यसभन्दा पनि अर्को विडम्बना १२४ जना त त्यसरी अन्य बालबालिकासँगै बाल सुधारगृहमा राख्नै नहुने छन् ।

कानुन अनुसार १८ वर्ष नाघेका बालबिज्याइँकर्ता बालिग भइसक्छन् र तिनीहरूलाई अन्य बालबालिका रहेका स्थानमा राख्न मिल्दैन तर चौहानका अनुसार सो सुधारगृहमा १८ वर्ष नाघिसकेका १२४ जना बालबिज्याइँकर्ता अन्यन्त्र स्थानान्तरण नगर्दा बेला बेलामा भाग्नेलगायतका अन्य थप आपराधिक घटना हुने गर्छन् ।

त्यस्तै घटना बाँकेको जयन्दु बाल सुधारगृहमा पनि भयो । गत असोज २५ गते उक्त सुधारगृहमा चौकीदार र बालबन्दीहरूबिच झडपका क्रममा भागेका दुई जना भारतीय बालबन्दी अझै फेला परेका छैनन् । फरारमध्ये एक जना जबर्जस्ती करणी र अर्को लागुऔषधका कसुरमा दोषी ठहर भएका हुन् ।

१२० क्षमताको सो सुधारगृहमा पनि क्षमताभन्दा बढी बालबालिका कोचिएको छ । त्यहाँ हाल २६६ जना १४ देखि ३० वर्षसम्मका बालबन्दी रहेको सुधारगृह प्रमुख विमला काउचामगर बताउनुहुन्छ । सुधारगृहको कमजोर सुरक्षा व्यवस्था, पुरानो भौतिक तथा जीर्ण बन्दै भौतिक संरचना र सुधारगृहमा बालबन्दीको खचाखच चापले बेला बेला बालबन्दीहरू सुधारगृहको पर्खाल र तारबार नाघेर फरार हुने गरेका छन् ।

गृह मन्त्रालयको सुरक्षा व्यवस्था र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको व्यवस्थापनमा देशका नौ स्थानमा सञ्चालन भएका बाल सुधारगृहमा बालबन्दीको भिड लाग्दा झडपसँगै तारबार नाघेर बालबन्दी भाग्ने गरेका छन् । मन्त्रालयका सहसचिव चन्द्रकला पौडेलले कैदीबन्दीको चाप र उमेर पुगेका कैदीबन्दीको स्थानान्तरण हुन नसक्दा व्यवस्थापन र सुरक्षामा समेत बेला बेला समस्या देखिने गरेको छ ।

देशभरका बाल सुधारगृहमा कैदी बन्दीको चाप बढ्दो क्रममा छ । सुधारगृहको भौतिक पूर्वाधार विस्तार बालबन्दीको सङ्ख्याको तुलनामा साँगुरो बन्दै जाँदा बालबन्दी व्यवस्थापनमा नै समस्या सिर्जना हुने गरेको छ ।

### सबै बालबिज्याइँकर्ता एकै ठाउँमा

गम्भीर र सामान्य अपराधका अभियुक्त एकै स्थानमा राख्दा पनि समस्या हुने गरेको छ । बालगृहहरूमा रहेका बालबिज्याइँमा सबैभन्दा बढी जबर्जस्ती करणीका र त्यसपछि कर्तव्य ज्यानका छन् । समग्र विवरण अनुसार नौ वटा बाल सुधार गृहमा जबर्जस्ती करणी कसुरका बालबन्दी ७६०, कर्तव्य ज्यान कसुरका ९४ र अन्य बालबन्दीको सङ्ख्या ३५९ छ । अन्यमा एसिड, अङ्गभङ्ग, चोरी नकबजनी, डाका, सवारी ज्यान, हतियार खरखजाना, विद्युतीय कारोबार कसुर, बालयौन शोषण, लागुऔषध, अप्राकृतिक मैथुनलगायतका छन् ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार ५० जना क्षमताको मोरङ बाल सुधारगृहमा २३८ जना बालबन्दी छन् ।

» बाँकी पृष्ठ २ मा

# कानुनी सुधार उच्च प्राथमिकतामा



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले कानुनी सुधारलाई उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ । राष्ट्रिय समाचार समिति (रासस) को कार्यक्रममा सोमबार बोल्दै मन्त्री गुरुङले सो कुरा बताउनुभएको हो ।

मन्त्री गुरुङले रासस चौबिसै घण्टा गतिशील हुनुले ठुलो अर्थ राख्ने भएकाले फड्को हानेका रूपमा बुझेको बताउँदै उहाँले राससको संरचनागत पुनर्संरचना र कर्मचारीको क्षमता अभिवृद्धिमा ध्यान दिन आग्रह गर्नुभयो । मन्त्रालयले कानुन निर्माण र संशोधनलाई उच्च प्राथमिकतामा राखेको जानकारी दिँदै उहाँले केही ऐन सरकारका एक सय दिनभित्र सम्पादन गर्ने गरी काम भइरहेको स्पष्ट पार्नुभयो ।

“सामाजिक सञ्जालको सञ्चालन, प्रयोग र नियमन गर्नेसम्बन्धी विधेयक र सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी विधेयक भदौ मसान्त तथा दूरसञ्चारसम्बन्धी विधेयक, राष्ट्रिय आमसञ्चार विधेयक, चलचित्रसम्बन्धी विधेयक, डाटा सेन्टर सञ्चालन मापदण्ड र सरकारी इमेल सञ्चालनसम्बन्धी कार्यविधि असोज मसान्तसम्म तयार गरेर मन्त्रीपरिषद्मा पेस गर्ने गरी काम थालनी गरिएको छ,” मन्त्री गुरुङले भन्नुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले रासस सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गरी दूरदराजका नागरिकसम्म पहुँच पुऱ्याएर आधिकारिकता र विश्वसनीयता बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सीमित स्रोत साधन र जनशक्तिबिच पनि सेवा विविधीकरण र २४ घण्टा समाचार प्रवाह गर्नु कोसेढुङ्गाका रूपमा बुझेको उल्लेख गर्नुभयो ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले विश्वभरका समाचार समिति ‘कहिल्यै पनि सुत्दैन’ भन्ने मान्यताका आधारमा पहिलो चरणमा नेपाली भाषामा २४ घण्टा समाचार सेवा प्रारम्भ गरिएको बताउनुभयो ।

» बाँकी पृष्ठ २ मा

# उपत्यकाको पानीमा आर्सेनिक बढी

**भउचप्रसाद यादव**
*काठमाडौँ, भदौ १७ गते*



उपत्यकामा ललितपुरको इमाडोल, टीकाथली, बाँझेपोखरी, सानेपा, काठमाडौँको बल्खु, स्युचाटार र भक्तपुरको बालकोट क्षेत्रको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको हो ।

काठमाडौँ उपत्यकाको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको छ । काठमाडौँ उपत्यकाको दक्षिण-पूर्वी क्षेत्रको पानीमा आर्सेनिकको मात्रा बढी भेटिएको खानेपानी मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सहसचिव कृष्णप्रसाद आचार्यले यसअघि प्रायः तराईका जिल्लाको पानीमा निर्धारित मापदण्डभन्दा बढी भेटिने आर्सेनिक काठमाडौँ उपत्यकामा समेत भेटिएको जानकारी दिनुभयो । उहाँका अनुसार उपत्यकामा ललितपुरको इमाडोल, टीकाथली, बाँझेपोखरी, सानेपा, काठमाडौँको बल्खु, स्युचाटार र भक्तपुरको बालकोट क्षेत्रको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको हो । काठमाडौँको अन्य क्षेत्रको पानीमा अहिलेसम्म मापदण्डभन्दा बढी आर्सेनिक नभेटिएको उहाँले स्पष्ट पार्नुभयो ।

सहसचिव आचार्यले काठमाडौँको पानीमा न्यूनतम एकदेखि अधिकतम दुई सय पिपिबीसम्म आर्सेनिकको मात्रा भेटिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार खानेपानीमा आर्सेनिकको मात्रा प्रतिलिटर पचास पिपिबीसम्म हुनु पर्छ । विश्व स्वास्थ्य सङ्गठनले खानेपानीमा आर्सेनिकको मात्रा प्रति लिटर दस पिपिबीसम्म निर्धारण गरेको छ ।”

उहाँले भन्नुभयो, “तराईको स्यालो ट्युबवेलको पानीमा आर्सेनिकको मात्रा बढी भेटिए पनि काठमाडौँको ‘डिप ट्युबवेल’ मा आर्सेनिकको मात्रा मापदण्डभन्दा बढी भेटिएको हो ।” उहाँले यी क्षेत्रका स्यालो ट्युबवेल र ‘डिप ट्युबवेल’ को पानी परीक्षणका क्रममा पानीमा आर्सेनिकको मात्रा बढी पाइएको जानकारी दिनुभयो ।

उहाँका अनुसार यी क्षेत्रको पानीको परीक्षण पहिला विभिन्न प्रयोगशालामा गर्दा आर्सेनिक भेटिएपछि त्यसको पुनः प्रमाणीकरणका लागि पानीपोखरीस्थित केन्द्रीय पानी प्रयोगशालामा परीक्षण गरिएको थियो । त्यहाँ पनि परीक्षणका क्रममा निर्धारित मापदण्डभन्दा बढी आर्सेनिक रहेको प्रमाणित भएको थियो । ‘डिप ट्युबवेल’ को पानी नखान आर्सेनिक भेटिएको क्षेत्रमा सचेतना फैलाइएको सहसचिव आचार्यले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “मापदण्डभन्दा बढी आर्सेनिक भएको पानी पिउने प्रयोजनका लागि प्रयोग गर्न मिल्दैन तर नुहाइधुवाइ, सरसफाइलगायतको प्रयोजनका लागि प्रयोग गर्न मिल्छ ।” संयुक्त राज्य अमेरिकाको ‘इपिआई स्ट्यान्डर्ड’ ले समेत दुई सय पिपिबीसम्म आर्सेनिक भएको पानीले नुहाइधुवाइ गरेमा केही असर नगर्ने निर्धारण गरेको उहाँको भनाइ छ । सहसचिव आचार्यका अनुसार तराईको ट्युबवेलको पानीमा प्रति लिटर १४ सय पिपिबीसम्म आर्सेनिक भेटिएको छ । नवलपरासी पश्चिमका २७ प्रतिशत ट्युबवेलको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको हो । मधेश प्रदेशका सात जिल्लामध्ये महोत्तरीमा आर्सेनिक नभेटिएको उहाँले जानकारी दिनुभयो । रौतहट, नवलपरासी, बर्दिया र कैलालीको पानीमा बढी आर्सेनिक भेटिएको हो ।

उहाँले भूमिगत पानीमा मात्र आर्सेनिक पाइने बताउँदै सतहको पानी, खोलाको पानी र मूलको पानीमा आर्सेनिक नहुने स्पष्ट पार्नुभयो ।

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।




कोहलपुर संस्करण | विचार | टिआरसीमा सञ्चारको चासो | उन्नाइस हजार मेट्रिक टन चिनी आउँदै १४

वर्ष १२४ | अङ्क १२१ | २०८१ साल भदौ १८ गते मङ्गलबार | भाद्र कृष्ण औँसी | नेपाल संवत् ११४४ गुँलागा १५ | 2024 September 3 Tuesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ



*तस्बिर : प्रधानमन्त्रीको सचिवालय*

**प्रधानमन्त्री केपी शर्मा ओलीसँग सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा नेपाल अध्ययन भ्रमणमा रहेको भारतीय राष्ट्रिय रक्षा महाविद्यालय (एनडिसी) का शिक्षार्थीहरूको प्रतिनिधिमण्डल भेटपछि सामूहिक तस्बिरमा ।**

# बाल उमेर नाघेकालाई पनि एउटै सुधारगृहमा राख्दा थप समस्या

जबर्जस्ती करणी कसुरका
७६०

कर्तव्य ज्यान कसुरका
९४

अन्य बालबन्दी
३५९




सुधारगृहमा १८ वर्ष नाघिसकेका १२४ जना बालबिज्याइँकर्ता अन्यत्र स्थानान्तरण नगर्दा बेला बेलामा भाग्नेलगायतका अन्य थप आपराधिक घटना हुने गर्छन् ।

बाल सुधारगृहमा कुल बालबन्दी १,२१३

**मित्र भण्डारी**
*काठमाडौँ, भदौ १७ गते*

बाल सुधारगृह मोरङ (विराटनगर) बाट भदौ ३ गते दुई जना बिज्याइँकर्ता (बालबन्दी) फरार भए। सुधारगृहका प्रमुख मिलन चौहानका अनुसार विद्यालयमा नियमित सञ्चालन हुने बुक फ्री डे र अतिरिक्त क्रियाकलाप चलिरहेका बेला दुवै जना सुधारगृहको पर्खाल नाघेर फरार भएका हुन्।

सुनसरी जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि सुधारगृहमा राखिएका जबर्जस्ती करणीका आरोपित 'महेन्द्र नगर क्ष' र कर्तव्य ज्यान तथा डाका कसुरमा १२ वर्ष छ महिना सजाय तोकिएका 'डक-के-२-१५-भिआई' को मोरङ प्रहरीले खोजी जारी राखेको छ।

सुधारगृहमा रहेका बाल बिज्याइँकर्ता भाग्नु उनीहरूको दोष जस्तो देखिए पनि त्योभन्दा ठुलो समस्या राज्यको कानुन कार्यान्वयनको देखिएको छ। उक्त सुधारगृहको क्षमता ५० जनाको मात्र हो तर त्यहाँ २३८ जना बालबिज्याइँकर्ता राखिएका छन् । त्यसभन्दा पनि अर्को विडम्बना १२४ जना त त्यसरी अन्य बालबालिकासँगै बाल सुधारगृहमा राख्नै नहुने छन्।

कानुन अनुसार १८ वर्ष नाघेका बालबिज्याइँकर्ता बालिग भइसक्छन् र तिनीहरूलाई अन्य बालबालिका रहेका स्थानमा राख्न मिल्दैन तर चौहानका अनुसार सो सुधारगृहमा १८ वर्ष नाघिसकेका १२४ जना बालबिज्याइँकर्ता अन्यत्र स्थानान्तरण नगर्दा बेला बेलामा भाग्नेलगायतका अन्य थप आपराधिक घटना हुने गर्छन्।

त्यस्तै घटना बाँकेको जयन्दु बाल सुधारगृहमा पनि भयो। गत असोज २५ गते उक्त सुधारगृहमा चौकीदार र बालबन्दीहरूबिच झडपका क्रममा भागेका दुई जना भारतीय बालबन्दी अझै फेला परेका छैनन्। फरारमध्ये एक जना जबर्जस्ती करणी र अर्को लागुऔषधका कसुरमा दोषी ठहर भएका हुन्।

१२० क्षमताको सो सुधारगृहमा पनि क्षमताभन्दा बढी बालबालिका कोचिएको छ। त्यहाँ हाल २६६ जना १४ देखि ३० वर्षसम्मका बालबन्दी रहेको सुधारगृह प्रमुख विमला काउचामगर बताउनुहुन्छ। सुधारगृहको कमजोर सुरक्षा व्यवस्था, पुरानो भौतिक तथा जीर्ण बन्दै भौतिक संरचना र सुधारगृहमा बालबन्दीको खचाखच चापले बेला बेला बालबन्दीहरू सुधारगृहको पर्खाल र तारबार नाघेर फरार हुने गरेका छन्।

गृह मन्त्रालयको सुरक्षा व्यवस्था र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको व्यवस्थापनमा देशका नौ स्थानमा सञ्चालन भएका बाल सुधारगृहमा बालबन्दीको भिड लाग्दा झडपसँगै तारबार नाघेर बालबन्दी भाग्ने गरेका छन् । मन्त्रालयका सहसचिव चन्द्रकला पौडेलले कैदीबन्दीको चाप र उमेर पुगेका कैदीबन्दीको स्थानान्तरण हुन नसक्दा व्यवस्थापन र सुरक्षामा समेत बेला बेला समस्या देखिने गरेको छ।

देशभरका बाल सुधारगृहमा कैदी बन्दीको चाप बढ्दो क्रममा छ। सुधारगृहको भौतिक पूर्वाधार विस्तार बालबन्दीको सङ्ख्याको तुलनामा साँगुरो बन्दै जाँदा बालबन्दी व्यवस्थापनमा नै समस्या सिर्जना हुने गरेको छ।

### सबै बालबिज्याइँकर्ता एकै ठाउँमा

गम्भीर र सामान्य अपराधका अभियुक्त एकै स्थानमा राख्दा पनि समस्या हुने गरेको छ । बालगृहहरूमा रहेका बालबिज्याइँमा सबैभन्दा बढी जबर्जस्ती करणीका र त्यसपछि कर्तव्य ज्यानका छन् । समग्र विवरण अनुसार नौ वटा बाल सुधार गृहमा जबर्जस्ती करणी कसुरका बालबन्दी ७६०, कर्तव्य ज्यान कसुरका ९४ र अन्य बालबन्दीको सङ्ख्या ३५९ छ। अन्यमा एसिड, अङ्गभङ्ग, चोरी नकवजनी, डाका, सवारी ज्यान, हतियार खरखजाना, विद्युतीय कारोबार कसुर, बालयौन शोषण, लागुऔषध, अप्राकृतिक मैथुनलगायतका छन्।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार ५० जना क्षमताको मोरङ बाल सुधारगृहमा २३८ जना बालबन्दी छन्।

» बाँकी पृष्ठ २ मा

## प्रधानमन्त्रीसँग शिक्षार्थीको भेटवार्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीसँग भारतका राष्ट्रिय रक्षा महाविद्यालय (एनडिसी) का शिक्षार्थीको प्रतिनिधिमण्डलले भेटवार्ता गरेको छ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसहित नेपालको अध्ययन भ्रमणमा आएका एनडिसीका प्रतिनिधि सन्दीप एस सन्दूलगायतको टोलीले सोमबार प्रधानमन्त्री ओलीसँग बालुवाटारमा भेटघाट गरेको हो।

भेटमा प्रधानमन्त्री ओलीले एनडिसीले रक्षा मामिलामा गर्दै आएको प्राज्ञिक योगदानको प्रशंसा गर्दै दक्षिण एसियाली राष्ट्रको शान्ति र समृद्धिका लागि साझा प्रयास हुनुपर्नेमा जोड दिनुभयो । उहाँले गौतम बुद्ध, महात्मा गान्धी जस्ता व्यक्तिको जन्म भएको दक्षिण एसियाली क्षेत्रमा हिंसा र विवाद उत्पन्न हुनु संस्कृति र सभ्यताविपरीत रहेको बताउनुभयो। नेपाल र भारतबिचको समान संस्कृति, रहनसहन र सभ्यताको चर्चा गर्दै दुई देशबिचको मित्रता अभिवृद्धि हुँदै गएको उहाँले उल्लेख गर्नुभयो।

प्रतिनिधि मण्डलले सोमबार गृहमन्त्री रमेश लेखकसँग पनि शिष्टाचार भेट गरेको छ। सिंहदरबारस्थित गृह मन्त्रालयमा भएको भेटमा गृहमन्त्री लेखकले नेपाल र भारतका सुरक्षा निकायबिच सीमा सुरक्षा, लागुऔषध नियन्त्रण र मानव बेचबिखन नियन्त्रणमा थप सहकार्य हुनुपर्नेमा जोड दिनुभयो । एनडिसीका शिक्षार्थीको प्रतिनिधिमण्डलले नेपाली सेनाको मुख्यालय जङ्गी अड्डाको अवलोकन भ्रमण गरी कायममुकायम प्रधान सेनापति अशोकराज सिग्देलसँग पनि भेटघाट गरेको छ।

» बाँकी पृष्ठ २ मा

'स्मार्ट' बन्न नसकेको 'स्मार्ट लाइसेन्स'

# सक्कली कि नक्कली जाँच्नै समस्या

प्रविधिका हिसाबले नक्कली बनाउन नमिल्ने गरी सुरक्षित दाबी गरिए पनि कर्मचारीको मिलेमतोमा नै नक्कली लाइसेन्स वितरण भएका छन् ।

**लक्ष्मण दर्नाल**
*काठमाडौँ, भदौ १७ गते*

सरकारले जारी गरेका 'स्मार्ट लाइसेन्स' को चेकजाँच ट्राफिक प्रहरीबाट हुन्छ तर ती सक्कली वा नक्कली हुन् भन्ने थाहा पाउने प्रविधि नै प्रहरीसँग छैन । ट्राफिक प्रहरीले आँखाले हेरेर लाइसेन्स जाँच गरिरहेको छ। लेखिएको विवरण त प्रहरीले पढ्छ तर सक्कली हो कि नक्कली पहिचान गर्ने विशेष यन्त्र सडकमा खटिने ट्राफिक प्रहरीसँग छैन।

यातायात व्यवस्था विभागले हालसम्म झन्डै ४० लाख स्मार्ट लाइसेन्स वितरण गरेको छ। प्रविधिका हिसाबले नक्कली बनाउन नमिल्ने गरी सुरक्षित दाबी गरिए पनि कर्मचारीको मिलेमतोमा नै नक्कली लाइसेन्स वितरण भएका छन् । सामान्य चेकजाँचले ती पत्ता लागेका होइनन्, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान

» बाँकी पृष्ठ २ मा

### लाइसेन्स छपाइ ठप्प



सवारीचालक अनुमतिपत्र (लाइसेन्स) छाप्ने मेसिन बिग्रिएपछि २३ दिनदेखि छपाइ कार्य बन्द छ । मेसिनले कार्ड चिन्ने 'पर्सनलाइजेसन' प्रणाली र सफ्टवेयरमा समस्या भएपछि नियमिततर्फको छपाइ बन्द भएको हो।

जेठमा नयाँ कार्ड ल्याएपछि 'पर्सनलाइजेसन' मा समस्या देखिएको थियो। नयाँ कार्ड आएपछि छपाइ बन्द भएको यो दोस्रो पटक हो। यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले भन्नुभयो, "सुरुमा तीन लाखप्रति छपाइ भएपछि अहिले पर्सनलाइजेसनमा प्राविधिक समस्याका कारण छपाइ बन्द छ।"

विभागले जर्मनबाट कार्ड र भारतको मद्रास सेक्युरिटी प्रेसबाट छपाइ मेसिन ल्याएको थियो । मेसिनले कार्ड रिड (चिन्न) नसक्ने समस्या पटक पटक दोहोरिएको छ । समस्या समाधानका बारेमा विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले भन्नुभयो, "मेसिन आफैँमा थोत्रो छ। अहिले सफ्टवेयरमा समस्या आएको हो, यो प्राविधिक समस्या हो तर लाइसेन्स छाप्नेदेखिका सबै काम प्रदेश सरकारको हो। प्रदेश सरकारबाटै काम अघि बढाउने निर्णय भई तयारी पनि भएका छन्।"

विभागले नियमित छपाइ बन्द भए पनि अत्यावश्यक लाइसेन्स छपिरहेको छ । नयाँ कार्ड मेसिनले चिन्न नसकेपछि पुराना मौजुदा कार्डबाट अत्यावश्यक छपाइ भएको हो।

# कानुनी सुधार उच्च प्राथमिकतामा



**सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ १७ गते*

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले कानुनी सुधारलाई उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ । राष्ट्रिय समाचार समिति (रासस) को कार्यक्रममा सोमबार बोल्दै मन्त्री गुरुङले सो कुरा बताउनुभएको हो।

मन्त्री गुरुङले रासस चौबिसै घण्टा गतिशील हुनुले ठुलो अर्थ राख्ने भएकाले फड्को हानेका रूपमा बुझेको बताउँदै उहाँले राससको संरचनागत पुनर्संरचना र कर्मचारीको क्षमता अभिवृद्धिमा ध्यान दिन आग्रह गर्नुभयो । मन्त्रालयले कानुन निर्माण र संशोधनलाई उच्च प्राथमिकतामा राखेको जानकारी दिँदै उहाँले केही ऐन सरकारका एक सय दिनभित्र सम्पादन गर्ने गरी काम भइरहेको स्पष्ट पार्नुभयो।

"सामाजिक सञ्जालको सञ्चालन, प्रयोग र नियमन गर्नेसम्बन्धी विधेयक र सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी विधेयक भदौ मसान्त तथा दूरसञ्चारसम्बन्धी विधेयक, राष्ट्रिय आमसञ्चार विधेयक, चलचित्रसम्बन्धी विधेयक, डाटा सेन्टर सञ्चालन मापदण्ड र सरकारी इमेल सञ्चालनसम्बन्धी कार्यविधि असोज मसान्तसम्म तयार गरेर मन्त्रीपरिषद्मा पेस गर्ने गरी काम थालनी गरिएको छ," मन्त्री गुरुङले भन्नुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले रासस सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गरी दूरदराजका नागरिकसम्म पहुँच पुर्‍याएर आधिकारिकता र विश्वसनीयता बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सीमित स्रोत साधन र जनशक्तिबिच पनि सेवा विविधीकरण र २४ घण्टा समाचार प्रवाह गर्नु कोसेढुङ्गाका रूपमा बुझेको उल्लेख गर्नुभयो।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले विश्वभरका समाचार समिति 'कहिल्यै पनि सुत्दैन' भन्ने मान्यताका आधारमा पहिलो चरणमा नेपाली भाषामा २४ घण्टा समाचार सेवा प्रारम्भ गरिएको बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

# उपत्यकाको पानीमा आर्सेनिक बढी

**भउचप्रसाद यादव**
*काठमाडौँ, भदौ १७ गते*



उपत्यकामा ललितपुरको इमाडोल, टीकाथली, बाँझेपोखरी, सानेपा, काठमाडौँको बल्खु, स्युचाटर र भक्तपुरको बालकोट क्षेत्रको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको हो ।

काठमाडौँ उपत्यकाको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको छ। काठमाडौँ उपत्यकाको दक्षिण-पूर्वी क्षेत्रको पानीमा आर्सेनिकको मात्रा बढी भेटिएको खानेपानी मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सहसचिव कृष्णप्रसाद आचार्यले यसअघि प्रायः तराईका जिल्लाको पानीमा निर्धारित मापदण्डभन्दा बढी भेटिने आर्सेनिक काठमाडौँ उपत्यकामा समेत भेटिएको जानकारी दिनुभयो। उहाँका अनुसार उपत्यकामा ललितपुरको इमाडोल, टीकाथली, बाँझेपोखरी, सानेपा, काठमाडौँको बल्खु, स्युचाटर र भक्तपुरको बालकोट क्षेत्रको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको हो । काठमाडौँको अन्य क्षेत्रको पानीमा अहिलेसम्म मापदण्डभन्दा बढी आर्सेनिक नभेटिएको उहाँले स्पष्ट पार्नुभयो।

सहसचिव आचार्यले काठमाडौँको पानीमा न्यूनतम एकदेखि अधिकतम दुई सय पिपिबीसम्म आर्सेनिकको मात्रा भेटिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार खानेपानीमा आर्सेनिकको मात्रा प्रतिलिटर पचास पिपिबीसम्म हुनु पर्छ । विश्व स्वास्थ्य सङ्गठनले खानेपानीमा आर्सेनिकको मात्रा प्रति लिटर दस पिपिबीसम्म निर्धारण गरेको छ।"

उहाँले भन्नुभयो, "तराईको स्यालो ट्युबवेलको पानीमा आर्सेनिकको मात्रा बढी भेटिए पनि काठमाडौँको 'डिप ट्युबवेल' मा आर्सेनिकको मात्रा मापदण्डभन्दा बढी भेटिएको हो।" उहाँले यी क्षेत्रका स्यालो ट्युबवेल र 'डिप ट्युबवेल' को पानी परीक्षणका क्रममा पानीमा आर्सेनिकको मात्रा बढी पाइएको जानकारी दिनुभयो।

उहाँका अनुसार यी क्षेत्रको पानीको परीक्षण पहिला विभिन्न प्रयोगशालामा गर्दा आर्सेनिक भेटिएपछि त्यसको पुनः प्रमाणीकरणका लागि पानीपोखरीस्थित केन्द्रीय पानी प्रयोगशालामा परीक्षण गरिएको थियो । त्यहाँ पनि परीक्षणका क्रममा निर्धारित मापदण्डभन्दा बढी आर्सेनिक रहेको प्रमाणित भएको थियो। 'डिप ट्युबवेल' को पानी नखान आर्सेनिक भेटिएको क्षेत्रमा सचेतना फैलाइएको सहसचिव आचार्यले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "मापदण्डभन्दा बढी आर्सेनिक भएको पानी पिउने प्रयोजनका लागि प्रयोग गर्न मिल्दैन तर नुहाइधुवाइ, सरसफाइलगायतको प्रयोजनका लागि प्रयोग गर्न मिल्छ।" संयुक्त राज्य अमेरिकाको 'इपिआई स्ट्यान्डर्ड' ले समेत दुई सय पिपिबीसम्म आर्सेनिक भएको पानीले नुहाइधुवाइ गरेमा केही असर नगर्ने निर्धारण गरेको उहाँको भनाइ छ। सहसचिव आचार्यका अनुसार तराईको ट्युबवेलको पानीमा प्रति लिटर १४ सय पिपिबीसम्म आर्सेनिक भेटिएको छ । नवलपरासी पश्चिमका २७ प्रतिशत ट्युबवेलको पानीमा मापदण्डभन्दा बढी आर्सेनिक भेटिएको हो। मधेश प्रदेशका सात जिल्लामध्ये महोत्तरीमा आर्सेनिक नभेटिएको उहाँले जानकारी दिनुभयो। रौतहट, नवलपरासी, बर्दिया र कैलालीको पानीमा बढी आर्सेनिक भेटिएको हो।

उहाँले भूमिगत पानीमा मात्र आर्सेनिक पाइने बताउँदै सतहको पानी, खोलाको पानी र मूलको पानीमा आर्सेनिक नहुने स्पष्ट पार्नुभयो।